अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली

तह -३ (कक्षा ६-८)

भाग दुई

## सिकाइ सामग्री

नेपाली तह -३ (कक्षा ६-८) भाग दुई



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली

## तह -३ (कक्षा ६-८)

## भाग दुई

# सिकाइ सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

तह : तीन, भाग दुई

प्रथम संस्करण : वि.सं. २०८०

# हाम्रो भनाइ

सिकाइ शिक्षा र जीविकोपार्जनको मूल आधार हो । सिकारुमा अपेक्षित दक्षता विकास गर्न विभिन्न प्रकारका सिकाइ सामग्री आवश्यक पर्छन् । औपचारिक शिक्षामा पहुँच नपुगेका र विद्यालयबाहिर रहेका सिकारुलाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय शिक्षाको अवसर दिने अनौपचारिक शिक्षातर्फ आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासको अवसर प्रदान गर्नु आवश्यक छ । आधारभूत शिक्षाको माध्यमबाट सिकारुले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । व्यक्तिको सिकाइले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । यस्तै जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु, स्तरअनुकूल व्यवहारकुशल सिपको प्रयोग गर्नु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी भौगोलिक विकटता, गरिबी, जनचेतनाको कमीजस्ता कारणले औपचारिक शिक्षा लिन नसकेका तथा बिचैमा पढाइ छाडेका बालबालिका, युवायुवती तथा प्रौढलाई सिकाइमा पहुँच पुर्‍याउन अनौपचारिक तथा वैकल्पिक सिकाइका लागि सिकाइ सामग्री विकासको थालनी गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप र राष्ट्रिय योग्यता प्रारूपको मूल मर्मअनुरूप सिकारुका लागि मूल पाठ्यवस्तु र परिधीय पाठ्यवस्तु समावेश गरी सिकारुले आफ्नै प्रयत्नमा सिक्न सक्ने क्रियाकलाप समावेश गरी यो सिकाइ सामग्री विकास गरिएको छ । यसबाट औपचारिक शिक्षा लिइरहेका विद्यार्थीले समेत लाभ लिन सक्छन् ।

यो सामग्री अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फ तह तीन, भाग दुईको रूपमा विकास गरिएको हो । यसलाई परीक्षण गरी प्राप्त सुझाव र पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जन गरिँदै लगिने छ । यसको विकासमा केएर नेपाल र समुन्नत नेपालको प्राविधिक सहयोग रहेको छ । नेपाली विषयको यस सिकाइ सामग्रीको विकास तथा सम्पादन सम्पादन डा. गणेशप्रसाद भट्टराईबाट भएको हो । लेआउट डिजाइन दीपेश घिमिरेले गर्नुभएको हो । यस पुस्तकको विकासमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक श्री दीपक शर्मा, उपमहानिर्देशक श्री जयराम अधिकारी, निर्देशक श्री निलकण्ठ ढकाल र शाखा अधिकृत श्री वैकुण्ठ आचार्यको विशेष योगदान रहेको छ । यस पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

यो सिकाइ सामग्री निर्धारित सक्षमता विकासका लागि तयार पारिएकाले सहजीकरण र सिकाइ क्रियाकलापको योजना नभई सिकारुको सिकाइलाई सहयोग पुर्‍याउने सहयोगी साधन हो । यसका लागि यस सामग्रीलाई सिकारुको सिकाइमा सहयोग पुर्‍याउने एउटा महत्त्वपूर्ण आधारका रूपमा सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र आफैँले गरेर सिक्ने ढाँचामा विकास गरिएको छ । सिकाइ र सिकारुको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न सिकारुबाट अभ्यास र खोजको अपेक्षा गरिएको छ । यस सामग्रीलाई अझ परिष्कृत पार्नका लागि सहजकर्ता, सिकारु, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

वि.सं. २०८०

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र.सं. | एकाइ/पाठ | विधा | पृष्ठ |
|---|---|---|---|
| | पाठ १ | | |
| १ | सहिदहरूको सम्झनामा | कविता | २-१७ |
| २ | साकार सपना | कथा | १९-३२ |
| ३ | स्वामी प्रपन्नाचार्य | जीवनी | ३४-५६ |
| ४ | व्यावसायिक चिठी | चिठी | ५८-७२ |
| ५ | मानव अधिकार | निबन्ध | ७४-८७ |
| ६ | अमर पुत्र | जीवनी | ८९-१०९ |
| ७ | विद्यालयको वार्षिक उत्सव | सम्वाद | १११-१२१ |
| ८ | नेपालको वैदेशिक व्यापार | प्रबन्ध | १२३-१३४ |
| ९ | पढ्न नसकेको पीडा | मनोबाद | १३६-१४३ |
| १० | एकजोर जुत्ता | कथा | १४५-१६१ |
| ११ | प्यारो प्रकृति | कविता | १६३-१७४ |
| १२ | से गुम्बाको सुन्दरता | नियात्रा/दैनिकी | १७६-१९२ |

# पाठ १

## पूर्वपठन

तलका तस्बिर हेरेर प्रश्नको उत्तर भन्नुहोस् :



(क) माथिका चित्रमा तपाईं को को देख्नुहुन्छ ?

(ख) यी विशिष्ट व्यक्तिको नेपालमा के योगदान छ ?

(ग) सहिद कसलाई भनिन्छ ?

(घ) मानिस किन सहिद बनेका होलान् ?

मूल पाठ

# सहिदहरूको सम्झनामा

भूपि शेरचन



हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए
बन्दैन मुलुक दुई चार सपुत मरेर नगए

ओठमा हाँसो, गालामा लाली तब आउँछ जगत्को
देशको पिरले भेटी जब वीरले चढाउँछ रगतको
घाँटीमा फाँसीको माला गाँसी वीरले हाँस्ता
मातृभूमिको चरण ढोगी भाग्दछ दासता

उम्रन्न बोट कसैले बिउ छरेर नगए
बन्दैन मुलुक दुईचार सपुत मरेर नगए !

हामीले खाने प्रत्येक गाँसमा रगत छ सहिदको
हामीले फेर्ने प्रत्येक सासमा रगत छ सहिदको
हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको
हाम्रा खुसीका प्रत्येक पलमा जीवन छ सहिदको

पाउने थिएनौ खुसी तिनले छाडेर नगए
बन्दैन मुलुक दुई चार सपुत मरेर नगए !

हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदका प्यारा ती लासले धिक्कार्ला
धरतीले मुख लाजले छोप्ला, आकाशले धिक्कार्ला
सहिद रोलान् हामीले उन्नति गरेर नगए

हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए
बन्दैन मुलुक दुई चार सपुत मरेर नगए !

## शब्दभण्डार

### १. दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) बिहानपख हुन लागेको समय : ....................

(ख) सुपुत्र : ....................

(ग) अपराधीलाई पासामा झुन्ड्याएर दिइने सजाय : ....................

(घ) दक्षिणा : ....................

(ङ) पाउ : ....................

(च) ढुकढुकी : ....................

(छ) नोकर हुनाको भाव : ....................

(ज) निन्दा : ....................

### २. उदाहरण हेरेर तलका शब्दको लघुतावाची शब्द लेख्नुहोस् :

पुस्तक = पुस्तिका

पत्र = पत्रिका

नाटक = नाटिका

माच = मचिया

हाट = हटिया

खाट = खटिया

पानी = थोपो

आगो = झिल्को

भात = सितो

कचौरा, कण्ठ, खुट्टो, खोपो, लौरो, पटुका, थैलो, ठेको, झोला, चिम्टा, चुलो, जिब्रो, चरो, गाग्रो, गेडो, टिको, अचार, केरा, आँप, काँक्रो, सुपारी, पान

वस्तुको सानो रूपलाई सङ्केत गर्ने शब्दलाई लघुतावाची शब्द भनिन्छ । यस्ता शब्दले कतै वस्तुको सानो रूपलाई सङ्केत गर्छन् भने कतै अभिव्यक्तिमा मिठास भर्दै बालभावलाई समेत व्यक्त गर्छन् ।

### ३. वाक्यमा प्रयोग गर्नुहोस् :

बिउ, लाली, माला, चरण, सपुत

### ४. उदाहरण हेरेर लय मिल्ने शब्द लेख्नुहोस् :

उदाहरणः वीर, तीर, मरेर, गरेर, गाँसी, ढोगी, छहरा, नायक, सगर, रगत, रोप्लान्

## बोध र अभिव्यक्ति

### १. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

मुलुक, जगत्, मातृभूमि, धड्कन, कर्तव्य, उन्नति, धर्ती, मिर्मिर

### २. 'सहिदहरूको सम्झना' कविता लय मिलाएर पढ्नुहोस् ।

### ३. छुटेका शब्द भरी श्लोक पुनर्लेखन गर्नुहोस् :

हामीले खाने प्रत्येक .................... रगत छ सहिदको
हामीले फेर्ने प्रत्येक .................... रगत छ सहिदको
हाम्रो मुटुको प्रत्येक .................... धड्कन छ सहिदको
हाम्रा खुसीका प्रत्येक .................... जीवन छ सहिदको

## ४. तलको श्लोक पढी उत्तर दिनुहोस् :

ओठमा हाँसो, गालामा लाली तब आउँछ जगत्को
देशको पिरले भेटी जब वीरले चढाउँछ रगतको
घाँटीमा फाँसीको माला गाँसी वीरले हाँस्ता
मातृभूमिको चरण ढोगी भाग्दछ दासता

**प्रश्न**

(क) दासता भाग्न ओठ र गालामा के आउनुपर्छ ?

(ख) दासता कसरी भाग्छ ?

## ५. एक वाक्यमा उत्तर भन्नुहोस् :

(क) उज्यालो हुन र मुलुक बनाउन के के गर्नुपर्छ ?

(ख) दासता कसरी हट्छ ?

(ग) गाँस र सासमा के के छ ?

(घ) केमा खुसी छ ?

(ङ) के केले धिक्कार्छ ?

## ६. तलको अंश सुनेर लेख्नुहोस् :

मिर्मिरेमा तारा नझरे बिहान हुँदैन । दुईचार सपुत नमरी देश बन्दैन । वीरले रगतको भेटी चढाएपछि र घाँटीमा फाँसीको माला भिरी हाँसेपछि दासताको अन्त्य हुन्छ । बिउ नरोपी बोट उम्रँदैन । हाम्रा गाँस र सासमा सहिदको रगत छ । हाम्रो मुटुको चालमा सहिदको धड्कन छ । हाम्रा खुसीमा सहिदको जीवन छ । हामीले कर्तव्य बिर्से इतिहासले धिक्कार्छ । हामीले उन्नति नगरे सहिद रुन्छन् ।

### ७. उदाहरण हेरी पङ्क्तिहरूलाई गद्यमा लेख्नुहोस् :

**उदाहरण** हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए
मिर्मिरमा तारा झरेर नगए बिहान हुँदैन ।

(क) मातृभूमिको चरण ढोगी भाग्दछ दासता

(ख) बन्दैन मुलुक दुईचार सपुत मरेर नगए !

(ग) हामीले फेर्ने प्रत्येक सासमा रगत छ सहिदको

(घ) सहिद रोलान् हामीले उन्नति गरेर नगए

### ८. पाठका आधारमा सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) दासता भगाउन सहिदले के के गरेका छन् ?

(ख) हाम्रा गाँस, सास, चाल र पलमा सहिदका के के छन् ?

(ग) हामीले के नगरे सहिद रुन्छन् ?

(घ) देश बनाउन के के गर्नुपर्छ ?

(ङ) के भुल्नु हुँदैन ?

### ९. भावविस्तार गर्नुहोस् :

हामीले खाने प्रत्येक गाँसमा रगत छ सहिदको
हामीले फेर्ने प्रत्येक सासमा रगत छ सहिदको

### १०. 'सहिदहरूको सम्झनामा' कविताको मूल भाव लेख्नुहोस् ।

### ११. 'सहिदहरूको सम्झनामा' कविताको तेस्रो श्लोकबाट तीनओटा प्रश्न बनाउनुहोस् ।

### १२. देश कसरी बनाउन सकिन्छ ? आफ्ना विचार लेख्नुहोस् ।

## १३. विक्रमपवन परियारको 'फर्क आफ्नै देश' कविता गति, यति, लय मिलाई पढ्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :

हिमाल जस्तो स्वाभिमान भएको
बुद्धको जस्तो विचार भएको
म एक वीर गोर्खाली हुँ
म स्वाभिमानी श्रमशील नेपाली हुँ ।
अदम्य साहस बोकेर
हिँडेका पैतालामा
र तराईको फाँट जस्तो फराकिलो छातीमा
आफनै माटाको रङ टाँसेर निधारभरि
पाइला चाल्नु छ
देश बनाउने अभियानमा ।

छोडेर परदेशमै हरियो पासपोर्ट
फर्किनु छ आफ्नै घर आँगनमा
र आफ्नै पसिनाले सिँचाइ गरेर
उर्वर बनाउनु छ अबको बाँकी युग ।
गाउँमा चर्किएका घरका भित्ताहरू
माटाले टालेर सुन्दर बनाउनु छ
खेतमा चिरा परेका गराहरू
आफ्नै पसिनाले ओसिलो बनाउनु छ
फुलाउनु छ पहाडहरूमा रातो गुँरास
जब देश स्वतन्त्र भएर बाँच्छ

तब पो यो निश्चल आँखामा हिमाल हाँस्छ
डाँफे चरीका रङ्गीन प्वाँख जस्तै
रङ्गयाउन बाँकी छ मेरो देशको सपना
र देशको खम्बा भएर बाँच्नु छ मलाई ।
लालुपाते जस्तो रातो सपना बोकेर
अक्करे भिरमा मुस्कुराइरहेको गुराँस झैँ
सगरमाथा चढ्ने आरोहीका पैताला झैँ
हामीले यसै युगका गीत लेखौँ
दृढ अठोटका साथ
श्रम पसिना र विकासको सङ्गीत लेखौँ ।
अब खनौँ आफ्नै बाटो कोदाली भएर
अब जोडौँ हजार सपनाहरू पुल भएर
फर्क युवा हो फर्क
यो देशको इतिहास हामी आफैँले लेख्नुपर्छ ।
युग बदल्ने जोसिला पाइलाहरू
ऊर्जाशील मुट्ठीहरू
गोलीले छेड्न नसक्ने छातीहरू
आऊ परिवर्तनको एउटा युगान्तकारी नक्सा कोरौँ
अनि पो देश बाँच्न सक्छ
फर्क युवा हो देश फर्क
हामी हाम्रो पिँढीका लागि देश भएर बाँचौँ
सन्देश दिएर बाँचौँ ।

### (क) शब्दको अर्थ पढेर बुझ्नुहोस् :

स्वाभिमान : आफ्नो प्रतिष्ठा र महत्त्वमाथिको गरिमा

अदम्य : कुनै पनि किसिमले दबाउन नसकिने

अभियान : निश्चित उद्देश्य प्राप्तिका लागि गरिने प्रयास

पासपोर्ट : राहदानी

उर्वर : धेरै उब्जनी हुने

ओसिलो : अलि अलि चिसो, सेपिलो

निश्चल : स्थिर, परिवर्तन नहुने

आरोही : हिमाल, पहाड आदिमा चढ्ने वा उक्लने

ऊजाशील : शक्ति वा उत्साहले भरिपूर्ण

युगान्तकारी : एक युग समाप्त गरी अर्को युग ल्याउने

### (ग) तलको अंशको व्याख्या गर्नुहोस् :

हामी हाम्रो पिँढीका लागि देश भएर बाँचौँ ।

(ख) फर्क आफ्नै देश कवितामा किन युवालाई नेपाल फर्कन आह्वान गरिएको हो ?

### (ग) दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(अ) हाम्रा पैतालाले के बोकेका छन् ?

(आ) हामीले युगलाई कस्तो बनाउनुपर्छ ?

(इ) हामी सपनालाई कसरी रङ्ग्याउन सक्छौँ ?

(ई) हामी कसका लागि देश भएर बाँच्नुपर्छ ?

(उ) देश बनाउने अभियानको सन्दर्भ कुन अनुच्छेदमा आएको छ ?

## १२. तलको अनुच्छेद पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

रमेश घरमा थियो । त्यस दिन ठुलो पानी पऱ्यो । रमेशका छिमेकी काम गर्न टाढा गएका थिए । पानी पर्दा पर्दै छिमेकीको घरछेउमा पहिरो जान थाल्यो । घरछेउको गोठमा गाईवस्तु थिए । पहिराले गोठ नै पुर्ने भयो । रमेशलाई गाईवस्तुको माया लाग्यो । वरिपरि कोही थिएनन् । उसले एउटा हँसिया लिएर गई गाईवस्तु बाँधेका दाम्ला काटिदियो । वस्तु गोठबाट भागे । पहिराले गोठ बगायो । एकछिनपछि छिमेकी आए । परैबाट गोठ बगएको देख्दा उनीहरू चिच्याउँदै आइपुगे तर वस्तु अलिक परको रुखमुनि उभिएका थिए । छिमेकी आउनासाथ रमेशले सबै कुरा बतायो । गाउँले पनि भेला भए । सबैले रमेशको प्रशंसा र सम्मान गरे ।

**रमेशले जस्तै तपाईंले पनि कुनै काममा सामर्थ्य देखाउनुभएको भए त्यसलाई यसरी नै लेख्नुहोस् ।**

# भाषिक संरचना र वर्णविन्यास

## १. तल दिइएको अनुच्छेद पढ्नुहोस् र सबै प्रकारका नाम पहिचान गरी तालिका बनाई लेख्नुहोस् :

गत वर्ष सौराहा घुम्न जाँदा त्यहाँको प्राकृतिक वातावरणले मन असाध्यै तान्यो । त्यहाँको सामाजिक पक्ष र पाश्चात्य संस्कृतिको प्रभावमा रुमलिएको नेपाली मन पढ्न केही गाह्रो भएन । त्यहाँ जाँदा आन्तरिक र बाह्य पर्यटकलाई मनोरञ्जन दिन राखिएको जङ्गल यात्राले नेपालको पहिचान गराउँछ । कालिज, ढुकुर, गैँडा, हात्ती, रमाएर डुल्छन् एक रुखबाट अर्को रुखमा हाम फाल्दै गरेका बाँदर र कोइलीको कुहुकुहु आवाजले मन झस्काइदिन्छ । नदीमा नुहाएर नदीपारि आएका गैँडाको बथान, लतालतिकाले घेरिएको कुञ्ज, लहरै रहेका वृक्ष र रुखमा बसेका चराका हाँचले मन झनै खिचिदिन्छ । ठाउँठाउँमा राखेका मासुका परिकार, भुटेका मकै, फापरका रोटीले स्थानीय परिकारलाई परिचित गराउँछ ।

## २. 'सहिदहरूको सम्झनामा' कविताबाट जाति, द्रव्य र भाव जनाउने दुईदुईओटा नाम पहिचान गरी लेख्नुहोस् ।

## ३. तल दिइएको अनुच्छेद पढी सर्वनाम शब्द पहिचान गरी लेख्नुहोस् :

विद्यालयबाट एकदिन उनीहरू वनभोज गए । वनभोज जाने स्थान तनहुँको आँधी मूल थियो । वनभोजमा चाहिने सामग्री आफू आफू किन्ने सल्लाह भयो । मैले यो किनेँ, तँ यो किन्, तिमी यो किन भन्दै मैले सामग्रीको सूची तयार गरेँ । कसकसले के के किने भनेर रुजु गर्ने काम जानकी मिसले गर्नुभयो । उहाँको यो बानी सबैलाई मन पर्‍यो । जो जोले जे जे किने त्यो सबै स्थानीय उत्पादन थियो । यसपछि बल्ल हामी गन्तव्यतिर लाग्यौँ । सबै मिलेर पकायौँ । नाचगान भयो । बेलुका पाँच बजे सबै घर फर्क्यौँ ।

## ४. दोहोरिएको नामको सट्टामा उपयुक्त सर्वनाम शब्द राखी दिइएको वाक्य पुनर्लेखन गर्नुहोस् :

(क) हरि शिक्षक हुन् । हरि विद्यलयमा पढाउँछन् ।

(ख) ओम, जमुना, सुनिता र दीपा मिल्ने साथी हुन् । ओम, जमुना, सुनिता र दीपा सरकारी विद्यालयमा पढछन् ।

(ग) विद्यालयमा नतिजा प्रकाशन हुने दिन बुबा आउनुभयो । बुबा नतिजा हेरी केही नभनी फर्कनुभयो ।

(घ) मानिसहरू घरमा कुकुर पालेर खुला चउरमा दिसा पिसाब गराउँछन् । कुकुरले खुला ठाउँमा फोहोर गर्छ ।

## ५. दिइएका वाक्य मिलेका छैनन्, मिलाएर लेख्नुहोस् :

(क) शिक्षक शान्ता सेरोफेरो पढाउँछिन् । उनी तयारी गरी कक्षामा जानुहुन्छ ।

(ख) भरोसा वक्तृत्वकला प्रतियोगितामा भाग लिन्छिन् । ऊ तेस्रो तहमा पढ्छ ।

(ग) हजुरआमा मिठो भजन गाउनुहुन्छ । उनको स्वर मिठो छ ।

(घ) रामको छोरो विदेश गइछ । उनीले नेपालमा रोजगार पाएनन् ।

(ङ) रेशम, मिलन र सन्त बजार गयो । उनीहरूले सुन्तला किन्यो ।

### ६. दिइएका सर्वनाम प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :

हामी, तपाईँ, उहाँ, तँ, तिमी, ऊ, उनी, यो, त्यो, यी, ती

### ७. कविताबाट शब्दका सुरु, बिच र अन्त्यमा ह्रस्व इकार (ि) लागेका शब्द टिप्नुहोस् ।

| सुरुमा ह्रस्व इकार(ि) लागेका शब्द | बिचमा ह्रस्व इकार(ि) लागेका शब्द | अन्त्यमा ह्रस्व इकार(ि) लागेका शब्द |
|---|---|---|
| | | |

### ८. दिइएको अनुच्छेदमा रातो रङ लगाइएका नामयोगी र क्रियायोगी पद पहिचान गरी लेख्नुहोस् :

साङ्गे हिजो चाँडै घर फर्किए । उनका साथीहरू पनि दौडँदै आए । उनका आमाबुबासँग दिदी पनि खेतमा जानुभएको थियो । उहाँहरू पनि खेतबाट सरासर आउनुभयो । घरभरि पाहुना देखेर आमा मुसुक्क हाँस्नुभयो । बुबाले घरपछाडि रहेको करेसाबारीबाट सुन्तला ल्याउनुभयो । सुन्तला खाएपछि साङ्गेले साथीहरूलाई बगैँचातिर डुलाए । घरमुनि बारी रहेछ ।

### ९. दिइएको अनुच्छेदबाट पाँच पाँचओटा नामयोगी र क्रियायोगी पद टिपोट गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

साधना सजनासित बजार गइन् । उनी फटाफट हिँड्न सक्दिनन् । परार बिरामी परेदेखि उनी ज्यादै कमजोर भएकी छन् । उनले बिहान खाना निकै खाएकी थिइन् । खोई किन हो कुन्नि ? आज उनलाई चाँडै भोक लाग्यो । उनले सजनासँग आफू भोकाएको कुरा गरिन् । सजनाले उनलाई घरबाहिरका खानेकुरा नखान सल्लाह दिइन् । उनले साधनालाई फलफूल पसलबाहिर बस्न लगाएछन् । आफू पसलभित्र गएर । सफा पानीले फलफूल पखालेर काट्न लगाउछन् । त्यसपछि दिदीबहिनी फटाफट रुखमुनि गए । फलफूल असाध्यै रसिला रहेछन् । उनीहरूले अति मिठो मानेर फलफूल खाए ।

## १०. दिइएका नामयोगी र क्रियायोगी प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :

अलिकति, पट्टि, पछाडि, मुसुक्क बिहान, नजिक, सहित, बित्तिक्कै, टुप्लुक्क, अकस्मात

## ११. दिइएको अनुच्छेद पढी 'श', 'स', 'ष' प्रयोग भएका शब्दलाई अलग अलग तालिकामा लेख्नुहोस् :

आषाढको महिना थियो । कृषक खेतमा थिए । पुष्पिता, सङ्ग्राम, सृष्टिश्री र शान्ति पनि रोपाइँ हेर्न गएका थिए । रजनीश पनि खेतमा गएका रहेछन् । एक्कासि उनी बिरामी परे । उनको शरीर शिथिल भयो । उनको शरीरमा समस्या रहेछ । उनलाई बोकेर अशोक स्मृति अस्पताल लगियो । उनको शल्यक्रिया सफल भयो । सात दिनपछि उनी घर फर्किए ।

## १२. दिइएका विषयवस्तु पढ्नुहोस् र छलफल गर्नुहोस् :

| क्र.स. | कारक | अर्थ वा कार्य | विभक्ति | विभक्ति चिह्न | उदाहरण |
|---|---|---|---|---|---|
| १ | कर्ता | काम गर्ने वाला | प्रथमा | ले, बाट, द्वारा | उसले चिया खायो । सरकारबाट चुनाव घोषणा भयो । |
| २ | कर्म | गरिने कार्य | द्वितीया | लाई | रमाले उमालाई बोलाई । |
| ३ | करण | काम गर्ने साधन | तृतीया | ले, बाट, द्वारा | हरेराम पीडाले मऱ्यो । |
| ४ | सम्प्रदान | दान/प्रदान | चतुर्थी | लाई | मैले उनलाई उपहार दिएँ । |
| ५. | अपादान | छुट्टिने बिन्दु | पञ्चमी | बाट, देखि | म पोखराबाट आएँ । भोलिदेखि परीक्षा हुन्छ । |
| ६. | – | सम्बन्ध | षष्ठी | को, का, की, रो, रा, री, नो, ना, नी | मेरो साथी विदेश गयो । |
| ७. | अधिकरण | आधार | सप्तमी | मा | झोलामा पुस्तक छ । |

## १३. दिइएका वाक्यमा रेखाङ्कित पदको कारक पहिचान गरी लेख्नुहोस् :

(क) बहिनी आँगनमा छमछम नाच्छे ।

(ख) भाइ चम्चाले खाना खान्छ ।

(ग) रमिला पोखराबाट दमौली आई ।

(घ) छानामा घिरौँला फलेको छ ।

(ङ) गाउँलेले पर्यटकलाई स्वागत गरे ।

## १४. दिइएका वाक्यमा रेखाङ्कित शब्दको विभक्ति पहिचान गरी लेख्नुहोस् :

(क) निर्मलाले मिठो कविता लेखिन् ।

(ख) गुरुआमाले नेपाली व्याकरण रामलाई दिनुभयो ।

(ग) हजुरबाबाले कोदालीले खेत खन्नुभयो ।

(घ) मैले जोगीलाई भिक्षा दिएँ ।

(ङ) मिलनकी बहिनी असल छे ।

## १५. ले, लाई, देखि, नो, बाट, रा, मा विभक्ति प्रयोग गरी 'मेरो काम' शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

## १६. दिइएका 'क्ष', 'छ' प्रयोग भएका शब्द लेख्नुहोस् :

छ्वास्स, लक्षण, परिप्रेक्ष्य, आरक्षण, छेस्को, उपलक्ष्य, छुल्याहा, परिच्छेद, अनुच्छेद, छल्याङ, लक्ष्य, छाता, क्षमा, छिचिमिरो, अक्षता, क्षेत्र, ओछ्यान, क्षति, छेपारो, क्षण, अक्षर, क्षत्रीय, छवि, राक्षस, क्षितिज, छुचुन्द्रो, भिक्षु, साक्षर, अध्यक्ष, छुच्चो, कक्षा, पक्ष, चक्षु

## सुनाइ बोलाइ

**१. तलको कविता सुनेर दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

कस्लाई हो शत्रु भनेर जान्नु ?
आफ्ना दसै इन्द्रिय शत्रु मान्नु ?
कस्लाई खुब मित्र भनेर मान्नु ?
जित्न्या तिनै इन्द्रिय मित्र मान्नु ?

दरिद्र नाउँ नरमा छ कस्को ?
विशाल तृष्णा घरमा छ जस्को ?
कुन् हो धनी सब् नरले कह्यास्को ?
सन्तोषले जो छ खुसी रह्याको ।

ज्युँदै मऱ्याको भनी नाउँ कस्को ?
उद्यम् बिना बित्तछ काल जस्को ?
कुन् हो सबैले गुरु भन्नुपर्‍या ?
जो हो हितैको उपदेश गर्‍या ।

कुन् हो जगत्को गहना बन्याको ?
विद्यै छ सब्को गहना बन्याको ।
कुन् सत्य हो सत्य कसोरी जान्नु ?
जुन् प्राणीको हित छ ऊ सत्य मान्नु ।

## प्रश्न

(क) कसलाई शत्रु भनिएको छ ?

(ख) जगत् को गहना के हो ?

(ग) जिउँदै मरेको को हो ?

(घ) दरिद्र कसलाई भनिएको छ ?


२. विद्याको महिमा कसरी गरिएको छ, सुनाइ पाठका आधारमा भन्नुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. 'मेरी आमा' शीर्षकमा कविता रचना गर्नुहोस् ।

२. पुस्तकालयमा जानुहोस् र एउटा गीति कविता खोजी कक्षामा सुनाउनुहोस् ।

३. तलको चित्रमा रङ भरेर त्यसको तीन वाक्यमा वर्णन गर्नुहोस् ।



१. ....................................................................................

२. ....................................................................................

३. ....................................................................................

# पाठ २

## पूर्वपठन

तलका तस्बिर हेरेर प्रश्नको उत्तर भन्नुहोस् :







(क) माथिका चित्रमा तपाईं को को देख्नुहुन्छ ?

(ख) यी तस्बिर केसँग सम्बन्धित छन् ?

(ग) मानिसले किन युद्ध गर्छन् ?

(घ) युद्ध गर्नु राम्रो हो कि नराम्रो हो ?

मूल पाठ

# साकार सपना

*गणेशप्रसाद भट्टराई*



गोरखाका राजा पृथ्वीनारायण शाह आफ्नो राज्यको सिमाना बढाउन चाहन्थे। उनले कीर्तिपुरमाथि तेस्रो प्रयासमा विजय प्राप्त गरे। कीर्तिपुर विजय गरेपछि लुटिकोट र मुडिखुकोटका गाउँ जितेर उनले कान्तिपुरका राजा जयप्रकाश मल्लको दिमागमा खतराको घन्टी बजाइदिए। उनले एक दिन भक्तपुरका राजा रणजित मल्ल र ललितपुरका मन्त्रीलाई गुह्येश्वरी मन्दिरमा बोलाए। उनले मन्दिरको पूर्वपट्टिको पाटीमा बसेर यसरी बोलाउनुको कारण खोल्दै भने, "गोरखाली राजाले कान्तिपुरमा आक्रमण गर्ने योजना बनाइरहेका छन्। तपाईंहरूले मलाई सहयोग गर्नुपऱ्यो। तपाईंहरूलाई पर्दा म सहयोग गर्ने छु।" लामो छलफलपछि सबैले धर्म भाके।

त्यस वेला नेपाल खाल्डामा केपुचिन पादरी बस्थे। गोरखालीको योजना थाहा पाएपछि जयप्रकाश मल्लले उनीसँग गोरखालीविरुद्ध युद्ध गर्ने र अगि बढ्न नदिनेबारे सल्लाह गरे। पादरीले अङ्ग्रेज वाणिज्यदूत गोल्डिङलाई कलकत्ता पठाउने र गोरखालीविरुद्ध अङ्ग्रेजसँग सहयोग माग्ने सल्लाह दिए। उनकै सल्लाहअनुसार जयप्रकाश मल्लले सैनिक सहयोग माग्दै

कलकत्ताका अङ्ग्रेज गभर्नरलाई पत्र लेख्ने निर्णय गरे ।

गोल्डिङ भारतको बेतियामा बस्थे । जयप्रकाश मल्लले फकिर रामदास र उमदालाई पत्र दिएर बेतिया पठाए । बेतिया पुगेर उमदाले जयप्रकाशको पत्र दिँदै गोल्डिङलाई भने, "महाराजले यो पत्र पठाउनुभएको छ ।"

गोल्डिङले पत्र समाएर उनीहरूलाई अलिक पर भुइँमा बस्न लगाए । उनले पत्र खोले र चस्मालाई नाकेडाँडीमा राखेर हेरे तर पत्र राम्ररी बुझेनन् । आशय बुझ्ने सुरले उनले आफ्ना सेक्रेटरीलाई सोधे, "यसमा के के छ ? मलाई सबै बुझाऊ ।" सेक्रेटरीले पत्र पढेर सबै कुरा बुझाइदिए । गोल्डिङले बिच बिचमा टाउको हल्लाउँदै पत्रको आशय बुझेको भाव दर्साए ।

केही क्षणपछि गोल्डिङ जुरुक्क उठे र झ्यालको पर्दा अलिकति सारे । एक पल्ला झ्याल खोले र फर्केर थचक्क कुर्सीमा बसे । एउटा चुरोट सल्काए र टेबुलमा राखेको एक गिलास पानी स्वाट्टै पारे । उनी कुइनामा टाउको अड्याएर सोच्न थाले, "हैन यी गोरखाली त हाम्रै नजिक पो आइपुगेछन् । त्यो पृथ्वीनारायणलाई अङ्ग्रेजको शक्ति चखाउने वेला यही हो । यतिखेर मल्लहरूलाई सहयोग गर्न पाए उनीहरू हामीप्रति कृतज्ञ हुन्छन् । हामीलाई चीन पुगेर व्यापार गर्न पनि सजिलो हुन्छ ।" गोल्डिङले दाहिने हातले टेबुलमा ढक्क ठोके । गिलासको पानीसमेत छचल्किएर पोखियो । अलिक पर बसेका उमदा र रामदासको पनि सातोपुत्लो गयो ।

पानी निल्दै गोल्डिङले भने, "नडराओ, म तिमीहरूकै पत्रका बारेमा सोच्दै छु ।" उनी फेरि सोच्न थाले, "यस वेला मल्लहरूलाई सहयोग गर्दा युद्धको खर्च उनीहरूले नै बेहोर्छन् । कम्पनीको केही खर्च हुँदैन । हामीलाई नै फाइदा हुन्छ । बरु गोरखाली बलिया हुनुपूर्व नै हामीले मल्ललाई सहयोग गर्नुपर्छ ।" उनी जुरुक्क उठे र यताउति घुमे । उनले उमदातिर हेर्दै भने, "गोरखालीसँग कति सैनिक होलान् त ? अनि कति टाढा छ नेपाल ?"

उनीहरूले भने "अनर ! गोरखाका सैनिक धेरै छैनन् । नेपाल खाल्डामा त २,००० जति होलान् । पटनाबाट नेपाल जान ९६ कोस जति छ र ११ ठाउँमा बास बस्नुपर्छ । खानेकुराको चाहिँ अभाव हुँदैन । अहिले वर्षामा त गोरखाका धेरै सैनिक उतै खेतीपाती गर्दै छन् ।"

उनीहरूबाट गोरखाका सैनिक, हातहतियार र आर्थिक स्थितिसमेत बुझेपछि गोल्डिङले भने, "ल जाओ तिमीहरू, तिमीहरूका राजालाई सहयोग आउँछ भनिदिनू ।" हस् अनर भन्दै उनीहरू निस्के ।

गोल्डिङले गोरखालीले उपत्यकामा आक्रमण गर्न लागेको र मल्लहरूलाई सहयोग नगरे कम्पनीलाई हानि हुने बेहोराको सिफारिस पत्र तयार पारे । उनले तिब्बत हुँदै चीनसम्म व्यापार

बढाउने र यस क्षेत्रमा प्रभुत्व जमाउने राम्रो मौका आएको पनि वर्णन लेखे । बिस्तारै नेपाल खाल्डो नै आफ्नो पार्ने आशयको सिफारिस पत्र र जयप्रकाशको पत्रसहित उनी पटना पुगे र सबै बेलीविस्तार लगाए ।

पत्र पाएको १० दिनपछि कलकत्ताको रिलेक्ट कमिटीले भौगोलिक स्थिति र शत्रुको शक्ति विचार गरेर जयप्रकाशलाई सहयोग गर्नू भनी पटनाका हाकिम रम्बोल्डलाई आदेश दियो ।

पृथ्वीनारायणले जासुसमार्फत यी सब कुरा बुझिरहेका थिए । अङ्ग्रेज नेपाल खाल्डामा आउँदा सिन्धुलीगढीको बाटो भएर आउनुपर्थ्यो । उनले त्यहाँ वंशु गुरुङ र वीरभद्र उपाध्यायलाई पहिले नै तैनाथ राखेका थिए । अङ्ग्रेजले जयप्रकाश मल्ललाई सहयोग गर्ने भएमा त्यहाँ वंशराज पाण्डे र श्रीहर्ष पन्तको नेतृत्वमा सेना पठाउन उनले भित्रभित्रै  तयारी गरेका थिए ।

एक दिन बिहान चिया खाएर पृथ्वीनारायण शाह कीर्तिपुरमा आफ्ना विश्वासपात्रसँग आफूले राम्रो सपना देखेको र आफ्नो सपना पुग्नेबारेमा गफ गर्दै थिए । त्यही वेलामा द्वारे आयो र भन्यो, “महाराज ! गौराङ्गको पत्र आएको छ ।” उसले राजालाई पत्र दियो र फर्क्यो । पृथ्वीनारायणले पत्र खोले र हेरे । त्यसमा लेखिएको थियो, “हाम्रा मित्र मल्ल राजालाई तिमीले लाएको नाकाबन्दी हटाऊ । हटाएनौ भने हामी तिमीलाई शत्रु घोषणा गर्छौं ।”

रम्बोल्डले लेखेको यो पत्र पढ्नासाथ च्यातचुत पारेर उनले अँगेनामा हालिदिए र दाह्रा किट्दै भने, “गौराङ्ग ! मेरा फौजले तेरा फौजलाई सिन्धुलीमै सखाप पार्‍याे छ । आगासँग खेल्न लागिस् !” यस वेला उनका दुवै हातका मुट्ठी कसिएका थिए ।

उता अङ्ग्रेजले कप्तान किनलकको नेतृत्वमा २४०० जति हिन्दुस्तानी सिपाही र केही अङ्ग्रेज अफिसरसहित मध्य वर्षामै जयप्रकाशलाई सहयोग गर्न फौज पठायो । नेपाल खाल्डो पुग्ने बाटो देखाउने जिम्मा रामदास वैरागीले लिए ।

यो थाहा पाउनासाथ पृथ्वीनारायण शाहले आफ्ना सैनिकलाई सिन्धुलीको पौवागढी पठाए । गोरखाली सेनाले जनकपुर र सिन्धुलीगढीबाट सारा रसदपानी रित्याएर पौवागढी पुर्‍याए । सिन्धुलीगढीको नजिकै पर्ने मकवानपुरका राजाले पनि आफ्नो राज्यलाई शत्रुबाट सुरक्षित राखेका थिए । उनका राज्यमा शत्रुबाट बच्न सिमानामा सिस्नाको घारी लगाउने चलन थियो । शत्रुले आक्रमण गरेमा अरिङ्गाल र बच्छिउँका गोला बिच्काएर शत्रुतिर धपाइदिने पनि अनौठो चलन थियो । वंशु गुरुङ सिकारी पनि भएकाले उनले यी सबै अवस्थाको राम्रो अध्ययन गरेका थिए । गोरखाली फौज गौराङ्ग सेना कहिले आफ्नो अगि पर्ला र युद्धको धोको फेरौँला भनेर पौवागढीमा पर्खेर बसेको थियो ।

उता अङ्ग्रेजका भरिया बन्दुक र हतियार बोकी अगाडि हिँड्दै थिए । बिचमा सेना थिए । त्यसको पछि कप्तान किनलक र सहायक कप्तान हेयर से पौवागढीको उकालो चढ्दै थिए । रामदासले बाटो देखाइरहेको थियो । वर्षामा सिमसिम पानी परेको र कुहिरो लागेकाले बाटो हिँड्न सहज थिएन ।

अङ्ग्रेज सेना खानेकुरा, वर्षा र जङ्गली किराफट्याङ्ग्राको टोकाइसँग सङ्घर्ष गर्दै खुरकोटनजिकै आइपुग्यो । यति वेलासम्म बाटामा गोरखाली नदेख्दा अङ्ग्रेज निस्फिक्री अगि बढिरहेका थिए । थाकेकाले चौतारीमा बसेर अङ्ग्रेज अफिसरले चिसो पानीको घुट्की लिए । साँझ पर्न लागेको थियो । वंशु गुरुङ र वंशराज पाण्डेले ढुङ्ग्रेवासतिरबाट र वीरभद्रले पौवागढीतिरबाट अङ्ग्रेजमाथि आक्रमण गरे । रक्सीले अलि अलि मातेका हियरसे तत्काल घाइते भए र ज्यान जोगाउन जङ्गलतिर भागे । हतियार बोकेका भरिया अगाडि भएकाले सैनिकले सबै हतियार झिकेर चलाउन पाएनन् । हिन्दुस्तानी सेनाको भागाभाग भयो । उनीहरू हतियार छाडेर ज्यान जोगाउनतिर लागे ।

हिन्दुस्तानी सेना र अङ्ग्रेज अफिसर भागेको देखेर वंशु गुरुङले आफ्ना सहयोगीलाई भने, “अर्ना छाड, गोला फोर !” वंशु गुरुङले जङ्गलबाट दुईओटा अर्ना पक्रेका रहेछन् । तिनलाई जाँड खुवाई मताएर राखिएको रहेछ । गोरखाली सेनाले तिनका सिङमा पुल्ठो बालेर जङ्गलमा छाडिदिए । अर्ना आत्तिएर जताततै कुद्न थाले । यही वेलामा गोरखाली सेनाले अरिङ्गाल र बच्छिउँका गोला बिच्क्याइदिए । अर्नाले खेद्ने, अरिङ्गालले चिल्ने र सिस्नाले पोल्ने हुँदा अङ्ग्रेज ऐया र आत्था गर्दै भागाभाग भए ।

गोरखाली सेनाले रातभर अङ्ग्रेजलाई खेदिरहे । बिहान उज्यालो भएपछि उनीहरूले जङ्गलमा हतियार खोजे । जङ्गलमा भेटिएका ३०० जति राइफल गोरखालीले आफ्ना बनाए । आक्रमणमा १७०० जति गौराङ्ग सेना हताहत भए ।

किनलक ज्यान जोगाएर लगभग ८०० सैनिकसहित जनकपुर पुगे । त्यहाँ पुगेर उनले रम्बोल्डलाई पत्र लेखे, “पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् । हामीले मल्ललाई सहयोग गर्न सकेनौँ, थप सेना पठाइदिनू ।” तर उनले स्थिति बुझेकाले थप सेना पठाएनन् ।

यता वंशु गुरुङलगायत गोरखाली सेना हतियारसहित पृथ्वीनारायण शाहकहाँ पुगे । पृथ्वीनारायण शाह हातले केही हतियार सुमसुम्याए र वंशुलाई धाप मारेर प्रशंसा गर्दै भने, “मेरो सपना तिमीहरूले पूरा गर्‍यौ । यसको श्रेय तिमेर्कै हो ।” उनले सबैलाई विजयको प्रतीक रातो टीका लगाइदिए । सेना गोरखाको जय भन्दै ब्यारेकतिर लागे ।

## शब्दभण्डार

### १. शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| समूह क | समूह ख |
|---|---|
| पाटी | व्यापारसम्बन्धी सन्देश लिएर ओहोरदोहोर गर्ने व्यक्ति |
| आक्रमण | झ्यालको एक पाटो |
| वाणिज्य दूत | निःशुल्क बास बस्न बनाइएको ठाउँ |
| पल्ला | लडाइँ |
| कृतज्ञ | तयार |
| तैनाथ | गरेको उपकार देख्ने |
| | नाका वा सिमाना बन्द गर्ने र सामान रोक्का गर्ने काम |

### २. तलका पर्यायवाची शब्दको अर्थ बुझेर पढ्नुहोस् :

अमृत : पीयूष, सुधा

अल्छी : निष्क्रिय, निकम्मा, अकर्मण्य

आँखा : चक्षु, नेत्र, नयन, लोचन, अक्ष

ईश्वर : ईश, देव, देवता, भगवान्, सुर, परमेश्वर

उपहार : कोसेली, सौगात, भेटी, इनाम

कक्षा : तह, श्रेणी, स्तर, दर्जा

उही अर्थ दिने शब्दलाई पर्यायवाची शब्द भनिन्छ ।

### ३. पाठ पढेर तलका शब्दको पर्यायवाची शब्द खोज्नुहोस् :

जित, जमर्को, सेना, पथ, जिउ, सैनिक, हस्त, तारिफ, स्वप्न, जित, चिह्न, लाल

### ४. दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) आगो ताप्ने ठाउँः ........................

(ख) रासनपानी, खानेकुराः ........................

(ग) जस, हितः ........................

(घ) चिह्न : ........................

(ङ) पाउ : ........................

(च) भारी बोक्ने मानिस : ........................

(छ) इच्छा : ........................

(ज) चिठी : ........................

## बोध र अभिव्यक्ति

### १. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

पृथ्वीनारायण, गुह्येश्वरी, सेक्रेटरी, कृतज्ञ, आक्रमण, गौराङ्ग, प्रतीक

### २. 'साकार सपना' बुझेर कथा पढ्नुहोस् :

### ३. एक वाक्यमा उत्तर भन्नुहोस् :

(क) जयप्रकाश मल्लले गुह्येश्वरी मन्दिरमा कसकसलाई बोलाए ?

(ख) कान्तिपुरमा आक्रमण गर्ने योजना कसले बनाए ?

(ग) भारतको बेतियामा को बस्थे ?

(घ) पृथ्वीनारायण शाहले आफ्ना सैनिकलाई कहाँ पठाए ?

(ङ) सिस्नाको घारी किन लगाइन्थ्यो ?

(च) 'साकार सपना' कथामा कतिओटा अनुच्छेद छन् ?

## ४. तलको अंश सुनेर लेख्नुहोस् :

हिन्दुस्तानी सेना र अङ्ग्रेज अफिसर भागेको देखेर वंशु गुरुङले आफ्ना सहयोगीलाई भने, “अर्ना छाड, गोला फोर !” वंशु गुरुङले जङ्गलबाट दुईओटा अर्ना पक्रेका रहेछन् । तिनलाई जाँड खुवाई मताएर राखिएको रहेछ । गोरखाली सेनाले तिनका सिङमा पुल्ठो बालेर जङ्गलमा छाडिदिए । अर्ना आत्तिएर जतातत‍ै कुद्न थाले । यही वेलामा गोरखाली सेनाले अरिङ्गाल र बच्छिउँका गोला बिच्क्याइदिए । अर्नाले खेद्ने, अरिङ्गालले चिल्ने र सिस्नाले पोल्ने हुँदा अङ्ग्रेज ऐया र आत्था गर्दै भागाभाग भए ।

## ५. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) केपुचिन पादरीले जयप्रकाश मल्ललाई के गर्ने सल्लाह दिए ?

(ख) पृथ्वीनारायण शाहलाई के लेखेको पत्र पठाइएको थियो ?

(ग) मकवानपुरमा कसरी राज्यलाई सुरक्षित राखिन्थ्यो ?

(घ) यस कथाको शीर्षक किन साकार सपना राखिएको हो ?

(ङ) यस कथाबाट कस्तो शिक्षा पाइन्छ ?

## ६. ‘साकार सपना’ कथाका आधारमा कसले कसलाई भनेको हो, भन्नुहोस् :

(क) गोरखाली राजाले कान्तिपुरमा आक्रमण गर्ने योजना बनाइरहेका छन् ।

(ख) यसमा के के छ ? मलाई सबै बुझाऊ ।

(ग) हाम्रा मित्र मल्ल राजालाई तिमीले लाएको नाकाबन्दी हटाऊ ।

(घ) अर्ना छाड, गोला फोर !

(ङ) पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् ।

७. **'साकार सपना' कथाका आधारमा दिइएका घटनाको क्रम मिलाएर लेख्नुहोस् :**

(............) गोल्डिङले बिच बिचमा टाउको हल्लाउँदै पत्रको आशय बुझेको भाव दर्साए ।

(............) अहिले वर्षामा त गोरखाका धेरै सैनिक उतै खेतीपाती गर्दै छन् ।

(............) महाराज ! गौराङ्गको पत्र आएको छ ।

(............) कम्पनीको केही खर्च हुँदैन ।

(............) उनीहरू हतियार छाडेर ज्यान जोगाउनतिर लागे ।

(............) आक्रमणमा १७०० जति गौराङ्ग सेना हताहत भए ।

(............) गोरखाली सेनाले जनकपुर र सिन्धुलीगढीबाट सारा रसदपानी रित्याएर पौवागढी पुर्‍याए ।

(............) सेना गोरखाको जय भन्दै ब्यारेकतिर लागे ।

(............) त्यसको पछि कप्तान किनलक र सहायक कप्तान हेयर से पौवागढीको उकालो चढ्दै थिए ।

८. **'साकार सपना' कथाको पात्र वंशु गुरुङको चरित्र चित्रण गर्नुहोस् ।**

९. **व्याख्या गर्नुहोस् :**

पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् ।

१०. **'साकार सपना' कथाको सार लेख्नुहोस् ।**

११. **'साकार सपना' कथामा पृथ्वीनारायण शाहको सपना पूरा भयो कि भएन ? समीक्षात्मक उत्तर लेख्नुहोस् ।**

## १२. तलको अंश पढेर उत्तर दिनुहोस् :

### पञ्चतन्त्र

पञ्चतन्त्र कथाको रचना आजभन्दा करिब २,००० वर्ष पहिले भएको मानिन्छ । त्यस समयमा अमरशक्ति नाम गरेका राजा शासन गर्थे । उनका तीन जना छोरा थिए । ती तीनै जना अत्यन्त मूर्ख र अहङ्कारी थिए । तीमध्ये जेठाको नाम बहुशक्ति, माइलाको नाम उग्रशक्ति र कान्छाको नाम अनन्तशक्ति थियो । तिनलाई राजाले सही मार्गमा ल्याउन नसकेपछि तिनको शिक्षा दीक्षाका लागि सबै शास्त्रका ज्ञाता विष्णु शर्मा नाम गरेका प्रकाण्ड विद्वान्लाई जिम्मा दिए । उनले ती राजकुमारलाई व्यावहारिक शिक्षा दिन नीतिशास्त्रसँग सम्बन्धित कथा सुनाए । ती कथामा पात्रका रूपमा पशु, पन्छीआदि समावेश गरिएको थियो । ती पात्रले कथामा मानवले जस्तै संवाद गर्ने र व्यवहार गर्ने भूमिका निर्वाह गरेका छन् । ती पात्रका माध्यमबाट के उचित के अनुचित हो भन्ने विषयको व्यावहारिक ज्ञान कथाबाट दिइएको छ । ती कथा बालमैत्री र मनोरञ्जनात्मक पनि छन् । शिक्षा दीक्षा पूरा भएपछि राजकुमारको व्यवहारमा पनि सकारात्मक परिवर्तन आयो । यसबाट गुरु विष्णु शर्मा प्रभावित भएर ती कथालाई सङ्कलन गरी पञ्चतन्त्रका कथा नाम दिएका थिए । ती कथा आज पनि त्यत्तिकै सान्दर्भिक, प्रेरणादायी र मनोरञ्जनात्मक छन् । बालबालिका आज पनि ती कथा खोजी खोजी पढ्न मन पराउँछन् र ती कथा पढ्दा खुसी हुन्छन् । त्यसबाट व्यावहारिक रूपमा नै नैतिक ज्ञान र सिपका कुरा सिक्छन् ।

### प्रश्न

(क) पञ्चतन्त्र कथाको रचना कहिले भएको मानिन्छ ?

(ख) पञ्चतन्त्र कथाका सिर्जना कसले गरेका थिए ?

(ग) यो कथाको रचना कसरी भएको थियो ?

(घ) यस कथामा खास गरी कस्तो किसिमको ज्ञान दिने प्रयास गरिएको छ ?

(ङ) पञ्चतन्त्र कथाले बालबालिकालाई के के कुरामा सहयोग पुऱ्याउँछ ?

### १३. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

राजेश परालका गुन्द्री, पिरा बनाउन सिपालु छन् । उनी गाउँभरिबाट मकैका खोस्टा र पराल किनेर ल्याउँछन् । उनी ती खोस्टा र परालका सुकुल, पिरा, गुन्द्री, चकटी, जुत्ता, डाली बनाउँछन् । यी सामग्री उनी स्थानीय बजारमा लगेर बेच्छन् । आजकल उनले यसलाई व्यवसायकै रूपमा विकास गरेका छन् । यस व्यवसायबाट राम्रो आम्दानी हुन थालेको छ । उनले यस व्यवसायबाट जीवनयापन हुन सक्ने देखेका छन् ।

राजेशले जस्तै तपाईँले पनि कुनै क्षेत्रमा आफ्नो भविष्यको सम्भावना देखेको भए त्यसलाई लेखेर सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

### १. दिइएको अनुच्छेद पढ्नुहोस् र रातो अक्षरमा लेखिएका पद मिल्दो तालिकामा टिपोट गर्नुहोस् :

इन्द्रमायाले रातो साडी लाइन् । उर्मिलाले कालो कुर्ता लाइन् । हरिकला निलो सर्ट र गुलाफी पाइन्टमा चिटिक्क परिन् । उनीहरू नजिकैको पार्कमा गए । पार्कमा साना कुर्सी थिए । टेबल चाहिँ ठुला ठुला थिए । उनी हरू छेउका थेप्चा ढुङ्गामा बसेर गफ गर्न थाले । केही बेरमा बदाम र सुन्तला बेच्ने मानिस आए । बदाम बाङ्गाटिङ्गा थिए । सुन्तला गोला थिए । उनीहरूले पहिलो मानिसले ल्याएका अलिकति बदाम र दोस्रो मानिसले ल्याएको एक केजी सुन्तला किने र गफ गर्दै खाए । आज सुनिताका घरमा बिहेको ठुलो भोज थियो । उनीहरू रमाउँदै भोजतिर लागे ।

| आधार | अनुच्छेदमा भएका | मैले थपेका |
|---|---|---|
| कस्तोको उत्तरमा आउने शब्द | | |
| कत्रोको उत्तरमा आउने शब्द | | |
| कतिको उत्तरमा आउने शब्द | | |
| कुनको उत्तरमा आउने शब्द | | |

'कस्तो' को उत्तरमा आउने पद, 'कत्रो' को उत्तरमा आउने पद, 'कति' को उत्तरमा आउने पद, 'कुन' को उत्तरमा आउने पद, 'कसका' को उत्तरमा आउने पद विशेषण हुन् ।

## २. दिइएका विशेषण पदलाई वाक्यमा प्रयोग गर्नुहोस् :

अलिकति, प्रशस्त, पहिलो, हजारौँ, यो, अग्लो, नेपाली, त्यो, आफ्ना, मेरी

## ३. दिइएको अनुच्छेद पढ्नुहोस् र भेदक र भेद्य पहिचान गर्नुहोस् :

राधाकी दिदी कवि हुन् । उनकी बहिनी राम्ररी नाच्छिन् । राधाका बा शिक्षक हुनुहुन्छ । उहाँ आफ्नो कक्षा लिन बिहानै विद्यालय जानुहुन्छ । राधा आफ्ना साथीसँग छलफल गर्छिन् । राधा आफ्नी बहिनीलाई माया गर्छिन् । म पनि मेरा साथीलाई सहयोग गर्छु ।

षष्ठी विभक्तिका चिह्न को, का, की, रो, रा,री, नो, ना, नी लागेका पद भेदक र त्यसको लगत्तै पछि आउने नाम भेद्य हुन् ।

## ४. दिइएको तालिकाका धातु हेरी सामान्य धातु, प्रेरणार्थक धातु र नाम धातुका बारेमा जानकारी लिनुहोस् :

| सामान्य धातु | प्रेरणार्थक धातु | नाम धातु |
|---|---|---|
| जोत्, डाक्, धु, पिट्, भन्, लि, हेर्, हाल्, सिउ, सह, सखा, राख्, भन्, लेख्, पढ्, जित्, बोक्, क्, भेट्, मिच्, किन्, बेर्, पिस्, सिक् | डाक्, धु, पिट्, भन्, लि, हेर्, हाल्, सिउ, सह, सक्, भेट्, मिच्, किन्, बेर्, पिस्, खा, राख्, भन्, लेख्, पढ्, जित्, बोक्, जोत्, सिक् | फेराउ, पिसाउ, सिकाउ रोगाउ, पहेँलि, मट्याउ, पछ्याउ, लठ्याउ, पोक्याउ, खुवाउ, भनाउ, लेखाउ, जिताउ, बोकाउ, जोताउ, किनाउ, बेराउ, नङ्ग्याउ, चोख्याउ, अग्ल्याउ, मोटाउ, दुब्लाउ, दोहोऱ्याउ |

## ५. दिइएको अनुच्छेद पढेर समापक र असमापक क्रिया पहिचान गर्नुहोस् :

घरमा किताब राख्ने दराज छ । दराजमा पढ्ने पुस्तक छन् । पुस्तकमा मलाई मन पर्ने पुस्तक छन् । म पुस्तक पढ्दा मुख्य कुरा लेख्छु । लेख्दै पढ्दा राम्ररी बुझिन्छ ।

वाक्यलाई टुङ्ग्याउन सक्ने पद समापक र नसक्ने पद असमापक हुन् ।

**६. सुरु, बिच र अन्तिममा दीर्घ ईकार प्रयोग भएका शब्दलाई अलग अलग तालिका बनाई लेख्नुहोस् :**

स्वीकार, जेठी, क्रीडा, पत्नी, भैँसी, बुहारी, काकी, शूल, दिदी, भीषण, कुमारी, चीर, गाई, निर्जीव, पोथी, केटी, जोई, वीणा, कान्छी, माइली, सरलीकरण, कीर्ति, सानी, जीर्ण, दीर्घ, केन्द्रीकरण, भान्जी, आइमाई, शीघ्र, ईश, रीति, भीष्म, नानी, भीम, तीव्र, छोरी, ईश्वर, मीन, अङ्गीकृत, क्षीण, पीयूष, वीर, शीर्षक, शीत, स्वीकृति, कीर्तन, एकीकरण, समीकरण, एकीकृत, अङ्गीकार, बहिनी,साली, चरी, दीन, पाठी, दीप

| सुरुमा दीर्घ ईकार भएका शब्द | बिचमा दीर्घ ईकार भएका शब्द | अन्तिममा दीर्घ ईकार भएका शब्द |
|---|---|---|
| | | |

## सुनाइ बोलाइ

**कार्तिकेय घिमिरेको 'नयनको पछुतो' कथा सुनी तलका प्रश्नको उत्तर दिनुहोस् :**

कमलाको सुनौलो कलम देखेर नयनलाई लोभ लाग्यो । उसले कलम चोर्ने विचार गऱ्यो । ऊ यताउति हेरेर जुक्ति सोच्न थाल्यो । टङटङ घन्टी लाग्यो । खाजा समयमा सबै साथी खाजा खान बाहिर निस्किए । नयन खुसुक्क कमलाको बेन्चमा गयो । उसले सुटुक्क कमलाको झोलाबाट कलम निकाल्यो । त्यसपछि ऊ दौडिँदै गएर शौचालयभित्र  छिऱ्यो । नयनले पाइन्ट माथि सारेर मोजाभित्र  कलम लुकायो । त्यसपछि नयन चुपचाप कक्षाकोठामा गएर बस्यो । 'कलम हरायो' भन्दै कमला रुन थाली । "कुन बदमासले चोऱ्यो हँ त्यो कलम", शिक्षक कराउनुभयो ।" कहाँ बदमास मात्र हुनु र गुरु, त्यो कलम चोर्ने त फटाहा नै हो", राधाले उठेर रिसाउँदै भनी । "छ्या,

त्यस्तो चोरलाई नि के साथी भन्नु है गुरु !" आशाले उठेर भनी । नयन झसङ्ग भयो । उसलाई कलम चोरेकामा धेरै पछुतो भयो । चार बजेपछि विद्यालय छुट्टी भयो । नयन घर पुग्यो । सधैँ हाँस्दै आउने छोरो निन्याउरो अनुहार लगाएर आएको देखेर आमाले सोध्नुभयो, "के भयो छोरा ?" नयनले 'केही होइन' भनेर टाऱ्यो । थोरै खाना खाएर नयन सुत्यो । मध्यरातमा अचानक नयन 'म चोर होइनँ, म चोर होइनँ' भन्दै कराउँदै उठ्यो । आमाले उसलाई मायाले अँगालो मार्दै भन्नुभयो, "गल्ती गरेका छौ भने गल्ती सच्याऊ बाबु ! गल्ती सच्याउने उपाय आफैँ सोच । सकेनौ भने म सहयोग गरुँला ।" बिहान उठेपछि पनि नयनले धेरैबेर सोच्यो । आमाले उसलाई विद्यालयसम्म पुऱ्याइदिनुभयो । नयन विद्यालय पुग्दा सबै विद्यार्थी प्रार्थना गीत गाउन चउरमा जम्मा भइसकेका थिए । ऊ हतार हतार कक्षाकोठाभित्र छिऱ्यो । उसले सुटुक्क एउटा कागजमा बेरेर कमलाको झोलाभित्र कलम राखेर दौडिँदै चउरमा गयो । पहिलो घन्टी लाग्यो । शिक्षक कक्षामा पढाउन आउनुभयो । कमलाले खुसी हुँदै भनी, "आहा ! मेरो कलम भेटियो । कति ज्ञानी साथी रहेछ । एउटा कागजमा 'सरी' लेखेर त्यसैमा कलमसमेत बेरेर मेरो झोलामा हालिदिएको रहेछ ।" त्यसपछि सबै साथीले एक स्वरमा भने, "आफूले गरेको गल्ती सुधार्ने त्यो साथी धेरै राम्रो रहेछ ।" नयनले पनि साथीले भनेको कुरामा उनीहरूसँगै 'हो ! हो !' भन्यो ।

## प्रश्न

### १. पाठ सुनेर खाली ठाउँ भर्नुहोस् :

(क) सबै साथी ........................ खान बाहिर निस्किए ।

(ख) नयनले ........................ भित्र कलम लुकायो ।

(ग) आमाले नयनलाई ........................ सम्म पुऱ्याइदिनुभयो ।

(घ) नयन ........................ अनुहार लगाएर घरमा पुग्यो ।

### २. पाठका आधारमा दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) कसको कलम हराएको थियो ?

(ख) नयनलाई किन पछुतो लाग्यो ?

(ग) साथीहरूले कलम चोरलाई के भने ?

(घ) कस्तो साथीलाई धेरै राम्रो साथी भनिँदो रहेछ ?

## सिर्जना र परियोजना कार्य

१. दिइएका सूचनाका आधारमा एउटा कथा लेख्नुहोस् :

### शिक्षित खरायो

एउटा खरायो स्कुलको कक्षा सकेर घरतिर फर्कनु .............. बाटामा एक्कासि एउटा चितुवा देखिनु .............. खरायोलाई देख्नासाथ चितुवाले ऱ्याल चुहाउनु .............. खरायो आत्तिनु .............. खरायाले चितुवालाई हप्काउनु .............. उसले आफूलाई खाने प्रमाणपत्र माग्नु .............. चितुवा प्रमाणपत्र लिन जङ्गलको प्रमुख सिंहकहाँ पुग्नु .............. खरायो भाग्नु

२. पुस्तकालयमा गई इतिहासको पुस्तक पढी मुख्य घटना टिपोट गर्नुहोस् ।

३. तलको चित्र हेरेर एउटा छोटो कथा लेख्नुहोस् ।



# पाठ ३

## पूर्वपठन

तलका तस्बिर हेरेर प्रश्नको उत्तर भन्नुहोस् :



(क) माथिको चित्रमा को को देख्नुहुन्छ ?

(ख) यी महिला केका लागि प्रसिद्ध छन् ?

(ग) तपाईँ भविष्यमा के बन्न चाहनुहुन्छ ?

मूल पाठ

# स्वामी प्रपन्नाचार्य



मानिसले जीवन रहुन्जेल केही न केही सिकिरहनुपर्छ । उसले आफ्नो चाहनाअनुसार आवश्यक शिक्षादीक्षा लिनुपर्छ । मानिसको पढाइ लेखाइलाई उमेरले कहिल्यै छेक्दैन । उमेरकै कारण उसले शिक्षा आर्जनलाई रोक्नुपर्ने बाध्यता पनि हुँदैन । मानिसको भित्री चाहना, अठोट र लगनशीलताका सामु अप्ठ्यारा चुनौती आफैँ हटेर जान्छन् । महान् व्यक्तिले जस्तोसुकै कठिन परिस्थितिलाई पनि अनुकूल बनाएर सफलताको शिखर चुम्न सक्छ । यस्तै अनेकौँ हन्डर खाएर जीवनलाई सार्थक बनाउने उदाहरणीय प्रतिभाका रूपमा चिनिन्छन्, स्वामी प्रपन्नाचार्य ।

स्वामी प्रपन्नाचार्यको जन्म पूर्वी नेपालको पाँचथर जिल्लाको फिदिम, बरडाँडामा भएको थियो । उनी आमा दिलमाया र बुबा धर्मदास राईका साहिँला सन्तानका रूपमा वि.सं. १९८० असोज ३ गते शुक्रबार बडादसैँका दिन जन्मेका थिए । उनको न्वारनको नाम गीतानन्द भए पनि बाल्यकालमा बोलाउने नाम काले राई थियो ।

प्रपन्नाचार्यको परिवार किरात धर्मको अनुयायी थियो । पारुहाङ र सुम्निमालाई इष्टदेव र देवीका रूपमा अर्चना वा श्रद्धा गर्थ्यो । उनको परिवार वैदिक धर्मसंस्कृतिको पालनामा विशेष जोड दिन्थ्यो । परिवारमा जोसमनी सम्प्रदायको प्रभाव पनि परिरहेको थियो । उनका घरभित्र सधैँ शुद्ध शाकाहारी भोजनको व्यवस्था हुन्थ्यो । फलस्वरूप प्रपन्नाचार्य आफू पनि बाल्यकालदेखि नै आध्यात्मिक चिन्तनतिर उन्मुख हुन थालेका थिए । प्रपन्नाचार्यको परिवार कृषि पेसामा आबद्ध थियो । जीवन गुजाराका लागि खेतीपातीमा दिनरात व्यस्त हुनुको विकल्प थिएन । घरमा हजुरआमा, हजुरबुबादेखि नातिनातिना सबैले खेतीपाती र गाईवस्तुको हेरचाह गर्नै पर्थ्यो । त्यसैकारण प्रपन्नाचार्यले बाल्यकालमा लामो समयसम्म गाउँमा पढ्नलेख्न पाएनन् । उनीभित्र केवल आध्यात्मिक ज्ञानको भोक मात्र जागिरह्यो ।

वि.सं. १९९४ तिर नेपालमा  किरातवंशका महागुरु फाल्गुनन्दको प्रत्यक्ष प्रभाव थियो। मानिस उनको उपदेशलाई ससम्मान ग्रहण गर्थे। प्रपन्नाचार्यका आमाबुबाले पनि फाल्गुनन्दको प्रवचन प्रत्यक्ष रूपमा पटक पटक सुनेका थिए। अध्यात्मका बारेमा केही न केही बुझ्ने कोसिस गरेका थिए। त्यसै क्रममा एक दिन आमाबुबासँगै आश्रममा पुगेका १४ वर्षीय प्रपन्नाचार्यले त्यहीँ बस्ने निधो गरे। कडा अनुशासनका बिच उनले आश्रमका नीति नियम पालन गर्न थाले। मुन्धुमको महत्त्वका बारेमा पनि उनी जानकार हुँदै गए। जब वि.सं. २००५ को चैत महिनामा एकाएक फाल्गुनन्दको निधन भयो तबदेखि प्रपन्नाचार्यभित्र  वैराग्यको अनुभूति हुन थाल्यो। त्यसपछि केही समय उनले आश्रम छोडेर गाउँमै सीतारामदिलका नामबाट बिजुवाको काम गरे। त्यसमा उनी लामो समयसम्म अडिग रहन सकेनन्। त्यसपछि उनी कामको खोजी गर्दै भारतको दार्जिलिङतिर निस्किए। उनले त्यहाँका विभिन्न चियाकमानमा काम खोजे तर कहीँकतै काम पाउन सकेनन्। उनी पुनः नेपाल फर्किए। त्यसै वेला पण्डित दामोदर खतिवडासँग उनको भेट भयो। दामोदरलगायत केही व्यक्तिको एउटा समूह तीर्थाटनका लागि भारत जाँदै रहेछ। प्रपन्नाचार्य पनि तिनको साथ लागेर वि.सं. २०१० मा भारतको बनारस पुगे।

प्रपन्नाचार्यले ३० वर्षको उमेरमा भारतका विभिन्न ठाउँमा अध्ययनका लागि आश्रमको खोजी गरे। उनलाई कुनै पनि आश्रमले राख्न मानिरहेको थिएन। कठिन अवस्थामा उनले एउटा होटलमा काम गनुपर्ने बाध्यता आइलाग्यो। त्यसै क्रममा त्यहाँ एक जना गोर्खा रेजिमेन्टका अवकाश प्राप्त व्यक्ति हीरावल्लभ थपलियाकी छोरी सरस्वतीसँग उनको भेट भयो। उनी शिक्षक थिइन्। त्यसपछि सरस्वतीले आफ्नो घरमा काम लगाउँदै प्रपन्नाचार्यलाई अक्षर चिनाउन थालिन्। एक महिनामा स्वर र तीन महिनामा व्यञ्जन वर्ण सिकेकाले प्रपन्नाचार्यलाई सरस्वतीले उमेर घटाएर आफ्नै विद्यालयमा कक्षा एकमा भर्ना गरिदिइन्। त्यहाँ उनले पाँच कक्षासम्मको अध्ययन गरे। त्यसपछि वि.सं. २०१६ तिर उनी गढवालको रुद्रप्रयाग पुगेर अध्ययन गर्न थाले। पढाइका क्रममा उनले कहिले हरिद्वार त कहिले बनारसलगायतका ठाउँमा सङ्घर्ष गर्नुपर्‍यो। वि.सं. २०२१ मा उनी संस्कृत विषयमा पूर्वमध्यमा उत्तीर्ण गर्न सफल भए। त्यसपछि उनले वि.सं. २०३० मा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट आचार्य तह उत्तीर्ण गरे। त्यसै गरी वि.सं. २०३६ मा उनले भारतको राष्ट्रिय संस्कृत संस्थानबाट वेदान्त विषयमा विद्यावारिधि तहको उपाधि प्राप्त गरे। यसरी ३० वर्षको उमेरमा काले राईका नामबाट कखरा सिक्न भारतको वनारस पुगेका प्रपन्नाचार्यले ५६ वर्षको उमेरमा आफूलाई डा.स्वामी प्रपन्नाचार्यका रूपमा स्थापित गराए।

स्वामी प्रपन्नाचार्य वि.सं. २०३७ सालपछि प्रायः आफ्नो मातृभूमि नेपालमै बस्न थालेका थिए। उनलाई वि.सं. २०४५ मा पशुपतिक्षेत्र विकास कोषमार्फत चन्द्रेश्वर सत्तलमा बस्ने व्यवस्था

मिलाइएको थियो । उनी त्यहाँ बसेर अध्ययन, चिन्तन र धर्मदर्शनको व्याख्या गरिरहन्थे । वेद, वेदान्त, धर्मदर्शन तथा इतिहास आदि अनेकौँ पूर्वीय विषयवस्तुलाई युगसापेक्ष किसिमबाट सर्वसाधारणसम्म पुऱ्याउन कोसिस गर्थे । उनी जीवनलाई समतामूलक बनाउनुपर्ने कुरामा जोड दिन्थे । संस्कृतको महान्  ग्रन्थ वेदलाई सबैले पढ्न र बुझ्न पाउनुपर्छ भन्ने उनको मान्यता थियो । उनी प्राचीनकालमा  किरातहरू नेपालको प्राचीनतम वंश मानेर हिन्दु समाजभित्र अभिन्न रहेको बताउँथे । मानिस मानिसबिच कहिल्यै कुनै भेदभाव छैन र हुनुहुँदैन भन्ने उनको स्पष्ट धारणा थियो । उनी भन्थे, “हरेकले सादा जीवन उच्च विचारका लागि प्रयास गर्नुपर्छ । साधुसन्तहरू शिक्षा र साधनामा समर्पित हुनुपर्छ । हरेक मानिसमा सधैँ नैतिकता, इमानदारी, जिम्मेवारीपन र असल चरित्रको आवश्यकता पर्छ ।” प्रपन्नाचार्यका यस्ता विचार मानव कल्याणका लागि महान्  मानिन्छन् ।

प्रन्नाचार्यले आजीवन वेदका दार्शनिक विचारको व्याख्या गरिरहे । उनले सबैलाई असल राष्ट्रभक्त भएर बाँचिरहन आग्रह गरे । नेपालको प्राचीनतम इतिहासलाई त झन् कहिल्यै कसैले पनि भुल्नु नहुने उनको भनाइ थियो । उनका संस्कृत, नेपाली, हिन्दी र अङ्ग्रेजीमा लेखिएका झन्डै चार दर्जन जति पुस्तकसमेत प्रकाशित छन् । उनका अधिकांश पुस्तक मानवतामा आधारित छन् । ‘सम्मार्ग दर्शन’ (२०३३), ‘प्राचीन हिन्दू विज्ञान’ (२०३६), ‘वेदमा के छ ? (२०३७), ‘किरातहरू मङ्गोलियाबाट आएका शरणार्थी होइनन् ’ (२०४७) आदि कृति चर्चित छन् । त्यसै गरी उनका ‘काले राईका क्वाँटी कविता’ (२०५०), ‘प्राचीन  किरात इतिहास’  (२०५१), ‘मानव अधिकार हनन के हो ?(२०५१), ‘महागुरु फाल्गुनन्द सरस्वती सत्यहाङ्माको जीवनी’ (२०५४), ‘सङ्क्षेपमा मेरो जीवनयात्रा’ (२०५९) लगायतका कृति पनि उल्लेख्य छन् ।

प्रपन्नाचार्य बहुभाषी, सिर्जनशील, विनम्र, सन्त एवम् प्रकाण्ड विद्वान् थिए । उनी मानवतावादी चिन्तनक आदर्श धरोहर थिए । उनमा नेपाली, राई, संस्कृत, हिन्दी र अङ्ग्रेजी आदि अनेकौँ भाषा प्रयोग गर्न सक्ने क्षमता थियो । संस्कृत वाङ्मयभित्रका अथाह ज्ञानलाई व्यावहारिक रूपमा आत्मसात् गर्न सक्ने साधना थियो । आजीवन वेद, वेदान्त, साहित्य, इतिहासलगायत विषयमा केन्द्रित भई अध्ययन अनुसन्धान गर्न सक्ने सामर्थ्य थियो । उनी सङ्गीतमा समेत रुचि राख्थे । यस्ता विविध विषयमा भएको अटुट लगावका कारण उनले पाएको सिद्धि असाधारण मानिन्छ ।

मानव भ्रमणशील प्राणी भएकाले उसले पढेर जति सिक्छ त्यति नै त्यसलाई भ्रमण र प्रयोगबाट विस्तार गर्न सक्छ । त्यस्तै स्वामी प्रपन्नाचार्यले पढाइ र शास्त्रार्थ सँगसँगै संसारका विभिन्न

देशको भ्रमण गर्ने अवसर पाए । त्यसै क्रममा उनले प्रवचन र व्याख्यानका माध्यमबाट शास्त्रीय ज्ञानको विस्तार गरिरहे । उनले आफ्नो अद्भुत बौद्धिक क्षमता र सन्त जीवनलाई लोकहितमा समर्पण गराइरहे । उनी जहाँ पुग्थे त्यहाँ पूर्वीय दर्शनका बारेमा प्रवचन दिन्थे । उनी संस्कृत वाङ्मयका ग्रन्थलाई सबैले बुझ्ने गरी बताउँथे । त्यसैले उनको प्रवचनमा सबैको रुचि र आकर्षण हुन्थ्यो । उनले आफ्नो जीवनकालमा नेपाल र भारतका अतिरिक्त युरोप, इङ्ल्यान्ड, फ्रान्स, बेल्जियम, हल्यान्ड, स्विजरल्यान्ड, इटाली, अस्ट्रेलिया, जर्मनी तथा अरबलगायतका देशको भ्रमण गरेका थिए ।

आजीवन लोकहितमा समर्पित वैदिक वाङ्मयका प्रखर व्याख्याता प्रपन्नाचार्यलाई देशविदेशबाट अनेकौँ पुरस्कार तथा सम्मान अर्पण गरिएको पाइन्छ । उनले आदिकवि भानुभक्त, गुणराज, पाणिनि, शङ्कराचार्य आदि विशिष्ट पुरस्कार प्राप्त गरेका थिए । उनलाई राजपरिषद् स्थायी समिति सदस्यका रूपमा समेत मनोनीत गरिएको थियो । उनी वि. सं. २०७१ मा नेपाल संस्कृत विश्वविद्यालयद्वारा महाविद्यावारिधिको मानार्थ उपाधिबाट पनि विभूषित भएका थिए ।

जीवनको उत्तरार्द्धसम्म आइपुग्दा स्वामी प्रपन्नाचार्यलाई नेपाल सरकार, पशुपति क्षेत्र विकास कोष, नेपाल प्रज्ञा प्रतिष्ठान र अन्य समूहबाट मासिक रूपमा आर्थिक सहयोग प्राप्त भइरहेको थियो । उनी पिसाब र श्वासप्रश्वाससम्बन्धी रोगबाट पीडित थिए । त्यसैकारण वि.सं. २०७२ भदौ ४ गते बिहीबार राती ३:३० बजे काठमाडौँको पशुपति मृगस्थलीस्थित आश्रममा उनको देहावसान भयो । यो सँगसँगै उनको भौतिक शरीर संसारबाट बिदा भयो तर उनका महान् योगदान सधैँ हामीसँगै रहिरहेका छन् ।

वास्तवमा स्वामी प्रपन्नाचार्य अध्ययनलाई उमेरले कहिल्यै छेक्दैन भन्ने विचारका दृष्टान्त हुन् । उनी पढ्न चाहनेले बितेको समयप्रति पछुतो गरिरहनुभन्दा बाँकी समयको सदुपयोग गर्नुपर्छ भन्ने कुराका उदाहरण हुन् । उनले स्वयम् ३० वर्षको उमेरमा अक्षर चिनेर आफूलाई प्रकाण्ड विद्वान्का रूपमा स्थापित गराए । आफ्ना दिव्य प्रेरणा र दार्शनिक विचारका माध्यमबाट लाखौँलाख मानिसलाई सचेत तुल्याए । उनले समग्र मानवहितको पक्षलाई ध्यानमा राखेर मात्र आजीवन हिन्दु धर्मको व्याख्या गरिरहे । नेपालका विभिन्न जातजातिबिच आत्मीयता र समानताको भावना फैलाइरहने कुरामा समेत उनका पक्षबाट कहिल्यै कुनै कमी रहेन । यसरी स्वामी प्रपन्नाचार्य महान् सन्त, संस्कृत वाङ्मयका विशिष्ट अनुसन्धाता तथा व्याख्याताका रूपमा अमर बन्न पुगे ।

## शब्दभण्डार

### १. शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| आर्जन | किरात जातिको पुरोहित |
| जोसमनी | मनमा कसैका प्रति रागभाव पैदा नहुने अवस्था, विरक्ति |
| मुन्धुम | कमाउनु, सिक्नु वा लिनु |
| वैराग्य | नेपाली सन्त शशिधरले स्थापना गरेको धार्मिक मान्यता |
| बिजुवा | लिम्बू जातिको धर्मशास्त्र |
| रुद्रप्रयाग | संस्कृत परीक्षाको स्नातकोत्तर तहको उपाधि |
| पूर्वमध्यमा | गङ्गा, यमुना र सरस्वतीको सङ्गम रहेको ठाउँ |
| आचार्य | एसइई वा सोसरहको शिक्षा |

### २. शब्दकोश हेरेर तलका शब्दको अर्थ लेख्नुहोस् :

युगसापेक्ष : ...............................................

समतामूलक : ...............................................

प्रकाण्ड : ...............................................

धरोहर : ...............................................

शास्त्रार्थ : ...............................................

उत्तरार्द्ध : ...............................................

दृष्टान्त : ...............................................

वाङ्मय : ...............................................

### ३. दिइएका विपरीतार्थी शब्दबिच जोडा मिलाउनुहोस् :

| **समूह क** | **समूह ख** |
| --- | --- |
| परतन्त्र | उत्थान |
| निरपेक्ष | सुलभ |
| पाश्चात्य | स्वतन्त्र |
| उत्पत्ति | सापेक्ष |
| अपेक्षा | पूर्वीय |
| | दुर्लभ |
| | पतन |

### ४. दिइएका शब्दको अर्थ लेख्नुहोस् :

कीर्तन, दर्शन, वंश, अध्यात्म, अनुशासन, आश्रम, इतिहास, वाङ्मय

### ५. पाठको पहिलो अनुच्छेदबाट दिइएका शब्दको विपरीत अर्थ खोजेर लेख्नुहोस् :

मरण, अनावश्यक, बाहिरी, सरल, प्रतिकूल, फेदी, असफल

### ६. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

न्वारन, शाकाहारी, प्रवचन, धारणा, व्यावहारिक, प्रेरणा, आजीवन, अमर

### ७. दिइएको अनुच्छेदबाट कुनै १० ओटा पारिभाषिक/प्राविधिक शब्द टिपोट गर्नुहोस् :

सुकुम्बासी टोलमा अस्पतालको शिलान्यास भएको छ । त्यहाँ नजिकै प्रशस्त मात्रामा पर्ती जग्गा रहेको छ । उच्च रक्तचाप भएका बिरामीदेखि अर्बुद रोग लागेसम्मका बिरामीले सेवा पाउने भएका छन् । प्रसूतिका लागि छुट्टै व्यवस्था हुने छ । स्त्री रोगसम्बन्धी समस्या हुनेहरूका लागि पनि व्यवस्था गरिने छ । प्रतिवेदन आएपछि अस्पतालमा थप के के गर्ने भन्ने कुरा

सार्वजनिक हुने छ। अस्पताल बर्दिया राष्ट्रिय निकुञ्जबाट थोरै टाढा मात्र बनाउन लागिएको हो। यसभित्र  एक्स रे मिसिनदेखि ल्याब र कम्प्युटर आदिको विशेष सुविधा हुने छ। औषधी र उपकरणको आपूर्तिका लागि बोलपत्र आह्वान गरिसकिएको छ। शिलान्यासका दिन शिलापत्र र ताम्रपत्र दुवै राखिएका छन्। अस्पतालबाट स्थानीय व्यक्तिलाई रोजगारी दिने सम्भावनासमेत बढेको छ।

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

(क) न्वारन, इष्टदेव, शुद्ध, अध्यात्म, हरिद्वार, दार्शनिक

(ख) लक्ष्य, कीर्तिमानी, पर्वतारोहण, स्नातक, हिमस्खलन, निर्देशक, क्यान्सर, अद्वितीय

२. **घडी हेरेर 'स्वामी प्रपन्नाचार्य' जीवनी सकेसम्म छोटो समयमा सस्वर पठन गर्नुहोस् ।**

३. **'स्वामी प्रपन्नाचार्य' जीवनीका आधारमा ठिक बेठिक छुट्याउनुहोस् :**

(क) मानिसको भित्री चाहना, अठोट र लगनशीलताका सामु अप्ठ्यारा चुनौती आफैँ हटेर जाँदैनन्।

(ख) प्रपन्नाचार्यको परिवार  हिन्दु धर्मको अनुयायी थियो।

(ग) प्रपन्नाचार्यले ३० वर्षको उमेरमा भारतका विभिन्न ठाउँमा अध्ययनका लागि आश्रमको खोजी गरे।

(घ) प्रन्नाचार्यले आजीवन वेदका दार्शनिक विचारको व्याख्या गरिरहे।

(ङ) उनले आदिकवि भानुभक्त, गुणराज, पाणिनि, शङ्कराचार्य आदि विशिष्ट पुरस्कार प्राप्त गरेका थिए।

## ४. दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) चुनौती कसरी हटेर जान्छन् ?

(ख) प्रपन्नाचार्यको परिवार कुन धर्म मान्थ्यो ?

(ग) फाल्गुनन्दको निधन कहिले भयो ?

(घ) वेदका सन्दर्भमा प्रपन्नाचार्यको मान्यता के थियो ?

(च) प्रपन्नाचार्यले कुन कुन देशको भ्रमण गरे ?

## ५. तलको अंश मनमनै पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

वास्तवमा स्वामी प्रपन्नाचार्य अध्ययनलाई उमेरले कहिल्यै छेक्दैन भन्ने विचारका दृष्टान्त हुन् । उनी पढ्न चाहनेले बितेको समयप्रति पछुतो गरिरहनुभन्दा बाँकी समयको सदुपयोग गर्नुपर्छ भन्ने कुराका उदाहरण हुन् । उनले स्वयम् ३० वर्षको उमेरमा अक्षर चिनेर आफूलाई प्रकाण्ड विद्वान् का रूपमा स्थापित गराए । आफ्ना दिव्य प्रेरणा र दार्शनिक विचारका माध्यमबाट लाखौँलाख मानिसलाई सचेत तुल्याए । उनले समग्र मानवहितको पक्षलाई ध्यानमा राखेर मात्र आजीवन हिन्दु धर्मको व्याख्या गरिरहे । नेपालका विभिन्न जातजातिबिच आत्मीयता र समानताको भावना फैलाइरहने कुरामा समेत उनका पक्षबाट कहिल्यै कुनै कमी रहेन । यसरी स्वामी प्रपन्नाचार्य महान् सन्त, संस्कृत वाङ्मयका विशिष्ट अनुसन्धाता तथा व्याख्याताका रूपमा अमर बन्न पुगे ।

### प्रश्न

(क) माथिको अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(ख) अनुच्छेदको सबैभन्दा लामो वाक्य कति शब्दले बनेको छ ?

(ग) अनुच्छेदको सबैभन्दा छोटो वाक्य कति शब्दले बनेको छ ?

(घ) कतिऔँ वाक्यमा शुद्ध आत्मीयता र समानताको प्रसङ्ग आएको छ ?

### ६. 'स्वामी प्रपन्नाचार्य' जीवनी पढ्नुहोस् र तलका घटना भएको साल लेख्नुहोस् :

(क) स्वामी प्रपन्नाचार्यको जन्म

(ख) तीर्थाटनका लागि भारतको बनारस यात्रा

(ग) किरात वंशका महागुरु फाल्गुनन्दको प्रत्यक्ष प्रभाव

(घ) चन्द्रेश्वर सत्तलमा बस्ने व्यवस्था

(ङ) संस्कृत विषय लिई पूर्वमध्यमा तह उत्तीर्ण

(च) विद्यावारिधि उपाधिको प्राप्ति

(छ) 'सङ्क्षेपमा मेरो जीवन यात्रा' कृति प्रकाशन

(ज) पशुपति मृगस्थलीस्थित आश्रममा देहावसान

### ७. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) के कारणले स्वामी प्रपन्नाचार्यलाई उदाहरणीय प्रतिभाका रूपमा चिनिन्छ ?

(ख) स्वामी प्रपन्नाचार्यको जन्म मिति र बोलाउने नाम लेख्नुहोस् ।

(ग) स्वामी प्रपन्नाचार्य कसरी आध्यात्मिक चिन्तनतिर लागे ?

(घ) के के गरेर प्रपन्नाचार्य डा.स्वामी प्रपन्नाचार्यका रूपमा स्थापित भए ?

(ङ) प्रपन्नाचार्यका तीन महान् विचार के के थिए ?

(च) प्रपन्नाचार्यले के के किताब लेखे ?

(छ) प्रपन्नाचार्यलाई किन विशिष्ट अध्येता मानिन्छ ?

### ८. स्वामी प्रपन्नाचार्यको जीवनीबाट के के सिक्न सकिन्छ ? कुनै पाँच बुँदा लेख्नुहोस् ।

९. भाव विस्तार गर्नुहोस् :

(क) स्वामी प्रपन्नाचार्य अध्ययनलाई उमेरले कहिल्यै छेक्दैन भन्ने विचारका दृष्टान्त हुन् ।

(ख) हरेक मानिसमा सधैँ नैतिकता, इमानदारी, जिम्मेवारीपन र असल चरित्रको आवश्यकता पर्छ ।

१०. 'स्वामी प्रपन्नाचार्य' जीवनीको सार लेख्नुहोस् ।

११. तलको जीवनी पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

## जुन्को ताबेई

अभाव, चुनौती र प्रतिकूलतासँग सिँगौरी खेल्दै सफलताको शिखर चुम्नु महान् व्यक्तिको लक्षण हो । उसले आफ्नो जीवनमा निराशा र कायरता जस्ता कुराको प्रभाव कहिल्यै पर्न दिँदैन । उसको जीवन दृढ इच्छाशक्ति, साहस र लगनशीलताका कारण सफलताको शिखरमा पुग्छ र अमर बन्छ । उसमा पाइने धीरता र निरन्तर क्रियाशीलता जस्ता गुण सबैका लागि अनुकरणीय पनि बन्छन् । त्यस्तै महान् व्यक्तिको सूचीमा रहेकी विश्व कीर्तिमानी सर्वोच्च शिखर सगरमाथा आरोही प्रथम महिलाको नाम हो, जुन्को ताबेई ।

जुन्को ताबेई संसारका सर्वाधिक उच्च शिखर सफल आरोहण गर्ने जापानी महिला हुन् । उनी २२ सेप्टेम्बर सन् १९३९ मा फुकुसिमा प्रान्तको एउटा सानो सहर मिहरूमा जन्मिएकी थिइन् । उनका बुबा कुनै विज्ञापन कम्पनीमा होर्डिङ बोर्ड छपाइको काम गर्थे भने आमा गृहिणी थिइन् । उनीहरूका सात सन्तानमध्ये जुन्को चाहिँ पाँचौँ सन्तानका रूपमा जन्मिएकी थिइन् । उनलाई सानै उमेरदेखि विद्यालयमा भर्ना गरियो तर उनी निमोनियाको चपेटामा परिरहिन् । उनले कैयौँ दिनसम्म विद्यालयमा उपस्थित भएर पढ्न पाइनन् । अस्वस्थता र कमजोरीका कारण उनको बाल्यकालीन अध्ययन सोचे जस्तो हुन सकेन तापनि उनले जसोतसो माध्यमिक शिक्षा उत्तीर्ण गरिन् ।

विद्याधन नै सबैभन्दा ठुलो धन हो भन्ने कुरा ताबेईका मनमा गढिरहेको थियो । उनी जसरी भए पनि उच्च शिक्षा लिनुपर्छ भन्ने कुराप्रति सतर्क थिइन् । उनले आफ्नो शिक्षालाई अझै सशक्त किसिमबाट अगि बढाउने योजना बनाइन् । उनको चहनालाई आमाबुबाले समेत होस्टेमा हैँसे गरे । परिणामस्वरूप उनी पहिलो पटक टोकियो विश्वविद्यालयमा भर्ना हुन पुगिन् । पढाइको केही समयपछि नै उनलाई त्यहाँ असहजताको अनुभूति भयो । त्यसपछि उनी पुनः अर्को

विश्वविद्यालयको खोजीतर्फ लागिन् । त्यसै क्रममा उनले सोवा महिला विश्वविद्यालयमा भर्ना हुने अवसर पाइन् । त्यहाँ सन् १९५८ देखि १९६२ सम्म अङ्ग्रेजी साहित्यकी विद्यार्थी बनेर उनले उच्च शिक्षा हासिल गरिन् ।

हरेक व्यक्तिभित्र  कुनै न कुनै क्षेत्रमा रुचि वा लगाव हुन्छ । कसैलाई पढ्नेलेख्ने त कसैलाई नाच्नेगाउने रुचि हुन्छ । कसै कसैमा कुनै नयाँ काम गरेर कीर्तिमान कायम राख्ने चाहना हुन्छ । ताबेईभित्र  चाहिँ पर्वतारोहणप्रतिको तीव्र चाहना थियो । उनले आफू १० वर्षकी हुँदा शैक्षिक भ्रमणका क्रममा पहिलो पटक जापानको माउन्ट नासुको आरोहण गरेकी थिइन् । त्यस वेला उनी चार कक्षामा पढ्थिन् र केही अस्वस्थ पनि थिइन् । त्यस्तो अवस्थामा पहिलो पटक गरिएको पर्वतारोहणबाट उनी निकै उत्साही बनेकी थिइन् । त्यसपछि सधैँ नै पर्वतारोहणप्रतिको इच्छा जागिरहेकाले उनले स्नातक तह पूरा गरुन्जेलसम्म पनि निरन्तरता दिइरहिन् ।

ताबेईको समयमा जापानभित्र  पर्वतारोहणसम्बन्धी अनेकौँ अभ्यास हुन्थे । साना ठुला विभिन्न समूहमा अभ्यास गराइन्थ्यो तर ताबेईलाई केही ससाना समूहमा मात्र सहभागी हुने अवसर मिल्थ्यो । उनी अलि बृहत् स्तरबाट ठुलै समूहमा संलग्न हुन चाहन्थिन् । त्यसका लागि उनले धेरैओटा समूहमा सहभागिताका लागि कोसिस गरिरहिन् तर कहीँकतै अवसर पाइनन् । उल्टै कतिपय व्यक्तिले उनको उत्साहलाई हाँसोमा उडाउने काम गरे । निकै ठुलो प्रयासपछि उनले बल्लतल्ल एउटा पर्वतारोहणसम्बन्धी 'अल्पाइन क्लब'मा सदस्य बन्ने अवसर पाइन् तर त्यहाँ पनि उनका लागि सहज वातावरण बनेन । यसैबिच एक पर्वतारोही मसानोबुसँग उनको चिनजान भयो अनि उनीहरू सन् १९६५ मा विवाह बन्धनमा बाँधिए । त्यसपछि ताबेईलाई उनका श्रीमान् मसानोबुले समेत सहयोग गर्न थाले । तिनले ताबेईको उत्साह नमरोस् भन्ने कुरामा सधैँ सतर्कताका अपनाइरहे ।

राम्रो कामका लागि अगि बढिसकेको व्यक्ति कुनै हालतमा पछि हट्दैन भने झैँ जुन्को ताबेई पर्वतारोहण अभियानबाट कहिल्यै पछि हटिनन् । उनलाई अन्य समूहले आफ्नो क्लबमा प्रवेश नदिए पनि उनी आफैँ महिलाका लागि नयाँ क्लब खोल्ने अठोटमा पुगिन् । आफैँले निर्माण गरेको समूहमा रहेर अभ्यास गर्ने योजनाअनुसार सन् १९६९ मा उनले केही महिलालाई जुटाएर 'लेडिज क्लाइम्बिङ क्लब जापान' को स्थापना गरिन् । यस क्लबको नारा 'आफैँ एक विदेश अभियानमा जुटौँ' भन्ने थियो । यसरी महिला क्लब खुलेपछि त्यहाँ धेरैजसो गृहिणी सहभागी हुन थाले । उनीहरूले केही समयको अभ्यासपछि जापानका माउन्ट फुजी र स्विस एल्प्सको मार्टहार्न जस्ता पर्वतको सफल आरोहण गरे । महिलाको यस्तो सफलतापछि ताबेई औधी खुसी भइन् । उनीभित्र  एक न एक दिन जापानी महिलाले हिमाल आरोहणलाई सफल पारेरै छोड्ने

छन् भन्ने विश्वासको लहर दौडिन पुग्यो । कुन पर्वतारोहीले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने सपना नदेख्ला र ! त्यस्तै जापानबाटै आएको एउटा पर्वतारोही पुरुष समूहले सन् १९७० मा सगरमाथा आरोहण गरिसकेको थियो । उक्त समूहका कतिपय आरोहीले ज्यान गुमाउनुपरेको समाचार पनि सार्वजनिक भएको थियो । जुन्को ताबेईका लागि त्यस्तो समाचार अत्यन्त दुःखद त थियो नै साथसाथै निकै सतर्कताको विषय पनि थियो । उनले आफ्नो महिला समूहलाई हिमाल आरोहणका क्रममा थप सतर्कता अपनाउनुपर्ने कुरामा जोड दिइन् ।

स्वयम् पनि आफ्नो समूहको पर्वतारोहणलाई कसरी सुरक्षित राख्ने भन्नेतर्फ सचेत बन्न थालिन् । अन्ततः निकै तयारीका साथ उनले सगरमाथा आरोहणका लागि सन् १९७० मा नेपाल सरकारसँग अनुमति मागिन् । नेपाल सरकारका तर्फबाट लामो समयसम्म कुनै प्रतिक्रिया नपाएपछि पुनः सन् १९७२ मा ताकेता गरिन् र अर्को निवेदन हालिन् । यस अवधिसम्म आइपुग्दा ताबेई जापानकी प्रसिद्ध पर्वतारोहीका रूपमा स्थापित भइसकेकी थिइन् । उनले जापानलगायत अन्य विभिन्न देशका अग्ला पर्वतको आरोहणमा सफलता पाएकी थिइन् ।

लामो प्रतीक्षापछिको अनुकूल समयले सबैलाई गद्‌गद तुल्याउँछ नै । सगरमाथा आरोणलाई जीवनकै लक्ष्य ठान्ने जुन्को ताबेईका लागि त्यस्तो अनुकूल समय आउनु भनेको खुसीको सीमा नरहनु जस्तै थियो । नेपाल सरकारका तर्फबाट सन् १९७५ का लागि हिमाल आरोहणसम्बन्धी निवेदन स्वीकृत भएको जानकारी पाएपछि उनी अत्यन्त हर्षित भइन् । त्यस वेला उनलाई स्वीकृति पाउनु नै आधा हिमाल आरोहण गर्नु जस्तै भएको थियो । त्यसलगत्तै उनी आवश्यक तयारीमा जुट्न थालिन् र आफ्नो सगरमाथा आरोहणबारे अरूलाई सुनाउँदै गइन् । कैयौँ व्यक्तिले उनको सगरमाथा आरोहण अभियानलाई हाँसोमा उडाए । वास्तवमा हिमाल आरोहणका लागि जति अनुभव, साहस र कला चाहिन्थ्यो त्यति नै खर्चको व्यवस्थापन पनि आवश्यक थियो । ताबेईसँग पर्याप्त धनराशि नभएकाले उनले अन्य विकल्पको खोजी गर्न थालिन् । उनले कतिपय सहयोगी निकायसँग सम्पर्क बढाइन् तर कहीँकतैबाट सहयोग मिलिरहेको थिएन । निकै प्रयासपछि एउटा पत्रिका कम्पनीले उनको अभियानका लागि सहयोग रकम जुटाउने प्रतिबद्धता जनायो । यद्यपि त्यस प्रतिबद्धतामा आधारित सहयोग रकम हिमाल आरोहणका लागि पर्याप्त थिएन । आखिरमा ताबेईले आफ्ना सम्पूर्ण हिमाल आरोही सदस्यलाई नै आआफ्नो जायजेथाबाट थप रकम जुटाउनुपर्ने कुरामा सहमत गराइन् । आरोहण खर्च कम गर्नका लागि उनले कतिपय वस्तु आफैँ उत्पादन गर्नुपर्ने र अरूले पहिला प्रयोग गरिसकेका वस्तु पनि पुनः प्रयोगमा ल्याउनुपर्ने बताइन् ।

सगरमाथा आरोहणका लागि सबैभन्दा उपयुक्त समय वसन्त ऋतुलाई लिने गरिन्छ । यसै समयलाई आधार मानी सकेसम्म पुरै तयारी र हिम्मतका साथ जुन्को ताबेई आफ्नो समूहको नेतृत्व गरेर सन् १९७५ मा जापानबाट नेपाल आइन् । त्यस वेला उनी ३५ वर्षकी तथा सिन्या र नोरिको जस्ता एक छोरा र एक छोरीकी आमा भइसकेकी थिइन् । उनका साथमा १३ महिला र दुई पुरुष सदस्य थिए ।

समूहका सबै सदस्यले काठमाडौँ अवतरणपछि हिमाल आरोहणका लागि पूर्व तयारी गर्न थाले । उनीहरूले फरक फरक उचाइमा बेसक्याम्प बनाउँदै गए । सबैभन्दा पहिले खुम्बु फल क्षेत्रमा बेसक्याम्प बनाए भने त्यसपछि अझै उचाइमा थप दुइटा बेसक्याम्प बनाए । अभ्यास, साहस, तयारी र निर्भीकताका साथ टोलीका सबै सदस्यले बिस्तारै हिमाल आरोहणलाई गति दिँदै गए । भनिन्छ, सगरमाथा आरोहण र जीवनयात्रा उस्तै हो । जति जोखिम र आनन्द सगरमाथा आरोहण क्रममा मिल्छ त्यति नै आफ्नो जीवनमा पनि उतारचढाव भइरहन्छ । ८,००० मिटरमाथिको सगरमाथा क्षेत्र जुनसुकै समयका लागि जोखिमपूर्ण मानिन्छ । यस्तो क्षेत्रलाई अङ्ग्रेजीमा 'डेथ जोन' पनि भन्ने गरिन्छ ।

यसभन्दा माथि आरोहण गर्नुपर्दा बल र बुद्धिको मात्र नभई शारीरिक क्षमता र साहसको पनि आवश्यकता पर्छ । ताबेईको समूहले यस्तो कुरा बुझेर नै बिस्तारै बिस्तारै ६,३०० मिटरसम्म पुगी शिविर लगाएको थियो । त्यहीँ विश्राम गरेर पुनः माथिको आरोहण गर्ने पूर्वयोजनाका साथ विश्राम गरिरहेको थियो । सुतिरहेकै वेला अचानक माथिबाट हिमस्खलन हुन पुग्यो । ताबेईसहित अन्य सदस्य हिउँभित्र दबिए । संयोगवश साथमा रहेका नेपाली सहयोगी शेर्पाहरूको बहादुरी, चलाखीपन र अथक परिश्रमबाट उद्धार सम्भव भयो । सगरमाथा शिखर चुम्नुभन्दा केही दिन अगाडिको यस घटनाले उनीहरूलाई विशेष पाठ सिकाएर छाड्यो ।

सगरमाथा आरोहणको गन्तव्य अर्थात् शिखर नजिकिँदै थियो । 'अल फिमेल क्लाइमिङ पार्टी' को नेतृत्व गर्दै जुन्को ताबेई सहयोगीका साथ क्रेम्प्रोन पाइला अगाडि बढाइरहेकी थिइन् । केही समयपछि डेथ जोन पार गर्दै सम्पूर्ण पर्वतारोही सदस्यले नै सगरमाथाको शिखर चुम्ने अवस्था हुँदै थियो । अचानक अक्सिजन र खानेकुरा सकिनै लागेको जानकारी भयो । दुवै कुरा सकिएपछि यसभन्दा माथि पुगेर फर्किन सक्ने सम्भावना कम हुन थाल्यो । जगेडा अक्सिजनले एक जनालाई मात्र सगरमाथा शिखरमा पुगेर फर्किन सकिने देखियो । त्यस वेला तत्काल परिस्थितिको मूल्याङ्कन गरी निर्णय लिनुपर्ने बाध्यता आइलाग्यो । आखिरमा सबै सदस्यले जुन्को ताबेईलाई मात्र भए पनि सगरमाथा शिखरमा पठाउनुपर्ने कुरामा जोड दिए । त्यसपछि आङ छिरिङलगायतका सहयोगीको साथमा ताबेई सगरमाथाको शिखरतर्फ लम्किइन् भने बाँकी

सदस्य बेसक्याम्पतर्फ फर्किए । उच्च मनोबलका साथ अगि बढेकी ताबेईले अन्ततः १६ मे सन् १९७५ का दिन मध्याह्न १२:३० बजे सगरमाथाको शिखर चुमेर विश्वकीर्तिमान कायम गरिन् । सन् १९५३ मे २९ का दिन तेन्जिङनोर्गे शेर्पा र एडमन्ड हिलारीले सगरमाथामा झन्डा फहराएपछि हिमाल आरोहणको क्रम सुरु भएको थियो । त्यसको ठिक २२ वर्षपछिको ताबेईको सफलतालाई ऐतिहासिक  दृष्टिले सगरमाथा आरोहण गर्ने विश्वकै पहिलो कीर्तिमानी महिलाका रूपमा स्थापित गरायो । उनलाई जापानी सम्राट् क्राउन प्रिन्स र राजकुमारीबाट मात्र नभई नेपाललगायत विश्वबाट सम्मान, बधाई तथा प्रशंसाभाव प्रकट गरियो । त्यसपछि उनी जापान सरकारका तर्फबाट 'हिमालय एडभेन्चर ट्रस्ट जापान' की निर्देशकका रूपमा नियुक्त भइन् ।

वास्तवमा जुन्को ताबेईले आफ्नो जीवनकालमा सगरमाथा, एकाङ्कागुआ, डेनाली, किलिमन्जारो, माउन्ट बिन्सन, एल्ब्रस, पुणक जयालगायत सात महादेशका सबैभन्दा अग्ला शिखरको आरोहण गरिन् । त्यसैले उनलाई सन् १९९२ मा 'सेवन समिट्स' पूरा गर्ने पहिलो महिलाका रूपमा लिने गरिन्छ । सन् २०१२ मा आफूलाई 'पेरिटोनियल क्यान्सर' भएको थाहा पाएपछि पनि उनले जीवन कालमा ७६ देशका सबैभन्दा अग्ला हिमालको आरोण गरेर विश्वकीर्तिमान कायम गरिन् । त्यसका अतिरिक्त उनलाई कुशल शिक्षक र लेखकका रूपमा पनि सम्मान गरिन्छ । उनका सात सातओटा कृतिसमेत प्रकाशित भएका पाइन्छन् ।

यसप्रकार जीवनको उत्तरार्द्धसम्म निरन्तर सङ्घर्ष गरिरहने जुन्को ताबेईको ४ फिट ९ इन्च अग्लो शरीरले कहिल्यै थाकेको अनुभूति गरेन । मनमा अझै काम गर्ने उत्साह बाँकी रहँदारहँदै पनि उनलाई क्यान्सरले साथ दिएन । उनले २० अक्टोबर सन् २०१६ का दिन ७७ वर्षको उमेरमा जापानको सैटास्थित एक अस्पतालमा देहत्याग गरिन् । उनलाई विश्वले भावपूर्ण श्रद्धाञ्जली त अर्पण गऱ्यो नै गुगलले समेत मरणोपरान्त डुडल बनाएर सम्मानित गरेको छ। जस्तोसुकै अभाव र अप्ठ्यारोपनलाई हिम्मतसाथ पूरा गर्ने ताबेईको भौतिक शरीर नरहे पनि उनी आफ्नो अद्वितीय साहसका कारण सधैँ अमर बनेकी छन् । उनको सफलताले विश्वका नारीलाई मात्र नभएर हरेक पर्वतारोहीलाई उत्प्रेरणा जगाउनुका साथै नेपाल तथा जापानको ऐतिहासिक आत्मीय सम्बन्धलाई जनस्तरबाट अनुमोदन गराएको छ।

## (क) दिइएका पारिभाषिक शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| **शब्द** | **अर्थ** |
|---|---|
| अक्षांश | जीवन र जगत् लाई हेर्ने दृष्टिकोण |
| उपसंहार | कुनै रचनाका विभिन्न पक्ष केलाएर हेर्ने काम |
| दर्शन | लेखको निष्कर्ष |
| प्रत्यारोपण | रुपियाँको मूल्य घट्ने अवस्था |
| समालोचना | भूमध्य रेखासँग समानान्तर भएका रेखा |
| भाषिका | अङ्ग सार्ने काम |
| आपूर्ति | सिक्ने काम |
| अवमूल्यन | ठाउँअनुसार हुने भाषाको फरक रूप |
| अन्तबाट | सामान ल्याएर अभाव पूरा गर्ने काम |

## (ख) जुन्को तावेई पाठ पढेर तलका अर्थ जनाउने शब्द खोजेर लेख्नुहोस् :

(अ) विश्वविद्यालयले प्रदान गर्ने स्नातक उपाधिको स्तर

(आ) दुःख वा कष्ट दिने

(इ) कुनै सङ्घसंस्थामा नियमअनुसार रहेको व्यक्ति

(ई) दिनको बिचको समय

(उ) तुलना गर्न वा भिडाउन सुहाउने अर्को व्यक्ति नभएको

## (ग) दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(अ) जुन्को ताबेईको शैक्षिक यात्रा कस्तो थियो ?

(आ) जुन्को ताबेई पर्वतारोणका लागि कसरी आकर्षित भइन् ?

(इ) जुन्को ताबेईलाई विश्वभरबाट किन बधाई तथा सम्मानभाव प्रकट गरियो ?

(ई) जुन्को ताबेईको जीवनीबाट के सन्देश पाइन्छ ?

## ११. दिइएको अनुच्छेद पढेर चारओटा बुँदा टिपोट गर्नुहोस् :

नेपाल प्राकृतिक दृष्टिकोणले सम्पन्न मुलुक हो । हावापानी, उचाइ र धरातलीय विविधताले यहाँ प्राकृतिक विविधता सिर्जना गरेको छ । यसलाई जैविक विविधता पनि भनिन्छ । आजभोलि संसारभरका मुलुक जैविक विविधताको मामिलामा सचेत देखिन थालेका छन् । जैविक विविधताका विभिन्न पक्षमध्ये हाम्रो देशमा रहेका महत्त्वपूर्ण र दुर्लभ जडीबुटी पनि पर्छन् । चाँप, जटामसी, सर्पगन्धा, लोठ सल्ला, पाँचऔँले, यार्चागुम्बा आदि बोटबिरुवा एवम् जडीबुटी हाम्रा बहुमूल्य सम्पत्ति हुन् । नेपालमा ६०० मिटरको उचाइदेखि १,५०० मिटरको उचाइसम्म पाइने चाँपको बोट ३० मिटरसम्म अग्लो हुन्छ । चाँपको फूलबाट बनाइने तेल आँखा र बाथ रोगका निम्ति उपयोगी हुन्छ भने फूल, फल शक्तिवर्धक औषधीका रूपमा पनि प्रयोग हुन्छ। ३००० देखि ५००० मिटरको उचाइमा पाइने सानो सुगन्धित बिरुवा जटामसी पनि अत्यन्त महत्त्वपूर्ण जडीबुटी हो । यो जडीबुटी छारेरोग र मुटुरोग आदिका निम्ति औषधीका रूपमा प्रयोग गरिन्छ ।

## १२. दिइएको अनुच्छेद पढेर एकतिहाइमा सारांश लेख्नुहोस् :

ताबेईको समयमा जापानभित्र पर्वतारोहणसम्बन्धी अनेकौँ अभ्यास हुन्थे । साना ठुला विभिन्न समूहमा अभ्यास गराइन्थ्यो तर ताबेईलाई केही ससाना समूहमा मात्र सहभागी हुने अवसर मिल्थ्यो । उनी अलि बृहत् स्तरबाट ठुलै समूहमा संलग्न हुन चाहन्थिन् । त्यसका लागि उनले धेरैओटा समूहमा सहभागिताका लागि कोसिस गरिरहिन् तर कहीँकतै अवसर पाइनन् । उल्टै कतिपय व्यक्तिले उनको उत्साहलाई हाँसोमा उडाउने काम गरे । निकै ठुलो प्रयासपछि उनले बल्लतल्ल एउटा पर्वतारोहणसम्बन्धी 'अल्पाइन क्लब'मा सदस्य बन्ने अवसर पाइन् तर त्यहाँ पनि उनका लागि सहज वातावरण बनेन । यसैबिच एक पर्वतारोही मसानोबुसँग उनको चिनजान भयो अनि उनीहरू सन् १९६५ मा विवाह बन्धनमा बाँधिए । त्यसपछि ताबेईलाई उनका श्रीमान् मसानोबुले समेत सहयोग गर्न थाले । तिनले ताबेईको उत्साह नमरोस् भन्ने कुरामा सधैँ सतर्कताका अपनाइरहे ।

### १३. तलको अंश सुनेर लेख्नुहोस् :

सगरमाथा आरोहणका लागि सबैभन्दा उपयुक्त समय वसन्त ऋतुलाई लिने गरिन्छ । यसै समयलाई आधार मानी सकेसम्म पुरै तयारी र हिम्मतका साथ जुन्को ताबेई आफ्नो समूहको नेतृत्व गरेर सन् १९७५ मा जापानबाट नेपाल आइन् । त्यस वेला उनी ३५ वर्षकी तथा सिन्या र नोरिको जस्ता एक छोरा र एक छोरीकी आमा भइसकेकी थिइन् । उनका साथमा १३ महिला र दुई पुरुष सदस्य थिए ।

### १४. दिइएको अनुच्छेद पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

वन्दना  भलिबल खेलाडी हुन् । उनले भलिबल खेल सिक्न निकै मिहिनेत गरिन् । मिहिनेती भएकीले उनी राष्ट्रिय टिममा छनोट भइन् । धेरै खेलमा सहभागिता जनाएर उनले दुई पटक स्वर्णपदक र एक पटक कास्यपदक जितिन् । उनले खेलका माध्यमबाट आफू जन्मेको ठाउँलाई चिनाएकी छन् ।

तपाईँको छिमेकका साथीले कुनै प्रतिस्पर्धामा सहभागी भएर प्राप्त गरेको सफलताको मूल्याङ्कन गरी त्यसको विवरण तयार पार्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

### १. दिइएको कथांश पढ्नुहोस् र त्यहाँ प्रयोग भएका लेख्यचिह्न पहिचान गरी तिनको नामसमेत लेख्नुहोस् :

एक दिन भाले सिंहले एउटा स्यालको जिउँदो बच्चो लिएर गुफामा आयो । स्यालको जिउँदो बच्चो देखेर पोथी सिंह आश्चर्यचकित भयो । "आज किन स्यालको जिउँदो बच्चो ल्याएको ?" पोथी सिंहले प्रश्न सोध्यो । उसका कुरा सुनेर भाले सिंहले भन्यो, "हेर प्रिया ! आज यो स्यालको बच्चाबाहेक अरू कुनै प्राणी फेला परेन । शास्त्रमा पनि विद्वान्, विदुषी, ब्रह्मचारी र बालकलाई कहिल्यै मार्नुहुँदैन; कसैको हत्य गर्नुहुँदैन भनिएको छ ।" भाले सिंहको भनाइले पोथी सिंहको चित्त बुझ्यो ।"आहा ! क्या राम्रो स्यालको बच्चो ।" पोथी सिंह स्यालको बच्चासँग खेल्न थाल्यो ।

२. **दिइएका लेख्य चिह्न र शब्दबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| ; | कोष्ठक |
| ! | योजक |
| - | अर्धविराम |
| ( ) | अल्पविराम |
| ‘’ | उद्गार |
| , | उद्धरण |
| | तिर्यक् |

३. **पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, अर्धविराम र उद्धरण चिह्नको प्रयोग गरी आफू घुमेको ठाउँको वर्णन गर्नुहोस् ।**

४. **शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार प्रयोग भएका शब्द अलग अलग तालिकामा लेख्नुहोस् :**

सुमार्ग, उपकार, खान्छु, केराउ, मुनि, सुहाउँछ, घरेलु, गाउँ, दतिउन, भावुक, घाउ, कुलो बिजुली, दुधिलो, लसुन, सुरिलो, पुरान, हलुका, पुदिना, बाटुलो, सुमार्ग, उपकार, खान्छु, मायालु, जुनेली, बकुल्लो, बिखालु, भिनाजु, अदुवा, जलवायु, कुबेला, खुकुरी, केराउ, मुनि, सुहाउँछ, घरेलु, गाउँ, दतिउन, भावुक, घाउ, कुलो

| सुरुमा ह्रस्व उकार लागेका शब्द | बिचमा ह्रस्व उकार लागेका शब्द | अन्त्यमा ह्रस्व उकार लागेका शब्द |
|---|---|---|
| | | |

### ५. दिइएको अनुच्छेद शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :

अदिति सूकुल बून्दै थिइन् । ऊनका हजूरबुबा लरूलुरु आउनूभयो । नातिनीको सिप टुलुटुलू हेर्नुभयो । ऊहाँ मुसूक्क हाँस्नूभयो । आफ्नी सिकारू नातिनीले घरेलू काममा जाँगर चलाएको देखेर खूसी हुनुभयो । त्यसपछि गाईभैँसीलाई कूँडो दिन जानुभयो ।

### ६. दिइएका वाक्य पढ्नुहोस् र तिनमा पाइने पुरुष सङ्गतिबारे बुझ्नुहोस् :

(क) मैले निबन्ध पढेकी छु । मैले निबन्ध पढेको छु । हामीले निबन्ध पढेका छौँ ।

(ख) तैँले निबन्ध पढेकी छस् । तैँले निबन्ध पढेको छस् । तिमीहरूले निबन्ध पढेका छौ । तपाईंले निबन्ध पढ्नुभएको छ ।

(ग) उसले निबन्ध पढेकी छ । उसले निबन्ध पढेको छ । उनले निबन्ध पढेका छन् । उनीहरूले निबन्ध पढेका छन् । उहाँले निबन्ध पढ्नुभएको छ ।

### ७. दिइएका वाक्यलाई कोष्ठकका निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :

(क) तिमी ज्येष्ठ नागरिकलाई सहयोग गर । (तृतीय पुरुष)

(ख) म अपाङ्गता भएका व्यक्तिलाई सम्मान गर्छु । (द्वितीय पुरुष)

(ग) उसले जित्ने छ । (प्रथम पुरुष)

(घ) हामीलाई शैक्षिक भ्रमण जान मन लागेको छ । (द्वितीय पुरुष)

(ङ) तैँले कलम बोकेकी छस् । (तृतीय पुरुष)

### ८. दिइएका वाक्यलाई कोष्ठकका निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :

(क) ऊ, पुस्तक पढ्छ । (मध्यम आदर)

(ख) उहाँले सरसफाइ गर्नुभयो । (मध्यम आदर)

(ग) उनी कृषक हुन् । (उच्च आदर)

(घ) तपाईं राजनीति गर्नुहुन्छ । (मध्यम आदर)

(ङ) तिमी किन गम्भीर भएर सोचिरहेकी छ्यौ ? (सामान्य आदर)

(च) पूजा वादविवाद प्रतियोगितामा प्रथम भइन् । (उच्च आदर)

### ९. दिइएको अनुच्छेद पढी उद्देश्य र विधेय वा कर्ता र क्रियाको पहिचान गर्नुहोस् :

मेरो भाइ आफ्नो काम आफैँ गर्छ । ऊ अहिले ठुलो भइसकेको छ । म पनि घरका सबै काम गर्न सक्ने भइसकेँ । म तेस्रो तहकी लगनशील सिकारु हुँ । हामीले आमाबुबाबाट धेरै कुरा सिक्न पाएका छौँ । हाम्रा बुबा कानुन शिक्षक हुनुहुन्छ । आमा गायक हुनुहुन्छ । तपाईँहरूका आमाबुबा चाहिँ कुन कुन पेसामा आबद्ध हुनुहुन्छ नि ?

### १०. दिइएको अनुच्छेदबाट उपसर्ग लागेका शब्द पहिचान गरी लेख्नुहोस् :

अविनाशले अनजानमै पनि कुनै अभद्र र अमर्यादित काम गरेका छैनन् । उनी अनपढ पनि छैनन् र उनीसँग अन्धविश्वासका साथ अनुचित व्यवहार गर्नुपर्ने आवश्यकता पनि छैन । उनले जीवनको बढी समय अनुशासित भई अध्ययन, अनुसन्धान, अनुवाद र अनुलेखनमा बिताएका छन् । उनी अभिभावकलाई सम्मान गर्छन् । हरेक राम्रा कुरामा अभिरुचिका साथ चासो राख्छन् । उनी कहिल्यै अभिमान वा घमन्ड गर्दैनन् । अझ नाटकमा अभिनय गर्ने कुराले त उनलाई अभिनेता जस्तै बनाएको पाइन्छ । अरूको उपकार गर्नु, अरूलाई सरसल्लाह र उपदेश दिनु, समयको उपयोग गर्नु र अप्ठ्यारो परिस्थितिमा अरूलाई समेत उपाय देखाउनु उनका विशेषता नै हुन् । जीवनको प्रारम्भदेखि नै प्रगतिको मार्गमा लागेकाले उनका हरेक प्रयास सफल भएका छन् । उनको प्रभावपूर्ण काममा अवरोध आएको छैन । उनी कुनै पनि अवसरलाई खेर फाल्दैनन् । उनी बेकारमा समय खेर फाल्दैनन् । अजयको यो विशेषताबाट अरूले उत्प्रेरणा पाएका छन् । उनका कुरा अनुसरण गरेमा हामी सबैको भविष्य उज्ज्वल र उन्नतितर्फ लाग्ने छ । हामी त उनका कुरालाई बेकाममै विरोध गरेछौँ । गैरजिम्मेवार कुरा गरेर बस्नुभन्दा सहअस्तित्वका साथ अविनाशसँगै हामीले सहकार्य गर्ने हो भने हामी सबैको विकास हुने नै छ । सबैसँग सहमति गरौँ, विरोध र बिछोडको कुरा कोही कसैसँग नगरौँ ।

### ११. जुन्को ताबेई जीवनीबाट उपसर्ग लागेका दशओटा शब्द पहिचान गरी कापीमा टिप्नुहोस् र तिनको निर्माण प्रक्रियासमेत देखाउनुहोस् ।

### १२. 'जुन्को ताबेई' जीवनीबाट चन्द्रबिन्दु प्रयोग भएका दशओटा शब्द टिपोट गर्नुहोस् ।

## सुनाइ बोलाइ

**तलको पाठ सुनेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

### राष्ट्रिय विभूति अरनिको

अरनिको नेपालका एक राष्ट्रिय विभूति हुन् । वि.सं. १२६३ तिर काठमाडौँमा जन्मिएका अरनिकोको वास्तविक नाम बलबाहु थियो । उनले औपचारिक शिक्षा लिन नपाए पनि सानैदेखि मूर्तिकार बन्ने लक्ष्य राखेका थिए । एक जना दक्ष मूर्तिकारको सङ्गतबाट उनी साँच्चिकै कुशल मूर्तिकार बन्न पुगे । उनले बनाएका मूर्तिको संसारभरबाट प्रशंसा हुन थाल्यो । उनलाई तत्कालीन तिब्बती राजाले ल्हासामा बोलाए । अरनिको बौद्ध गुम्बा बनाउने कलाकारको टोलीनेता भएर त्यहाँ पुगे । उनकै नेतृत्वमा तिब्बतमा नेपाली शैलीको चैत्य निर्माण भयो । त्यसको उद्घाटन समारोहमा चिनियाँ सम्राट् धर्मगुरुसमेत उपस्थित भए । उनीहरूले अरनिकोको कलाकारिताबारे खुलेर प्रशंसा गरे । त्यसपछि अरनिकोको समूहलाई चीनका विभिन्न ठाउँमा चैत्य निर्माणको जिम्मा दिइयो । उनीहरूले जहाँ जहाँ जुन जुन वस्तुको निर्माण गरे ती सबैको प्रशंसा भइरह्यो ।

एक पटक चिनियाँ सम्राट्ले कलाको विकास गर्ने उद्देश्यले कला प्रतियोगिताको आयोजना गरे । त्यसका लागि विभिन्न देशका अनेकौँ कलाकार सहभागी भए । तीमध्ये अरनिको पनि थिए । त्यस प्रतियोगितामा अरनिकोलाई सर्वश्रेष्ठ घोषित गरियो । त्यसपछि उनलाई शाही निर्माण विभागमा प्रधान सञ्चालकका रूपमा नियुक्त गरियो । त्यस क्रममा उनले निरन्तर रूपमा उत्कृष्ट चित्र र मूर्ति निर्माण गरिरहे । यसरी उनले विश्वमै नेपाल र नेपालीको नाम राखे र नेपाली कलाकारिताका क्षेत्रमा ठुलो योगदान पुऱ्याए । यसैकारण उनलाई नेपालका राष्ट्रिय विभूतिको सम्मान प्रदान गरियो ।

**१. पाठका आधारमा ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) अरनिकोको वास्तविक नाम बलबाहु हो ।

(ख) अरनिको चित्रकारका टोलीनेता बनेर भारत पुगे ।

(ग) चिनियाँ सम्राट्ले कला प्रतियोगिता आयोजना गरे ।

(घ) अरनिकोको कलाकारिता चीनमा मात्र लोकप्रिय भयो ।

## २. पाठका आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) अरनिको कसरी कुशल मूर्तिकार बन्न पुगे ?

(ख) अरनिकोले तिब्बतमा कुन शैलीको चैत्य निर्माण गरे ?

(ग) चिनियाँ सम्राट्ले किन कला प्रतियोगिता आयोजना गरे ?

(घ) अरनिकोलाई राष्ट्रले कसरी सम्मान गरेको छ ?

# सिर्जना र परियोजना कार्य

## १. दिइएका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :

नाम : सन्दुक रुइत

जन्म : वि.सं. २०११ भदौ १९

जन्मस्थान : ताप्लेजुङ जिल्लाको ओलाङचुङगोला

मातापिता : केसाङ रुइत र सोनाम रुइत

शिक्षा :

- गाउँमा विद्यालय नभएकाले सात वर्षको उमेरमा अध्ययनका लागि भारतको दार्जिलिङ लगिएका
- वि.सं. २०२५ मा प्रवेशिका परीक्षा उत्तीर्ण र त्रिचन्द्र कलेजमा आइएस्सीमा भर्ना
- वि.सं. २०२९ मा भारतमा एमबिबिएस अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरेका
- वि.सं. २०४३ मा डा.फ्रेड हलोजको आमन्त्रणमा अस्ट्रेलिया गई आँखाको शल्यक्रियाका क्षेत्रमा विशेष दक्षता हासिल

**योगदान :**

- मोतीबिन्दुको सरल र कम खर्च लाग्ने चिकित्सा पद्धति रुइतेक्टोमीका सुरुआतकर्ता
- वि.सं. २०५१ मा काठमाडौँको तिलगङ्गामा आँखा अस्पतालको स्थापनामा योगदान
- लामो समयको खोज र अनुसन्धानबाट इन्ट्राओकुर लेन्स बनाएका
- इन्ट्राओकुर लेन्स लगाएर आँखाका बिरामीले संसार देख्न पाएका
- अहिले विश्वका अधिकांश मुलुकमा इन्ट्राओकुर लेन्स प्रयोग हुने गरेको

**सम्मान :**

- उनको नामबाट अन्तरिक्षमा पत्ता लागेको उल्काको नाम राखिएको
- उनको जीवनीमा आधारित 'आउट अफ डार्कनेस' नामको वृत्तचित्र बनेको
- वि.सं. २०६३ मा विश्व प्रसिद्ध 'म्यागासेसे' पुरस्कार पाएका
- अस्ट्रेलियन सरकारद्वारा 'अर्डर अफ द अस्ट्रेलिया' प्रदान
- वि.सं. २०६९ मा नेपाल सरकारद्वारा 'राष्ट्रदीप' पदकबाट विभूषित

## २. दिइएका बुँदाका आधारमा मार्क जुकरबर्गको जीवनी लेख्नुहोस् :

| | | |
|---|---|---|
| नाम | : | मार्क जुकरबर्ग |
| जन्म | : | सन् १९८४ मे १४ |
| जन्मस्थान | : | बियत प्लेन्स, न्युयोर्क, अमेरिका |
| मातापिता | : | करेन कम्पेनर, एडवार्ड जुकरबर्ग |
| शिक्षा तथा तालिम | : | बाल्यकालदेखि नै जिज्ञासु स्वभावका |

- सर्वप्रथम जुकनेट नामको सफ्टवेयर बनाएका
- जुकनेट सफ्टवेयरलाई घर र कलेजको कम्प्युटरसँग जोडेका
- सुरुमा आफू अध्ययनरत हार्वर्ड विश्वविद्यालयका ४० हजार विद्यार्थीले
- आपसमा सम्पर्क गर्न सक्ने सामाजिक सञ्जाल निर्माण गरेका
- सन् २००४ फेब्रुअरी ४ मा सामाजिक सञ्जाल सुरुआत गरेका
- सन् २००५ मा उक्त सामाजिक सञ्जालका रूपमा स्थापित भएको
- कलिलो उमेरमा अरबपति बन्न सफल
- सन् २०१० मा टाइप पर्सन अफ द इयरद्वारा पुरस्कृत
- फेसबुकका संस्थापक अध्यक्ष
- कम्प्युटरका नयाँ सफ्ट्वेयर र डिजाइनिङको खोजीमा तल्लीन

## ३. आफ्ना अभिभावक वा परिवारका कुनै एक जना सदस्यको व्यक्तिगत विवरण तयार पारी प्रस्तुत गर्नुहोस् ।

# पाठ ४

## पूर्वपठन







(क) माथि के केका चित्र दिइएका छन् ?

(ख) के यी व्यवसाय हुन् ? किन ?

(ग) व्यवसायबाट कसरी फाइदा लिन सकिन्छ ?

**मूल पाठ**

# व्यावसायिक चिठी

## घरेलु अचार बिक्री केन्द्र

**सूर्योदय नगरपालिका ७**

कोसी प्रदेश

मिति : २०८१/०३/१५

श्री व्यवस्थापकज्यू,
सागबारी तरकारी उत्पादन केन्द्र,
बिर्तामोड नगरपालिका २, शनिश्चरे रोड

विषय : **तरकारी तथा फलफूल उपलब्ध गराइदिने सम्बन्धमा**

उपर्युक्त सम्बन्धमा त्यस केन्द्रले स्थानीय तरकारी, फलफूल तथा तोरीको तेल उत्पादन गरी बिक्रीवितरण गरिरहेको कुरा केन्द्रको परिचय पुस्तिकाबाट थाहा भयो। स्वस्थ र ताजा तरकारी उत्पादन गरी स्थानीय बजारको माग पूरा गर्ने तथा बालबालिकालगायतको पौष्टिक स्तर सुधार गर्ने उद्देश्यसहित स्थापित केन्द्रको प्रगतिका लागि शुभकामना छ।

आजभोलि बजारमा अर्गानिक तरकारी पाउन निकै गारो भएको छ। हामीले पनि तरकारी तथा फलफूलमा आधारित अचार र जुस बनाउने व्यवसाय सञ्चालन गरेका छौँ। विगत दुई वर्षदेखि सञ्चालनमा आएको यस केन्द्रबाट उत्पादित अचार तथा जुस हाल विराटनगर, काठमाडौँ र पोखरासम्म खपत भएको छ। बजारको माग पनि राम्रो छ। हामीलाई स्थानीय क्षेत्रबाट कच्चा पदार्थका रूपमा फलफूल र तरकारी पाउन समस्या भएकाले मागअनुसार उत्पादन गर्न सकिरहेका छैनौँ। यसका लागि हामी यस केन्द्रसँग सहकार्य गरी नियमित तरकारी तथा फलफूल आपूर्ति हुने व्यवस्था मिलाउन चाहन्छौँ।

अहिले बजारमा घरेलु अर्गानिक अचारको माग बढिरहेको छ। तसर्थ यस केन्द्रका लागि तपसिलमा उल्लिखित तरकारी तथा फलफूल पठाइदिनुहुन अनुरोध छ। यसका लागि हाल इसेवामार्फत् केन्द्रको नाममा रु पाँच हजार पठाएका छौँ। बाँकी सामान पाएपछि पठाउने र सहकार्यलाई नियमित बनाउने प्रतिबद्धता जनाउँछौँ। धन्यवाद।

**तपसिल**

| क्र.स. | आवश्यक फलफूल, तरकारी तथा तेलको नाम | परिणाम | कैफियत |
|---|---|---|---|
| १ | रातो मुला | २५ केजी | |
| २ | सेतो मुला | २० केजी | |
| ३ | अकबरे खुर्सानी | ५ केजी | पाकेको |
| ४ | लप्सी | २० केजी | |
| ६ | भेडे खुर्सानी | १० केजी | |
| ७ | पाकेको काँक्रा | २० केजी | |
| ८ | अमला | १० केजी | |
| ७ | तित्री | १५ केजी | |
| ८ | तिते करेला | १५ केजी | |
| ९ | तोरीको तेल | ५ लिटर | |
| १० | आलसको तेल | २ लिटर | |

भवदीय


........................

भूमिका ढुङ्गेल

(संस्थापक)

घरेलु अचार बिक्री केन्द्र

खामको नमुना



## शब्दभण्डार

### १. दिइएका शब्दको अर्थ लेख्नुहोस् :

उत्पादन, अर्गानिक, व्यवसाय, आपूर्ति, सहकार्य, प्रतिबद्धता

### २. दिइएको अनुच्छेदमा प्रयोग भएका समूहवाची शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् :

आज म बजार घुम्न निस्कैँ । बाटामा पाल्ला गाउँका रमेश दाईको बिहेको जन्ती आउँदै थियो । उनीहरू सैनिकको फौजसँग भेट भए । कमिलाका ताँती झैँ जन्तीको लस्कर अनि रमिता हेर्ने मानिसको भिड देखेर फौजले बाटो छाडिदियो । । जन्तीले बाजा बजाएको सुनेर बाटामा चरिरहेका गाईवस्तुका बथान दौडन थाले । विद्यालय जाँदै गरेका केटाकेटीले चाहिँ बेहुलालाई फूलका गुच्छा दिएर स्वागत गरे । म पनि बजार पुगेर केराको एक काँगियो, केही झुप्पा अङ्गुर र दुई मुठा साग किनेर फर्कैँ ।

### ३. दिइएका वाक्यमा भएका उस्तै सुनिने तर फरक अर्थ दिने शब्द टिपोट गर्नुहोस् :

(क) दर खान हिँडेकी रमालाई बाटामा स्याल देखेर डर लाग्यो ।

(ख) हाम्रो गाउँमा विभिन्न जातिका मानिस बस्छन् तर सबै जना जाती छन् ।

(ग) सीताले नानीलाई केही सिता खुवाइन् ।

(घ) दिनभरि काम गरेर पनि ऊ दीनदुःखीको सेवा गर्छ ।

(ङ) सयपत्री फूल र कुखुराका फुल बेचेरै उसले लाखौँ कमाइसक्यो ।

(ङ) खालि अरुका कुरा गरेर र खाली गाग्री ठटाएर मात्र जिन्दगी चल्छ ?

### ४. दिइएका उस्तै सुनिने तर फरक अर्थ दिने शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

नारी नाडी, घर घार, शीत सित, यस यश, विष बीस, तिर तीर, जुन जून, गर्व गर्भ

५. दिइएका अनुकरणात्मक शब्दलाई मिल्दो शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कपाकप | बल्नु |
| गजधुम्म | गनाउनु |
| दन्दन्ती | भिज्नु |
| निथ्रुक्क | थुक्नु |
| डुङडुङ्ती | खानु |
| ट्वाल्ल | बस्नु |
| पिच्च | डुब्नु |
| चुर्लुम्म | पर्नु |
| | हेर्नु |
| | गल्नु |

६. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

व्यवस्थापक, उपलब्ध, उपर्युक्त, स्थानीय, स्थापित, नियमित, घरेलु

७. दिइएका अनुकरणात्मक शब्द प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :

ऱ्वाम्म, अकमक्क, ह्वाँह्वाँ, जऱ्याकजुरुक, ह्वालह्वाली, थचक्क, लुसुक्क, सरासर, टुप्लुक्क, चिटचिट

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

केन्द्र, पुस्तिका, उद्देश्य, प्रगति, कच्चा, खुर्सानी, तित्री, संस्थापक

२. 'व्यावसायिक चिठी' पाठ सस्वरवाचन गर्नुहोस् ।

## ३. 'व्यावसायिक चिठी' को संरचना पढ्नुहोस् र त्यहाँ के के लेख्नुपर्ने रहेछ, ख्याल गर्नुहोस् :

(क) **प्रारम्भ भाग** : मिति, पठाउने संस्था, पठाउनेको ठेगाना, सम्बोधन, चिठी पाउने संस्थाको नाम र ठेगाना, विषय

(ख) **मध्य भाग** : चिठीको मुख्य विषयवस्तु

(ग) **अन्त्य भाग** : चिठी पठाउने व्यापारिक संस्थाको प्रतिनिधि, संस्थाको नाम, ठेगाना र खामको नमुना

## ४. दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) चिठी लेख्ने संस्थाको नाम के हो?

(ख) सागबारी तरकारी उत्पादन केन्द्र कहाँ छ ?

(ग) घरेलु अचार बिक्री केन्द्रका संस्थापक को हुन् ?

(घ) चिठीमा कति रकम कसरी पठाइएको कुरा उल्लेख छ ?

## ५. घरेलु अचार बिक्री केन्द्रजस्ता घरेलु उद्योगको प्रवर्धनका लागि के गर्नुपर्ला, प्रतिक्रिया दिनुहोस् ।

## ६. सागबारी तरकारी उत्पादन केन्दका तर्फबाट घरेलु अचार बिक्री केन्द्रलाई प्रत्युत्तर लेख्नुहोस् ।

## ७. मादक पदार्थ सेवन गर्ने बानीले परिवार बिगार्छ र समाजमा पनि आफ्नो मान रहँदैन भन्ने वियवस्तु राखी 'मादक पदार्थ सेवन : दु:खी जीवन' शीर्षकमा सन्देशमूलक लेख तयार पार्नुहोस् ।

## ८. तल दिइएको अनुच्छेद पढ्नुहोस् र साथीलाई सोध्न पाँचओटा प्रश्न बनाउनुहोस् :

वि.सं. १९९९ चैत १२ मा तनहुँ जिल्लाको मिर्लुङ, बयापानीमा क्षेत्रप्रताप अधिकारीको जन्म भएको थियो । उनी गजकेशर र राजकुमारीका सुपुत्र हुन् । उनले विशेषतः नेपाली साहित्यका

गीत र कविता विधामा कलम चलाएका छन् । उनको पहिलो रचना 'जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर' शीर्षकको गीत थियो । क्षेत्रप्रतापका सिर्जनामा नेपाली राष्ट्रियता, स्वाभिमान र जागरणका भाव पोखिएका हुन्छन् । उनी राष्ट्र र राष्ट्रियताप्रति असीम आस्था प्रकट गर्छन् । उनका रचनामालआदर्शवादी चिन्तन, जागरण भाव तथा समाज सुधारको आग्रह पाइन्छ । देशको स्वाभिमानमा अलिकति मात्रै ठेस लागेको महसुस हुँदा उनको संवेदनामा गहिरो प्रभाव पर्थ्यो । क्षेत्रप्रताप अधिकारीको सिर्जनायात्रा वि.सं. २०३० को दशकदेखि उर्वर रहेको देखिन्छ । प्रस्तुतिमा सरलता, सुस्पष्टता र भावमा गाम्भीर्य हुनु उनका लेखनका विशेषता हुन् । उनी गीत होस् वा कविता दुवै विधामा सरल शब्दचयनका साथ कलात्मक भाषा खेलाउन खप्पिस देखिन्छन् । क्षेत्रप्रताप अधिकारीका 'रहर लागेर', 'पहाडदेखि पहाडसम्म', 'नफुलेका फूलहरू' जस्ता कविता सङ्ग्रह तथा 'गामबेँसीका गीतहरू' गीति सङ्ग्रह प्रकाशित छन् । उनले साझा पुरस्कार २०५३, छिन्नलता गीत पुरस्कार २०६३ आदि प्राप्त गरेका छन् । उनको देहान्त वि.सं. २०७० चैत ३० मा काठमाडौँमा भयो । उनी नेपाली काव्य साहित्यका अमर रत्न हुन् ।

**९. दिइएको शुभकामना पत्र पढ्नुहोस् र नयाँ वर्षका उपलक्ष्यामा कसैलाई दिइने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् :**

**बडा दसैँ २०८१**

को सुखद अवसरमा यस गाउँपालिका निवासी समस्त आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्छौं ।

**अध्यक्ष**

**तथा**

**सोरु गाउँपालिका परिवार**

**मुगु जिल्ला, कर्णाली प्रदेश**

१०. दिइएको श्रद्धाञ्जली र समवेदनाको ढाँचा अध्ययन गरी एउटा नमुना तयार पार्नुहोस् :

# श्रद्धाञ्जली एवम् समवेदना



**जन्म**

**वि.सं. १९८० जेठ ४**



**मृत्यु**

**वि.सं. २०८१ असार १७ गते**

## स्व. अमृता नेपाली

यस विद्यालयकी संस्थापक अध्यक्ष एवम् हाम्रा परम मित्र **अजर नेपाली**की हजुरआमा **अमृता नेपाली**को वि.सं. २०८१ असार १ मा १०९ वर्षको उमेरमा निधनको खबरले हामी अत्यन्त मर्माहित भएका छौँ । यस दु:खद घडीमा स्वर्गीय आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मित्र अजर नेपाली र उहाँका सम्पूर्ण शोकसन्तप्त परिवार तथा आफन्तजनमा शोकलाई सहन सक्ने शक्ति प्राप्त होस् भन्ने कामनासहित हार्दिक समवेदना प्रकट गर्छौं ।

**अध्यक्ष**

**सरस्वती माध्यमिक विद्यालय**

कालिकेश्वर ५, दैलेख

११. दिइएको बधाई पत्र पढी बधाई पत्रको नमुना तयार पार्नुहोस् :

## बधाई पत्र

शिक्षा दिवसको अवसरमा सोरु गाउँपालिकाद्वारा आयोजित **'स्वच्छ वातावरण निर्माणमा विद्यार्थीको भूमिका'** शीर्षकको कविता प्रतियोगितामा प्रथम स्थान हासिल गरी आफ्नो र विद्यालयको गौरव बढाउनुभएकामा आठ कक्षामा अध्ययनरत साथी **पानमती बुढा**लाई हार्दिक बधाई ज्ञापन गरिन्छ ।

**कक्षा आठका सम्पूर्ण साथी**
**छायानाथ माध्यमिक विद्यालय**

१२. तलको सम्पादकलाई चिठी पढेर कुनै विषयमा सम्पादकलाई चिठी लेखी स्थानीय पत्रिकालाई पठाउनुहोस् :

**मिति : २०८०/११/२०**

**श्री सम्पादकज्यू**
**गोरखापत्र राष्ट्रिय दैनिक**
**धर्मपथ, काठमाडौँ**

**विषय : प्राकृतिक विपत्तिप्रति सतर्कता अपनाउने सम्बन्धमा**

महोदय,

प्रकृतिमा समय समयमा उतारचढाव आइरहन्छ । कहिले बाढीपहिरो आउँछ । कहिले असार, साउन महिनामा पनि पानी नपरेर रोपाइँ गर्न पाइँदैन । कहिले भुइँचालाले धनजनको ठुलो क्षति हुन्छ । कहिले बाढीपहिरो, आँधीबेहेरी, अतिवृष्टि, अल्पवृष्टि, अनावृष्टि जस्ता प्राकृतिक विपत्तिले मानव जीवनलाई सङ्कटमा पार्छन् ।

नेपालमा हरेक वर्षजसो यस्तै खालका प्राकृतिक विपत्ति आउने गरेका छन् । वि.स. २०७२ को भुइँचालो र वि.सं. २०७८ को मेलम्चीको बाढी यसका उदाहरण हुन् । मुस्ताङको कोवाङमा आएको हिमपहिरो पनि प्राकृतिक विपत्तिकै उदाहरण हो । विकट भौगोलिक अवस्था, अव्यवस्थित बसोबास, वनजङ्गलको विनाश, नदीदोहन, नदीनाला क्षेत्रको अतिक्रमण, योजनाबद्ध विकासको अभावका कारण प्राकृतिक विपत्ति हुने गरेका छन् ।

प्राकृतिक विपत्ति मानिसले टारेर टार्न सक्दैन तर पूर्व सतर्कता अपनाउन सकिन्छ । प्राकृतिक विपत्तिबाट बच्नका लागि व्यवस्थित बस्ती विकास गर्ने, नदीनाला र वनजङ्गल अतिक्रमण नगर्ने तथा वातावरणको रक्षा गर्ने कार्य गर्नुपर्छ । त्यसैले प्राकृतिक विपत्तिप्रति जनचेतना फैलाउने कार्य गरियोस् र पूर्व सतर्कता अपनाइयोस् भन्ने ध्यानाकर्षण गराउन चाहन्छु ।

मनिषा कार्मारोङ

पुलु, मुगु

### १३. दिइएको अनुच्छेद मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

जुन्को ताबेईको समयमा जापानभित्र  पर्वतारोहणसम्बन्धी अनेकौँ अभ्यास हुन्थे । साना ठुला विभिन्न समूहमा अभ्यास गराइन्थ्यो तर ताबेईलाई केही ससाना समूहमा मात्र सहभागी हुने अवसर मिल्थ्यो । उनी अलि बृहत् स्तरबाट ठुलै समूहमा संलग्न हुन चाहन्थिन् । त्यसका लागि उनले धेरैओटा समूहमा सहभागिताका लागि कोसिस गरिरहिन् तर कहीँकतै अवसर पाइनन् । उल्टै कतिपय व्यक्तिले उनको उत्साहलाई हाँसोमा उडाउने काम गरे । निकै ठुलो प्रयासपछि उनले बल्लतल्ल एउटा पर्वतारोहणसम्बन्धी ‘अल्पाइन क्लब’ मा सदस्य बन्ने अवसर पाइन् तर त्यहाँ पनि उनका लागि सहज वातावरण बनेन । यसैबिच एक पर्वतारोही मसानोबुसँग उनको चिनजान भयो अनि उनीहरू सन् १९६५ मा विवाह बन्धनमा बाँधिए । त्यसपछि ताबेईलाई उनका श्रीमान् मसानोबुले समेत सहयोग गर्न थाले । तिनले ताबेईको उत्साह नमरोस् भन्ने कुरामा सधैँ सतर्कताका अपनाइरहे ।

## प्रश्न

(क) जुन्को ताबेई के चाहन्थिन् ?

(ख) जुन्को ताबेईले धेरै ठाउँमा पुग्दा पनि किन अवसर पाइनन् ?

(ग) जुन्को ताबेईले कुन क्लबमा सदस्य बन्ने अवसर पाएकी थिइन् ?

(घ) जुन्को ताबेईको विवाह कहिले भयो ?

## १४. तलको विवरणका आधारमा डडेल्धुरा जिल्लाको सङ्क्षिप्त परिचय लेख्नुहोस् :

- सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाको प्रवेश बिन्दु
- अत्यन्त मनोरम, भौगोलिक विविधतायुक्त, समथर भित्री मधेस, चुरे शृङ्खला, महाभारत पर्वत, घना हरियाली वनजङ्गल रहेको
- उग्रतारा, घटाल आदि धार्मिक महत्त्वका शक्ति पीठ, आलितालगायत ताल तलैया, रहेका
- सदरमुकाममा अमरगढी किल्ला र अमरसिंह थापाको सालिक रहेको
- १५३८ वर्ग कि.मि। क्षेत्रफल रहेको यस डडेल्धुरा जिल्लाको पूर्वमा डोटी, पश्चिममा भारतको पिथौरागढ जिल्ला र महाकाली नदी, उत्तरमा बैतडी, दक्षिणमा कैलाली र कन्चनपुर जिल्ला रहेको
- महाकाली र सेती नदी, रङ्गुन, रडुवा, पन्तुरा, रुपाली गाड, घटाल, सुर्नायाँ, रुवाखोला, सकायल, तिलाडीगाड, दोगाड, आरा, सिर्स, कलेना, लोपा, सिराड, सादनी, ठुलीगाड, डोटीगाड आदि मुख्य  नदीनाला
- बाघ, चितुवा, भालु, घोरल, थार, जरायो, दुम्सी, रतुवा, बाँदर, स्याल, लङ्गुर, बदेल आदि जनावर पाइने
- घटाल थान, पर्शुराम मन्दिर, उग्रतारा मन्दिर, भागेश्वर मन्दिर, डागेश्वरी मन्दिर, समैजी, मन्दिर, असीग्राम मन्दिर, गन्यापधुरा, सहस्रलिङ्ग जस्ता धार्मिक स्थल
- अजयमेरुकोट र अमरगढी किल्ला  प्रमुख ऐतिहासिक स्थल

## १५. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

(**बाबुछोरी भक्तपुरको दरबार क्षेत्रतिर घुमघाम गर्दै हुन्छन्** ।)

**छोरी** : बुबा ! उः त्यता  हेर्नुहोस् न कति अग्लो मन्दिर । मन्दिरको सिँढीमा त के के जनावरका मूर्ति पो छन् त ।

**बुबा** : (**हाँस्दै**) नानी ! हो त यो ठाउँ त दरबार, मन्दिर भएको ठाउँ हो । आज त यहाँ जात्रा पनि देखाउँछन् । तिमीलाई थाहा छ, आज  बिस्का जात्रा निकाल्ने दिन हो नि ।

**छोरी** : ओहो ! कति धेरै मानिस बाजा बजाउँदै यतै आउँदै छन् ।

**बुबा** : हो । यो बिस्का जात्रा हो । हेर त के के देखिन्छ जात्रामा ।

**छोरी** : बुबा ! हेर्नु त रथ होइन त्यो । मान्छेले तान्दै छन् त । (**आश्चर्य मान्दै**) ओहो ! त्यो किन तानेका नि बुबा ?

**बुबा** : (**कुरा बुझाउँदै**) यो जात्रा मनाउने चलन हो छोरी । बाजा बजाउँदै गीत गाउँदै सरहर डुल्ने चलन छ यहाँ ।

**छोरी** : (**औँलाले देखाउँदै**) ए .... हो त रहेछ !

**बुबा** : यो त यहाँको नयाँ वर्ष मनाउने र रमाइलो गर्ने ठुलो जात्रा हो नि छोरी ।

**छोरी** : ए ... मलाई त कस्तो रमाइलो लाग्यो ।

**माथिको कुराकानीमा जस्तै तपाईँलाई आश्चर्य लागेका कुनै घटना सुनाउनुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **तालिकामा दिइएका वाक्य पढ्नुहोस् र वाक्य सङ्गतिका सन्दर्भमा छलफल गर्नुहोस् :**

| सङ्गति नमिलेका वाक्य | सङ्गति मिलेका वाक्य |
|---|---|
| (क) सङ्गीताले कथा सुनायो । | (क) सङ्गीताले कथा सुनाई । |
| (ख) बाख्रो पाखामा चर्दै छे । | (ख) बाख्रो पाखामा चर्दै छ । |
| (ग) हामी धान रोप्न जान्छु । | (ग) हामी धान रोप्न जान्छौँ । |
| (घ) कर्‍याङकुरुङहरू आकाशमा उड्यो । | (घ) कर्‍याङकुरुङहरू आकाशमा उडे । |
| (ङ) तपाईँ कुन किताब किन्छ ? | (ङ) तपाईँ कुन किताब किन्नुहुन्छ ? |

## २. दिइएका वाक्यलाई सङ्गति मिलाएर लेख्नुहोस् :

(क) जानुका इतिहासका किताब पढ्छ ।

(ख) भाइ बहिनीलाई पढाउँछिन् ।

(ग) दिदी र दाइ घर आयो ।

(घ) म र राजेश काठमाडौँ जान्छ ।

(ङ) गोठमा गाई कराउनुभयो ।

(च) बाबाले कसौँडीमा भात पकायो ।

(छ) तिमी साथीलाई चिठी लेख्छस् ।

(ज) हामी बिदामा हुम्ला जान्छु ।

## ३. दिइएका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :

उहाँले बजार गएर छोराछोरीका लागि लुगा किन्यो । छोरीले जामा मन परायो । छोराले ज्याकेट मन पराउनुभयो । छोराछोरी दुवै जनाले बुबालाई चित्रकलाका सामान ल्याइदिन आग्रह गऱ्यो । बुबाले सामान किनिदियो ।उनीहरू अहिले तह तीनमा पढ्छ ।

## ४. दिइएको अनुच्छेद पढी शब्दका सुरु, बिच र अन्तिममा दीर्घ ऊकार लागेका शब्द पहिचान गरी टिपोट गर्नुहोस् :

सूर्यबाट उज्यालो र तातो मात्र होइन ऊर्जा पनि पाइँदो रहेछ । सौर्य ऊर्जाले वातावरण अनुकूल बन्दो रहेछ । पूजा, भूमिका र अपूर्व यस्तै विषयमा कुराकानी गर्दै हिँडिरहेका थिए । उनीहरू मन्दिर परिसरमा पुगे । त्यहाँ समूहमा बसेर भक्तजन अपूर्व आनन्दका साथ कीर्तन गर्दै थिए । एक जना साधुबाबा हातमा त्रिशूल लिएर नाचिरहेका थिए । भाउजू, माइजू र फुपूहरू पनि त्यहीँ आइपुग्नु भयो ।

## ५. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सूचना, मयूर, विभूति, बधू, आफू, सूची, अपूर्व

## ६. तल दिइएका वाक्य पढ्नुहोस् र तिनका क्रियापदको भाव वा अर्थबारे बुझ्नुहोस् :

(क) तिमी खेल्छौ । (सामान्य जानकारी दिइएको)

(ख) तिमी राम्ररी पढ । (आग्रह गरिएको)

(ग) तिमी राम्ररी गए । (इच्छा व्यक्त गरिएको)

(घ) तिमी राम्ररी पढौला । (सम्भावना व्यक्त गरिएको)

(ङ) राम्ररी पढे सफल भइन्छ । (कार्य र कारण प्रस्तुत गरिएको)

| भाव | उदाहरण |
|---|---|
| सामान्यार्थ | म कथा लेख्छु । बहिनी बजार जान्छिन् । सरोजले पुरस्कार पाएछ । |
| आज्ञार्थ | तँ घरमा बस् । तिमी मामाघर जाऊ । सबै जनाले अनुशासन पालना गर । |
| इच्छार्थ | म रमाइला कथा पढूँ । हामी तरकारी टिप्न जाऔँ । उनी गाउँमा फर्किउन् । |
| सम्भावनार्थ | तैँले प्रगति गर्लास् । तपाईँ व्यवसाय सुरु गर्नुहोला । भोलि पानी पर्ला । |
| सङ्केतार्थ | घाम लागे गर्मी हुन्थ्यो । बादल लागे पानी पर्थ्यो । उद्योग खोलिए रोजगारी सिर्जना हुन्थ्यो । |

## २. कोष्ठमा दिइएका निर्देशनअनुसार वाक्य पूरा गर्नुहोस् :

(क) ऊ सरासर घर .................. । (जा : सामान्यार्थ)

(ख) हरि पाथिभराको दर्शन .................. । (गर्: इच्छार्थ)

(ग) तिमी अहिले नै बहिनीलाई चिठी .................. । (लेख्: आज्ञार्थ)

(घ) पर्यटकको अगमनले आम्दानी .................. । (बढ्: सम्भावना)

(ङ) उनी यस पटकको व्यवसायमा सफल .................. । (हु : इच्छार्थ)

(च) रजनी मिहिनेत गर्छिन् । उनी सफल हुन्छिन् । (सङ्केतार्थ)

(छ) भवसागर घर जाओस् । (सामान्यार्थ)

(ज) पानी पर्छ । बाली सप्रन्छ । (सङ्केतार्थ)

(झ) तिमी राम्ररी पढ्छौ । (आज्ञार्थ)

३. दिइएको अनुच्छेदमा प्रयोग भएका क्रियापदलाई सम्भावनार्थमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :

मसँग १०० रुपियाँ छ । म त्यो पैसा लिएर पसल जान्छु । मसँग बहिनी पनि जान्छे । दुवै जना मिलेर किनमेल गर्छौं ।

४. सामान्यार्थ, इच्छार्थ, आज्ञार्थ, सम्भावनार्थ र सङ्केतार्थ क्रियापद प्रयोग गरी एक अनुच्छेदमा आफ्नो साथीको वर्णन गर्नुहोस् ।

## सुनाइ बोलाइ

तलको अंश सुनेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

### एटिएम कार्ड

एटिएम कार्ड आधुनिक बैङ्किङ प्रणालीअन्तर्गत प्रयोग हुने साधन हो । आफ्नो बैङ्क खातामा जम्मा भएको रकम एटिएमका माध्यमबाट अविलम्ब प्राप्त हुन्छ । यो चौबिसै घण्टा सञ्चालन हुने अत्याधुनिक प्रविधियुक्त माध्यम हो । व्यक्तिले आफ्नो खाता रहेको बैङ्कबाट निश्चित प्रक्रिया पूरा गरी यो कार्ड प्राप्त गर्न सकिन्छ । यस कार्डको प्रयोग सावधानीपूर्वक गर्नुपर्छ । आफ्नो कार्डको पिन नम्बर गोप्य राख्नुपर्छ । नत्र आफ्नो रकम हराउने जोखिम हुन सक्छ । समय समयमा पिन नम्बर परिवर्तन गर्नुपर्छ । बैङ्कले सहरका चोक तथा सेवाग्राहीलाई पायक पर्ने स्थानमा अत्याधुनिक स्वचालित मेसिन स्थापना गरेकोहुन्छ । एटिएम प्रयोगकर्ताले आफूलाई आवश्यक परेको रकम झिक्नका लागि सर्वप्रथम स्वचालित मेसिनमा एटिएम कार्ड छिराउनुपर्छ । त्यसपछि मेसिनले पिन नम्बर माग्छ । ग्राहकले आफ्नो पिन कोड थिच्नुपर्छ । मेसिनले कार्ड सक्कली हो वा होइन, ग्राहकको खातामा पर्याप्त रकम छ वा छैन भन्ने कुरा तुरुन्त यकिन गरिसक्छ । यसरी आधिकारिक कारोबार हुँदै छ भन्ने पुष्टि भएपछि मेसिनले भुक्तानी रकमका विकल्पहरू प्रस्तुत गर्छ । ग्राहकले आवश्यक रकम उल्लेख गरेपछि रकम उपलब्ध हुन्छ । डेबिट, क्रेडिटलगायत कार्ड विभिन्न प्रकारका हुन्छन् । क्रेडिट कार्डबाट आफ्नो खातामा मौज्दात नभए पनि निश्चित समयपछि जम्मा गर्ने गरी रकम उपलब्ध हुन्छ । डेबिट कार्डबाट चाहिँ खातामा जम्मा भएबमोजिमको रकम मात्र प्राप्त गर्न सकिन्छ ।

१. पाठ सुन्नुहोस् र ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) एटिएम कार्ड कार्यालय समयमा मात्र प्रयोग गर्न सकिन्छ ।

(ख) एटिएम कार्ड प्राप्त गर्न निश्चित प्रक्रिया पूरा गर्नुपर्छ ।

(ग) ग्राहकले आफ्नो पिन नम्बर गोप्य राख्नुपर्छ ।

(घ) एटिएम कार्ड तीन किसिमका हुन्छन् ।

२. पाठका आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) एटिएम कार्ड कस्तो साधन हो ?

(ख) एटिएम कार्ड कहाँबाट उपलब्ध हुन्छ ?

(ग) एटिएमबाट रकम निकाल्न के के गर्नुपर्छ ?

(घ) एटिएम कार्डको प्रयोग किन सावधानीपूर्वक गर्नुपर्छ ?

## सिर्जना तथा परियोजना कार्य

१. आफ्नो पुस्तक पसलका लागि देहायबमोजिमका पुस्तकको माग गर्दै जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई व्यापारिक चिठी लेख्नुहोस् ।

२. आफ्नो वरिपरि रहेका कुनै घरेलु उद्योग वा बिक्री केन्द्रमा गएर त्यहाँ पाइने वस्तु तथा सामानको सूची बनाउनुहोस् ।

# पाठ ५

## पूर्वपठन










(क) माथिका चित्रमा के के देख्नुहुन्छ ?

(ख) मानव अधिकार भनेको के होला ?

(ग) मानिसले किन मानव अधिकार दिवस मनाउँछन् ?

मूल पाठ

# मानव अधिकार



म मानव हुँ । मेरा अनेकौँ वसन्त पार भइसकेका छन् । मैले बाल्यकालमा अभिभावकको कुशल संरक्षण पाएको थिएँ । हाँस्दैखेल्दै दिन बिताएको थिएँ । कति चाँडै मेरा बाल्यकालीन क्षण बिते भन्ने कुराको पत्तै भएन । अब त मैले आफ्नो मानव अधिकारबारे बुझ्न थालेको छु । मलाई घर, परिवार र समाजले धेरै कुरा सिकाइदिएका रहेछन् । त्यसैले मलाई मान्यजन र अनुजप्रति गर्नुपर्ने आदर तथा सद्भावपूर्ण व्यवहार सिक्न कुनै गाह्रो भएको छैन । आफ्नो मानव अधिकार, कर्तव्य र दायित्वका बारेमा पनि बुझिरहेको छु । म बिस्तारै बिस्तारै राष्ट्रिय दायित्व पूरा गर्ने मार्गमा लम्किरहेको छु ।

मलाई आफ्ना अभिभावकप्रति असाध्यै श्रद्धा छ । म उहाँहरूको उपदेशलाई ध्यान दिएर सुन्छु र मनन पनि गर्छु । उहाँहरूले नै जन्मिनासाथ मेरो जन्मदर्ता गराउनुभएको थियो । बिस्तारै मेरो पढाइ लेखाइको प्रबन्ध मिलाउनुभएको थियो । उहाँहरूकै पहलमा १६ वर्ष पुगेपछि मेरो नागरिकता बनेको थियो । मैले नागरिकता पाउनु भनेको नेपालको राष्ट्रिय पहिचान धारण गर्नु थियो । आफूलाई असल नागरिकका रूपमा चिनाउनु थियो । सम्झिन्छु, नागरिकता पाएको

क्षणमा मभित्र  कत्ति धेरै राष्ट्रियताको भावना उर्लिएर आएको थियो । मैले खुसीका साथ गद्गद हुँदै नेपाली धर्तीलाई ढोगेको थिएँ । भनिन्छ, हरेक नागरिकले आफ्नो नागरिकता हातमा लिएपछि एक पटक प्यारो जन्मभूमिंलाई प्रणाम गर्छ । देशप्रतिको आफ्नो कर्तव्य सम्भिmन्छ र कहिल्यै पनि देशलाई बिर्सिंदैन ।

हिजोआज म असल नागरिकको कर्तव्य पूरा गरिरहेको हुन्छु । आफूलाई स्वयंसेवीका रूपमा रूपान्तरित गर्दै आएको छु । हुन त सानो छँदा पनि मैले कैयौँ पटक वृद्धवृद्धा, अपाङ्गता भएका र असहायलाई आफूले सक्दो सेवा गरेको थिएँ । यतिखेर चाहिँ मैले राम्ररी नै बुझेँ, 'असहाय, वृद्धवृद्धा, अपाङ्गता भएकार दीनदुःखीले सेवा पाउनु उनीहरूको अधिकार हो ।' आफूसँग नागरिकता हुनु र नहुनुमा पनि निकै फरक पर्दो रहेछ । नागरिकता भएपछि सरकारबाट धेरै सुविधा पाइँदो रहेछ । त्यसैले मलाई असल नागरिकका रूपमा आफ्नो कर्तव्य र दायित्व निर्वाह गर्न कुनै अप्ठ्यारो परेको छैन । हरेक बिहानीको सूर्योदयसँगै राष्ट्रिय भावनाका साथ राष्ट्रप्रति केही गरूँ भन्ने चेतना ममा जाग्छ । मध्यरातको सपनामा समेत राष्ट्रियहितकै भावनामा हराउने गर्छु ।

'संविधान मुलुकको सर्वोच्च कानुन हो' भन्ने कुरा मैले राम्ररी बुझेको छु । संविधानकै आधारमा नेपालभित्र मानव अधिकार रहेको अनुभूति गरेको छु । मानव अधिकारका सम्बन्धमा मलाई गुरुहरूले समेत निकै कुरा बुझाउनुभएको थियो । यद्यपि अहिले मलाई संविधानभित्र का ती धेरै विषय थाहा छैनन् । मैले जानेका कुरा चाहिँ यत्ति हुन्, 'संविधानको भाग ३ ले मानव अधिकार र बाल अधिकारका बारेमा व्यवस्था गरेको छ । संविधानकै धारा ३९ मा बालबालिकाको हकका बारेमा उल्लेख भएको छ । त्यस्तै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ (च) ले मानव अधिकारको परिभाषासमेत प्रस्तुत गरेको छ । सोही ऐनमा मानवको जीवन, स्वतन्त्रता, समानता र मर्यादाका विषय समेटिएका छन् ।' हुन त नेपालद्वारा मानव अधिकारबारे अनुमोदन गरिएका तथा अन्तर्राष्ट्रिय कानुनमा उल्लिखित सबै विषय मानव अधिकार भित्रै पर्छन् रे ! यस्ता धेरै कुरा नबुझे पनि मैले जानेको के हो भने म मानव हुँ र मैले स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ । मैले आफ्नो मानव अधिकार र त्यसमा पनि विशेष गरी बाल अधिकारबारे थाहा पाउनुपर्छ । मलाई स्वतन्त्र भएर हिँडडुल गर्न तथा आफ्ना असल विचार व्यक्त गर्न कुनै रोकावट हुनुहुँदैन । आफूले चाहे जति पढ्न, बिरामी हुँदा स्वास्थ्योपचार पाउन र सुरक्षित आवासमा बस्नबाट कहिल्यै वञ्चित गरिनु हुँदैन । मेरो रीतिरिवाज र पेसा व्यवसायमाथि कसैबाट हस्तक्षेप हुनुहुँदैन ।

मैले बुझेसम्म हरेक नागरिकलाई संविधानबमोजिम मानव अधिकार सुनिश्चित गरिएको हुन्छ नै । कसैको स्वतन्त्रतामाथि कसैको दबाब हुनुहुँदैन । प्रत्येक व्यक्तिले स्वतन्त्र भएर सम्पत्ति जोड्न र प्रयोग गर्न पाउँछ । सबैले आआफ्ना रीतिरिवाज र परम्पराअनुसार सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउन सक्छन् । स्वतन्त्र रूपले आफ्नो भाषा, संस्कृति, सभ्यता र लिपिको संरक्षण गर्न पाउँछन् । मैले त मतदाता परिचयपत्र बनाएर अमूल्य मतदान पनि गरिसकेको छु । आफ्नो गाउँठाउँ वा राष्ट्रको समुन्नति गर्न सक्ने नेतृत्वको चयनका लागि सहभागिता जनाएको छु । मानव अधिकारका यस्ता धेरै विषय मेरा लागि स्वाभाविक रहँदै आएका छन् । यिनमा पनि मैले कहिल्यै नबिर्सने कुरा चाहिँ बाल अधिकारका चारओटा प्रमुख खम्बा नै हुन् । बालबालिकाको सहभागिता, विकास, संरक्षण र बाँच्न पाउने जस्ता चारओटा बाल अधिकारका खम्बाबारे म कहिल्यै भुल्ने छैनँ । यस्ता कुराको सुनिश्चितता नभएसम्म कसैलाई बाल अधिकारको प्रत्याभूति हुनै सक्दैन । त्यसैले तिनको कार्यान्वयनका लागि पनि म हरेक दिन सतर्कता अपनाइरहन्छु । म त भन्छु, "कसैले पनि बाल अधिकारका सन्दर्भमा खबरदारी, असल नेतृत्वको छनोट र कर्तव्य जस्ता कुराबाट कहिल्यै पछि हट्नुहुँदैन ।"

नेपाल एउटा बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक विशेषता भएको मुलुक हो । म स्वाभिमानसाथ आफूलाई यस्तै देशको नागरिक भन्न रुचाउँछु । यहाँ हरेक मानव स्वतन्त्र छन् । मानव मानवबिच सधैँ समानता रहँदै आएको छ । आआफ्ना ठाउँमा सबैको उच्च मर्यादा छ । कसैले कसैसँग भेदभाव नगरी सबै आपसमा मिलेर बसेका छौँ । उदाहरणका लागि म पुरुष हुँ तर महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मानिसको व्यवहारभन्दा मेरो व्यवहारमा कुनै फरक छैन । म तराईको हुँ तर पहाड र हिमालमा बसोबास गर्ने व्यक्ति पनि म जस्तै समान छन् । यसकारण म एउटा नेपाली मानव हुँ र अरू मानव पनि मभन्दा कुनै कुरामा फरक छैनन् । भोक, निद्रा जस्ता जैविक पक्ष म जस्ता सबै मानवमा समान छन् । विविधताभित्रको एकता र सहिष्णुताका कारण नै म जस्ता तमाम नेपाली मानव विश्वमा उदाहरणीय बन्ने गरेका छौँ । सम्भवतः यही नै मानव अधिकारको सही सदुपयोग पनि हो ।

हुन त म वा हामी जस्तै मानव नै बालबालिका, पुरुष, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका आदि अनेक किसिमबाट चिनिने गर्छौं । हामी सबैलाई मानव अधिकारका बारेमा धेरै नीतिगत कुरा थाहा नहुन सक्छ । सुनिन्छ, संयुक्त राष्ट्रसङ्घले मानव अधिकारका क्षेत्रमा विशेष अधिकार निर्धारण गरेको छ रे ! मानवका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकार हुन्छन् रे ! सन् १९८९ मा बाल अधिकारसम्बन्धी महासन्धि पनि जारी गरेको छ रे ! जे होस्, नेपालले हामीलाई यस्ता अनेकौँ अधिकारको सुनिश्चितता गरेको छ । सङ्घ, प्रदेश र स्थानीय तहबाट हाम्रा अधिकार सुनिश्चित हुँदै आएका छन् ।

म जस्ता हरेक व्यक्तिले आफू मानव भएका कारण मानव अधिकारबारे चासो राख्नु स्वाभाविकै हो । अधिकारका कुरा गरिरहँदा कहिलेकाहीँ जान अनजानमा आफूबाटै गल्ती पनि हुन सक्ला । त्यस वेला 'गल्ती गर्नेलाई दण्डसजाय दिनुपर्छ' भन्ने मान्यता अगि सारिएला । आवश्यक परे प्रहरीले प्रक्राउ गर्न र थुन्न पनि आउलान् । गल्ती नै हो कि होइन भन्ने कुराको निर्क्योल न्यायालयबाट पनि हुँदै जाला । यस्तो अवस्थामा मलाई चाहिँ भरसक कसैबाट गल्ती नै नगरियोस् भन्ने चाहना हुन्छ । यदि जानी नजानी गल्ती भइहाले कस्तो कानुन लागु होला भन्ने चिन्ता लाग्छ । पक्राउ परिरहँदा पक्राउ गर्नुको कारण खुलाइन्छ कि खुलाइँदैन होला भन्ने खुलदुली हुन्छ । पक्राउ नै गरेर शारीरिक तथा मानसिक यातना दिन थालियो भने त्यस वेला के गर्ने होला ? पक्राउ गरेका व्यक्तिलाई अपमानजनक, अमानवीय र निर्मम व्यवहार गर्न थालियो भने के गर्नुपर्ला ? के न्यायालयले दोषी नठहऱ्याएसम्म कसैलाई दोषी भन्न पाइएला त ? मभित्र यस्ता अनेकौँ विचार आइरहन्छन् । पक्कै पनि यस्ता समस्यामा मानव अधिकारका धेरै विषय लागु हुने नै छन् ।

नागरिकता पाएसँगै ठुलो भएपछि मलाई स्वतन्त्र भएर लेख्ने इच्छा थियो । आफूलाई सधैँजसो पत्रपत्रिकामा लेखिरहन सक्ने लेखकका रूपमा चिनाउने धोको थियो । देशभित्रका तमाम मानवीय समस्या पहिचान गर्दै तिनमा कलम चलाउने चाहना थियो । मलाई आवश्यकताअनुसार पर्चा पम्प्लेट छापेर तथा सामाजिक सञ्जालमा लेखरचना सेयर गरेर चेतना फैलाउने रहर थियो । त्यसैले अब चाहिँ म यस्ता विषयमाथि कलम चलाउने सोचमा छु । सच्चा मानव अधिकारका पक्षमा लागिरहने मानव अधिकारवादी बन्ने अठोटमा छु । अधिकार नपाउनेलाई नेपालको राष्ट्रिय मानव अधिकार आयोगमार्फत भए पनि अधिकारका लागि पहल गर्ने पक्षमा छु । अधिकारका लागि पहल गरिरहँदा कसैको चरित्रहत्या गर्नुहुँदैन र सबैको गोपनीयता कायम राख्नुपर्छ भन्ने कुरा मैले बुझिसकेको छु । मैले सधैँ सधैँ मानव अधिकारका पक्षमा लागिरहने प्रतिबद्धता जनाएको छु ।

## शब्दभण्डार

### १. तलका शब्द र तिनका अर्थ पढेर बुझ्नुहोस् :

| | | |
|---|---|---|
| अनुज | : | आफूभन्दा साना |
| रूपान्तरित | : | अर्को रूपमा परिवर्तन भएको |
| अपाङ्गता | : | शरीरको अङ्गभङ्ग भएको अवस्था |
| धारा | : | ऐन, कानुन आदिको दफा |
| दफा | : | विधान आदिको धारा |
| ऐन | : | संसद्बाट बनेको सरकारी कानुन |
| अनुमोदन | : | स्वीकृति |
| वञ्चित | : | ठगिएको |
| मतदाता परिचयपत्र | : | मतदान गर्नका लागि बनाइको परिचय पत्र |
| चयन | : | छनोट |
| सहिष्णुता | : | सहन सक्ने क्षमता |
| प्रत्याभूति | : | अनुभव |
| कार्यान्वयन | : | लागु गर्नु |
| अल्पसङ्ख्यक | : | थोरै सङ्ख्या भएको |
| महासन्धि | : | विभिन्न राष्ट्र मिलेर गरिएको सन्धि |
| निर्क्योल | : | निश्चय |
| निर्मम | : | मायारहित |
| अठोट | : | प्रतिज्ञा |

### २. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सद्भाव, दायित्व, नागरिकता संविधान, स्वास्थ्योपचार, महासन्धि, अमानवीय, चरित्रहत्या

### ३. दिइएका शब्द पढ्नुहोस् र समावेशक र समावेश्य शब्दबारे छलफल गर्नुहोस् :

(क) तरकारी : काउली, बन्दा, भन्दा, परबर, इस्कुस

(ख) देश : नेपाल, भारत, जापान, क्यानडा, यमन

(ग) महादेश : एसिया, युरोप, अफ्रिका, उत्तर अमेरिका, अन्टार्टिका

(घ) भाषा : नेपाली, तामाङ, गुरुङ, लिम्बु, अवधी

(ङ) अन्न : जौ, धान, जुनेलो, मकै, कोदो,

(च) किताब : झल्को, लेखन शिल्प, रामायण, शाकुन्तल, हजुरआमाको लौरो

(छ) भाँडा : कसौँडी, डाडु, पुन्यु, कराई, थाल

(ज) फूल : जाई, केवरा, सयपत्री, मखमली, बाबरी, गुलाफ

(झ) पोसाक : दौरा, साडी, चोलो, सुरुवाल, धोती

(ञ) पुरुष : रामहरि, श्यामानन्द, विनोद, सुजित, शैशव

(ट) महिला : लाक्पा, सरला, अङ्किता, सुहाजा, श्रुति

माथिको तालिकामा दिइएका तरकारी, देश, महादेश, भाषा, अन्न, किताब, भाँडा, फूल, पोसाक, पुरुष, महिला समावेशक शब्द हुन् । यिनले वस्तु, प्राणी आदिका प्रकार वा अवस्थालाई बुझाएका छन् । यी शब्दसँगै लखिएका अन्य शब्द चाहिँ समावेश्य शब्द हुन् ।

### ४. उपयुक्त समावेशक र समावेश्य शब्दका बिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| विषय | भात |
| चरो | फुटबल |
| धातु | सुन |
| देश | नेपाली |
| खेल | वसन्त |
| ऋतु | चिबे |
| खानेकुरा | नेपाल |

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

क्षण, दायित्व, प्रणाम, वृद्धवृद्धा, अपाङ्गता, अन्तर्राष्ट्रिय, हस्तक्षेप, सञ्जाल

२. **'मानव अधिकार' निबन्ध सस्वरपठन गर्नुहोस् ।**

३. **'मानव अधिकार' निबन्धमा कतिओटा अनुच्छेद छन् र अन्तिम अनुच्छेदमा कतिओटा वाक्य रहेका छन्, भन्नुहोस् ।**

४. **तलको अनुच्छेद मौन पठन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :**

म जस्ता हरेक व्यक्तिले आफू मानव भएका कारण मानव अधिकारबारे चासो राख्नु स्वाभाविकै हो । अधिकारका कुरा गरिरहँदा कहिलेकाहीँ जान अनजानमा आफूबाटै गल्ती पनि हुन सक्ला । त्यस वेला 'गल्ती गर्नेलाई दण्डसजाय दिनुपर्छ' भन्ने मान्यता अगि सारिएला । आवश्यक परे प्रहरीले प्रक्राउ गर्न र थुन्न पनि आउलान् । गल्ती नै हो कि होइन भन्ने कुराको निर्क्योल न्यायालयबाट पनि हुँदै जाला । यस्तो अवस्थामा मलाई चाहिँ भरसक कसैबाट गल्ती नै नगरियोस् भन्ने चाहना हुन्छ । यदि जानी नजानी गल्ती भइहाले कस्तो कानुन लागु होला भन्ने चिन्ता लाग्छ । पक्राउ परिरहँदा पक्राउ गर्नुको कारण खुलाइन्छ कि खुलाइँदैन होला भन्ने खुलदुली हुन्छ । पक्राउ नै गरेर शारीरिक तथा मानसिक यातना दिन थालियो भने त्यस वेला के गर्ने होला ? पक्राउ गरेका व्यक्तिलाई अपमानजनक, अमानवीय र निर्मम व्यवहार गर्न थालियो भने के गर्नुपर्ला ? के न्यायालयले दोषी नठहऱ्याएसम्म कसैलाई दोषी भन्न पाइएला त ? मभित्र यस्ता अनेकौँ विचार आइरहन्छन् । पक्कै पनि यस्ता समस्यामा मानव अधिकारका धेरै विषय लागु हुने नै छन् ।

### प्रश्न

(क) के गर्दा गल्ती हुन सक्छ ?

(ख) गल्तीको निर्क्योल कहाँबाट हुन्छ ?

(ग) खुल्दुली केमा हुन्छ ?

(घ) न्यायालयले के गर्न पाउँदैन ?

### ५. निबन्धका आधारमा दिइएका विषयवस्तुको क्रम मिलाएर कापीमा लेख्नुहोस् :

(..........) नागरिकता भएपछि सरकारबाट धेरै सुविधा पाइँदो रहेछ ।

(..........) म हरेक दिन सतर्कता अपनाइरहन्छु ।

(..........) अधिकारका लागि पहल गरिरहँदा कसैको चरित्रहत्या गर्नुहुँदैन

(..........) मैले सधैँ सधैँ मानव अधिकारका पक्षमा लागिरहने प्रतिबद्धता जनाएको छु ।

(..........) मेरा अनेकौँ वसन्त पार भइसकेका छन् ।

(..........) उहाँहरूकै पहलमा १६ वर्ष पुगेपछि मेरो नागरिकता बनेको थियो ।

(..........) भोक, निद्रा जस्ता जैविक पक्ष म जस्ता सबै मानवमा समान छन् ।

(..........) के न्यायालयले दोषी नठहऱ्याएसम्म कसैलाई दोषी भन्न पाइएला त ?

(..........) मैले आफ्नो मानव अधिकार र त्यसमा पनि विशेष गरी बाल अधिकारबारे थाहा पाउनुपर्छ ।

### ६. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) राष्ट्रिय दायित्व कसरी पूरा गर्न सकिन्छ ?

(ख) देशप्रतिको कर्तव्य भनेको के हो ?

(ग) किन लेखकलाई कर्तव्य र दायित्व निर्वाह गर्न अप्ठ्यारो परेको छैन ?

(घ) मानव अधिकार सम्बन्धमा कस्ता कानुनी व्यवस्था गरिएको छ ?

(ङ) बाल अधिकारका मुख्य पक्ष के के हुन् ?

(च) मानव अधिकारको सदुपयोग कसरी गर्न सकिन्छ ?

### ७. 'मानव अधिकार' निबन्धको अन्तिम अनुच्छेदबाट चारओटा प्रश्न बनाउनुहोस् ।

## ८. व्याख्या गर्नुहोस् :

(क) मेरो रीतिरिवाज र पेसा व्यवसायमाथि कसैबाट हस्तक्षेप हुनुहुँदैन ।

(ख) अधिकारका लागि पहल गरिरहँदा कसैको चरित्रहत्या गर्नुहुँदैन र सबैको गोपनीयता कायम राख्नुपर्छ ।

## ९. तलको निबन्धांशबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्नुहोस् :

मैले बुझेसम्म हरेक नागरिकलाई संविधानबमोजिम मानव अधिकार सुनिश्चित गरिएको हुन्छ नै । कसैको स्वतन्त्रतामाथि कसैको दबाब हुनुहुँदैन । प्रत्येक व्यक्तिले स्वतन्त्र भएर सम्पत्ति जोड्न र प्रयोग गर्न पाउँछ । सबैले आआफ्ना रीतिरिवाज र परम्पराअनुसार सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउन सक्छन् । स्वतन्त्र रूपले आफ्नो भाषा, संस्कृति, सभ्यता र लिपिको संरक्षण गर्न पाउँछन् । मैले त मतदाता परिचयपत्र बनाएर अमूल्य मतदान पनि गरिसकेको छु । आफ्नो गाउँठाउँ वा राष्ट्रको समुन्नति गर्न सक्ने नेतृत्वको चयनका लागि सहभागिता जनाएको छु । मानव अधिकारका यस्ता धेरै विषय मेरा लागि स्वाभाविक रहँदै आएका छन् । यिनमा पनि मैले कहिल्यै नबिर्सने कुरा चाहिँ बाल अधिकारका चारओटा प्रमुख खम्बा नै हुन् । बालबालिकाको सहभागिता, विकास, संरक्षण र बाँच्न पाउने जस्ता चारओटा बाल अधिकारका खम्बाबारे म कहिल्यै भुल्ने छैनँ । यस्ता कुराको सुनिश्चितता नभएसम्म कसैलाई बाल अधिकारको प्रत्याभूति हुनै सक्दैन । त्यसैले तिनको कार्यान्वयनका लागि पनि म हरेक दिन सतर्कता अपनाइरहन्छु । म त भन्छु, "कसैले पनि बाल अधिकारका सन्दर्भमा खबरदारी, असल नेतृत्वको छनोट र कर्तव्य जस्ता कुराबाट कहिल्यै पछि हट्नुहुँदैन ।"

## १०. तलको अंशको सारांश लेख्नुहोस् :

हुन त म वा हामी जस्तै मानव नै बालबालिका, पुरुष, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका आदि अनेक किसिमबाट चिनिने गर्छौं । हामी सबैलाई मानव अधिकारका बारेमा धेरै नीतिगत कुरा थाहा नहुन सक्छ । सुनिन्छ, संयुक्त राष्ट्रसङ्घले मानव अधिकारका क्षेत्रमा विशेष अधिकार निर्धारण गरेको छ रे ! मानवका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकार हुन्छन् रे ! सन् १९८९ मा बाल अधिकारसम्बन्धी महासन्धि पनि जारी गरेको छ रे ! जे होस्, नेपालले हामीलाई यस्ता अनेकौं अधिकारको सुनिश्चितता गरेको छ । सङ्घ, प्रदेश र स्थानीय तहबाट हाम्रा अधिकार सुनिश्चित हुँदै आएका छन् ।

११. 'मानव अधिकार' निबन्धको सार लेख्नुहोस् ।

१२. "मानवका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकार हुन्छन् ।" व्याख्या यस भनाइको पुष्टि गर्नुहोस् ।

१३. मानव अधिकारलाई कसरी उपयोग गर्नुपर्छ ? 'मानव अधिकार' निबन्धका आधारमा समीक्षा गर्नुहोस् ।

१४. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

रजनीकान्तसँग धेरै पैसा छैन तर उनी पैसाको लोभ गर्दैनन् । उनी आफूसँग केही पैसा हुनासाथ बिस्कुट किनेर टोलभरिका कुकुरलाई दिन्छन् । कहिले घरैबाट भाल ल्याएर तिनका अघि राखिदिन्छन् । कहिले पैसा हुँदैन, कुकरलाई सुमसुम्याएर आज त तिमीहरूलाई दिने केही छैन भनेर हिँड्छन् । कुकुर पुच्छर हल्लाउँदै उनका वरिपरि घुम्छन् र फर्कन्छन् । एकपटक उनी बिस्कुट किनेर फर्कँदै गर्दा एउटा मोटरसाइकलले उनलाई हिर्कायो । उनी लडे तर मोटरसाइकल चालकले रोकेन । यो हेरिरहेको काले कुकुर जोडसँग भुक्यो र मोटर साइकलको पछि दौड्यो । अरु कुकुरले पनि मोटरसाइकलको बाटो छेके । एकै छिनमा नजिकको प्रहरी आएर चालकलाई समात्यो । सबै कुकर रजनीकान्तका छेउमा आएर बसे तर कसैले बिस्कुट खाएनन् ।

तपाइँलाई पनि यस्तै कारण र प्रभाव जनाउने कुनै घटना थाहा होला । यसरी नै लेखेर सुनाउनुहोस् ।

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएको अनुच्छेद पढ्नुहोस् र रेखाङ्कित शब्दबारे छलफल गर्नुहोस् :

हाम्रो बारीमा पहिले नै नासापातीका बोट थिए । मैले बारीमा दश बोट एभोकाडो रोपेँ । ती अहिले राम्ररी फल्छन् । लटरम्म फल देखेर गाउँले पनि रमाउँछन् । अर्को साल फल अझ राम्ररी फल्ने छन् । म अब व्यावसायिक फलफूल खेती गर्ने छु ।

माथि रातो रङका शब्दले समय बुझाएका छन् । ती क्रियापदले बितेको समयलाई, अहिलेको समयलाई र पछिको समयलाई बुझाएका छन् । बितेको समय बुझाउने क्रियाका काल भूत काल, अहिलेको समय बुझाउने क्रियाका काल वर्तमान काल र पछिको समय बुझाउने क्रियाका काल भविष्यत् काल हुन् ।

२. दिइएका क्रियापद पहिचान गरी भूत, वर्तमान तथा भविष्यत् कालका क्रियालाई तलको जस्तो तालिका बनाई कापीमा लेख्नुहोस् :

लिन्छु, आउँछ्यौ, हुन्छ, बस्छिन्, खायो, भयो, आएँ, बसी, हिँड्यौँ, बस्छ, हिँड्छु, खान्छौ, पढ्छे, लेख्छन्, पढ्ने छु, जाने छौँ, आउने छस्, लेख्ने छौ, सुत्ने छ, भन्नु हुने छ, दिन्छे, भए, आए, लेख्यौँ, पढ्यौ, भनिन्, बस्छ, हिँड्छु, खान्छौ, पढ्छे, लेन्छन्, हेरी

| भूत काल | वर्तमान काल | भविष्यत् काल |
|---|---|---|
| | | |
| | | |

३. उठेँ, धोएँ, खाएँ, गएँ, पढेँ, खेलेँ, फर्किएँ जस्ता वर्तमान कालका क्रियापद प्रयोग गरी अनुच्छेद लेख्नुहोस् ।

## ४. कोष्ठकमा दिइएको निर्देशनअनुसार तलका वाक्य परिवर्तन गर्नुहोस् :

(क) सरिता कम्प्युटर चलाउँछिन् । (भूत काल)

(ख) म आज दिनभरि व्यस्त रहन्छु । (भविष्यत् काल)

(ग) आमाले छोराछोरीलाई कथा सुनाउनुभयो । (वर्तमान काल)

(घ) तिमी गाईलाई घाँस हाल्ने छौ । (भूत काल)

(ङ) उनी गीत गाएर विश्वप्रसिद्ध भए । (भविष्यत् काल)

## ५. निबन्धबाट ब, व, ओ प्रयोग भएका पाँच पाँचओटा शब्द खोजेर लेख्नुहोस् ।

## ६. तलको जस्तै कोठा बनाई दिइएका शब्द लेख्नुहोस् :

बहुव्रीहि, विराम, ओथारो, वैदिक, वारिस, वास्ता, वडा, वकालत ओखती, बतास, बारुलो, बिजुली, बेस, ओखल, बोक्रो, बोसो, वैज्ञानिक, ओखलढुङ्गा, वैभव, वैर, वैश्य, वर्ष, बाहु, ओखर, ब्रह्मचारी, ब्राह्मण, बह्मर्षि, ब्रह्मा, ओदान, वकिल, आवाज, फेवा, खुवा, चुवा, वार्ता, वार्षिक, वृक्ष, वृत्ति, बृहत्, ओलाङ्चुङगोला, तौलिहवा, धुवाँ, ब्राह्मी, बहुमत, ओभानो, बोधार्थ, बधू, बटुवा, बाक्लो, बुच्चो, बिखालु, बराजु, वर्तमान, बाहय, ब्रह्म, वैष्णव, वर्ग, ब्रह्माण्ड

| व प्रयोग भएका शब्द | ओ प्रयोग भएका शब्द | ब प्रयोग भएका शब्द |
|---|---|---|
| | | |

## ७. पाठको अन्तिम अनुच्छेदका वाक्यलाई भविष्यत् कालमा परिवर्तन गर्नुहोस् ।

## सुनाइ बोलाइ

**तलको पाठ सुनेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

### केरा खेती

केरा विश्वभरि सबैले मन पराउने एकप्रकारको स्वादिलो फल हो । यो संसारका जुनसुकै ठाउँमा पाइन्छ । यसमा भिटामिन ए, बी, सी, पोटासियम र फाइबर आदि धेरै प्रकारका पौष्टिक तत्त्व पाइन्छन् । त्यसैले यसलाई शक्तिवर्धक अथवा निकै पोसिलो खानेकुराका रूपमा लिने गरिन्छ । यो त्यस्तो फल हो जसलाई जसरी पनि खान सकिन्छ । काँचोमा उसिनेर वा तारेरसमेत खान सकिन्छ । पाकेपछि सिङ्गासिङ्गै अथवा सुकाउँदै पिठो बनाएर पनि खान सकिन्छ । अफ्रिकातिर त कतै कतै भातकै साटो पनि केराको हलुवा बनाएर खाने प्रचलनसमेत पाइन्छ । केराका अनेक प्रजातिमध्ये मालभोग, रोबस्टा र बसराई आदि बढी प्रसिद्ध छन् । यिनीहरूको उचाइ र फल लागेको घरी पनि केही फरक किसिमको देख्न सकिन्छ । यस्ता अलग अलग जातिका केरा पाक्दा कुनै पहेँला देखिन्छन् भने कुनै चाहिँ हरिया नै हुन्छन् । नेपालको तराई, पहाड र भित्री मधेस आदि सबै ठाउँमा केरा खेती गर्न सकिन्छ । करेसाबारीदेखि ठुल्ठुला फाँटमा समेत केरा खेती गर्न मिल्छ । तराईका मोरङ, सुनसरी, नवलपरासी, कैलाली आदि ठाउँ केरा खेतीका दृष्टिले अलि बढी नै उपयुक्त मानिन्छन् ! वास्तवमा धेरै चिसो र धेरै गर्मी नहुने जुनसुकै ठाउँमा राम्रो केरा खेती गर्न सकिन्छ । यसलाई रोप्नुभन्दा पहिले दुईदेखि तीन मिटरसम्मको फरकमा आधामिटर लम्बाइ, चौडाइ र गहिराइ भएको खाडल खन्नुपर्छ । त्यसभित्र  पाकेको गोबर या कम्पोस्ट मल राखेपछि मात्र केराका बिरुवा रोप्नुपर्छ । केरालाई अलि बढी मात्रामा मल चाहिने भएकाले प्रत्येक छ छ हप्तामा गोबर मल वा प्राङ्गारिक मल हाल्नुपर्छ । केरा खेतीका लागि पानी नजम्ने बलौटे वा दोमट माटो सबैभन्दा बढी उपयुक्त मानिन्छ । समयका दृष्टिले धेरैजसो केरा खेती पुसदेखि फागुनको पहिलो हप्तासम्म राम्रो मानिन्छ । हुन त वैशाख, जेठ, साउन र भदौमा पनि केरा खेती गर्न सकिन्छ । कतिपय ठाउँमा केराका झाडमध्ये केही केरा मर्न सक्छन् । तिनका कोथा नबढ्न सक्छन् । त्यसैले त्यहाँ गबारो जस्तो रोग लागेको छ छैन भन्ने कुरा बुझ्नु पनि आवश्यक छ ।

१. पाठ सुन्नुहोस् र ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) केरा विश्वको दुर्लभ फल हो ।

(ख) केरा पाक्दा फरक फरक रङका पनि देखिन सक्छन् ।

(ग) केरा स्वादिलो वस्तु हो यसमा प्रशस्त पौष्टिक गुण पाइन्छ ।

(घ) केरामा कुनै रोग लाग्दैन ।

(ङ) केराका लागि खासै मल चाहिँदैन ।

(च) पुसदेखि फागुनसम्मको केराखेती राम्रो हुन्छ ।

२. पाठका आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) केरामा के कस्ता पौष्टिक तत्त्व पाइन्छन् ?

(ख) केराका प्रजातिलाई कसरी छुट्याउन सकिन्छ ?

(ग) नेपालका कुन कुन ठाउँमा केराखेती राम्रो हुन्छ ?

(घ) केरा रोप्ने तरिका के हो ?

## सिर्जना र परियोजना कार्य

१. पत्रपत्रिका वा सामाजिक सञ्जालबाट मानव अधिकारसम्बन्धी विषयवस्तुमा आधारित कुनै एउटा लेख खोजेर त्यसको मुख्य मुख्य विषयवस्तु बुँदागतरूपमा गर्नुहोस् ।

# पाठ ६

## पूर्वपठन

(क) चित्रमा देखाइएका को को हुन् ? तलको चित्र हेरेर भन्नुहोस् :






(ख) तलको चित्र हेरेर एउटा कथा बनाउनुहोस् :



मूल पाठ

# अमर पुत्र

*भीमनिधि तिवारी*



"के गर्न लाग्नुभयो भाजुलाल दाजु ?"

"यसै बसिराख्या।"

"आज कति दिन भयो ?"

"१९, हैन हैन, २० दिन भयो।"

"कर्मको लेखा।"

"के गर्नु ! देउतालाई उही चाहियो !"

हुन पनि भाजुलालको सर्वनाश नै भएको थियो। अपर्झटको व्यथाले एउटा मात्र छोरो जुजुलाल खसिदियो। बुढी जहान र भर्खरकी बुहारीलाई लिएर उनले हृदयमा पिर, चिन्ता र तापको बोझ बोकेर बाँच्नुपरेको थियो। शरीरका अङ्गप्रत्यङ्ग सबै सुकिसकेका थिए। पहेँलो चेहरा, फुस्रा आँखा, हातभरि मोटा मोटा नागबेली नसाले नागले झैँ उनलाई बेरेर राखिछाडेका थिए।

लामो प्रश्वासपछि उनले भने, "मलाई छोरो गएको भन्दा पनि मेरो शिल्पकारी लोप हुने भयो भन्ने चिन्ता छ । म मरेपछि कसले शिल्पकारी सम्हाल्ला ? छोरो सिपालु भइसकेको थियो ।" भाजुलालका विरहका कहानी सुनेर सानुमानमा वेदना भरिएर आयो ।

चैतको महिना, उराठिलो घाम लागिरहेको थियो । नजिकैबाट तमौटेहरूले भाँडा बनाइरहेको आवाज लगातार टङटङ आइरहेको थियो । यस बखतमा भाजुलालको भित्री दिलले पनि एक आवाज दियो,"नबाँच् ! अब कसका निम्ति बाँच्छस् ?"

हरेक दिन बिहानबेलुकी एकान्तमा बसेर बुढीले बहाएका आँसु, बुहारीको हुँक्क हुँक्कको वेदनाले उनलाई बाधामाथि अतिशय बाधा थपिदिन्थ्यो । कलाकारमाथि पर्ने कालको कुदृष्टि बालिस्टमा लेटी लेटी खाने समाजका कीटाणुमाथि किन नपरेको होला ?

झ्यालबाट एक बोलाहटको आवाज आयो, "भाजुलाल दाजु !"

"हजुर ! किन ?" भाजुलाल बोले ।

"तपाईँलाई खोज्न कोही तल आएको छ ।"

चिन्ताले खाइसकेको कमजोर जिउ बिस्तारै उठाएर बार्दलीमा उभिएर उनले सोधे, "को हँ ? ए, सरासर माथि आउनोस् ।" ती आगन्तुक भक्त थिए किनभने उनको वेशभूषा र तिलक आदिबाट जसले पनि उनी वैष्णव भएको कुरा बताउन सक्थ्यो । ती भक्तले भाजुलाललाई घुँगुरिएका रौँ, मयूर मुकुट, बाहुमा बाजु, लामो वनमाला, हातमा मुरली लिएर मोहनी अवतारमा उभिएका श्रीकृष्णको चित्र देखाएर भने, "मलाई यस्तै मूर्ति बनाइदिनुपर्‍यो । सफा, सेतो, दुध जस्तो सङ्गमरमरको ।" भाजुलालले हुन्छ भन्न पनि सकेनन्, हुन्न भन्न पनि सकेनन् । हुन्छ भनूँ नैराश्यपूर्ण अन्धकारमा रुमलिएको जीवनले अब के काम गर्न सक्ला जस्तो उनलाई लाग्यो । हुन्न भनूँ आफ्नो सिपको प्रख्यातिले आफ्नो नाम सोधी सोधी घरको द्वारसम्म आएर आग्रह गरेका एक भक्तलाई विमुख पठाउन उनको भावुक दिल र पेसाले दिँदैनथ्यो, मान्दैनथ्यो । उनले अक्क न बक्क परेर शून्य मस्तिष्कले ती भक्तको चेहरामा हेरि मात्र रहे ।"बनाउन सक्नुहुन्न कि !" भक्तले सोधे ।

यस्तो वाक्य सुनेपछि भाजुलालले अनुहार लाल पारेर अभिमानयुक्त वाणी बोले, "नसक्ने होइन, कस्तो कस्तो सिपको काम गरिराख्या मान्छे म । डेढ डेढ हात, दुई दुई हात अग्लो पशुपतिनाथ, मच्छिन्द्रनाथ, श्रीकृष्णका कति कति मूर्ति बनाइसके यिनै हातले । जस्ताको तस्तो, फोटो खिचेको जस्तो । सिङ्गा सिङ्गा सङ्गमरमरमा जालीदार बुट्टा, रामायणको कथा, बुद्धचरित्रको कथा, कस्तो कस्तो काम गरियो । अरू सानातिना पानबुट्टा, किस्ती, फूलदान

त्यस्ता त कति कति ।"

भाजुलालको गर्जन सुनेर ती भक्तले केही उत्तर नदिई गम्भीर भएर एकोहोरो सुनि मात्र रहे । अन्त्यमा शान्त र नरम शब्दमा बोले, "नसक्ने भनेको होइन मैले । तपाईँको सबैतिर ख्याति छ। थाहा छ मलाई । तपाईँको यही सानो कोठामा तयार भएर निस्केका कलात्मक कृतिले नेपालको नाम उज्ज्वल पारिदिएको छ, गौरव बढाइदिएको छ ।"

"थाहा रहेछ नि ।" सरल र निष्पाप दिलबाट मुस्कुराहटसहित आवाज निस्कियो ।

"अगि बनाउन सक्नहुन्न कि भनी किन होच्याएको त ? कति दिनमा तयार पार्नुपर्ने ?"

"जति सक्दो चाँडो । सङ्गमरमरलाई साकार सुन्दर मूर्ति बनाउन कति दिन लाग्छ मलाई थाहा छैन । म के भनूँ ।" भक्तले घाँटीमा लट्केको तुलसीको मालाको एक एक दाना अनायास चलाउँदै भने ।

"हुन्छ, म बनाइदिन्छु । बैना छाड्नोस् । मूर्ति तयार भएपछि तपाईँलाई खुसी तुल्याएर दिएको लिने । तपाईँ ईश्वरको भक्तसित केको मोलतोल ।" यति भनिसक्नासाथ भक्त १० रुपियाँ गन्दै थिए । बिचैमा करुण स्वरले भाजुलालले भने, "के गर्नु मेरो छोरो खस्यो ! म बौलाहा जस्तो भएको छु । होस ठेगानमा छैन ।"

"ज्या ! नाश भएछ ।" सहानुभूति दिएर ती भक्तले उठेर सोधे, "म कहिले लिन आऊँ त ?

१५ दिनपछि ?"

सेतो सङ्गमरमरमा प्रातःदेखि सन्ध्यासम्म भाजुलालका हात चलिरहन्थे कुटकुट कुटकुट । उनका वरिपरि अनेक आकारप्रकारका करिब सवा सय जति ज्याबल उनैलाई हेरेर सुतिरहेका हुन्थे, कहिले मलाई उचाल्लान् र म पनि भगवान्को मूर्ति बनाउने काममा सरिक हुन पाउँला भनेर । जुन वेला जुन ज्यावल आवश्यक पर्थ्यो उनी त्यही प्रयोग गर्थे । आश्चर्यको कुरा, उनलाई ती अमुक ज्यावलको नाम के हो भन्नेसमेत थाहा थिएन ।

सङ्गमरमरको धुलो जस्तै सेतै फुलेका कपालदारी । नाकको टुप्पामा अडेको मामुली तारको फ्रेमवाल चस्मा, टालेका भोटो र सुरुवाल । विश्वविख्यात शिल्पकार भाजुलाल यिनै हुन् भन्ने कुरा कतिलाई थाहा होला ? उनका कलाकृति युरोप, अमेरिकाका सङ्ग्रहालयसम्म पुगेका थिए । कलापारखी यो सुनेपछि आश्चर्यले औँला टोक्थे ।

आज पनि भोलि पनि पर्सि पनि त्यही श्रीकृष्णको मूर्तिको खम्रो खाकामाथि ज्यावलले कुटकुट कुटकुट । केही दिनपछि मूर्ति तयार भयो । अन्त्यमा उनले जब आँखा बनाए, मूर्ति हाँस्यो ।

मूर्तिसँगै उनको रोएको दिल पनि हाँस्यो । उनले त्यसलाई भावुक आँखाले धेरै बेरसम्म हेरिरहे । जति हेरे पनि उनका आँखा अघाएनन्, दिल अघाएन । उनले त्यस नवनिर्मित श्रीकृष्णको मूर्तिमा त्यस्तो के देखे ?

प्रातःकालको समय, केही परेवा छानामा झुल्के घाम तापिरहेका थिए । छिन छिनमा चोकको बिचमा उभिएको भोगटेको फूलको बास्ना हरर आइरहेको थियो । भाजुलालको घर तडकभडकरहित उनको जीवन जस्तै सादा थियो । पुरानो कलात्मक एउटा खटियामाथि उही मूर्तिलाई राखेर उनी टुलुटुलु हेरिरहेका थिए, एक मन, एक बुद्धि, एक चित्तले । यत्तिकैमा तल्लो भऱ्याङबाट आवाज आयो, "शिल्पकार कहाँ हुनुहुन्छ ?" भाजुलालले भक्तको स्वरले चिने । मुखले चाहिँ माथि पाल्नोस् भने, हातले चाहिँ हत्तपत्त त्यस मूर्तिलाई सिरानमुनि लुकाए । भक्तले माथि आइपुग्नासाथ शिल्पकारको अनुहार हेर्दै उत्सुकताले भरिएको वाणीमा सोधे, "मूर्ति बनाइसकियो ?" भाजुलालको हृदयमा द्वन्द्व चल्यो । सकियो भनूँ, खै लेऊ भन्छन् । दिऊँ, कसरी दिऊँ ? सकिएको छैन भनूँ, झुटो कसरी बोलूँ ? सोचविचार गरेर उनले भने, "१५ दिनपछि आउनोस् भनेको १० दिन पनि पुगेको छैन ।"

"तयार नभए पनि कति सकियो ? हेरौँ न ।" उत्सुकतापूर्ण वाणीमा भक्तले सोधे ।

"१५ दिनपछि आउनोस् ।"

"अहिलेसम्म थालेको पनि छैन ?" आँखाका दुवै पुतली फैलाएर उनले सोधे ।

"१५ दिनपछि आउनोस् ।" भाजुलालले फेरि उही जबाफ दिए ।

"आजको छ दिनपछि त १५ दिन पनि पुग्छ । त्यो वेला म खाली हात फर्कन नपरोस् ।" भक्तले उठेर जाँदै गर्दा भने ।

तल्लो भऱ्याङबाट भक्त ओर्लेको आवाज आएपछि भाजुलालले सिरानमुनिबाट मूर्ति झिकेर खटियामाथि राखे अनि शान्तपूर्वक टुलुटुलु हेरे । हेर्दाहेर्दै परेलासमेत फुलेका उनका आँखाका डिलमा आँसुका दानाटलपल छचल्कन थाले । १५ औँ दिनको तेस्रो प्रहरमा ती भक्त आशापूर्ण हृदयले शिल्पकारको कोठामा आइपुगे । उनले श्रीकृष्णको मूर्तिलाई सानो खटियामाथि अड्याएर राखेको देखे । देख्नासाथ लोभिएर आफ्नै हातमा लिई गहिरोसित हेर्न थाले । हेर्दाहदै भित्री आत्माबाट एक उद्गार निस्कियो, "आहा ! क्या मनोहर मूर्ति ! कति लिनुहुन्छ यो मूर्तिको ? अब कति दिनुपऱ्यो मैले?" भाजुलाल बोलेनन्, केही बोलेनन् । मानौँ, उनका गलामा सारा व्यथा थुप्रिएका थिए ।

"भन्नुस् न त कति दिनुपऱ्यो मैले ?" भक्तले मूर्तिलाई ढोगेर त्यही खटियामाथि राख्दै भावुक

नयनले हेरिरहेर फेरि सोधे। भाजुलाल तैपनि बोलेनन्। उनको वाक्शक्ति नै लोप भएको थियो। ती दुवै जना त्यही मूर्तिलाई निर्निमेष दृष्टिले हेरिरहेका थिए। ककसले के के देखे उनै जानुन्। भक्तको हृदय फेरि बोल्यो, "क्या सुन्दर मूर्ति ! भन्नुहोस् त कति लिने हो ?" अनि भाजुलालले जीर्ण स्वरमा भने, "यो मूर्ति तपाईँलाई दिने होइन।"

"मेरो अर्डरमा बनाएको होइन र ?"

"हो।"

"अनि ?"

"नदिने।"

"किन ?" उत्तर नास्ति।

"मोल भन्नुहोस् न, जति पर्ने हो म त्यति नै दिन्छु। मलाई धन चाहिएको छैन, मलाई भगवान्को मोहनी

मूर्ति चाहिएको छ।" ती भक्तले उदार दिलको परिचय दिँदै भने।

"जति दिए पनि नदिने।" भाजुलाल बोले, "मलाई पनि यही मूर्ति चाहिएको छ।"अब १० दिनपछि आउनोस्। तपाईँलाई अर्को मूर्ति बनाइदिन्छु।"

आफ्नो अर्डरमा तयार भएको, आफूलाई असाध्यै मन परेको मूर्ति नदिएर फेरि १० दिनपछि आउनू अर्को बनाइदिउँला भनेको सुन्दा ती भक्तलाई केही क्षोभ भयो। के छाँटको बौलट्ठी बुढोकहाँ आइपुगेछु भन्ने ठानेर उनले एक आवेशमा भने, "ओमबहालमा तपाईँ मात्र शिल्पकार हुनुहुन्न। अरू पनि काम नपाएर त्यसै बसिरहेका छन्। फिर्ता गर्नुस् मेरो बैना। अन्तै बनाउन लाउँछु।"

"नरिसाउनोस् न त्यसरी। मै बनाइदिउँला।" करुण स्वरमा भाजुलाल बोले।

"भो पर्दैन, दिनुस् बैना।"

त्यसपछि भाजुलाल जुरुक्क उठे। आफूसित रहेको साढे पाँच रुपियाँ कन्तुरबाट झिके। नपुग रुपियाँ स्वास्नी र बुहारीसित मागे अनि १० रुपियाँ भक्तको अगाडि सुरुक्क राखिदिए। रिसको रन्कामा रुपियाँ सोहोरेर भक्त पनि केही नबोली जुरुक्क उठेर गए। बुढाको यस्तो चाला देखेर बुढीले भनिन्, "बनिसकेको मूर्ति नदिएर झन् बैनासमेत फिर्ता गर्नुभयो। दिएको भए अरू रुपियाँ पनि आउँथ्यो। के खर्च गर्ने अब ? घरमा चामलको गेडो छैन।" सासूका कुरामा बुहारीले पनि थपथाप गरिन्। घरको सुखदुःख सबैको साझा हो। दुईतिरबाट दुई जनाको निरन्तर करकरले

भाजुलालका दुई कानका जाली नै फुट्लान् जस्ता भए। क्षीण स्वरमा त्यो मूर्ति नदिनाको कारण बताए, "म कसरी दिन सक्छु यो मूर्ति ? प्राणभन्दा प्यारो यो मूर्ति । श्रीकृष्णको मुकुट लाएर हातमा मुरली लिएको मेरो छोरो। मैले शङ्खमूलको चितामा खरानी पारिसकेको छोरो फेरि यहाँ आएको छ। हेर, गडेर हेर, मुसुमसु हाँसेर कुरा गर्ला जस्तो गरेर उभिएको छ।"

लोग्नेका कुरा सुनेपछि बुढीले त्यस मूर्तिलाई हातमा लिएर गहिरोसित हेरिन् । हेर्दाहेर्दै उनलाई भक्कानो छुट्यो अनि मूर्तिलाई छातीमा राखेर रुन थालिन्, "मेरो प्यारो छोरा ! मेरो जुजु !" बुहारीले पनि आफ्नो दिल थाम्न सकिनन् र सासूको हातबाट त्यो मूर्ति खोसेर हेरिन् । नभन्दै सम्पूर्ण भाव र झल्को आफ्नै

स्वर्गवासी लोग्नेको ! उनी पनि त्यस मूर्तिलाई आफ्नो छातीमा टाँसेर घुँक्कघुँक्क गर्दै वेदनापूर्ण पुकारमा विलाप गर्न थालिन्। सासूबुहारी दुवैका आँसुका बलिन्द्र धाराबाट एउटा संयुक्त वाक्य निस्कियो, "बेच्नुहुँदैन, यो मूर्ति बेच्नुहुँदैन।"

जुजुलालको मानव देह चिताको खरानी भएर नाश भए पनि सङ्गमरमरको आकर्षक मूर्तिका रूपमा कृष्णावतार छोरो त कालान्तरसम्म संसारमा रहिरहला । अब यही मूर्ति भाजुलालको अमर पुत्र हुने छ।



## शब्दभण्डार

१. तलका शब्द र तिनका अर्थ बुझेर पढ्नुहोस् :

| | | |
|---|---|---|
| शल्पकारी | : | शिल्पकारको काम वा कौशल |
| तमौटे | : | तामा वा ढलोटका भाँडाकुँडा बनाउने जाति |
| बाल्सिट | : | अडेस लाग्न बनाइएको ठुलो तकिया |
| वैष्णव | : | विष्णु भगवान्का भक्त |
| बाजु | : | पाखुरामा बाँधिने एक प्रकारको बालो |
| सङ्गमरमर | : | चिप्लो, टल्कने असल पत्थर |
| अभिमानयुक्त | : | आत्मप्रशंसा भरिएको |
| निष्पाप | : | पाप नभएको |
| बैना | : | विश्वासका निम्ति पहिले नै दिइने रकम, पेस्की |
| सहानुभूति | : | अरूको दुःख देखेर वा सुनेर मनमा हुने भाव |
| ज्याबल | : | कालिगढले काम गर्ने औजार |
| अमुक | : | खास, तोकिएको, फलानो |
| खाका | : | रेखाहरूबाट निर्मित आकृति |
| कन्तुर | : | धातु वा काठको सानो बाकस |
| क्षीण | : | अवस्था बिग्रेको |
| कालान्तर | : | पछिसम्म |

२. दिइएका अनुकरणात्मक शब्दलाई मिल्दो शब्दसँग जोडा मिलाउनुहोस् :

| **समूह 'क'** | **समूह 'ख'** |
| --- | --- |
| कुपुकुपु | बल्नु |
| तनक्क | गनाउनु |
| हुरहुरी | भिज्नु |
| निथ्रुक्क | हाँस्नु |
| डुङडुङ्ती | खानु |
| ट्वाल्ल | बस्नु |
| डिच्च | डुब्नु |
| चुर्लुम्म | तन्किनु |
| | हेर्नु |
| | गल्नु |

३. दिइएका अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) सानो खाट :

(ख) बोली, भनाइ :

(ग) बोल्ने शक्ति :

(घ) हेरेको हेर्‍यै गरेर :

(ङ) बिल्कुल नभएको, अभाव भएको :

(च) मनको हलचल, असन्तोष :

४. 'अमर पुत्र' कथाबाट सातओटा अनुकरणात्मक शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

## ५. दिइएका अनुकरणात्मक शब्द प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :

ऱ्वाम्म, अकमक्क, ह्वाँह्वाँ, जऱ्याकजुरुक, ह्वालह्वाली, थचक्क, लुसुक्क, सरासर, टुप्लुक्क, चिटचिट

## ६. दिइएका सङ्क्षिप्त शब्द र तिनका पूर्ण रूपबिच जोडा मिलाउनुहोस् :

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| कोलेनिका | गाउँपालिका |
| नेप्रप्र | राष्ट्रिय समाचार समिति |
| गोप | प्रधानमन्त्री |
| रासस | नेपाल विद्युत् प्राधिकरण |
| गापा | प्रधानाध्यापक |
| प्रअ | गोरखापत्र |
| प्रम | कोष तथा लेखा नियन्त्रण कार्यालय |
| | नेपाल प्रज्ञा प्रतिष्ठान |

## ७. दिइएका सङ्क्षिप्त शब्दको पूरा रूप लेखी तिनको वाक्यमा प्रयोग गर्नुहोस् :

पाविके, अदुअआ, जबरा, लोसेआ, त्रिवि, नेसंवि, पाविके, नपा

## ८. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

ताप, विरह, कुदृष्टि, सङ्गमरमर, कलात्मक, विश्वविख्यात, उद्गार, वाक्शक्ति, जीर्ण

# बोध र अभिव्यक्ति

## १. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

व्यथा, दृष्टि, मूर्ति, असाध्यै, आवेश, श्रीकृष्ण, वेदना, पुत्र, उद्गार, फतफत

## २. 'अमर पुत्र' कथा सस्वरवाचन गर्नुहोस् ।

## ३. दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) 'अमर पुत्र' कथा कसरी सुरु भएको छ ?

(ख) कथामा को को पात्र छन् ?

(ग) मूर्ति कसले बनाउन लगाएको हो ?

(घ) कुन घटनामा कथाको समाप्ति कसरी भएको छ ?

(ङ) 'अब यही मूर्ति भाजुलालको अमर पुत्र हुने छ ।' किन भनिएको हो ?

## ४. कसले कसलाई भनेको हो ? भन्नुहोस् :

(क) मलाई छोरो गएको भन्दा पनि मेरो शिल्पकारी लोप हुने भयो भन्ने चिन्ता छ ।

(ख) तपाईँलाई खोज्न कोही तल आएको छ ।

(ग) सिङ्गा सिङ्गा सङ्गमरमरमा जालीदार बुट्टा, रामायणको कथा, बुद्धचरित्रको कथा, कस्तो कस्तो काम गरियो ।

(घ) अगि बनाउन सक्नहुन्न कि भनी किन होच्याएको त ? कति दिनमा तयार पार्नुपर्ने ?

(ङ) शिल्पकार कहाँ हुनुहुन्छ ?

(च) १५ दिनपछि आउनोस् ।

(छ) श्रीकृष्णको मुकुट लाएर हातमा मुरली लिएको मेरो छोरो ।

## ५. तलको कथांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

भाजुलाल जुरुक्क उठे । आफूसित रहेको साढे पाँच रुपियाँ कन्तुरबाट झिके । नपुग रुपियाँ स्वास्नी र बुहारीसित मागे अनि १० रुपियाँ भक्तको अगाडि सुरुक्क राखिदिए । रिसको रन्कामा रुपियाँ सोहोरेर भक्त पनि केही नबोली जुरुक्क उठेर गए । बुढाको यस्तो चाला देखेर बुढीले भनिन्, "बनिसकेको मूर्ति नदिएर झन् बैनासमेत फिर्ता गर्नुभयो । दिएको भए अरू रुपियाँ पनि आउँथ्यो । के खर्च गर्ने अब ? घरमा चामलको गेडो छैन ।" सासूका कुरामा बुहारीले पनि थपथाप गरिन् । घरको सुखदुःख सबैको साझा हो । दुईतिरबाट दुई जनाको निरन्तर करकरले

भाजुलालका दुई कानका जाली नै फुट्लान् जस्ता भए। क्षीण स्वरमा त्यो मूर्ति नदिनाको कारण बताए, "म कसरी दिन सक्छु यो मूर्ति ? प्राणभन्दा प्यारो यो मूर्ति। श्रीकृष्णको मुकुट लाएर हातमा मुरली लिएको मेरो छोरो। मैले शङ्खमूलको चितामा खरानी पारिसकेको छोरो फेरि यहाँ आएको छ। हेर, गडेर हेर, मुसुमसु हाँसेर कुरा गर्ला जस्तो गरेर उभिएको छ।"

(क) भाजुलालले कति पैसा झिके ?

(ख) भक्त किन केही नबोली हिँडे ?

(ग) बुढीले के कुरा गरिन् ?

(घ) भाजुलालले किन मूर्ति दिन चाहेनन् ?

(ङ) मूर्ति कस्तो थियो

## ६. दिइएका घटनालाई कथाको क्रममा मिलाएर लेख्नुहोस् :

(..........) म बौलाहा जस्तो भएको छु।

(..........) तपाईँलाई खोज्न कोही तल आएको छ।

(..........) डेढ डेढ हात, दुई दुई हात अग्लो पशुपतिनाथ, मच्छिन्द्रनाथ, श्रीकृष्णका कति कति मूर्ति बनाइसके यिनै हातले।

(..........) सासूका कुरामा बुहारीले पनि थपथाप गरिन्।

(..........) जति हेरे पनि उनका आँखा अघाएनन्, दिल अघाएन।

(..........) भाजुलालका विरहका कहानी सुनेर सानुमानमा वेदना भरिएर आयो।

(..........) यो मूर्ति तपाईँलाई दिने होइन।

(..........) बेच्नुहुँदैन, यो मूर्ति बेच्नुहुँदैन।

## ७. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) भाजुलाललाई केको चिन्ता थियो ?

(ख) भक्तले कसको मूर्ति किन बनाउन लगाएका हुन् ?

(ग) सङ्गमरमरको मूर्ति कसरी बनाइन्थ्यो ?

(घ) भाजुलालले किन पैसा फिर्ता दिएका हुन् ?

(ङ) भाजुलालले परिवारलाई कसरी सम्झाए ?

(च) 'अमर पुत्र' कथाको मुख्य सन्देश के हो ?

## ८. व्याख्या गर्नुहोस् :

(क) मलाई धन चाहिएको छैन, मलाई भगवान्को मोहनी मूर्ति चाहिएको छ ।

(ख) जुजुलालको मानव देह चिताको खरानी भएर नाश भए पनि सङ्गमरमरको आकर्षक मूर्तिका रूपमा कृष्णावतार छोरो त कालान्तरसम्म रहिरहला ।

## ९. भाजुलालले बनिसकेको मूर्ति भक्तलाई नदिनु उपयुक्त थियो वा थिएन, तर्क दिनुहोस् ।

## १०. 'अमर पुत्र' कथाका प्रमुख पात्र भाजुलाल र भक्तको चरित्रको तुलना गर्नुहोस् ।

## ११. मानिस मरेर गए पनि कला अमर रहन्छ । यस भनाइको समीक्षा गर्नुहोस् ।

## १२. तलको कथा पढ्नुहोस् र उत्तर दिनुहोस् :

# डल्ले खोला

*परशु प्रधान*

डल्ले खोला आज पनि उसरी नै बगिरहेछ, सारा वातावरणलाई भयभीत बनाएर । सदरमुकामबाट गाउँ फर्कँदा आज पनि उसले खोलालाई तऱ्यो बडो मुस्किलले । कम्मरभन्दा माथि माथिसम्म पानी आए पनि बलियो लट्ठीले उसलाई सहारा दियो । नत्र ऊ बग्थ्यो, बग्दै जान्थ्यो र पोहोरको टिकुटे झैँ उसको लास पनि साप्सुमा मात्र देखापर्थ्यो । हिउँदमा नाघ्न सकिने डल्ले खोला वर्षा याममा बहुलाएर आउँछ । मानौँ वारिपारिका सारा गाउँलाई ऊ युद्धको घोषणा गर्दै आउँछ, ममाथि पुल बनाइदेओ, मलाई कुलामा बाँडेर खेतमा पुऱ्याइदेओ, मलाई छिटो टुङ्गो लगाइदेओ । तर हरेक वर्ष डल्ले खोलामा पुल बन्छ र सो पुल कागजको घाममा उदाएर त्यहीँ अस्ताउने गर्छ । रनेकी जेठी छोरीको बिहे नगरी भएन । बढेकी छोरी सबैतिरबाट माग्न

आइसके । उसले पनि रक्सी र कुखुराको भाले खाएर स्वीकृति दिइसक्यो । परन्तु बिहे जति नजिक आउन लाग्यो रनेको दिमागले काम गर्न छाड्यो । ऊसँग भोजका लागि ठुलो सुँगुर किन्ने पैसा भएन न एकसरो नयाँ लुगा हाल्ने उत्साह नै । अनि कुनै बिहान उसले सपनामा त्यही डल्ले खोला देख्यो । मानौँ डल्ले खोला उसरी नै भनिरहेको थियो, "तिमीले सबलाई बिर्सन सक्छौ रनबहादुर । तर मलाई नबिर्स । तिम्रा सारा सुख दुःखको साथी मैँ हुँ । मै छु र जो तिमीहरू आफ्नो व्यवहार चलाउन समर्थ भइरहेका छौ ।

रनबहादुर कस्सियो र सदरमुकामसम्म पुग्यो । उसमा नयाँ जोश र उत्साह आएको थियो । हाकिमका टेबुलसम्म गएर ऊ करायो, हाम्रो डल्ले खोलालाई एउटा राम्रो पुल चाहिन्छ । सधैँ ज्यानको बाजी लगाएर हामी खोला तर्न सक्दैनौँ । हामीलाई खाली २०,००० रुपियाँ भए पुग्छ । बाँकी गाउँका सारा मान्छेबाट चन्दा उठाएर श्रमदान गराएर हामी त्यो पुल पूरा गरी छाड्छौँ । हाकिमले उसको कुरा सन्दै सुनेन । ऊ आफ्नै तर्कमा व्यस्त थियो र रुपियाँ नभएको, बजेट आइनपुगेको कुरा सुनाउँथ्यो । तर पनि रनबहादुर यसै पछि हट्ने मान्छे कहाँ थियो ? उसले ससाना भाषण नै दियो, "देश विकास हामी सबैको साझा कर्तव्य हो । एक मुठी सास भएसम्म हामीले निर्माण कार्यमा पछि पर्नुहुँदैन । हामीमा देशभक्ति चाहिन्छ, सोच्ने र काम गर्ने नयाँ ढङ्ग चाहिन्छ । डल्ले खोलाको पुल अहिलेको हाम्रो सबभन्दा ठुलो आवश्यकता हो । वर्षायाममा बगेर मर्ने सयौँ ज्यानलाई हामीले जोगाउनु आवश्यक छ । ती हाम्रा दाजुभाइ दिदीबहिनी अकालमा मर्नका लागि जन्मेका होइनन्, पक्कै होइनन् ।" मलायामा सैनिक हुँदा सिकेका केही शब्द पनि उसले गास्यो ।" मलायामा कत्रो विकास छ, जहाँतहाँ सडक पुगिसकेको छ, जहाँतहाँ बिजुली बत्ती झकिझकाउ छ । जहाँतहाँ पुल र पुलेसा बनिसकेका छन् । तर हाम्रो देशमा भने ... डल्ले खोला जस्तो महत्त्वपूर्ण ठाउँमा भने एउटा सानो पुल छैन । सधैँ ज्यानको बाजी लगाएर तर्नुपर्छ, सधैँको भयावह स्थिति छ ।"

उसको भाषणलाई हाकिमले केही बुझेको थियो, केही बुझेको थिएन । तर उसको भाषणले जादुको नै काम गरेको थियो । केही दिनमा नै पुलको लगत इस्टिमेट तयार भइसकेको थियो र २०,००० रुपियाँ त होइन १००० रुपियाँ रकमको निकासा पनि भइसकेको थियो । त्यो रकम रनबहादुर आफैँले बुझेको थियो र यौटा ठुलो सङ्कटबाट उसले मुक्ति पाएको थियो । उसको घरमा बिहे धुमधामसँग सम्पन्न भएको थियो, सात दिनसम्म भोज चलेको थियो, सात सातओटा सुँगुर काटिएका थिए । गाउँघरमा सबैले रनबहादुरको प्रशंसा गरेका थिए र उसलाई तगडा मान्छेको उपाधि राखिदिएका दिए । डल्ले खोलामाथि एकदुइटा काठ राखेको देखियो । आउनेजानेले विश्वासको लामो सास फेरेर अब भने पुल बन्ने भयो । वर्षामासमा पनि सदरमुकाम पुग्न सकिने भयो । अब भने बाँचिने भयो । ती काठबाहेक अरू त्यहाँ केही थपिएको देखिएन ।

अनि अर्को वर्षाको भेलले ती काठ पनि त्यहाँबाट बगाइसकेको थियो । डल्ले खोला उस्तै भयो, जस्तै थियो । रनबहादुरका आवश्यकतालाई उसले पूरा गरिदियो र आफ्नै सुरले ऊ बगिरह्यो । उसको सपनाको पुलको लगत भयो । उसको सपनाको पुलमा रकम निकासा भयो र त्यो कहीँ कतै खर्च भयो र डल्ले खोलालाई लाग्यो, उसको फेरि एक पटक खिस्सी उडाइएको छ र ऊ व्यङ्ग्यबिच नाङ्गो उभिएको छ ।

अर्को वसन्त पनि आउँछ र जान्छ । अर्को शरद्को जाडो पनि त्यसरी नै आउँछ र जान्छ । डल्ले खोला बगेको बग्यै छ । ऊ फेरि निमन्त्रण गर्न खोज्छ र आफ्ना हात फैलाएर भन्छ, "म कठ्याङ्ग्रिसकेँ, मलाई छिटो पाखामा लगिदेऊ । त्यहाँका माटामा म नुहाउँछु र खेल्छु । मलाई धानका बालामा तिमी भेट । मलाई सुन्तलाका केस्रामा तिमी स्वीकार । मलाई यसरी सोभै बग्न नदेऊ । मलाई नियन्त्रण गर । मलाई सीमित तुल्याऊ ... ।" डल्ले खोलाको यस आवाजलाई सुन्ने पालो अब शिवबहादुरको थियो ... । तिमीले यस वर्ष धेरै जुवा हार्‍यौ तर यसको चिन्ता तिमीले लिनु पर्दैन । दुईचार गरा खेत र सानो झुप्रो तिम्रो बाँकी नै छ । फेरि एक पटक तिमीले मलाई कुलामा लगेर बाँडिदेऊ । म त्यहाँ तिमीसँग उभिन्छु ... तिमीसँग मिसिन्छु ।

शिवबहादुर सदरमुकाम पुगेको थियो । हाकिमको त्यही टेबुलमा भाषण दिने पालो उसको थियो । हाकिमसाहेब, "डल्ले खोलामा पुलका लागि गएको रकम पुरै हिनामिना भयो । त्यहाँ पुलको नामनिसान केही छैन । यसमा पूरा कारबाही हुनुपर्छ । अब डल्ले खोलामा एउटा बाँध बनाई कुलो निर्माण हुनु जरुरी छ । हाम्रा पाखा कुलोबिना त्यस्सै परिरहेका छन् । त्यहाँ पानी पुर्‍याउनुपर्छ, त्यहाँ धान उब्जाउनुपर्छ ।

सधैँ खाद्यान्नको अभावलाई हामीले कति स्विकारिरहने । सारा गाउँका मान्छेले श्रमदान गर्छन् हाकिम साहेब । कुलो तीन महिनाभित्रैमा नै पूरा हुनुपर्छ । मलाई खालि १०,००० रुपियाँ मात्र भए पुग्छ ।

यसपालिको हाकिमले पनि उसको केही कुरा बुझेको थियो, केही कुरा बुझेको थिएन । फेरि ससानो लगत इस्टिमेट थियो र १०,००० रकम निकासा भएको थियो । शिवबहादुर खुसी थियो कि यसले राम्रो कुलो बनाउने छ र सारा गाउँका ओठमा खुसियाली ल्याउने छ । गाउँमा एउटा उत्साहको वातावरण आयो । डल्ले खोलामा अब कुलो बन्ने छ । धेरै फाँट हरिया हुने छन् । धानका बाला झुल्ने छन् । गाउँबाट अनिकाल सदाका लागि भाग्ने छ ... ।

कुलो खनिन लाग्यो । मान्छेले सुरुमा निक्कै उत्साह देखाए । तर केही दिनमा नै कुलाका डोब मात्र देखिए । पानी चल्न सकेन । जाँचपासका लागि माथिबाट मान्छे आएर तिनले कुलो जाँचे । कुलो राम्रो थियो, पानी चलेको पनि देखियो तर तिनलाई थाहा भएन कि त्यो कुलो डल्ले

खोलाको थियो कि अरू नै खोलाको । डल्ले खोला जस्ताको तस्तै रह्यो । त्यहाँ न पुलको रूपरेखा देखियो न कुलाको । डल्ले खोलाले आफूभित्र  एउटा सन्तोष उमार्‍यो । पुल बनेन त के भो ? कसैको बिहे कार्य राम्ररी सम्पन्न भयो । कुलो बनेन त त के भो ? कसैले बसाइँ जानु परेन । र, उसले आज मध्य वर्षामा त्यही डल्ले खोला मुस्किलले तर्‍यो । उसले भनिरहे जस्तो लाग्यो, मलाई वर्षमा कम से कम दुई पुल हालिदिनू, वर्षमा कम से कम दुई कुलामा लगेर बाँडिदिनू म कागजमा ब्युँझन्छु । म सपनामा उदाउँछु । मलाई तिमीहरूका सारा व्यवहारप्रति स्नेह छ । धेरै चोखो स्नेह तिमीहरू जो गाउँछौ र पो म छु । हाम्रो यही सम्बन्ध शाश्वत हो, यथार्थ हो । डल्ले खोला तरिसकेर उसले एक पटक हेर्‍यो । डल्ले खोला त उस्तै छ र उसरी नै बगिरहेछ ।

## प्रश्न

(क) एक मुठी सास भएसम्म हामीले निर्माण कार्यमा पछि पर्नु हुँदैन भन्ने भनाइको भाव विस्तार गर्नुहोस् ।

(ख) कथाका आधारमा रनबहादुर र हाकिम पात्रका चारित्रिक विशेषताको तुलना गर्नुहोस् ।

(ग) भ्रष्टाचार नियन्त्रणका लागि जनता सचेत हुनुपर्छ भन्ने भनाइप्रति तपाईं सहमत हुनुहुन्छ ?  कथाका आधारमा तर्क दिनुहोस् ।

(घ) डल्ले खोलामा पुल किन बन्न सकेन ? समीक्षात्मक उत्तर लेख्नुहोस् ।

(ङ) डल्ले खोला कथाको सार लेख्नुहोस् ।

(च) डल्ले खोलामा पुल र गाउँसम्म भएको भए के के परीवर्तन हुन्थ्यो होला ? कल्पना गरेर लेख्नुहोस् ।

## १३. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

(क) "बाबु, आज बजारबाट आउँदा अलिकति ज्वानो लिएर आइज ल ।"  आमाले भन्नुभयो ।

"ल्याउँदिन म । ज्वानो किन्न मलाई लाज लाग्दैन ?" कमलले ख्वाख्वाक खोक्दै भन्यो । कमल बजार गयो तर ज्वानो ल्याएन । घर आउनासाथ उसलाई हनहनी जरो आयो । डाक्टर वा वैद्यकहाँ जाने सम्भावना थिएन ।  एकै छिनमा ऊ काम्न थाल्यो । यो देखेर निधारमा हात राख्दै आमाले भन्नुभयो, " तँलाई हिजो अस्तिदेखि नै खोकी लागेको थियो । ज्वानो पकाएर दिउँला भनेर बजारबाट लिएर आइज भनेकी थिएँ । मानिनस । अहिले यस्तो भयो । अब के गर्नु ?"

आमाले आफ्नै लागि भनेको काम नटेर्दा कमललाई पछुतो भयो ।

**कमललाई जस्तै तपाईँलाई पनि कहिलेकाहीँ पछुतो भएको भए सो घटना लेख्नुहोस् ।**

(ख) आमाले भन्नुभयो, " गृहकार्य गर्न बस् छोरी ।" बाबाले भन्नुभयो, "गृहकार्य गर्नुभन्दा पहिले बाख्रालाई घाँस दिएर आइज ।" मलाई यी दुवै काम गर्न मन थिएन । चमेलीका घरतिर लागिदिएँ ।

**तपाईँलाई पनि अनिच्छा लाग्ने कुनै कामका बारेमा लेख्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

**१. दिइएको अनुच्छेद पढी कालका अपूर्ण पक्षका क्रियापद टिपोट गर्नुहोस् :**

हिजो हामी नृत्य प्रतियोगिता गर्दै थियौँ । प्रतिस्पर्धा कडा हुँदै थियो । उमा त सबैलाई जुरुक जुरुक पार्दै थिइन् । आज पनि गायन प्रतियोगिता रोचक हुँदै छ । दर्शक ताली बजाएर हौसला प्रदान गर्दै छन् । हरि दाइ मादल बजाउँदै हुनुहुन्छ । बहिनी उफ्रँदै छिन् । भोलि प्रतियोगिता सकिँदै हुने छ । नगरपालिकाका प्रमुख आउँदै हुनुहुने छ । हामी उहाँलाई स्वागत गर्दै हुने छौँ । विजयी सहभागीले पुरस्कार पाउँदै हुने छन् ।

**२. कोष्ठकमा दिइएका धातुका आधारमा खाली ठाउँमा क्रियापद भरेर अनुच्छेद पूरा गर्नुहोस् :**

हाम्रो विद्यालयमा नयाँ भवन ........... । (बन् : वर्तमान, अपूर्ण पक्ष) सूचना प्रविधिमा दक्ष शिक्षक .......... (आउ : भूत, अपूर्ण पक्ष) विद्यालयमा इन्टरनेट पनि ............. (राख् : वर्तमान, अपूर्ण पक्ष) विद्यार्थी पढाइ लेखाइमा आकर्षित ............... (हु : भविष्यत्, अपूर्ण पक्ष) विद्यालयलको शैक्षिक उपलब्धि .............(बढ् : भूत, अपूर्ण पक्ष) विद्यालयले प्रगति ............. (गर् : भविष्यत्, अपूर्ण पक्ष)

**३. दिइएका धातुका आधारमा भविष्यत् कालका अपूर्ण पक्षमा एक अनुच्छेद लेख्नुहोस् :**

पुग्, गर्, बढाउ, सिकाउ, सक्, पाउ, भन्, जान्, चढ्, रमाउ

## ४. दिइएको अनुच्छेद पढी रातो रङ लागेका शब्दको बनोट प्रक्रिया देखाउनुहोस् :

वैशाखमा हाम्रो गाउँमा  बिजुली बत्ती र टेलिफोन पुगिसकेको छ । बाटाघाटाको पनि राम्रो सुविधा छ । बिरामी पर्दा उपचारका लागि खर्चबर्च बोकेर टाढा जानुपर्दैन । सबैले आआफ्ना काम गरेर जीविका चलाएका छन् । सरसापट, ऐचोपैंचो चल्छ । छरछिमेकमा भारोपर्म चल्छ । तरकारीसरकारी, पानीसानीमा त एक पैसा पनि खर्च हुँदैन । चामलसामल चाहिँ किन्नुपर्छ ।

## ५. 'अमर पुत्र' कथाबाट द्वित्व प्रक्रियाबाट बनेका पाँचओटा शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

## ६. तालिकामा दिइएका वाक्य पढ्नुहोस् र तिनका भिन्नताबारे छलफल गर्नुहोस् :

| कर्तृ वाच्य | कर्म वाच्य | भाव वाच्य |
|---|---|---|
| (क) मैले फलफूल किनेँ । | (क) मद्वारा फलफूल किनियो । | |
| (ख) हामीले तिमीलाई देख्यौँ । | (ख) हामीद्वारा तिमी देखियौ । | |
| (ग) तिमी धुरुधुरु रुन्छौ । | – | (ग) तिमीद्वारा धुरुधुरु रोइन्छ । |
| (घ) तँ बेसरी हाँस्छस् । | – | (घ) तँद्वारा बेसरी हाँसिन्छ । |

वाक्यमा कर्ता, कर्म र भावमध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक कोटिलाई वाच्य भनिन्छ । कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियाको रूप बदल्ने वाच्य कर्तृवाच्य हुन् । माथि पहिलो टेबलमा दिइएका वाक्य कर्तृ वाच्यका हुन् । वाक्यमा कर्मको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियाको रूप बदल्ने वाच्य कर्मवाच्य हुन् । माथि दोस्रो टेबलमा दिइएका वाक्य कर्म वाच्यका हुन् । यसै गरी वाक्यमा क्रियाको भाव मुख्य मानी रूप बदल्ने वाच्य भाव वाच्य हुन् । माथि तेस्रो टेबलमा दिइएका वाक्य भाव वाच्यका हुन् ।

## ७. दिइएको अनुच्छेदमा कुन कुन वाच्य प्रयोग भएका छन् ? चिनेर लेख्नुहोस् :

हाम्रो विद्यालयले भलिबल प्रतियोगिता आयोजना गऱ्यो । मद्वारा उक्त प्रतियोगितामा सहभागिता जनाइयो । थुप्रै साथीले भाग लिएका थिए । उद्घोषकबाट नाम बोलाइयो । आफू त सरासर मञ्चमा गइयो । निर्धक्कसँग पुरस्कार थापियो । दर्शकले प्रशंसा गरे । सबैले ताली बजाए । तपाईंहरूद्वारा पनि राम्रो खेल प्रदर्शन गरियोस् ।

## ८. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाच्य परिवर्तन गर्नुहोस् :

(क) उनी लोक गीत गाउँदै छिन् । (कर्म वाच्य)

(ख) हजुरआमाले मिठाई दिनुभएको थियो । (कर्म वाच्य)

(ग) आज त दुई घण्टा निदाएछु । (भाव वाच्य)

(घ) उपन्यास किनिन्छ र पालैपालो पढिन्छ । (कर्तृ वाच्य)

(ङ) यो काम चाहिँ गरियोस् है । (कर्तृ वाच्य)

(च) म त खुब हाँस्छु । (भाव वाच्य)

## ९. दिइएको अनुच्छेदलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :

बहिनीले पत्रिका किनिन् । उनले समाचार पढिन् । साथीहरूले पनि समाचार सुने । साथीहरूले नयाँ खबर थाहा पाए । भाइ यतै आउँदै रहेछ । काकाद्वारा ऊ देखिइएछ । काकाले भाइलाई बोलाउनुभयो । आफू त घरतिर हिँडियो । दिदीले मलाई घरबाट डाक्नुभएको थियो ।

## १०. दिइएको अनुच्छेद पढी 'र' का विभिन्न रूपबारे छलफल गर्नुहोस् :

राष्ट्रपति रामचन्द्र पौडेलले चुरे क्षेत्रको भ्रमण गर्नुभयो । उहाँले प्रकृति संरक्षमा सबैको चासो रहनुपर्नेमा जोड दिनुभयो । जलवायु परिवर्तनका कारण सङ्कट बढेकामा चिन्ता व्यक्त गर्नुभयो । जलवायु परिवर्तको प्रभाव कृषि, पर्यटन आदि क्षेत्रमा पनि पर्दो रहेछ । उहाँले पेट्रोलियम पदार्थको वैकल्पिक स्रोतका रूपमा सौर्य ऊर्जा प्रयोग गर्नुपर्ने सुझाव दिनुभयो । यो समाचार गोरखापत्रमा 'सुन्दर सृष्टि बचाउन दूरदृष्टिको जरुरत' शीर्षकमा प्रकाशन भएको थियो ।

११. पाठबाट 'र' का फरक फरक रूप प्रयोग भएका शब्द पहिचान गर्नुहोस् । ती पहिचान गरेका शब्द राखी छोटो अनुच्छेद लेख्नुहोस् ।

१२. 'अमर पुत्र' कथाबाट 'य', 'ए' प्रयोग भएका पाँच पाँचओटा शब्द खोजेर लेख्नुहोस् :

१३. दिइएका वाक्य शुद्ध पारी लेख्नुहोस् :

(क) एथार्थ, यकराज र गाएत्रीलगाएत पाँच जना गाएक रेडियो नेपालद्वारा आयोजित गाएन प्रतियोगितामा सहभागी भये ।

(ख) आमाले ल्याइदिनुभयको यउटा यकाङ्कीको किताब मैले यघार दिनमा पढेर सिध्यायँ ।

## सुनाइ बोलाइ

तलको पाठ सुनेर उत्तर दिनुहोस् :

### कर्तव्यप्रति कर्णको निष्ठा

पाण्डवको शान्ति प्रस्ताव कौरवबाट अस्वीकार भएपछि श्रीकृष्ण हस्तिनापुरबाट फर्कन लागे । त्यति वेला महारथी कर्ण श्रीकृष्णलाई बिदा गर्न सीमासम्म आए । बाटामा श्रीकृष्णले कर्णलाई सम्झाउँदै भने, "कर्ण तिमी सूतपुत्र होइनौ, तिमी त महाराज पाण्डु र महारानी कुन्तीका जेष्ठ पुत्र हौ । तिमीले यदि दुर्योधनको साथ छोडेर पाण्डवको पक्षमा आउँछौ भने तत्काल तिम्रो राज्याभिषेक गरेर तिमीलाई नै राजकाज सुम्पिने छन् ।"

श्रीकृष्णको यस्तो कुरा सुनिसकेपछि कर्णले उत्तर दिए, "वासुदेव, मलाई थाहा छ कि म माता कुन्तीको जेष्ठ पुत्र हुँ । परन्तु जब मलाई सबैले सूतपुत्र भनेर मेरो अनादर र तिरस्कार गरिरहेका थिए । त्यति वेला केवल दुर्योधनले मलाई सम्मान दिएर राजा बनायो । मेरो वीरताको भरोसामा उसले पाण्डवसँग लडाइँ गर्ने चुनौती दियो । अहिले मैले उसको विश्वास र भरोसालाई तोडेर उसको विश्वासको घात गरूँ ? मलाई यो पनि थाहा छ कि लडाइँमा पाण्डव नै विजयी हुने छन् । तर पनि तपाईँले मलाई मेरो कर्तव्य पथबाट किन विमुख गर्न चाहनुहुन्छ ?" कर्णको यस्तो प्रश्नले श्रीकृष्णलाई निरुत्तर बनाइदियो । कर्तव्यप्रतिको निष्ठाले व्यक्तिको चरित्रलाई अझ दृढ बनाउँछ । व्यक्तिको दृढताका अगाडि ठुला ठुला आश्वासन र लोभले पनि उसको चरित्रलाई

डगमगाउन सक्दैन । यसबाट व्यक्ति निर्भीक हुन्छ, सत्मार्गमा अगाडि बढ्न प्रेरणा मिल्छ । यसका साथै आत्मसम्मानमा पनि वृद्धि हुन्छ । यो नै सत्चरित्रताको विशेषता हो ।

### १. पाठ सुन्नुहोस् र खाली ठाउँमा मिल्दो शब्द राखी भन्नुहोस् :

(क) तिमी त पाण्डु र ...........का जेष्ठ सुपुत्र हौ ।

(ख) पाण्डवहरू नै .............. हुने छन् ।

(ग) कर्णको प्रश्नले श्रीकृष्ण ............... भए ।

(घ) कर्तव्यको निष्ठाले व्यक्तिको.............लाई अझ दृढ बनाउँछ ।

### २. पाठका आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) श्रीकृष्ण किन हस्तिनापुरबाट फर्कन लागे ?

(ख) कर्णको कुन प्रश्नले श्रीकृष्णलाई निरुत्तर बनायो ?

(ग) श्रीकृष्णले कर्णलाई के भनेर सम्झाए ?

(घ) 'कर्तव्यप्रति कर्णको निष्ठा' कथाबाट के शिक्षा पाइन्छ ?

## सिर्जना तथा परियोजना कार्य

### १. तल दिइएका बुँदाका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षकसमेत राख्नुहोस् :

रामानन्द कतारबाट फर्किएर गाउँमा एउटा कृषि उद्योग खोल्नु ... तरकारी, फलफूल र माछामासुको उत्पादन गर्नु ....कामका लागि कामदार राख्नु ....आफू र आफ्ना परिवारलाई समेत सहभागी गराउनु ....एक पटक असारमा घनघोर वर्षा हुनु; ....कृषि उद्योगमा धेरै क्षति पुग्नु ....सबै कामदारले मन लगाएर पुनर्निर्माण गरिरहनु तर पहिलेको जस्तो अवस्था नआउनु ....रामानन्दको कृषि उद्योगबाट गाउँलेले लाभ लिइरहेकाले उनीहरूले पनि चासो राख्नु ....रामानन्दले गाउँलेलाई आफ्नो समस्यासुनाउनु ....रामानन्दले कामदारलाई तलब दिने अवस्था नभएको बताउनु ....गाउँलेले रामानन्दको कुरा सुनेर आआफ्ना तर्फबाट सहयोग

गर्ने वचन दिनु ....रामानन्दलाई आफ्नो कामप्रति गौरव लाग्नु ....रामानन्दले कृषि उद्योगलाई बढाइरहनु ....रामानन्दको कृषि उद्योगमा अरू कामदार पनि थपिँदै जानु ....रामानन्दलाई गाउँकै इमानदार कृषि व्यावसायीका रूपमा सबैले सम्मान गर्नु

२. **आफूलाई मन परेको कथाबाट विषयवस्तु, पात्र र परिवेश टिपोट गरी प्रस्तुत गर्नुहोस् ।**

३. **'घरेलु अपराध' शीर्षकमा कथा लेख्नुहोस् ।**

४. **तलको चित्र हेरेर त्यसका बारेमा कथा लेख्नुहोस् ।**



# पाठ ७

## पूर्वपठन

तलको चित्र हेरेर उत्तर दिनुहोस् :






(क) माथिको चित्र के केको हो ?

(ख) वार्षिकोत्सव किन मनाइन्छ ?

(ग) वार्षिकोत्सवमा के के गरिन्छ ?

**मूल पाठ**

# विद्यालयको वार्षिक उत्सव

*(विद्यालयको चउर हप्ता दिनदेखि विद्यार्थीहरूले खचाखच छ । कोही कपर्दी खेलमा रमाइरहेका छन् । कोही भलिबल, डोरी तान्नेमा रमाएका छन् । साना केटाकेटीहरू रुमाल लुकाइ खेलमा रमाइरहेका छन् । मुस्कान, सिम्रन, रिजन र रोमी चउरको छेवैमा बसेर सबैको क्रियाकलाप नियालिरहेका छन् ।)*

पूर्णिमा : हैन, विद्यालयमा खेलकुद कार्यक्रम भइरहेको छ तर तिमीहरू भने यता छेवैमा आएर सबै जना मौन रूपमा बसिरहेका छौ के भयो ?

मुस्कान : खुसी हुने वातावरण नभएको हो कि मनले ठुलै अपेक्षा गरेको हो बुझ्न सकिरहेको छैन पूर्णिमा । त्यतातिर जान पनि मन लागेको छैन ।

पूर्णिमा : किन ?

मुस्कान : विद्यालयले खेलकुदलाई मात्र प्रोत्साहन गरेर हुन्छ त ?

पूर्णिमा : खुलाएर भन न । म त घुमाएर बोलेको बुझ्दिनँ क्या ।

मुस्कान : तिम्रो आँखा अगाडि कुन कुन क्रियाकलाप भइराखेका छन्, हेर न भन्या ।

पूर्णिमा : तिमीलाई खेलकुदका अतिरिक्त अन्य कार्यक्रमको सम्बोधन भएन जस्तो लागेन ? वार्षिक उत्सवमा खेलकुद मात्रै हुने हो ।

मुस्कान : मेरो इच्छा गायनमा छ । तिमीलाई थाहा छ त । कक्षामा अतिरिक्त क्रियाकलापमा म गीत गाएर सधैँ प्रथम भएको तर विद्यालयको वार्षिक उत्सवमा गायन पक्षलाई वास्तै नगर्दा मन दुःखी त हुने नै भयो । यस्तै ससाना स्टेजमा गाउँदै जान पाए पो आत्मविश्वास बढ्छ ।

पूर्णिमा : तिमीले भनेको कुरा सही छ । यसमा हामी सल्लाह गरौँला है त । अतिरिक्त कार्यकलापष समिति र वार्षिक उत्सव मूल समारोह समितिमा म नै कुरा राख्छु । अनि रिजन, रोमी र सिम्रन पनि खुसी देख्दिनँ त ।

रिजन : तिमीहरूको कुरा त लामै भयो त । खुशी लाग्यो होला । मलाई त मन परेन । अब घर जनने हो ।

पूर्णिमा : यिनै वार्षिक उत्सवका कुरा गरेको हामीले पनि मुस्कान गुनासो गर्दै छिन् । तिमीलाई पनि मलिन अनुहारमा देख्छु त म ।

रिजन : खेलाडी हुनै मजा रहेछ ।

पूर्णिमा : किन ?

रिजन : मलाई अचम्म लागिरहेछ पूर्णिमा । विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा भने गायन, नृत्य, वक्तृत्वकला, कविता वाचन सबै पक्षलाई समेट्ने अनि वार्षिक उत्सवमा चाहिँ खेललाई मात्र समेट्ने ? सबैले सबै अभिभावकका अगाडि आफ्नो प्रतिमा देखाउनु पर्दैन ? हामीलाई चाहिँ खोइ मौका दिएको ?

पूर्णिमा : सबैको गुनासो यस पक्षमा रह्यो । यसमा मलाई पनि चित्त बुझिरहेको छैन । एकातिर आन्तरिक प्रतिभा पहिचान भनेर कक्षागत रूपमा फाराम भराउने अर्कोतर्फ निर्णय चाहिँ खेलकुद मात्र भनेर सुनाउने । अनि यसरी हप्ता दिन अगाडिदेखि चउरमा विद्यार्थीलाई खेल्न मात्र लगाउने ? उसको त कामै छैन यहाँ । यस्तो पनि वार्षिक उत्सव हुन्छ ?

रिजन : हेर पूर्णिमा, कार्यक्रम भव्य र सभ्य रूपमा हुने तथा विद्यार्थीका आन्तरिक प्रतिभा प्रस्फुटन हुने सबै कार्यक्रम वार्षिक उत्सवमा समेटनु पर्छ । भाग लिने विद्यार्थी धेरै भए छनोट प्रक्रियामा जाने हो त । त्यसपछि उत्कृष्ट गायन, नृत्य छानिन्छ । हामीलाई यो मौका नै नदिने अनि कसरी हाम्रो प्रतिभा प्रसफुटन हुन्छ ?

पूर्णिमा : तिमीले भनेको कुरा ठिक छ । हाम्रो अतिरिक्त क्रियाकलाप संयोजक रमा मिस । उहाँलाई भेटेर यी कुरा राखौँ न हुन्न ?

(यत्तिकैमा सिम्रन आइपुगिन् ।) सिम्रन कति लामो कुराकानी हो तिमीहरूको । के भयो ?

पूर्णिमा : मैले तिमीलाई पनि खुसी देखिरहेको छैन । यो सत्य हो ? मनका कुरा नढाँटी मन त ।

सिम्रन : पूर्णिमा, विद्यालयको यो उत्सव ५०औँ हो । यस कार्यक्रमको प्रमुख अतिथि शिक्षा सचिव रे । विद्यालयले विद्यार्थीसँग सम्बन्धित पुरस्कारहरू सबै प्रार्थना समयमा वितरण गर्छ तर विद्यालयले लिने अन्तिम परीक्षाको नतिजामा सर्वप्रथम, सर्वदित्तीय र सर्वतृतीय पुरस्कार वार्षिक उत्सवमा प्रमुख अतिथिको हातबाट वितरण गरिन्छ । यो कुरा तिमीलाई थाहै छ । तीन वर्षदेखि वार्षिक उत्सवमा सर्वप्रथम भएर प्रमुख अतिथिको हातबाट पुरस्कार पाउने म हुँ । यस वर्ष घरमा आमा बिरामी भएर महिना दिनसम्म पढाइ छुट्यो । घरमा आएपछि पनि धेरै समय आमालाई नै दिनुपऱ्यो । पढाइ छुट्यो । हाजिर छुट्यो । परियोजना र्कायहरू पूरा गर्न सकिनँ । त्यसैले पढाइमा यो स्थान हासिल गर्न सकिनँ । यी सबै कुराले रुन मात्र मन लागिरहेको छ भन्या ।

पूर्णिमा : मन दुःखी नबनाऊ सिम्रन अहिले पनि मैले कार्यक्रममा भाग लिन पाइनँ । रमा मिसलाई सुनाएको उहाँले पनि प्रधानअध्यापकको निर्णयमा म केही गर्न सक्दिँन भन्नुभयो । यस वर्ष तिमीलाई परिस्थितिले साथ दिएन । अब अर्को कक्षामा राम्रोसँग पढ । फेरि तिमी उही स्थान ग्रहण गर्न सक्छ्यौ । मनमा अशान्त भाव नराख । सबैभन्दा ठुलो कुरा तिम्रो साथ र सहयोगले आमाको स्वास्थ्यमा सुधार आयो । आमा स्वस्थ्य हुनुभयो । आमाभन्दा ठुलो पढाइ होइन । यस्तो पुरस्कार फेरि पनि पाइछ ।, यस्ता कार्यक्रम फरि पनि हुन्छन् । तुरुन्तै जिल्लास्तरीय प्रतियोगिता हुँदै छ । त्यसमा तिमीले जित्न सक्छ्यौ । जे भयो भयो, चिन्ता गर्नुहुँदैन । कर्म गर फलको आशा नगर भनेको बिर्सियौ ।

सिम्रन : तिमीले भनेको ठिक हो । मिहिनेत पुगिरहेको छैन । यी सबै कुरा थाहा छ तर मन भने कताकता चित्त दुखेको नि ! चिन्तित नै छ । सहभागी हुन नपाउँदा ।

रोमी : सिम्रन तिम्रो कुरा सबै सुनेँ । मनमा दुःखी भाव नराख ल ।

(सबैले परबाट रमा मिस आएको देखे । सबै जना मिसलाई भेट्न अफिसतिर लागे । )

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| दृश्य | आशा |
| स्टेज | क्षमता |
| प्रतिभा | गफ |
| नृत्य | नाच्ने ठाउँ |
| कुराकानी | हेराइ |
| अपेक्षा | नाच |

२. दिइएका शब्दको अर्थ साथीसँग छलफल गरी लेख्नुहोस् :

उत्कृष्ट, छनोट, सभ्य, अतिथि, रुचि, खचाखच

३. दिइएका शब्दको एकभन्दा बढी अर्थखोजी लेख्नुहोस् :

नजिक, भव्य, अशान्त, नृत्य, रुचि, सभ्य

४. शब्दकोशबाट पाँचओटा अनेकार्थी शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

अशान्त, स्वस्थ्य, परिस्थिति, वक्तृत्व, प्रक्रिया, पुरस्कार, आन्तरिक, नृत्य, वार्षिक, उत्सव, अतिरिक्त

२. विद्यालयको वार्षिक उत्सव अभिनयसहित सस्वरवाचन गर्नुहोस् ।

## ३. विद्यालयको वार्षिक उत्सव संवाद पढी मौखिक उत्तर दिनुहोस् :

(क) संवादमा कति जना पात्रको प्रयोग गरिएको छ ?

(ख) विद्यालयको कतिऔँ वार्षिक उत्सव हो ?

(ग) अतिरिक्त क्रियाकलापले कुन पक्षलाई जोड दियो ?

(घ) संवादमा उल्लिखित पात्रमध्ये कसको भनाइ तपाईँलाई राम्रो लाग्यो ?

(ङ) सिम्रनको मुख्य चिन्ता के हो ?

## ४. संवाद पढी दिइएका भनाइ कुन कुन पात्रका हुन्, भन्नुहोस् ।

(क) म त सबैलाई निन्याउरा देख्छु त ।

(ख) विद्यालयले खेलकुदलाई मात्र मान्यता दियो ।

(ग) मेरी आमा बिरामी हुनुभयो ।

(घ) मेरो इच्छा गायनतर्फ छ ।

(ङ) प्रतिभा प्रस्फुटन हुने सबै कार्यक्रम हुनुपर्छ ।

## ५. तलको असंवाद सार्नुहोस् :

बेगम : मैले केही महिनाअगाडि सिम्रौनगढको सफर गरेकी थिएँ । सिम्रौनगढ बारा जिल्लाको सिम्रौनगढ नगरपालिकामा पर्छ । वीरगन्जबाट सिम्रौनगढको पैदल यात्रा गर्ने हो भने एक दिन हिँड्नुपर्छ । प्राचीन तिरहुत क्षेत्रमा अवस्थित यो राज्य नान्यदेवले स्थापना गरेका रहेछन् । सिम्रौनगढको गढ परिसरमा कङ्काली माई, शिवलिङ्ग, रानीबास, विष्णु मन्दिर, मन्साराम बाबाको समाधि आदि दर्शनीय कुरा छन् । त्यहाँको रानीबास मन्दिर त जङ्गबहादुरका छोरा जितजङले आफ्ना पिताको स्मृतिमा निर्माण गरेका रहेछन् । सिम्रौनगढमा पुरातात्त्विक वस्तुको संरक्षण नभएको देख्दा मन नै कटक्क भयो ।

च्याङ्बा : आखिर सबैसँग पदयात्राको अनुभव रहेछ । त्यसमा पनि आङ्रिता त पर्यटन व्यवसायी पनि हुन् । आङ्रिता ! हामीले पदयात्राको अनुभव साट्यौँ । मलाई लाग्छ, पदमार्ग तथा पदयात्रासम्बन्धी थुप्रै कुरामा हामी बेखबर छौँ । हामीलाई अझै स्पष्ट पारिदेऊ न ।

६. ‘विद्यालयको वार्षिक उत्सव’ संवाद पढी सङ्क्षिप्त उत्तर दिनुहोस् :

(क) विद्यार्थीहरूको गुनासो कुन पक्षमा देखियो ?

(ख) स्टेजमा गाउन पाए आत्मविश्वास बढ्छ भन्नुको तात्पर्य के हो ?

(ग) अतिरिक्त क्रियाकलाप किन गराइन्छ ?

(घ) “खेलकुदले शारीरिक रूपमा स्वस्थ्य भइन्छ” यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ङ) पूर्णिमाले सिम्रनलाई कसरी सम्झाई ?

७. व्याख्या गर्नुहोस् :

(क) विद्यालयमा हुने अतिरिक्त क्रियाकलापले विद्यार्थीको क्षमता अभिवृद्धि गर्छ ।

(ख) आमाभन्दा ठुलो पढाइ होइन ।

८. संवादको मुख्य सार लेखी प्रस्तुत गर्नुहोस् ।

९. विद्यालयको वार्षिक उत्सव संवादमा उल्लेख भएका मुख्य मुख्य कुरा टिपोट गर्नुहोस् ।

१०. “वार्षिकोत्सव विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्ने राम्रो माध्यम हो ।” यस भनाइलाई तर्कसहित पुष्टि गर्नुहोस् ।

११. तलको संवाद पढ्नुहोस् र यसमा उठाइएको कुरा ठिक छन् वा छैनन्, आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

मखिमलाल : हेर साथी ! मलाई त विदेश गएर अरूको अधीनमा बसेर निश्चित कमाइमा बाँच्नुभन्दा त स्वतन्त्र भएर आफ्नै काममा लाग्नु ठिक लाग्छ । जागिरमा महिना मरेपछि तलब त आउँछ तर सन्तुष्टि भने जति स्वरोजगार हुनमा छ त्यति जागिरे हुनुमा मिल्छ जस्तो मलाई लाग्दैन । फेरि यहाँ जागिर खान पनि त्यति सजिलो कहाँ छ र ? विदेशको जागिरमा जोखिम पनि उत्तिकै छ । त्यसैले मलाई त स्वरोजगारर हुनु नै राम्रो लाग्छ । यसमा मालिक पनि आफैँ अनि श्रमिक पनि आफैँ हुन पाइन्छ ।

उत्तिमबहादुर : बिदेसी जागिरे हुनुभन्दा त स्वरोजगार हुनु पो ठिक रहेछ तर यसका चुनौती पनि त होलान् नि त ? यसबारे तिम्रो अनुभव सुनाऊ न त !

मखिमलाल : हो, तिमीले ठिक कुरा उठायौ । यसका चुनौती पनि धेरै छन् । साहस, आत्मविश्वास र लगनशीलताबाट नै यस क्षेत्रमा सफलता पाउन सकिन्छ । यसमा निरन्तर परिश्रमको आवश्यकता पर्छ । अरूको विश्वास जित्न सक्नाले नै राम्रो व्यावसायी बन्न सकिन्छ । एकै पटकमा धेरै आम्दानी गर्छु भनेर महत्त्वाकाङ्क्षी हुनुहुँदैन । जुन क्षेत्रको काम गर्ने हो त्यसको बारेमा केही न केही पूर्व जानकारी आवश्यक पर्छ र काम सुरु गरेपछि धैर्य लिएर निरन्तर लागिरहनुपर्छ ।

उत्तिमबहादुर : तिमीले यसबाट के के सफलता पायौ त अहिलेसम्म ?

मखिमलाल : स्वरोजगारमा लाग्दा अरूलाई पनि रोजगारी दिन सकिँदो रहेछ । तरकारी खेतीमा लागेर मैले छोराछोरीलाई राम्रै विद्यालयमा पढाएको छु । ऋण मुक्त भएको छु । मैले त केही बाख्रा पनि पालेको छु । बर्सेनि खसीबोका बेचेर त्यसबाट पनि कमाइ राम्रै भएको छ । त्यसैले म त स्वरोजगारमै रमाएको छु ।

उत्तिमबहादुर : तिमीलाई भेटेर आज मैले धेरै कुरा थाहा पाएँ ।

मखिमलाल : हेर उत्तिम, धेरै युवाहरू आफूलाई मन पर्ने व्यवसायसम्बन्धी तालिम लिएर स्वरोजगारमा संलग्न भई आर्थिक उन्नतिमा लागेका छन् । कतिपय मानिस वैदेशिक रोजगारी छाडेर अनि कतिपयले त स्वदेशकै जागिर त्यागेर स्वरोजगार बनेका उदाहरण पनि भेटिन्छन् । सानो काम गर्दागर्दै ठुलो उद्यमी बन्न सकिन्छ । अर्गानिक तरकारीको माग बजारमा निकै बढेको छ । यसतर्फ पनि ध्यान दिन सके राम्रै हुन्छ । अनलाइनमार्फत पनि कृषिजन्य वस्तुहरूको बिक्रीवितरण गर्नेतर्फ कतिपय युवाहरू लागेका छन् । स्वच्छ र गुणस्तरीय कृषिजन्य वस्तुहरू सहजै रूपमा उपभोग गर्न पाइने भएकाले सहरी क्षेत्रमा यस कार्यलाई अझै विस्तार गर्न सकिन्छ । त्यस्तै कपाल काट्ने पेसा पनि आम्दानीको राम्रो क्षेत्र हो । यसबाट अहिले वार्षिक अर्बौं रुपैयाँ बिदेसिएको तथ्याङ्क हामीले पढिरहेका छौँ । यससम्बन्धी तालिम लिएर जुनसुकै गाउँमा पनि यो व्यवसाय सुरु गर्न सकिन्छ । यसबाट बिदेसिएको

रकमले हाम्रो जीवनस्तर पनि माथि उठ्छ । देशको पैसा देशभित्रै रहन्छ । यसबाट देशलाई धनी बनाउन सहयोग पुग्छ ।

उत्तिमबहादुर : आज तिमीलाई भेटेर निकै राम्रो भयो । मैले आफ्नो सोच परिवर्तन गरेँ । म पनि आफ्नै देशमा बसेर स्वरोजगार बन्छु । म आफ्नो पुँजी, ज्ञान र सिप आफ्नै देशको माटोमा खन्याउँछु ।

## १२. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशन अनुसार गर्नुहोस् :

(मिलन र मोनिका विद्यालयबाट घरतिर फर्कँदै छन् । )

मिलन : मोनिका तिमीले निमको रुख देखेकी छौ ?

मोनिका : किन आज तिमीलाई निमको याद आयो ? मेरो घरमा त जडीबुटी प्रशस्तै छन् ।

मिलन : आज घरमा एक जना पाहुना आउनुभएको छ । उहाँ तनावमा पनि देखिनुहुन्छ । मेरी आमालाई निमपानी पकाउन लगाएर पिइरहनुभएको छ । घरमा भएको निमको पत्ता सकियो त्यसैले सोधेको ।

मोनिका : किन निमको पानी मात्र पिउनुभएको भनेर सोधिनौ ?

मिलन : आज निमको पात भेटिनँ भने सोध्छु ।

मोनिका : निमको पात पकाएपछि त्यो पानी तितो हुन्छ । गाउँमा हुँदा मेरा हजुरबाबाले उच्च रक्तचापको समस्या हुने छिमेकीलाई यही पानी पिउन सल्लाह दिएको मलाई याद छ । गाउँबाट आएकाले त्यही खाने बानी परेको होला । ठिक छ । हिँड आज हाम्रै घरको बाटो जाऔँ । तिमीले आफैँ रुख चढेर पात टिपेरलानुपर्छ नि फेरि ।

मिलन : हुन्छ ।

**माथिको कुराकानी पढेर तपाईंको मनमा कस्तो प्रकारको जिज्ञासा उत्पन्न भयो ? सुनाउनुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेदबाट पूर्णपक्षका क्रियापद पहिचान गरी छलफल गर्नुहोस् :**

हिजो गुरुआमाले हामीलाई व्याकरण पढाउनुभएको थियो। सामग्री प्रदशर्नमा मैले गुरुआमालाई सघाएकी थिएँ। साथीहरूले राम्रोसँग पढेका छन्। जमुनाले व्याकरणमा ध्यान दिएकी छैनन्। सिकाइमा व्याकरणले भाषालाई सघाएको हुने छ। हरेक दिन गुरुआमाले गृहकार्य दिनुभएको हुने छ।

२. **दिइएको अनुच्छेद पढी अज्ञात र अभ्यस्त पक्षका क्रियापद पहिचान गरी लेख्नुहोस् :**

हरेक वर्ष सारङ्गी बजाउने एक जना दाइ हाम्रो घरमा आउनुहुनथ्यो । मलाई सारङ्गीको धुन मन पर्थ्यो। म उहाँलाई घरमा भएका खानेकरा दिन्थेँ । लुगाफाटा माग्दा ती पनि दिन्थेँ। एक दिन सारङ्गी दाइले समाजमा घटेको घटनालाई गीतको माधयमबाट भन्नुभएछ। कताकताबाट हजुरबुबा टुप्लुक्क आइपुग्नुभएछ। हजुरबुबाका आँखा रसाएछन्। आमाले देख्नुभएछ। आमाले के भयो भनी सोध्नुभएछ तर हजुरबा बोल्नुभएनछ।

३. **कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :**

(क) भाइ चउरमा ...................................( खेल् : वर्तमान पूर्ण पक्ष)

(ख) बहिनीले पूजाका भाँडा ..........................(माझ् : अज्ञात पक्ष )

(ग) म सधैँ मिहिनेत गरेर ...............................(पढ् : अभ्यस्त)

(घ) बाबाले चिठी .........................................(लेख् : भूतकाल पूर्ण पक्ष)

(ङ) आमा तिजमा मामाघर ..............................(जा : भविष्यत काल पूर्ण पक्ष)

(च) खोलामा बाढी ..........................................(आउ : अज्ञात पक्ष)

(छ ) साथीहरू कुरैकुरामा ...................................(रिसाउ : अभ्यस्त पक्ष)

४. अज्ञात पक्ष जनाउने फरकफरक क्रियापदको प्रयोग गरी आफूले देखेको कुनै घटनाको वर्णन १० वाक्यमा गर्नुहोस् ।

५. दिइएको अनुच्छेद पढी 'ऋ' र 'रि' प्रयोग भएका शब्द टिपोट गर्नुहोस् ।

व्यास नगरपालिकाको नामकरण व्यास ऋषिको नामबाट गरिएको हो । कथामा व्यास ऋषि पराशर ऋषिका छोरा भएको कुरा वर्णित छ । यो कथा सुन्दा रितालाई अचम्म लाग्छ । व्यास गुफा पर्ने मूलबाटामा व्यासको मूर्ति स्थापना गरिएको छ । त्यो मूर्ति हेर्न आउँदा ऋतु रिबन बाटेर आएकी थिई । गुरुपूर्णिमामा व्यास ऋषिसँग, व्यास गुफासँग सम्बन्धित निबन्ध प्रतियोगिता राखियो । यस प्रतियोगितामा भाग लिन ऋसभ र ऋषभी आए ।

६. ऋ र रि प्रयोग भएका पाँच पाँचओटा शब्द सङ्कलन गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

## सुनाइ र बोलाइ

तलको पाठ सुनेर उत्तर दिनुहोस् :

### जीवनजतिकै नजिक !

*अम्बर गुरुङ*

एक प्रतिष्ठित महिलाले हालै मात्र मलाई तपाईं यो उमेरमा पनि गाउँदै हुनुहुन्छ कि ? भन्ने प्रश्न राखिन् । मैले गाउँदै छु भन्ने उत्तर दिँदा उनले मलाई आश्चर्यचकित भएर हेरिन् । ८० वर्षको मानिस दौडिन सक्छ र चाहन्छ भने उसलाई दौडिन दिनुपर्छ भन्ने म मान्छु । २० वर्षको गायकले कर्कश पाराले गाउँछ भने उसले या त गायन त्याग्नुपर्छ या आफूलाई सपार्नुपर्छ । त्यसैले यो उमेरको कुरा नभई सिप, बुद्धि र लगनको कुरा हो । सफलताको आधाभन्दा बढी श्रेय त भावनात्मक पाटालाई जान्छ । सङ्गीत अनन्त, असीमित र स्वतन्त्र हुन्छ । मृत्युबाहेक हरेक रोगको ओखती हुन्छ । हामी वृद्ध हुन्छौँ । यो अनिवार्य तथ्य हो । प्रकृतिसँग जुध्न कहिल्यै सकिँदैन पनि । त्यसैले म गायनलाई जैविक प्रक्रिया ठान्छु । मेरा लागि सङ्गीत पूजा हो, साधना हो र यो एक खालको आशीर्वाद पनि हो । कुनै जमानामा माइकको अगिल्तिर उभिन पाउनु नै गर्वको विषय हुन्थ्यो । अब त्यो जमाना बदलिइसक्यो । हामी परिवर्तनलाई रोक्न सक्दैनौँ ।

म मनोरञ्जनको क्षेत्रमा मात्रै स्थापित हुन सक्दिनँ । सिर्जनात्मक गुणस्तरका बारेमा म दोब्बर नै गम्भीर हुन्छु । मेरा लागि सङ्गीत पुरातन कला हो । मानव र मानवताको महान् संस्कृति हो । सङ्गीतले बिगार्दैन, बनाउँछ मात्रै । यसले चोट दिँदैन बरु निको पार्छ । यसले घृणा गर्दैन, अझ मनको नजिक ल्याउँछ । त्यसैले सङ्गीत सबैका लागि सर्वप्रिय छ । म समयलाई जहिल्यै बलशाली शक्तिका रूपमा लिन्छु । अगमसिंह गिरी, शङ्कर लामिछाने, भूपी शेरचन, हरिभक्त कटुवाल, वैरागी काइँला, ईश्वरवल्लभ जस्ता साहित्य र सङ्गीत दुवै बुझ्ने थुप्रै व्यक्ति मसँग थिए । दार्जिलिङ आएका वेला महाकवि देवकोटाले मलाई भनेका थिए, "सङ्गीतको भविष्य उज्यालो छ, नछाड्नू !" सङ्गीतमा लागिरहनाले एउटा इतिहास खडा भएको छ भन्ने लाग्छ । मैले मेरो पहिलो गीतको पहिलो धुन गाएको क्षणदेखि नै सङ्गीत झनै सुन्दर र अनुपम लाग्छ । म चाहन्छु, "यो आभास मलाई बाँचुन्जेल भइरहोस् !"

१. पाठ सुन्नुहोस् र ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) महिलाले लेखकलाई आश्चर्य चकित भएर हेरिन् ।

(ख) मृत्युसहित हरेक रोगको ओखती हुन्छ ।

(ग) लेखकका लागि सङ्गीत पुरातन कला हो ।

(घ) लेखकसँग प्रकृति र सङ्गीत दुवै बुझ्ने थुप्रै साथी थिए ।

२. सुनाइ पाठका आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) सफलताको आधारभन्दा बढी श्रेय केलाई दिनुपर्छ ?

(ख) लेखक कुन विषयलाई गर्व मान्थे ?

(ग) सङ्गीत कसरी सर्वप्रिय छ ?

(घ) कसले लेखकलाई सङ्गीत नछाड्नु भनेका थिए ?

## सिर्जना र परियोजना कार्य

१. 'पदमार्ग' शीर्षकमा छोटो संवाद लेख्नुहोस् ।

२. तपाईँलाई मन पर्ने कुनै रेडियो कार्यक्रम सुन्नुहोस् र त्यसका मुख्य मुख्य विषयवस्तु टिपोट गर्नुहोस् ।

# पाठ ८

## पूर्वपठन

तलको चित्र हेरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :










(क) माथिका चित्रमा तपाईँ के के देख्नुहुन्छ ?

(ख) मानिसले के के बेच्छन् होला ?

(ग) वैदेशिक व्यापार भनेको के होला ?

मूल पाठ

# नेपालको वैदेशिक व्यापार



कुनै पनि वस्तु वा मालसामान खरिद अथवा उत्पादन गरेर बिक्रीवितरण गर्ने कार्यलाई व्यापार भनिन्छ। व्यापारको सामान्य उद्देश्य नाफा कमाउनु हो तथापि यसलाई नाफामूलक र सेवामूलक व्यवसाय मान्ने गरिन्छ। वस्तु वा मालसामानको प्रकृतिअनुसार व्यापारलाई सामान्यतः स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापार गरी तीन भागमा वर्गीकरण गर्ने गरिन्छ। स्थानीय व्यापार भन्नाले स्थानीय स्तरमा उत्पादित वस्तु वा मालसामान त्यहीँ बेचबिखन गर्ने भन्ने बुझिन्छ। राष्ट्रिय व्यापारअन्तर्गत देशका कुनै भूभागमा वस्तु वा मालसामान उत्पादन गरी देशभित्र कै अर्को स्थानमा किनबेच गरिन्छ। यदि अर्को मुलुकमा वस्तु वा मालसामान किनबेच हुन्छ भने त्यसलाई अन्तर्राष्ट्रिय व्यापार भनिन्छ।

मानिसले मुद्राको प्रचलन हुनुभन्दा अगाडि अन्न, वस्तुभाउ, सामान आदि साटासाट गरेर आवश्यकता पूरा गर्थे। यस्तो तरिकालाई वस्तु विनिमय भनिन्छ। वस्तु विनिमय प्रथामा तत्कालको खाँचो टरे पनि धेरै समस्या हुन्थे। वस्तुको स्तर मापनको अभाव, वस्तु विभाजन गर्न कठिनाइ, भण्डारण गर्ने समस्या तथा साटिने दुई फरक वस्तुबिचको मात्रा निर्धारणमा समस्या वस्तु विनिमय प्रणालीका प्रमुख समस्या हुन्। मुद्राको प्रचलन भएपछि व्यापार व्यवसायमा

सहज भएको देखिन्छ । स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तीनै किसिमका व्यापारको आधार मुद्रा हो ।

नेपाल प्राचीन कालदेखि नै व्यापार व्यवसायमा समृद्ध रहेको कुरा विदेशी यात्रीका पुस्तक तथा ऐतिहासिक सामग्रीमा उल्लेख छ । लिच्छविकालमा नेपालमा कृषि र पशुपालनका साथै मूर्ति उद्योग, धातु उद्योग, तेल उद्योग आदिसँग सम्बन्धित व्यवसाय अर्थतन्त्रका प्रमुख आधार थिए । नेपालमा त्यस बखत बाह्य व्यापार विशेषतः तिब्बत र भारतसँग हुने गर्थ्यो । व्यापारलाई सहज बनाउन सुन, चाँदी तथा तामाका मुद्रा प्रचलनमा ल्याइएका थिए । सेनवंशीका पालामा कृषि तथा घरेलु उद्योगको राम्रो विकास भएको थियो । त्यस वेलामा चर्मकार, लोहकार, सुवर्णकार, ताम्राकार जस्ता व्यावसायिक वर्ग विभाजन गरिएको थियो । सेनवंशीका पालामा पाल्पा राज्य भारत र तिब्बतको प्रमुख व्यापारिक केन्द्र थियो । यही व्यापारिक केन्द्रबाट जुहारत, कपास, उन, धागो, जडीबुटी, घोडा, हात्ती, खाद्यान्न तथा फलाम निर्यात गरिन्थ्यो । पाल्पा राज्यले व्यापारिक विकासका लागि सामाकोट थुम्कामा टकसार कार्यालय स्थापना गरेको थियो । यही टकसारमा विभिन्न मुद्रा बनाइन्थे ।

मल्लकालीन नेपाललाई अर्थतन्त्रको स्वर्णकाल मानिन्छ । यस बखतमा उद्योगधन्दा तथा व्यापारिक समृद्धिले नै सबल अर्थतन्त्रको आधारशीला निर्माण भएको पाइन्छ । मल्लकालमा काष्ठकला, वास्तुकला, मूर्तिकला तथा धातुकलाको अत्यधिक विकास भएको थियो । घर घरमा तान राखेर कपडा बुनिन्थ्यो । तामा, पित्तल र फलामका भाँडाकुँडा उल्लेख्य मात्रामा उत्पादन गरिन्थ्यो । तेल पेल्ने उद्योग पनि फस्टाएका थिए । सुनचाँदीका गहना पनि विदेशी बजारसम्म पुग्थे । मल्लकालीन समयमा आन्तरिक तथा बाह्य दुवै किसिमका व्यापार सञ्चालित थिए । तिब्बतको राजधानी ल्हासामा नेपाली वाणिज्य दूतावास स्थापना गरिएको थियो । नेपालले तिब्बतमा झैँ भारतमा पनि निर्वाध रूपमा व्यापार गर्ने गर्थ्यो । सुनौली, पटना, वनारस जस्ता भारतका प्रमुख व्यापारिक केन्द्रमा नेपाली व्यापारिक कोठी खोलिएका थिए । उति वेला नेपालले भारतमा खाद्यान्न, औषधीजन्य जडीबुटी, धातुका सामान, धूप, रङ, हाड, छाला आदि निर्यात गर्थ्यो भने मसला, नुन, रेसमी कपडा आदि आयात गर्थ्यो । मल्ल राजामध्ये महेन्द्र मल्ल, प्रताप मल्ल र सिद्धिनरसिंह मल्लले व्यापारको विकास तथा विस्तारमा विशेष योगदान दिएको पाइन्छ । महीन्द्र मल्लले महेन्द्रमल्ली नामक मुद्रा प्रचलनमा ल्याएका थिए । प्रताप मल्लले तिब्बतसँग व्यापार सञ्चालन गरेका थिए । सिद्धिनरसिंह मल्लले गोरखासँग व्यापारिक सम्बन्ध विकास गरेका थिए ।

शाहवंशीय राजा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाका राज्य एकीकरण गरेपछि पनि नेपालबाट तिब्बत तथा भारतबिचको अन्तर्राष्ट्रिय व्यापारले निरन्तरता पाएको थियो । बहादुर

शाहका शासनकालमा तिब्बतसँग युद्ध भएपछि नेपाल र तिब्बतबिच खटपट भयो । यस बखत नेपाल सम्पूर्ण रूपमा एकीकरणमा केन्द्रित भएका कारण खाद्यान्न, भाँडाकुँडा, हस्तकला, मूर्तिकला, कपडा जस्ता वस्तु उत्पादनमा ह्रास हुन थाल्यो । फलस्वरूप नेपालले पर्याप्त मात्रामा सामान निर्यात गर्न सकेन । राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको शासनकालमा पुनः नेपाल र तिब्बतबिच युद्ध भयो । राणाकालीन समयमा मुलुकमा उद्योगधन्दा निर्वाहमुखी ढङ्गमा सञ्चालित भए । यस समयमा ईँटा उद्योग, काष्ठ उद्योग र धातु उद्योगले अन्य उद्योगका तुलनामा फस्टाउने अवसर पाए । राणाकालमा तिब्बतसँग सिमाना जोडिएका नेपालको रसुवा, मनाङ, मुस्ताङलगायतका भूभागबाट मात्र तिब्बतसँग सीमित व्यापार हुन थाल्यो । भारतमा चाहिँ कृषिजन्य वस्तु, औषधीजन्य जडीबुटी, पशुजन्य उत्पादन, काठ आदिको निर्यात हुन्थ्यो ।

नेपालले वि.सं. २००७ को प्रजातन्त्र स्थापनापश्चात् विभिन्न मुलुकसँग दौत्यसम्बन्ध कायम राख्न सफल भयो । नेपालमा विदेशी पर्यटकको आवागमन वृद्धि भयो । विदेशी पर्यटकको आवागमनसँगै नेपाली हस्तकला, वास्तुकला, तयारी पोसाक, गलैँचा आदिले तेस्रो मुलुकमा प्रवेश पायो । यार्चागुम्बा, चिया, कफी, अलैँची, जुट जस्ता जडीबुटी तथा नगदेबाली विश्व बजारमा पुगिसकेका छन् । यहाँका गोलभेडा खुर्सानी, तितेकरेला, काउली, बन्दा, आलु जस्ता तरकारीले खाडी मुलुकमा बजार पाइरहेका छन् । हाल नेपालबाट विदेश निर्यात हुने प्रमुख वस्तुमा कृषिजन्य वस्तु, तयारी पोसाक र औषधीजन्य जडीबुटी, पशुजन्य कच्चा पदार्थ आदि पर्छन् ।

नेपालले वैदेशिक व्यापारमा प्रत्येक आर्थिक वर्ष व्यापार घाटा सहनुपरेको छ । मुलुकको अर्थतन्त्रका लागि यो गम्भीर विषय हो । नेपाली जनशक्ति विदेश पलायन हुनु तथा घरेलु प्रकृतिका उत्पादनमा मात्र सीमित हुनु समस्याको कुरा हो । निर्वाहमुखी कृषि उत्पादन, औद्योगिकीकरणप्रतिको निष्क्रियता, कच्चा पदार्थको आयात आदिका कारण पनि नेपालको वैदेशिक व्यापारमा चुनौती बढेको छ । विदेशी मुद्राका तुलनामा नेपाली मुद्राको अवमूल्यन हुनु नेपालको वैदेशिक व्यापार घाटाको प्रमुख कारण हो ।

नेपालले वैदेशिक व्यापार घाटा निराकरणका लागि आफ्ना जनशक्तिलाई स्वदेशमै रोजगारीको अवसर प्रदान गर्न सक्नुपर्छ । कपडा, जुत्ताचप्पल, कागज, खाने तेल, जस्ता उपभोग्य वस्तुमा आत्मनिर्भर हुन सक्नुपर्छ । प्राकृतिक संसाधनको समुचित उपयोग गर्नुपर्छ । विदेशमा उच्च माग भएका गलैँचा, मूर्ति जस्ता वस्तुलाई घरेलु उत्पादनबाट औद्योगिक उत्पादनमा रूपान्तरण गर्नुपर्छ । कृषिजन्य आयातलाई कम गर्नुपर्छ । यसो गर्दा एकातिर उत्पादन वृद्धि हुन्छ भने अर्कातिर लागत मूल्य कम पर्न जान्छ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायीकरण र आधुनिकीकरण गर्नु अपरिहार्य छ । भौगोलिक विविधताअनुसार अन्नबाली, फलफूल, माछा,

पन्छीजन्य तथा पशुजन्य उत्पादनमा लगानी बढाउनुपर्छ । धान, मकै, कोदो जस्ता अन्नबाली तथा स्याउ, केरा, आँप, मेवा जस्ता फलफूलको उत्पादन बढाउनुपर्छ । माछा, हाँस, कुखुरा, अन्डा आदिमा आत्मनिर्भर हुनुपर्छ । गाई, भैँसी, भेडा, बाख्रा, च्याङ्ग्रा जस्ता पशुपालन गरी दुध, मासु, उन जस्ता पशुजन्य वस्तुको उत्पादन बढाएर आत्मनिर्भर हुनुपर्छ । विदेशमा अत्यधिक माग भएका चिया, अलैँची, कफी, मह आदिको उत्पादन बढाउनुपर्छ । नेपाल कृषिप्रधान मुलुक भएकाले कृषिजन्य उत्पादनलाई निर्यात गर्न सक्नुपर्छ । जडीबुटी, छाला, उनलगायतका कच्चा पदार्थको निर्यात गर्नुभन्दा औषधी, ज्याकेट, पेटी, तयारी पोसाक, गलैँचा जस्ता उपभोग्य वस्तु उत्पादन गरी निर्यात गर्नु आर्थिक रूपमा लाभदायक हुन्छ ।

नेपाली मुद्रालाई विदेशी मुद्रासँग प्रतिस्पर्धी बनाउन अर्थतन्त्र सबल हुनुपर्छ । महँगा मोटरगाडी, मोबाइल, टेलिभिजन जस्ता विलासी वस्तुको आयातलाई निरुत्साहन गर्नुपर्छ । बरु यस्ता वस्तुलाई स्वदेशमै उत्पादन गर्न प्रोत्साहन गर्नुपर्छ । नेपाली विद्यार्थी विदेश अध्ययन गर्न गएका कारणले भइरहेको स्वदेशी मुद्राको बहिर्गमनलाई रोक्नुपर्छ । नेपाली मुद्रा बिदेसिनबाट रोक्न सकेमात्र पनि अर्थतन्त्र सबल बनाउन मदत पुग्छ ।

राष्ट्रको दिगो अर्थतन्त्रका लागि सन्तुलित वैदेशिक व्यापार अनिवार्य सर्त हो । नेपालले वैदेशिक व्यापारका माध्यमबाट विदेशी मुद्रा आर्जन गरी अर्थतन्त्रलाई मजबुत बनाउन सक्छ । मुलुकको धार्मिक, सांस्कृतिक, भौगोलिक विविधतालाई विश्वसामु परिचित गराई विदेशी पर्यटकलाई आकर्षित गर्न सहज हुन्छ । समृद्ध अर्थतन्त्रका लागि बाह्य पर्यटन अपरिहार्य हुन्छ । मुलुकमा विदेशी पर्यटकसँगै विदेशी मुद्रा पनि भित्रिन्छ । नेपालले वैदेशिक व्यापार र बाह्य पर्यटनलाई समानान्तर रूपमा प्रवर्धन गर्न सके तीव्र गतिमा आर्थिक विकास हासिल गर्न सहज हुन्छ । विभिन्न देशबिच हुने व्यापारलाई व्यवस्थित गर्न अन्तर्राष्ट्रिय स्तरमा विश्व व्यापार सङ्गठन स्थापित छ । नेपाल विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्र भएका कारण भूपरिवेष्टित देशले व्यापार पारवाहनको समस्या भोग्नु पर्दैन । नेपालले बहुराष्ट्रिय कम्पनीमार्फत पुँजी आकर्षित गरी औद्योगिकीकरण बढाई रोजगारीको सिर्जना गर्न सक्छ ।

नेपालले लिच्छवि तथा मल्लकालमा वैदेशिक व्यापारबाट सबल अर्थतन्त्रको आधारशिला तयार पारेको तथ्यलाई नकार्न सकिँदैन । नेपालसँग वैदेशिक व्यापारको पुरानो विरासतलाई पुनः ब्युँताउने अवसर छ । मानवीय तथा प्राकृतिक संसाधनको उपयोग गर्नुपर्छ । पुँजी लगानीको समुचित वातावरण तयार गर्नुपर्छ । आधुनिक प्रविधिको उपयोग गरी गुणस्तरीय वस्तुको उत्पादन वृद्धि गर्नुपर्छ । यस्ता प्रयासबाट मात्र नेपालले विश्व बजारमा प्रतिस्पर्धात्मक उपस्थिति जनाउन सक्छ । मुलुकको समृद्धिका लागि सबल अर्थतन्त्र आवश्यक हुन्छ । दर्बिलो अर्थतन्त्रका लागि सन्तुलित वैदेशिक व्यापार अपरिहार्य छ ।

## शब्दभण्डार

### १. तलका शब्द र तिनका अर्थ पढेर बुझ्नुहोस् :

| | | |
|---|---|---|
| मापन | : | नाप्ने काम, माप |
| प्रणाली | : | कुनै काम गर्ने विधि, पद्धति |
| चर्मकार | : | छालाको काम गर्ने मानिस |
| लोहकार | : | फलामको काम गर्ने मानिस |
| सुवर्णकार | : | सुनको काम गर्ने मानिस |
| ताम्रकार | : | तामाको काम गर्ने मानिस |
| वाणिज्य | : | व्यापार |
| निर्वाहमुखी | : | काम चलाउ स्थिति |
| दौत्य | : | दूतले गर्ने काम वा कर्तव्य |
| आवागमन | : | आउने जाने काम |
| कच्चा पदार्थ | : | उपभोग गर्नुभन्दा अगिल्लो अवस्थाको वस्तु |
| निराकरण | : | समाधान गर्ने उपाय |
| रूपान्तरण | : | एक अवस्थाबाट अर्को अवस्थामा परिवर्तन |
| व्यावसायीकरण | : | व्यवसायलाई उच्च प्राथमिकता राख्ने कार्य |
| निरुत्साहित | : | उत्साहित नबनाउने किसिमको |
| भूपरिवेष्टित | : | समुद्रलाई नछोएको देश |
| विरासत | : | प्रतिष्ठा, इज्जत |

### २. पाठबाट तलका अर्थ जनाउने शब्द खोजेर लेख्नुहोस् :

(क) उपभोग गर्नुभन्दा अगिल्लो अवस्थाको वस्तु :

(ख) देशलाई उद्योगप्रधान बनाउने कार्य :

(ग) कुनै वस्तुको मूल्य घट्ने वा महत्त्व कम हुने क्रिया :

(घ) समाधान गर्ने उपाय :

(ङ) एक अवस्थाबाट अर्को अवस्थामा परिवर्तन :

(च) व्यवसायलाई उच्च प्राथमिकता राख्ने कार्य :

(छ) उत्साहित नबनाउने किसिमको :

(ज) समुद्रलाई नछोएको देश :

(झ) प्रतिष्ठा, इज्जत :

## ३. उपयुक्त अर्थसँग जोडा मिलाउनुहोस् :

| **शब्द** | **अर्थ** |
|---|---|
| विनिमय | कुनै वस्तुको मूल्य घट्ने वा महत्त्व कम हुने क्रिया लिने काम |
| अर्थतन्त्र | भवन निर्माण गर्ने शिल्प |
| टकसार | देशलाई उद्योगप्रधान बनाउने कार्य |
| वास्तुकला | सरकारको रुपियाँपैसासम्बन्धी काम गर्ने प्रणाली |
| दूतावास | एउटै बनाउने काम |
| एकीकरण | कुनै देशमा अन्य देशका अधिकारी रहने ठाउँ |
| औद्योगिकीकरण | एउटा वस्तु दिएर अर्को वस्तु |
| अवमूल्यन | धातुबाट सिक्का बनाउने सरकारी कार्यालय |
| | हातहतियार नष्ट गर्ने काम |

## ४. कोष्ठकबाट खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :

(क) विश्वमा ......... को सङ्कट बढ्दै छ। (अभिलेख, इन्धन, परिपत्र)

(ख) एक्सरेबाट ........... आउँछ। (विकिरण, निशस्त्रीकरण, जीवाणु)

(ग) नेपालको संविधानले ................ तोकेको छ। (मौलिक हक, सहवरण, अनुसन्धान)

(घ) ............... ले निर्वाचन गराउँदै छ । (प्रक्षेपण, विधेयक, निर्वाचन आयोग)

(ङ) प्राकृतिक .................... को समुचित प्रयोग गर्नुपर्छ । (सम्पदा, प्रविधि, अर्थतन्त्र)

५. **दिइएका पदावली बुझाउने शब्द 'नेपालको वैदेशिक व्यापार' प्रबन्धबाट पहिचान गरी लेख्नुहोस् :**

(क) सरकारको आर्थिक प्रणाली

(ख) आउने जाने काम

(ग) आधुनिक बनाउने काम वा प्रक्रिया

(घ) उत्पन्न गरेर वा उब्जाएर तयार पारिएको वस्तु

(ङ) चारैतिरबाट जमिनले घेरिएको देश

६. **'नेपालको वैदेशिक व्यापार' प्रबन्धबाट पाँचओटा पारिभाषिक/प्राविधिक शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

बिक्रीवितरण, भण्डारण, मुद्रा, भाँडाकुँडा, व्यापारिक, कृषिजन्य, औद्योगिकीकरण, निष्क्रियता, भूपरिवेष्टित, प्रतिस्पर्धात्मक

२. **'नेपालको वैदेशिक व्यापार' प्रबन्ध सस्वरवाचन गरी सुनाउनुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) वस्तु विनिमय भनेको के हो ?

(ख) टक्सारमा के बनाइन्छ ?

(ग) नेपालमा अन्तर्राष्ट्रिय व्यापार कहिलेदेखि भएको थियो ?

(घ) नेपालबाट विदेश निर्यात हुने मुख्य वस्तु के के हुन् ?

(ङ) हामीले के निर्यात गर्नु आवश्यक छ ?

(च) पाठको पहिलो अनुच्छेदमा कुन विषयवस्तु समेटिएको छ ?

**५. 'नेपालको वैदेशिक व्यापार' प्रबन्धको पहिलो अनुच्छेद सुनेर लेख्नुहोस् ।**

**६. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) स्थानीय व्यापार र राष्ट्रिय व्यापारको परिचय दिनुहोस् ।

(ख) सेनवंशका पालाको व्यापारको वर्णन गर्नुहोस् ।

(ग) शाहवंशका पालामा के कस्ता सामानको व्यापार हुन्थ्यो ?

(घ) वैदेशिक व्यापार घाटा हुनुका कारण के के हुन् ?

(ङ) नेपालको वैदेशिक व्यापार कसरी दर्बिलो हुन सक्छ ?

**७. 'नेपालको वैदेशिक व्यापार' प्रबन्धको चौथो अनुच्छेदबाट चारओटा प्रश्न बनाउनुहोस् र तिनका उत्तर पनि लेख्नुहोस् ।**

**८. व्याख्या गर्नुहोस् :**

(क) विदेशी मुद्राका तुलनामा नेपाली मुद्राको अवमूल्यन हुनु नेपालको वैदेशिक व्यापार घाटाको प्रमुख कारण हो ।

(ख) दिगो अर्थतन्त्रका लागि सन्तुलित वैदेशिक व्यापार अनिवार्य सर्त हो ।

**९. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गर्नुहोस् :**

इलाममा चिया र अकबरे खुर्सानी उत्पादन हुन्छ । पाल्पाको पहिचान ढाका कपडा र ढलोटको करुवासँग गाँसिएको छ । भोजपुरको खुकुरी र भाँडाकुँडा प्रसिद्ध छन् । चितवनमा उत्पादन भएको मह देशभर बिक्री भइरहेको छ । धादिङ र काभ्रेमा फलेको तरकारी काठमाडौँको भान्सामा पाक्छ । पाटनमा बनेका थाङ्का तिब्बतमा बेचबिखन हुन्छन् । जुम्लामा फल्ने मार्सी धानले काठमाडौँ, पोखरालगायतका सहरमा बजार पाएको छ । मानिसले जुम्ला, सोलुखम्बु र मुस्ताङको स्याउ, गोरखाको सुन्तला, रामेछापको जुनार खोजी खोजी खान थालेका छन् ।

नेपालका सबै ठाउँमा यातायातको सुविधा छ । यातायातका कारण इलामको चिया धनगढीमा पाइन्छ । यातायात तथा सञ्चारले फरक फरक ठाउँलाई मात्र होइन जनताका भावना र सम्बन्धलाई पनि जोडेको छ ।

### १०. तलको अनुच्छेद पढी सारांश लेख्नुहोस् :

नेपाली मुद्रालाई विदेशी मुद्रासँग प्रतिस्पर्धी बनाउन अर्थतन्त्र सबल हुनुपर्छ । महँगा मोटरगाडी, मोबाइल, टेलिभिजन जस्ता विलासी वस्तुको आयातलाई निरुत्साहन गर्नुपर्छ । बरु यस्ता वस्तुलाई स्वदेशमै उत्पादन गर्न प्रोत्साहन गर्नुपर्छ । नेपाली विद्यार्थी विदेश अध्ययन गर्न गएका कारणले भइरहेको स्वदेशी मुद्राको बहिर्गमनलाई रोक्नुपर्छ । नेपाली मुद्रा बिदेसिनबाट रोक्न सकेमात्र पनि अर्थतन्त्र सबल बनाउन मदत पुग्छ ।

### ११. नेपालका घरेलु उद्योगबाट बनेका सामानको विदेशमा प्रवर्धन कसरी गर्न सकिन्छ ? आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

### १२. औद्यागिकीकरणको महत्त्वबारेमा आफ्नो विचार लेख्नुहोस् ।

### १३. दिइएको कुराकानी पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

विद्यालयमा शनिबारका दिन वनभोज जाने सूचना सुनाइयो । त्यसका लागि विद्यार्थीले प्रतिव्यक्ति ५०० रुपियाँ बुझाउनुपर्ने भयो । वियसँग पैसा थिएन । बाआमाले पनि दिन सक्ने अवस्था थिएन । त्यसैले उसले वनभोज नजाने विचार गऱ्यो । यो कुरा विजयलाई मात्र थाहा थियो । उसले साथीहरूलाई यो कुरा सुनायो र आफूले उसको पनि पैसा हालिदिने विचार गऱ्यो । उसले पैसा हालिदिएको कुरा विनयलाई नभन्न पनि अनुरोध गऱ्यो । सबैको निर्णअनुसार विनयलाई निःशुल्क वनभोज लाने निर्णय भयो । यसबाट विनय खुब खुसी भयो ।

### विनयलाई जस्तै कुनै साथीलाई समस्या पर्दा तपाईँले कस्तो सुझाव दिएर समस्या समाधान गर्नुभएको छ ? लेख्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएको अनुच्छेदमा रातो रङ लगाइएका नामयोगी र क्रियायोगी पद पहिचान गरी लेख्नुहोस् :

म हिजो चाँडै घर फर्किएँ । साथीहरू पनि अकस्मात् मेरो घरमा आए । आमाबुबासँग दिदी र बहिनी खेतमा जानुभएको थियो । हामीलाई देखेर आमाबा पनि खेतबाट सरासर आउनुभयो । घरभरि छोरीका साथी देखेर आमा मुसुक्क हाँस्नुभयो । बुबाले घरपछाडि रहेको करेसाबारीबाट सुन्तला ल्याउनुभयो । सबै जना आमनेसामने बसेर सुन्तला खायौँ । हाम्रो बारीका सुन्तला साह्रै रसिला छन् । मैले साथीहरूलाई बगैँचातिर डुलाएँ । हाम्रो घरमुनि बारी छ । बारीको आसपासमा खेत पनि छ ।

२. दिइएका रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :

(क) तिम्रो घरअगाडि आँपको रुख छ तर त्यसमा फल लाग्दैन रे ।

(ख) स्याबास ! सबै जनाले असाध्यै राम्रो काम गऱ्यौ अनि इज्जत राख्यौ ।

(ग) आजका साना बालबालिका भोलिका कर्णधार हुन् । हामी उनीहरूप्रति जिम्मेवार बन्नुपर्छ है ।

(घ) नेपाल विभिन्न धर्म, संस्कृति र परम्परा भएको सुन्दर राष्ट्र हो । हामी यहाँको विविधतासँग परिचित छौँ ।

३. तल दिइएका शब्द कुन कुन वर्गमा पर्छन्, पहिचान गरी लेख्नुहोस् :

त्यसरी, भने, तर, पर्यन्त, हस्याङफस्याङ, कटक्क, धत्, नदी, प्रकृति, दयालु, दया, नेपाल, सुन्दर, बेसरी, सँग, सित, अनुसार, पनि, अनि, जसरी, ओहो, है, धत्, आत्था, क्यारे, ब्यारे, मुसुमुसु, उनी, हाम्रो, तिम्रो, आफ्नो, रमणीय, हिमाली, पहाड, मुक्तिक्षेत्र, भएर, निकै, राम्ररी, ल, उसलाई, पढ्छु, जाने छ, लेख्दै थियो

४. पाठबाट पाँच पाँचओटा नामयोगी र क्रियायोगी पद टिपोट गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

५. **दिइएका नामयोगी र क्रियायोगी प्रयोग गरी आफ्ना साथीका कुरा समेटेर एक अनुच्छेद लेख्नुहोस् :**

बिहान, नजिक, सहित, बित्तिक्कै, टुप्लुक्क, अलिकति, पट्टि, पछाडि, मुसुक्क, अकस्मात

६. **दिइएको अनुच्छेद पढी 'श', 'स', 'ष' प्रयोग भएका शब्दलाई अलग अलग तालिकामा लेख्नुहोस् :**

आषाढको महिना थियो । कृषक खेतमा थिए । पुष्पा, सङ्गम, सृष्टि, शैशव र शान्ति पनि रोपाइँ हेर्न गएका थिए । रमेश र रेस्मा पनि खेतमा गएका रहेछन् । एक्कासि सुधा बिरामी परिन् । उनको शरीर शिथिल भयो । उनको पेटमा समस्या रहेछ । उनलाई बोकेर अस्पताल लगियो । उनको शल्यक्रिया सफल भयो । सात दिनपछि उनी घर फर्किइने ।

७. **शुद्ध शब्द पहिचान गरी लेख्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| (क) | (अ) आश्चर्य | (आ) आस्चर्य | (इ) आस्स्चर्य | (ई) आष्चर्य |
| (ख) | (अ) पोसण | (आ) पोष्ण | (इ) पोशण | (ई) पोषण |
| (ग) | (अ) शाक्षर | (आ) षाक्षर | (इ) स्साक्षर | (ई) साक्षर |
| (घ) | (अ) शिशिर | (आ) सिशिर | (इ) शिसिर | (ई) षिषिर |
| (ङ) | (अ) संकृति | (आ) संश्कृति | (इ) संस्कृति | (ई) संष्कृति |

## सुनाइ बोलाइ

**तलको पाठ सुनेर सोधिएका प्रश्नको उत्तरदिनुहोस् :**

### राष्ट्र बैङ्क

देशको मौद्रिक प्रणालीलाई सबल बनाउन केन्द्रीय बैङ्कको भूमिका हुन्छ । बैङ्क तथा वित्तीय संस्थाको गतिविधि नियमन गर्ने उद्देश्यले स्थापित सरकारी बैङ्कलाई केन्द्रीय बैङ्क भनिन्छ । नेपालको केन्द्रीय बैङ्कलाई नेपाल राष्ट्र बैङ्क भनिन्छ । नेपाल राष्ट्र बैङ्कको स्थापना वि. सं. २०१३ वैशाख १४ माभएको हो । नेपाल राष्ट्र बैङ्कले हरेक आर्थिक वर्षमा मौद्रिक नीतिको तर्जुमा गर्छ । नोट निष्कासन गर्ने जिम्मेवारी पनि राष्ट्र बैङ्कले मात्र पाएको छ । राष्ट्र

बैङ्कले नोट निष्कासनका लागि सरकारसँग स्वीकृति लिनुपर्दैन । नोट निष्कासन गर्दा तोकिएको परिणाममा सुन, चाँदी, विदेशी मुद्रा तथा सरकारी ऋणपत्र सुरक्षण राख्नुपर्छ । विदेशी विनिमय दर निर्धारण गरी रुपियाँ साटासाट गर्न सहज बनाउने कार्य पनि राष्ट्र बैङ्कबाट नै हुन्छ । बैङ्कले सरकारको आर्थिक सल्लाहकारका रूपमा काम गर्ने हुनाले यसलाई सरकारको बैङ्क पनि भन्ने गरिन्छ । राष्ट्र बैङ्कको अनुमति र स्वीकृतिबिना बैङ्क तथा वित्तीय संस्थाको स्थापना हुँदैन । केन्द्रीय बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई आवश्यक परेको अवस्थामा कर्जा प्रवाहसमेत गर्ने हुनाले यसलाई बैङ्कको पनि बैङ्क हो ।

**१. पाठ सुन्नुहोस् र तलका खाली ठाउँ भर्नुहोस् :**

(क) मौद्रिक प्रणाली सबल बनाउन .............. को भूमिका हुन्छ ।

(ख) .................. मा केन्द्रीय बैङ्कलाई राष्ट्र बैङ्क भनिन्छ ।

(ग) राष्ट्र बैङ्कले नोट निष्कासनका लागि ................ सँग स्वीकृति लिनुपर्छ ।

(घ) नेपाल राष्ट्र बैङ्कले हरेक आर्थिक वर्षमा .............. को तर्जुमा गर्छ ।

**२. पाठका आधारमा दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) कुन बैङ्कले विदेशी विनिमय दर निर्धारण गर्छ ?

(ख) राष्ट्र बैङ्कलाई किन बैङ्कको पनि बैङ्क भनिन्छ ?

(ग) नेपाल राष्ट्र बैङ्कको स्थापना कहिले भएको हो ?

(घ) नेपाल राष्ट्र बैङ्कलाई किन सरकारको बैङ्क भनिन्छ ?

## सिर्जना तथा परियोजना कार्य

**१. दिइएका शीर्षकमा निबन्ध लेख्नुहोस् :**

(क) बचत गर्ने बानी (ख) पैसा कमाउने बाटो

**२. तपाईंको परिवारमा आम्दानीको स्रोत र खर्च हुने क्षेत्र अभिभावकसँग सोधेर लेख्नुहोस् ।**

# पाठ ९

## पूर्वपठन

तलका चित्र हेरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :







(क) चित्रमा तपाईँले के के देख्नुभयो ?

(ख) मानिसलाई किन पढ्न मन लाग्दैन ?

(ग) मानिस किन विदेश गएका होलान् ?

**मूल पाठ**

# पढ्न नसकेको पीडा

पात्र : दिनेश **समय : रातको नौ बजे**

स्थान : सुत्ने कोठा

*(दिनेश बोटे तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं छ मा बस्छन् । खरको छाना भएको सानो घर छ कोठाभित्र सिलोटको सानो गाग्री, काठले ठोकेर बनाएको सानो टेबल, बाँसको च्याकमा छरपस्ट पारेर राखिएका किताब छन् । उनलाई आज विद्यालयबाट फर्केपछि पढ्नतिर मन गएको छैन । बेलुकाको खाना खाएर सुत्नका लागि कोठामा गएको छ । उसको मनमा पढ्न नसकेर अव कसरी अगाडि बढ्ने भन्ने कुरा तँछाडमछाड गरिरहेका छन् । यसै विषयलाई लिएर उसका मनमा उठेका विचार यहाँ प्रस्तुत गरिएको छ... )*

विद्यालयमा बालकक्षामा भर्ना भएर पढेको पनि सात वर्ष बितिसकेछ । हजुरआमाले हात समाएर विद्यालय पुऱ्याएको याद अझै ताजा छ । नातिले धेरै पढोस् भनेर सधैँ पुकारा गर्ने हजुरआमाको इच्छा पूरा गर्ने सामर्थ्य अब ममा रहेन । हजुरआमा परलोक पुगेको पनि तीन वर्ष बित्यो । (**भित्ताको तस्बिर हेर्दै**) घरको अवस्था यस्तो छ । बाबा बिहान उठेदेखि साँझसम्म खोलामा बास छ । माझीको पेसा माछा मारेर जीवन गुजारा गर्ने । आमा अरुको मेलापात गर्दैमा ठिक्क छ । सानो परिवार भएर के गर्न जग्गा जमिन धेरै नभएपछि । म जेठो सन्तान पढेर जागिर खाउँला अनि बाबाआमालाई काममा नपठाई घरमा राख्ने रहर छ । तर मलाई आजभोलि विद्यालय गएर पढ्न मनै लाग्दैन । साथीहरूको कुरा सुन्छु । पढेर के हुन्छ ? माध्यमिक तह त पढेर उत्तीर्ण होऔँला रे त्यसपछि के गर्ने ? पल्लाघरे पण्डित बाजेका छोरा डिग्री पास गरेर बेरोजगार छन् । नेपालमा पढेर पनि जागिर खाने वातावरण छैन । (**यताउता हेर्दै**) कृषिमा नै आश्रित भएर बाँच्न त सकिनसकी किन पढ्ने ? स्थानीय तहमा पनि गरी खान सजिलो छैन । तरकारी खेती गऱ्यो, नगरपालिकाले बजार व्यवस्थापन गर्न सक्दैन । गतसाल गाउँलेले आम्दानीको स्रोत बढाउन भनेर पाखाभरि एभोकाडो रोपे । एक वर्षपछि फलत प्रसस्तै

लाग्यो। दाना पनि राम्रै भए तर सबै फतफत झरे, जोगाउनै सकिएन भनेर गुनासो गरे। एभोकाडो भुईंभरि हुँदा लामखुट्टेले बास गऱ्यो। गाउँभरि डेङ्गो रोग फैलियो। कतिले अकालमै ज्यान गुमाए (**पानी पिउँदै**) अर्को साल त गाउँलेले सबै रुख नै काटेर फाल्ने निर्णय गरे रे। कृषिबाट कम ब्याजदरमा ऋण लिएर कुखुरा पालन गरौँ भने आम्दानी लिने समयमा अनेक रोग आएर खत्तम। आफ्नै पुर्ख्यौली थलामा बसेर दुईचार पैसा कमाउने रहर ती परदेश गएका दाजुदिदीलाई नहुदो हो त ? यस्तै कारणले श्रमिक युवाहरू विदेश पलायन भएका रहेछन्। (**झ्यालबाट बाहिर हेर्दै**) म के गरूँ ? पढ्नमा त म चलाख छु। सीमान्तकृत छात्रवृत्ति पनि विद्यालयले दिएकै छ। फिस मात्रैको कुरा पनि भएन क्या। साथीभाइ खाजा खाने छुट्टीमा खाजा खान्छन्। आफूसँग कहिल्यै खाजा खाने पैसा हुँदैन। गुरुबाआमा दिनेश बोटेले पढेर आफ्नो सुरक्षित कोटामा जागिर खाला भनेको यसले त पढ्नै छाड्यो भनेर कराउनुहुन्छ। मलाई पनि पढ्ने रहर नभएको हो र ? घरको गरिबीको अवस्थाले कहिले १८ वर्ष पुगुँला र विदेश उडुँ जस्तो लाग्छ। (**झोक्राउँदै**) एक मन त यो पढाइ यहीँ छाडेर अनौपचारिक शिक्षातिर लागेर काम गर्दै पढूँ जस्तो लाग्छ। अरु देशका औपचारिक शिक्षा पढ्न नसकेका विद्यार्थीहरू पनि वैकल्पिक शिक्षा, अनौपचारिक शिक्षा पढेर तह तह पार गरी विदेश जाँदा रहेछन्। उनीहरूको तलबमान नै फरक हुने रहेछ भनेर छिमेकी दाइले आफ्नो साथीसँग कुरा गरेको सुनेथे। म पनि दाजुसँग सोध्न जानमन लागेछ। आ ... जान्न विद्यालयमा नै पढ्छु। दुःखसुख जेलेर।

घरको अवस्था अनि मेरो जेठो सन्तानको कर्तव्यले पनि मलाई विचलित गरायो। विदेश जाने उमेर पुग्न अझै छ वर्ष बाँकी छ। त्यतिन्जेलसम्म पढ्दै गरेत पास पनि भइएला । तर त्यस्तो पढ्नमा रुचि राख्ने मान्छे म पढ्नमा मनै गएन। आ ! यो मनमा पनि कति नानाभाँती कुरा खेलेको ? जसोतसो गरेर बिदाको दिन, शनिबार काम गरेर बाआमालाई सघाएर कक्षाबाह्र पास गर्छु अनि विदेश जान्छु। मिहिनेत गर्छु। बाबाआमाको घर टिनले छाउने रहर पूरा गर्छु। भाइलाई पनि जसोतसो माध्यमिक तहसम्म पढाउँछु। त्यसपछि त्यसको इच्छाले जे गर्छ गरोस्। (**मन शान्त पार्दै**) ओहो ! यो मनमा कुरा खेलाउँदा खेलाउँदै रातको ११ बजिसकेछ। अब त सुत्नुपर्छ । हिजोको गृहकार्य गरेकै छैन। बिहान चाडँ उठेर लेख्नु छ। अब त सुत्नुपर्छ। (**सिरकमा लुटुपुटु पर्छ।**)

## शब्दभण्डार

### १. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| हजुरआमा | पेसा |
| परलोक | भिरालो जग्गा |
| जागिर | पुरानो थलो |
| पाखो | मृत्यु |
| प्रशस्त | जिजुआमा |
| पुख्यौंली | धेरै |

### २. दिइएको अर्थ बुझाउने शब्द मनोवादबाट खोजेर लेख्नुहोस् :

(क) भिरालो परेको जग्गा

(ख) मनले चाहेको कुरा

(ग) माछा मार्ने मानिस

(घ) अरुको खेतमा गरिने काम

(ङ) विद्यालयमा पढाउने व्यक्ति

### ३. दिइएको रातो रङ लागेका शब्दका ठाउँमा उस्तै अर्थ आउने शब्द राखी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

हामी आफैँले घर आँगन वरिपरिको वातावरण सफा राख्दैनौँ । अरुलाई पनि सिकाउँदैनौँ । टोलमा बैठक हुँदा बाटो फोहोर भयो नाला भरिएर बाहिर आयो भन्ने कुरा राख्दैनौँ । फोहोर कुइनेटामा लगेर फाल्छौँ ।

### ४. दिइएको शब्दको उल्टो अर्थ दिने शब्द पाठबाट पहिचान गरी शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

प्रशस्त :

भित्र :

जीवन :

पल्ला :

पीडा :

सुख :

## बोध र अभिव्यक्ति

### १. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

ओछ्यान, सामर्थ्य, डिग्री, भुइँ, लामखुट्टे, पुर्ख्यौली

### २. मनोवाद तोकिएको समयमा सस्वरवाचन गर्नुहोस् ।

### ३. पढ्न नसकेको पीडा मनोवाद पढी मौखिक उत्तर दिनुहोस् :

(क) हजुरआमाको इच्छा के थियो ?

(ख) किन दिनेशलाई पढ्न मन नलागेको ?

(ग) दिनेशको परिवारमा को को छन् ?

(घ) गाउँलेले पाखाभरि कुन फलको बिरुवा रोपे ?

(ङ) दिनेशले विदेश जाने सपना देख्नुको कारण के हो ?

### ४. पढ्न नसकेको पीडा मनोवादको पहिलो अनुच्छेद सुनेर कपीमा लेख्नुहोस् ।

५. **पढ्न नसकेको पीडा पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) दिनेशकी हजुरआमाको चाहना कस्तो छ ?

(ख) दिनेशलाई पढन मन नलाग्नुको कारण के होला ?

(ग) गाउँलेले पाखाभरि फलको बिरुवा किन रोपे ?

(घ) गाउँभरि कुन रोग फैलियो ?

(ङ) दिनेशले के विचार गऱ्यो ?

६. **'पढ्न नसकेको पीडा' मनोवादको सार लेख्नुहोस् ।**

७. **भाव विस्तार गर्नुहोस् :**

(क) आफ्नै पुर्ख्यौली थलामा बसेर दुईचार पैसा कमाउने रहर ती परदेश गएका दाजुदिदीलाई नहुँदो हो त ?

(ख) घरको गरिबीको अवस्थाले कहिले १८ वर्ष पुगुँला र विदेश उडुँ जस्तो लाग्छ ।

८. **पढ्न नपाउँदा बिदेश जानुपर्छ भन्ने सोच ठिक हो त ? पुष्टि गर्नुहोस् ।**

९. **मानौँ, साथीकी दिदीको पढ्न टाढा जाँदै हुनुहुन्छ । तपाईँ उहाँलाई भेट्न जान सक्नुभएन । तपाईँ नगएका कारण साथीले खल्लो महसुस गरे । यस्तो अवस्थामा साथीलाई कसरी सम्झाउनुहुन्छ ? लेख्नुहोस् ।**

१०. **'पढ्न नसकेको पीडा' पढी मुख्य मुख्य विषयवस्तु टिपोट गर्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र संयोजक पद पहिचान गरी लेख्नुहोस् :**

धेरै समय अगाडि गाउँमा खानेपानीको सुविधा थिएन । छिमेकी र आमा राति नै उठेर एकघण्टाको पैदल बाटो हिँडेर पानी लिन जानुहुन्थ्यो । गाउँमा जम्मा २५ घर थिए । यी सबैको पानी खाने कुवा त्यही एउटै थियो । पानीको अभाव हुनाले बिहान जो बिहान चाँडै उठ्थ्यो उसैले पानी

भर्न पाउँथ्यो । जब गाउँमा बाटो पुग्यो तब गाउँमा बत्ती पनि पुग्यो । गाउँबाट धेरै तल खोला थियो । गाउँमा बत्ती पुगेपछि गाउँलेले पानीको लागि विकल्प खोजे किनभने पानीबिना जिउन गाह्रो छ ।

### २. तल दिइएको कुराकानी पढी विस्मयादिबोधक शब्द पहिचान गरी लेख्नुहोस् :

मुना : ए ! पख पख म पनि आएँ ।

हरि : ओहो ! के भयो ? किन चिच्याएको ?

मुना : धत्तेरी ! तिमी पनि, साँझ परिसक्यो । गाउँको बाटो म एक्लै हुँदिनँ भन्या ।

हरि : धत ! म तिमीलाई एक्लै छाडेर जान सक्छु र ?

मुना : विचरा ! राम लडेछ नि हिजो तिमीले थाहा पायौ ?

हरि : ओहो ! तिमीलाई यस घटनाले यस्तरी झस्कायो ।

मुना : छि ! तिमी पनि ल हिँड जाऊँ सँगै ।

### ३. दिइएको अनुच्छेदबाट संयोजक विस्मयादिबोधक र निपात पहिचान गरी तालिकामा भर्नुहोस् । :

विद्यालय बिदा भएको दिन निता र मधु जङ्गलमा घाँस काट्न जाँदै थिए । बाटाका एक्कासी ठुलो आवाज आयो । मधुले भनी “ओहो ! म त झस्कें ।” पर जङ्गलमा गोठालो गएका गोठाल्नीहरूले विरहका गीत गाएको सुने । उनीहरू आफ्नै तालमा कुरा गर्दै थिए । फेरि पछाडि मानिस हिँडेजस्तो आवाज आयो । निताले फर्केर हेरी आम्मै काकी । तिमीहरू पो नबोलाई आयौ । मलाई पनि जङ्गल आउनु थियो, तिमीहरूलाई देखेर निस्किहालेँ । जङ्गल बढेर घना भयो । एक्लै जङ्गल आउन सकिँदैन त्यसैले साथी देख्नासाथ कुद्नुपर्छ । हिजो रामेकी आमा र म कटुस टिप्न भनेर यसो ढुङ्गामाथि के बसेका थियौँ भालु झुम्लुङ्ग हाम फाल्यो । हामी त डरले चुपचाप भयौँ ।

### ४. दिइएका निपातलाई वाक्यमा प्रयोग गर्नुहोस् :

लौ, न, नि, केरे, अँ, हँ, अँहँ, पो, चाहिँ, खै

### ५. पाँचओटा संयोजक र पाँचओटा विस्मयादिबोधक पद प्रयोग गरी साथीको स्वास्थ्य शीर्षकमा मनोवाद लेख्नुहोस् ।

### ६. दिइएको अनुच्छेदबाट ग्यँ र ज्ञ प्रयोग भएका शब्द टिपोट गरी लेख्नुहोस् :

हामी भर्खर सहरमा सानो घर बनाएर बसेका थियौँ । घना बस्ती थिएन । घरमा एक्लै बस्न डर लाग्थ्यो । बाबाआमा बाहेक घरबाट बाहिर जान आज्ञा लिएर जान पाइन्थ्यो । गाउँघरमा जनावरको मात्र डर हुन्थ्यो । सहरमा त मान्छेको डर हुने रहेछ । बिहान हुनासाथ दुध घरघरमा ग्यास घरघरमा लिन्छौ भनी चिच्याउँदै आउने रछन् । साँझ पऱ्यो कि मान्छेको आवाज ग्याइँगुइँ आउने । एकदिन बाबाआमा गाउँमा यज्ञ छ भनेर हामीलाई नडराई बस भनेर जानुभयो । हामी दिदीभाइ सबेरै खाना बनायौँ । खायौँ । करिब आठ बजेतिर साना ग्याँचे मान्छे चिच्याउँदै आए । अहिले युग ज्ञानविज्ञानको युग हामीले पर छिमेकीलाई फोन गर्यौं । कुराकानी भयो । छिमेकी काकीले नडराउन भन्नुभयो ।

### ७. दिइएको अनुच्छेदलाई शुद्ध गरी लेख्नुहोस् :

यस वर्ष रामले नाचेर ज्ञिनिज बुकमा नाम लेखाएरै छाड्छु भन्ने प्रतिग्याँ गरेर काठमाडौ हिडेको पुगे है भनेर खबर नै गरेन । विग्यँले कति सिकाए, उसले कति सिक्यो यो पनि स्वाभाविकै विषय रहेछ । यता बहिनीले ज्ञानी दाजुको खबर नसुनेर दिक्क मानेकी छ ।

## सुनाइ बोलाइ

### तलको अनुच्छेद सुनेर उत्तर दिनुहोस् :

## समीक्षाको सफलता

(काठमाडौँमा राष्ट्रव्यापी निबन्ध प्रतियोगिता भयो । समीक्षा निबन्ध प्रतियोगितामा प्रथम भइन् । उनी खुसीले गद्‌गद भएकी छन् ।) (**झ्यालबाट बाहिर हेर्दै**) ओहो ! मैले त निबन्ध प्रतियोगितामा प्रथम हुन्छु भनेर कल्पनासम्म पनि गरेकी थिइनँ । जे होस्, भाग्यले त साथ

दिएकै मान्नुपर्छ । कुरा भाग्यको मात्र त होइन नि । मैले पनि मिहिनेत गरेकै थिए । पूर्वतयारी नभई त्यत्तिका प्रतिस्पर्धीलाई उछिन्न कहाँ सकिन्थ्यो र ! मेरो यो सफलतामा विद्यालयको पनि पूर्ण सहयोग थियो । (**विगत सम्झँदै**) प्रधानाध्यापकको सुझावअनुसार मैले एक महिना त पुरै तयारीमा बिताएँ । खुसीको कुरा त गाउँपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका सबै प्रतिस्पर्धामा मैले अरू प्रतिस्पर्धीलाई उछिन्न सकेँ । (**मुसुमुसु हाँस्दै**) मैले प्रथम पुरस्कार पाएको निबन्ध प्रतियोगितासम्बन्धी समाचारलाई टेलिभिजनले समेत प्रसारण गरेछ । अब मलाई देशविदेशका मानिसले पनि चिन्छन् । आमाले मैले राष्ट्रपतिबाट पुरस्कार लिँदै गरेको फोटो सामाजिक सञ्जालमा राख्नुभएछ । त्यसपछि मैले बधाई तथा शुभकामना पाएँ । (**उत्साही हुँदै**) मैले जीवनमा केही गर्नुपर्छ । देशको र आफ्नो नाम चम्काउनुपर्छ ।

## सुनाइ बोलाइ

१. **पाठ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) समीक्षा किन खुसी भएकी हुन् ?

(ख) समीक्षाले कुन प्रतिस्पर्धामा उपाधि जितिन् ?

(ग) कसको सुझावअनुसार समीक्षाले तयारी गरिन् ?

(घ) समीक्षाले कस्तो लक्ष्य लिएकी छन् ?

२. **समीक्षाले कस्ता कस्ता प्रतिस्पर्धीलाई उछिनेर निबन्ध प्रतियोगितामा प्रथम भइन् ?**

## सिर्जना र परियोजना कार्य

१. **'हजुरआमाको जन्मोत्सव' शीर्षकमा मनोवाद लेख्नुहोस् ।**

२. **मानिसलाई कस्तो परिस्थितिले खुलदुली जगाउन सक्छ, साथीसँग सोधेर बुँदा तयार पारी प्रस्तुत गर्नुहोस् ।**

# पाठ १०

## पूर्वपठन

**तलको चित्र हेरेर उत्तर दिनुहोस् :**





(क) यी केका चित्र हुन् ?

(ख) मानिसले किन जुत्ता लगाउँछन् ?

(ग) जुत्ता नबनेका बेला मानिसले खुट्टाको सुरक्षा कसरी गर्थे होला ?

मूल पाठ

# एकजोर जुत्ता

*महेशविक्रम शाह*



गुलाफी भान्साकोठामा भाँडा माभिरहेकी छन्, भाँडाको ठ्याङठुङ आवाज र पानी पोखेको ध्वनि मेरा कानमा परिरहेको छ ।

गुलाफी मेरा घरबेटी हर्कबहादुरकी जेठी छोरी हुन् । हर्कबहादुरका सँगै जोडिएका दुइटा कच्ची घर छन् । पुरानो घरमा तिनीहरू आफैँ बस्छन् भने नयाँ घरमा म भाडामा बसेको छु । हर्कबहादुरको परिवारमा उनकी पत्नी, छोरी गुलाफी, गङ्गा, उमा र छोरो गोविन्दसमेत छ जना छन् । हर्कबहादुरले मेरो घरधन्दाका लागि गुलाफीलाई खटाएका छन् । गुलाफी र उनका भाइबहिनी विद्यालय जान्छन् । गुलाफी आफ्नो कामप्रति इमानदार, व्यवहारमा शिष्ट र सभ्य छिन् ।

"हजुर भोलि बजार जाँदै हुनुहुन्छ रे हो ?"

गुलाफीको स्वर भान्साबाट लहरिँदै मेरा कानमा ठोक्किन आइपुग्यो । म आफ्नो कोठाबाट भान्सातर्फ चियाउँदै भन्छु, "हो गुलाफी, म भोलि सदरमुकाम जाँदै छु । खित्रिङमित्रिङ किनमेल गर्नु छ ।"

"कति रमाइलो ! आफू त कहिले हो कहिले बजार जाने ? गुलाफीको स्वर मलिन हुन्छ ।

"तिमी पनि बजार जान्छ्यौ त ?"

"अँ अँ, अनि घरको काम कसले गर्ने नि ! सेती बाखीले ?" गुलाफी खित्का छोड्छिन् ।"दसैँ मुखमै छ, घरआँगन सफा गर्नु छ, कमेराले घर पोत्नु छ । यसपालि हजुर पनि हामीसँगै दसैँ मनाउने है !" गुलाफीको स्वरमा दसैँका सप्तरङ्गी सपनाको सङ्गीत घन्किन्छ ।

"अँ, गुलाफी ! यस पटकको दसैँ तिमीहरूसँग मनाउन पाइने भो । म निकै खुसी छु ।" म उनलाई हेर्दै मुस्कुराउँछु ।

"अनि बजारबाट मलाई एकजोर जुत्ता ल्याइदिनुहोस् है हजुर ! दसैँमा लाउने जुत्तै छैन ।" गुलाफीले सङ्कोच मान्दै भनिन् ।

"ल, भन त तिमीलाई कस्तो खालको जुत्ता मन पर्छ ?"

"कालो जुत्ता । त्यही के गौरी मिसले लगाएको जस्तो !" गौरी मिसको गोडाको जुत्ता नदेखे पनि मैले अनुमान गरेँ, उनी अलिकति हिल भएको र खुट्टा घुसाउनुपर्ने जुत्ताको कुरा गरिरहेकी छन् ।

"अँ, थाहा पाएँ मैले । गौरी मिसको जस्तो जुत्ता होइन ?"

"हो हो !" उनी झटपट आफ्ना परेला ठाडा पार्दै बोलिन् ।

"जुत्ताको नम्बर कति हो नि ?" मेरो प्रश्नले उनी एकछिन घोरिइन् र 'म एकैछिनमा आउँछु है' भन्दै आफ्नो घरतिर दौडिन् । गुलाफीका खुट्टा सम्झिँदै उनलाई हुने जुत्ताको नाप अनुमान गर्दै थिएँ, गुलाफी हुर्रिंदै आएर भनिन्, "इ, यति लामो जुत्ता ल्याइदिनुहोला ।" उनले मेरो हातमा एउटा धागो राखिदिइन् ।

सायद उनले आफ्ना खुट्टा धागाले नापेर आएकी थिइन् ।

सदरमुकामको बजारमा दैनिक आवश्यक पर्ने सबै सामान पाइने रहेछन् तर भाउ भने अत्यन्त चर्को । मैले आफूलाई आवश्यक पर्ने सामान किनेँ र गुलाफीका लागि जुत्ता हेर्न थालेँ । गुलाफीका लागि जुत्ता छान्ने वेला मेरो मन दोमन भयो । म सोच्न थालेँ; त्यो घरमा गुलाफी मात्र छैनन् ; उनीभन्दा माथि उनका आमाबाबु छन् भने उनीमुन्तिर दुई जना बहिनी र एउटा भाइ पनि छन् तर सबैलाई पुऱ्याउन खोज्दा रकम नपुग्ने ! अन्ततः मैले त्यो धागाको नापका आधारमा गुलाफीका लागि एकजोर जुत्ता किनिदिएँ र अरूका लागि भने एक प्याकेट चकलेटमा चित्त बुझाएँ ।

सदरमुकामबाट फर्केर घरको आँगनभित्र प्रवेश गर्न नपाउँदै गुलाफी, गङ्गा, उमा र गोविन्द मतिर कुद्दै आए । तिनीहरू मेरो झोलालाई आशालाग्दो नजरले हेरिरहेका थिए । मैले चकलेटको प्याकेट झिकेर गुलाफीको हातमा राखिदिँदै भनेँ, "लौ, यो चकलेट सबैले बाँडेर खाओ ।" तिनीहरू कुद्दै आफ्नो घरभित्र पसे ।

साँझपख गुलाफी खाना पकाउन आइन् । मैले जुत्ताको प्याकेट उनको हातमा राखिदिँदै भनेँ, "इ तिम्रो जुत्ता !" जुत्ता देखेर गुलाफी असाध्यै खुसी भइन् । उनको अनुहार खुसीले पुलकित

भइरहेको थियो । उनले मेरा अगाडि नै पोको खोलिन्  र जुत्ताभित्र  आफ्नो खुट्टा छिराएर अगाडि पछाडि हेर्दै भनिन्, "ठ्याक्कै मिल्यो । मैले सोचेको जस्तै जुत्ता ल्याइदिनुभयो ।"

"मन पऱ्यो तिमीलाई ?"

"हजुर ! खुब मन पऱ्यो ।" उनका गोरा खुट्टामा काला जुत्ता सुहाएको देखेपछि मलाई पनि खुसी लाग्यो । त्यस दिनदेखि गुलाफीबाहेक घरका अन्य सदस्यको मप्रतिको व्यवहारमा भने अचानक भिन्नता देखा परेको थियो । सायद गुलाफीलाई मात्र जुत्ता ल्याइदिएकामा उनीहरूको मन खिन्न र ईर्ष्यालु भएको थियो । उनीहरूको यस परिवर्तित व्यवहारले मलाई नरमाइलो लागिरहेको थियो । बेलुकीपख गुलाफी खाना बनाउन आउँदा मैले महसुस गरेँ, हिजो खुसीले फक्रेको गुलाफीको अनुहार आज मुर्झाएको छ ।

"गुलाफी !"

"हजुर !"

"त्यो जुत्ता तिमीले आफ्ना आमाबाबु र भाइबहिनीलाई पनि देखायौ ?"

"हजुर, देखाएँ ।"

"के भने ?"

"सबैले राम्रो छ भने ।"

"गुलाफी !"

"हजुर !"

"आज गङ्गा मसँग राम्रोसँग बोलिनन् । तिम्री बहिनी उमाले पनि मलाई नदेखे जस्तो गरिन् । तिम्रो भाइ त झन् हिजोदखि मेरा सामु परेकै छैनन् । किन ?" मैले गुलाफीका आँखामा हेर्दै भनेँ ।

"खोइ हजुर ! म सोधुँला तिनीहरूलाई ।" गुलाफी आफ्नो काममा व्यस्त भइन् । दोस्रो दिन गुलाफीका 'बा' बिहानै मेरो कोठाको ढोका ढकढक्याउन आइपुगे ।

"के काम पऱ्यो र यति बिहानै झुल्किनुभयो हर्कबहादुर दाइ ?" "त्यस्तो त केही होइन, तर..." उनी कुराको गाँठो फुकाउन अकमकाए ।

"के हो त त्यस्तो कुरा ? भनौँ न दाइ ! म उनीप्रति जिज्ञासु बनेको थिएँ ।"

"हजुर, खास त्यस्तो समस्या त केही होइन तर के भने त्यो जुत्ता छ नि हजुर...।" हर्कबहादुरले

कुराको छेउ समाते ।

"अँ, कुन जुत्ता ?" मैले आश्चर्य व्यक्त गरेँ ।

"त्यो के, हजुरले गुलाफीलाई ल्याइदिएको जुत्ता ।" उनले शब्द चपाई चपाई भने ।

"अँ, हो । मैले ल्याइदिएको हुँ गुलाफीलाई ।" मैले आश्चर्यपूर्ण र शङ्कालु आँखाले उनीतिर हेरेँ ।

"गुलाफी अहिले सानी छिन् ...।" उनले मेरो अनुहारमा आफ्ना तीक्ष्ण नजरले केही कुरा खोज्ने प्रयास गर्दै भने ।

"भन्नुको अर्थ !" मैले निधार खुम्च्याएँ ।

"उपहार लिने उमेर भएको छैन त्यसको र अर्को कुरा, ऊभन्दा माथि उसले मान्नुपर्ने उसकी आमा छे । ऊभन्दा मुन्तिर दुइटी बहिनी र एउटा भाइ पनि छन् ।" हर्कबहादुरको अनुहार गम्भीर भयो ।

"अनि !" मैले अत्तालिँदै सोधेँ ।"गुलाफीले मात्र जुत्ता लगाउने भई ! अरूसँग त्यस्तो जुत्ता छैन । न त तिनीहरूले त्यस्ता खालका जुत्ता नै लगाएका छन् ऐलेसम्म ।" हर्कबहादुरले आफ्नो समस्याको पेटारो खोले मेरा अगाडि ।"दसैँ जस्तो ठुलो चाडबाडमा गुलाफीले मात्र त्यस्तो जुत्ता लाउँदा मैले अरू छोराछोरीलाई नकिनिदिए जस्तो देखिँदैन र !" हर्कबहादुरको स्वर मलिन थियो ।

"कसैले त्यस्तो भनी नै हालेछ भने भन्नु नि, मैले किनिदिएको ।" मैले प्याच्च भनेँ ।

"नाइँ, यो कसरी हुन्छ हजुर ! त्यसो भन्दा त झन् ठुलो समस्या आइलाग्छ ।"

"कस्तो समस्या ?" हर्कबहादुरको कुराले मेरो मथिङ्गल मच्चिरहेको थियो ।

"गुलाफीलाई मात्र किन हाकिमसाबले जुत्ता किनिदिए भनेर नानाभाँती कुरा उठाउँछन् गाउँलेले ! त्यस वेला मैले के जबाफ दिने ?" हर्कबहादुर झन् झन् खुलस्त हुँदै थिए तर म भने हिउँ झैँ जम्दै गइरहेको थिए ।

हर्कबहादुर र मबिच सम्पन्न अधुरो संवादपछिका दुई दिनसम्म मैले उनको घरमा कुनै चालचुल देखिनँ । सबै चुपचाप आफ्नो काम गर्थे र मसँग प्रायः कमै बोल्न रुचाउँथे । केही दिनपछि दसैँको चहलपहल सुरु हुँदै थियो । गङ्गा, उमा र गोविन्दको विद्यायलमा हिजोदेखि छुट्टी भइसकेको थियो । एक दिन गुलाफी खाना पकाउने समय भइसक्दा पनि आएकी थिइनन् । साँझ छिप्पिएर गाढा भइसकेको थियो । अचानक मैले गुलाफीका बाआमाको चर्को स्वर सुनेँ । उनीहरूको

स्वरबाट प्रतीत हुन्थ्यो, तिनीहरूबिच कुनै गम्भीर विषयमा मतमतान्तर भइरहेछ । सामुन्नेको झ्यालबाट मधुरो प्रकाश बाहिर छरिइरहेको थियो । मैले आफ्ना पाइला बिस्तारै झ्यालतिर बढाएँ र भित्र  चियाएर हेरेँ । परिवारका सबै सदस्य भुइँमा बिछ्याइएको गुन्द्रीमा बसेका थिए र बिचमा मैले बजारबाट गुलाफीलाई ल्याइदिएको जुत्ताको पोको थियो । हर्कबहादुर दायाँ हातको चोरऔँलो उचालेर आफ्नी श्रीमतीतिर लक्षित गर्दै भन्दै थिए, “यो मान्छेले केही सोच्दै नसोची गुलाफीलाई जुत्ता ल्याएकै होइन । यसको मनमा पक्का केही खोट छ । हेर्दै जाऊँ, एक दिन भाँडो फुट्छ ।”

“मलाई पनि हाम्री छोरीमाथि उसका आँखा लागे जस्तो लागिरहेको छ ।” गुलाफीकी आमाले पनि श्रीमान् को कुरामा सहमति जनाइन्  ।”होइन ए गुलाफी ! तँ किन केही बोल्दिनस् ?” हर्कबहादुर गुलाफीतिर उन्मुख भए । गुलाफीले शिर उठाएर एक पटक आफ्नी आमातिर हेरिन् र फेरि शिर झुकाएर आफ्ना हातको नङ कोतर्न थालिन् । उनका आँखामा आँसु टिलपिलाइरहेका थिए । मैले किनिदिएका जुत्ताका कारण एउटा शान्त घरको तलाउमा तनावरूपी तरङ्ग सिर्जना भएको थियो । मैले ल्याएको जुत्ताले यस्तो परिस्थिति सिर्जना हुन सक्छ भन्ने थाहा पाएको भए म सायद गुलाफीले दुःख माने पनि जुत्ता ल्याउने थिइनँ होला ।

सधैँ झैँ भोलिपल्ट बिहान मेरो निवासमा गुलाफी आइपुगिन् । हिजो अस्तिभन्दा आज अलि अबेर आएकी थिइन् उनी । रातभर नसुतेर जागा रहे झैँ थियो उनको अनुहार ।” गुलाफी, चिया बनायौ ?” गुलाफीलाई देख्नेबित्तिकै मैले सोधेको थिएँ ।

“अहिले बनाउँछु हजुर !” उनको स्वर शुष्क थियो ।

“अनि आज किन अबेर आएकी ? घरमा कुनै समस्या त आइपरेन ?”

उनले केही जबाफ दिइनन् तर मेरो कोठाको ढोकामै आएर उभिन् र भनिन्, “हजुर !”

“के गुलाफी ?”

“लिनुहोस् यो जुत्ता ।” उनले आफ्ना दुवै हात मतिर बढाइन् । उनका हातमा मैले बजारबाट ल्याइदिएको जुत्ताको पोको थियो ।

“किन यो जुत्ता ल्याएकी ? तिमीलाई ठिक भएको होइन र !” जुत्ता देखेर म मन भित्रीभत्रै  नराम्रो आशङ्काले काँपिरहेको थिएँ ।

“म यो जुत्ता फिर्ता गर्न आएकी हजुर !” गुलाफीले भुइँतिर आँखा झुकाउँदै, निन्याउरो अनुहार लगाएर जुत्ताको पोको मतिर बढाइन् ।

“यो जुत्ता किन फिर्ता ल्यायौ गुलाफी ?” मेरो स्वर शुष्क थियो ।

“म यो जुत्ता लगाउन सक्दिनँ, अलि ठुलो भयो मलाई !” दृष्टि झुकाउँदै बोलिन् उनी ।

“तिमीले अस्ति मेरै अगाडि यो जुत्ता लगाएकी होइनौ ? अहिले कसरी ठुलो भयो ?”

“बा र आमा दुवै जनाले भन्नुभएको, म अहिले सानै छु, यो जुत्ता अलि ठुलो छ रे । यो जुत्ता मेरा खुट्टामा सुहाउँदैन रे !” गुलाफीले जुत्ताको पोको मेरै अगाडि भुइँमा राखिन् र त्यहाँबाट ओझेल भइन् । तर जानुभन्दा पहिले उनले आफ्ना व्यथित नजरले पुलुक्क मतिर हेरेकी थिइन् । उनका बाटुला आँखाबाट दुई थोपा आँसु तरक्क गालातिर चुहिँदै थिए ।

## शब्दभण्डार

१. तलका शब्द र तिनका अर्थ बुझेर पढ्नुहोस् :

| | | |
|---|---|---|
| ध्वनि | : | आवाज |
| शिष्ट | : | शान्त र नम्र स्वभावको |
| कमेरो | : | घर पोत्न प्रयोग गरिने सेतो माटो |
| सदरमुकाम | : | प्रशासनिक रूपमा प्रमुख स्थान |
| पुलकित | : | ज्यादै खुसी भएको अवस्था |
| परिवर्तित | : | परिवर्तन भएको, फेरिएको |
| मुर्झाउनु | : | ओइलाउनु |
| तीक्ष्ण | : | तिखो |

२. तलका अर्थसँग सम्बन्धित शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) मस्तिष्क, गिदी :

(ख) आभास भएको, भान भएको :

(ग) फरक फरक विचार :

(घ) सुकेको, खस्रो :

(ङ) व्यथा वा वेदनाले भरिएको :

३. दिइएका शब्द पढेर तिनको भिन्नभिन्न अर्थ बुझ्नुहोस् :

| | | |
|---|---|---|
| (क) | हार | माला |
| | | पराजय |
| (ख) | फल | परिणाम |
| | | फलफूल |

| | | |
|---|---|---|
| (ग) | जाल | पासो |
| | | झेल |
| (घ) | नगर | सहर |
| | | निषेध |
| (ङ) | असार | सार नभएको |
| | | आषाढ महिना |
| (च) | खोटो | नचल्ने पैसा |
| | | सल्लाको चोप |
| (छ) | वर | दुलाहा |
| | | नजिक |
| (ज) | पक्ष | विवादको एक पाटो |
| | | पन्ध्र दिन |
| (झ) | जग | पानी खाने भाँडो |
| | | घरको आधार |
| (ञ) | नाल | बन्दुकको नली |
| | | फोहोर बग्ने बाटो |
| (ट) | हुस्सु | कुहिरो |
| | | मूर्ख |



**२. दिइएका शब्द पढ्नुहोस् र शिक्षकसँग छलफल गरी तिनको अर्थ लेख्नुहोस् :**

गोडा, सदरमुकाम, गाँठो, पेटारो, गम्भीर, जागा

### ३. दिइएको अनुच्छेदबाट अनेकार्थी शब्द टिपोट गरी तिनको अर्थ लेख्नुहोस् :

पोहोर साल दाइ विदेश जानुभयो । हामीले सालको दुजामा मुछेर टीका लगाइदियौँ । दिदीको बिहेको लठाराले गर्दा यसपालि पनि हामी व्यस्त हुने भयौँ । हामी घामका तापमा रमाउँछौँ । आमाबुबालाई अर्कै ताप छ । सानामा दाइ पिङको लठारामा झुन्डिरहन्थ्यो । दिदी चाहिँ पुतली बोकेर नाच्नुहुन्थ्यो । उहाँ आफ्नै तालमा बगैँचाको पुतली समाउन खोज्नुहुन्थ्यो । कुखुराको किन्न हिँडेका दाइ केराउका दाना बोकेर तालमा माछा मार्न जानुहुन्थ्यो ।

### ४. दिइएका अनेकार्थी शब्दलाई फरक फरक अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

दर, उत्तर, फल, गोल, तर, तार, हार

### ५. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

घरधन्दा, इमानदार, व्यवहार, शिष्ट, सभ्य, खित्का, अनुमान, पुलकित

## बोध र अभिव्यक्ति

### १. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

गम्भीर, मथिङ्गल, मतमतान्तर, परिस्थिति, फिर्ता, जुत्ता, भुइँ, तरक्क, शङ्कालु

### २. 'एकजोर जुत्ता' कथा सस्वरवाचन गर्नुहोस् ।

### ३. 'एकजोर जुत्ता' कथा पढी दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) को नयाँ घरमा बसेको छ ?

(ख) कसले जुत्ता ल्याइदिनु भन्यो ?

(ग) को कुद्दै घरभित्र पसे ?

(घ) गुलाफीको अनुहार किन मुर्झायो ?

(ङ) हर्कबहादुरको स्वर किन मलिन थियो ?

## ४. 'एकजोर जुत्ता' कथाको तलको कथांश मौन पठन गरी दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

"मलाई पनि हाम्री छोरीमाथि उसका आँखा लागे जस्तो लागिरहेको छ।" गुलाफीकी आमाले पनि श्रीमान्को कुरामा सहमति जनाइन् ।" होइन ए गुलाफी ! तँ किन केही बोल्दिनस् ?" हर्कबहादुर गुलाफीतिर उन्मुख भए। गुलाफीले शिर उठाएर एक पटक आफ्नी आमातिर हेरिन् र फेरि शिर झुकाएर आफ्ना हातको नङ कोतर्न थालिन्। उनका आँखामा आँसु टिलपिलाइरहेका थिए। मैले किनिदिएका जुत्ताका कारण एउटा शान्त घरको तलाउमा तनावरूपी तरङ्ग सिर्जना भएको थियो। मैले ल्याएको जुत्ताले यस्तो परिस्थिति सिर्जना हुन सक्छ भन्ने थाहा पाएको भए म सायद गुलाफीले दुःख माने पनि जुत्ता ल्याउने थिइनँ होला।

**प्रश्न**

(क) कथांशमा ऊ भनेको को पात्र हो ?

(ख) गुलाफीले किन नङ कोतरेको हो ?

(ग) जुत्ताले घरमा के समस्या ल्यायो ?

## ५. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) हर्कबहादुरको पारिवार कस्तो थियो ? वर्णन गर्नुहोस्।

(ख) गुलाफीलाई कसले र किन जुत्ता किनिदिएको रहेछ ?

(ग) हर्कबहादुरको घरमा कसरी अशान्ति मच्चियो ?

(घ) गुलाफीले किन जुत्ता फिर्ता गरी ?

(ङ) 'एकजोर जुत्ता' कथाबाट पाइने सन्देश के हो ?

## ६. भाव विस्तार गर्नुहोस् :

(क) सायद गुलाफीलाई मात्र जुत्ता ल्याइदिएकामा उनीहरूको मन खिन्न र ईर्ष्यालु भएको थियो।

(ख) एउटा शान्त घरको तलाउमा तनावरूपी तरङ्ग सिर्जना भएको थियो।

७. 'एकजोर जुत्ता' कथाको सुरुमा, बिचमा र अन्तिममा के के घटना घटेका छन्, मुख्य मुख्य घटनाको सूची बनाउनुहोस् ।

८. 'एकजोर जुत्ता' कथाको सार लेख्नुहोस् ।

९. 'एकजोर जुत्ता' कथाकी गुलाफीको चरित्र चित्रण गर्नुहोस् ।

१०. 'एकजोर जुत्ता' कथामा प्रस्तुत गरिएको परिवेशको एक अनुच्छेदमा वर्णन गर्नुहोस् ।

११. के गुलाफीले म पात्रलाई जुत्ता फिर्ता दिनु उपयुक्त थियो ? 'एकजोर जुत्ता' कथालाई आधार बनाउँदै आफ्नो विचार लेख्नुहोस् ।

१२. दिइएको सन्दर्भ पढी निर्देशनअनुसार गर्नुहोस् :

आमाले सुनीतालाई खिर पकाउन लगाएर बजार हिँड्नुभयो। उनलाई खिर पकाउन आउँदैनथ्यो। के गर्ने भन्ने दोधार भएपछि उनले पल्ला घरकी काकीलाई बोलाइन् । उनले काकीसँग खिर पकाउने तरिका सोधिन् । सुनीताले दुध तताइन् । दुध तातेपछि त्यसमा काकीले भनेअनुसार चामल हालिन् । धेरै बेर चलाएर पाक्न लागेपछि चिनी र मरमसला हालिन् । आमा आउँदा त खिर पाकिसकेको थियो ।

तपाइँले पनि सोधपुछ गरेर कुनै काम पूरा गर्नुभएको होला । तपाइँलाई जान्न मन लागेको कुनै नयाँ विषयमा जानकार व्यक्तिसँग कसरी सोधपुछ गर्नुहुन्छ, प्रस्तुत गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएको वाक्य पढ्नुहोस् र भिन्नताबारे छलफल गर्नुहोस् :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| (क) केटो गायनमा प्रथम भयो । | (क) केटी गायनमा प्रथम भई । |
| (ख) उनले चलचित्र हेरेका छन् । | (ख) उनले चलचित्र हेरेकी छन् । |
| (ग) गुरुले चुट्किला सुनाउनुभयो । | (ग) गुरुआमाले चुट्किला सुनाउनुभयो । |
| (घ) गोरु चउरमा चर्दै छ । | (घ) गाई चउरमा चर्दै छ । |
| (ङ) फुपाजु र म मनकामना गयौँ । | (ङ) फुपू र म मनकामना गयौँ । |

२. दिइएका वाक्य पढ्नुहोस् र छलफल गर्नुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| (क) मैले चेस खेल जितेँ । | (क) हामीले चेस खेल जित्यौँ । |
| (ख) चराले रुखमा गुँड बनायो । | (ख) चराहरूले रुखमा गुँड बनाए । |
| (ग) भँगेराले तोरी खाएछ । | (ग) भँगेराहरूले तोरी खाएछन् । |
| (घ) यो नानी अग्ली छे । | (घ) यी नानीहरू अग्ला छन् । |
| (ङ) भाइ घर गयो । | (ङ) भाइहरू घर गए । |

३. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् :

(क) दाजुले राम्रो चित्र बनाउनुभयो । (स्त्रीलिङ्ग)

(ख) मैले तह ३ पूरा गरेकी छु । (पुलिङ्ग)

(ग) यस कलमले राम्रो लेख्छ । (बहुवचन)

(घ) हामी असल विद्यार्थी हौँ । (एकवचन)

(ङ) काकी मसँगै आउनुभयो । (पुलिङ्ग)

(च) मेरो भाइ विद्यालय गयो । (स्त्रीलिङ्ग)

## ४. दिइएको अनुच्छेदलाई पुलिङ्गमा बदल्नुहोस् :

आमा र काकी मेला पानी भर्न जानुभएछ । उहाँहरूले धारामा माइजूलाई भेट्नुभएछ । तीनै जनालाई सँगसँगै देखेर बुहारी छक्क परिछन् । मलाई बाहुनीले सुनाएकी थिइन् । अब भोलि चाहिँ ठुलो बुबा र बहिनी धारमा जाने सल्लाह भएको छ ।

## ५. दिइएको अनुच्छेद पढ्नुहोस् र समस्त शब्द र तिनका विग्रहबारे छलफल गर्नुहोस् :

ठुल्दाइ हिजोआज व्यस्त हुनुहुन्छ । साँझबिहान पसलमा निकै भिड हुन्छ । उहाँ नुनतेल, तरकारी र खाद्यान्न बेच्नुहुन्छ । व्यापारमा नाफानोक्सान हुन सक्छ तर इमानदारी गुमाउनु हुँदैन । 'वास्तवमा दशनङ्ग्रा खियाएर काम गर्ने श्रमजीवी समाजका गहना हुन् ।' मैले गुरुआमाको यो सन्देशलाई झलक्क सम्झिएँ ।

> दुई वा सोभन्दा बढी शब्दलाई मिलाएर एक शब्द बनाउने कामलाई समास भनिन्छ । समासलाई टुक्राएर धेरै शब्दमा व्यक्त गर्नुलाई विग्रह भनिन्छ ।

| **समस्त शब्द** | **विग्रह** |
|---|---|
| ठुल्दाइ | ठुलो दाइ |
| हिजोआज | हिजो आज |
| साँझबिहान | साँझ बिहान |
| नाफानोक्सान | नाफा वा नोक्सान |
| दशनङ्ग्रा | दश नङ्ग्राको समूह |
| श्रमजीवी | श्रमले जिउने |
| गुरुआमा | गुरु आमा |

## ६. दिइएका शब्द समास भए विग्रह र विग्रह भए समास गर्नुहोस् :

बाटालाई खर्च, त्रिभुज, गहुँ झैं गोरो, भान्दाइ, माना र पाथी, सयपत्री, दशगजा, डाँडादेखि पारि, न फेद न टुप्पो, चराका झैं नङ्ग्रा छन् जसका

## ७. दिइएका शब्द पढ्नुहोस् र छलफल गर्नुहोस् :

| हलन्त | अजन्त |
| --- | --- |
| दण्डवत्, भगवान्, जगत्, विद्युत्, स्वागतम्, जान्छन्, पढ्, गर्छेस्, झ्याल | बजार, गरिब, बतास, केवल, सहित, झलमल, खुसखुस, स्याबास |

## ८. दिइएका हलन्त र अजन्त शब्द छुट्याएर तालिकामा लेख्नुहोस् । प्रत्येक तालिकाका चार चारओटा शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

क्याबात्, लेख्छन्, पुरस्कार, पाश्चात्य, भात, उठ, पढ्न, जून, असल, राम, इमानदार, सरर, सम्म, आमा विराट्, यावत्, सम्बोधन, आशिष्, शैक्षिक, उप, कृतज्ञ, साक्षात्, वर्णन, यावत्, सिकार, वातावरण, श्रीमान्, प्रकार, बृहत्, संसद्, अकस्मात्, संवत्, अहम्, शुभम्, श्रीमान्, धनवान् जलन, आकाश, बादल, अखबार

| हलन्त | अजन्त |
| --- | --- |
| | |

वाक्य १ : ............................................

वाक्य २ : ............................................

वाक्य ३ : ............................................

वाक्य ४ : ............................................

## सुनाइ बोलाइ

### डाक्टर

*रञ्जुश्री पराजुली*

अस्पतालको इमर्जेन्सी वार्डबाहिर हल्लाखल्ला र डाक्टरको विरोधमा नाराबाजी चलिरहेको थियो । एक जना महिलाले भनिन्, "यस्तो पनि अस्पताल हो ? यहाँका डाक्टर काम नगरी तलब खाएर निजी क्लिनिकमा काम गर्न जान्छन् । हाम्रो छोरा चार तल्लाबाट खसेर बेहोस भएर ल्याएको ।"

बेडमा पुऱ्याएको एक घण्टा पछिमात्र सेतो कोट लगाएर डाक्टर हस्याङफस्याङ गर्दै आइपुगे । मेचमाबसेका बिरामीका बाबु जुरुक्क उठेर डाक्टरको कठालो समाउँदै भने, "यही हो डाक्टरको डिउटी ? बिरामी ल्याएको एक घण्टा भइसक्यो यति वेला आइपुग्ने ?"डाक्टरले विनम्र आवाजमा भने, "पहिले म घाइते बच्चाको उपचार गर्छु त्यसपछि हामी कुरा गरौँला है ।" नर्सले पनि भित्र कोठामा उपचारको तयारी पूरा भएको बताइन् । नर्सले बच्चाको बाबुलाई भनिन्, "तपाईँको बच्चाको टाउकाको शल्यक्रिया गर्नुपर्छ । यो काजगमा सहीछाप गर्नुहोस् ।" अस्पतालमा पनि यस्तो लापर्बाही ! यहाँ डाक्टर, नर्स कसैलाई पनि बिरामीको वास्ता छैन । यहाँ ! बिरामीलाई उपचार गर्न होइन, मार्न ल्याए जस्तो लाग्छ भनेको सुनिँदै थियो । वातावरणलाई शान्त पार्ने प्रयास गर्दै एउटी नर्सले नरम स्वरमा भनिन्, "बिरामीको बुबासँग कुरा गरौँ न को हुनुहुन्छ ?" रिसाउँदै बिरामीका बाबु बोले, "भन्नुहोस्, म यहीँ छु ।"

"तपाईँको छोराको शल्यक्रिया गर्ने डाक्टर साहेबको आज डिउटी नै छैन । तपाईँको छोराको उमेरको उहाँको छोरा केही दिनअगाडि मात्र दुर्घटनामा परेर मृत्यु भएको थियो । उहाँलाई पुत्रशोक परेको छ । तपाईँको छोरालाई अस्पताल ल्याएको छ भन्ने थाहा पाएर उहाँ आउनुभएको हो । नत्र उहाँलाई आज काम गर्न आउनु पर्ने थिएन ।" नर्सले भनिन् । बिरामीको बाबुले डाक्टरलाई शल्यकोठाबाट बाहिर आउँदै गरेको देखेर दौडँदै गएर दुई हात जोड्दै नम्र स्वरमा भने, "मेरो छोराको हालत अहिले कस्तो छ डाक्टर साहेब ?"

डाक्टर साहेबले उसको ढाडमा धाप दिँदै भने, " हजुरले कुनै चिन्ता लिनु पर्दैन । ऊ अब खतरा मुक्त छ ।"

१. पाठ सुन्नुहोस् र ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) डाक्टरको विरोधमा नाराबाजी चलेको थियो ।

(ख) बिरामीको बाबुले डाक्टरको कान समाते ।

(ग) बच्चाको टाउकाको शल्यक्रिया गर्नुपर्ने भयो ।

(घ) डाक्टरलाई मातृशोक परेको थियो ।

२. पाठका आधारमा दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) बच्चा किन बेहोस भएको थियो ?

(ख) डाक्टरले कस्तो कोट लगाएका थिए ?

(ग) नर्सले कोसँग कुरा गरिन् ?

(घ) डाक्टरले बिरामीका बाबुलाई के भने ?

## सिर्जना तथा परियोजना कार्य

१. दिइएका बुँदाका आधारमा कथा लेख्नुहोस् :

(क) एक जना युवक दुध बेच्न बजारतिर लाग्नु

(ख) दुध बेचेर आएको पैसाले कुखुरो किन्ने योजना बनाउनु

(ग) कुखुरा धेरै भएपछि तिनलाई पनि बेचेर बाख्रा किन्ने योजना बनाउनु

(घ) त्यसपछि बाख्रापालन व्यवसाय सुरु गरी केही वर्षमा नै धनी बनेको सपना देख्नु

(ङ) आफू सम्पन्न भएपछि महँगा महँगा जुत्ता, कपडा, मोबाइल आदि किन्ने कल्पनामा डुब्नु

(च) कल्पना गर्दै हिँड्दा ढुङ्गामा ठेस लाग्नु र भाँडाको सबै दुध पोखिनु

(छ) काम एकातिर मन चाहिँ अर्कैतिर हुँदा आफूसँग भएको पनि गुमाउनु

२. तपाईँलाई मन परेको कथा पढ्नुहोस् र त्यसबाट मुख्य मुख्य कथावस्तु टिपोट गरी प्रस्तुत गर्नुहोस् ।

३. 'मेरा बुबा' वा 'मेरी आमा' शीर्षकमा तलका पक्ष समेटी एउटा छोटो रचना तयार पार्नुहोस् :

नाम :

जन्ममिति :

जन्मस्थान :

शिक्षाः

पेसा वा व्यवसाय :

# पाठ ११

## पूर्वपठन

तलका चित्र हेरेर उत्तर दिनुहोस् :







(क) माथिका चित्रमा के के देख्नुहुन्छ ?

(ख) हिमाल, हरियाली र फलफूलमध्ये तपाईंलाई कुन मन पर्छ ? किन ?

(ग) मानि प्रकृतिमा किन रमाएका होलान् ?

मूल पाठ

# प्यारो प्रकृति

*प्रह्लाद पोखरेल*



प्रातःकाल हिमाल हाँस्छ जसरी अस्तित्व फैलाउँदै
सारा चेतनशील जीवन जगत् ब्यूँझन्छ जागा हुँदै
यो जागापनसाथ सिर्जनमुखी फैलाउँदै चेतना
हामी गर्न सकौँ न जीवनमुखी साहित्यको सिर्जना ।

जे जस्तो छ कला खुला प्रकृतिको आधार हो सृष्टिको
खाँचो पर्दछ किन्तु सन्तुलनमा हाम्रो नयाँ दृष्टिको
जस्तो जो परिदृश्य होस् प्रकृतिको यो पारदर्शी बनी
सम्झाएर सिकाउँला गुरु बनी आदर्शको जीवनी !

अग्लो बोट बनेर बढ्छ बिरुवा पर्याप्त पानी परे
फल्ला उद्यमशीलता समयमै राम्रो लगानी गरे
सग्लो स्वस्थ बनाउने सुर कसी पानी लगानी गरी
चम्काऊँ लटरम्म फूलफलले अस्तित्वको माधुरी !

पानी पार्छ मडारिएर नभमा कालो घना बादल
पाई शीतलता चराचर जगत् बन्छन् निकै निर्मल
यस्तो निर्मल भाव धारण गरे धानिन्छ यो जीवन
न्यानो निर्मलता र शीतलपना बर्सोस् न आजीवन !

प्राणी लिन्छ हराभरा प्रकृतिको आनन्द आस्वादन
मान्छे गर्छ खुलेर कर्मठ बनी आह्लादको दोहन
त्यो आह्लाद समेटिई प्रकृतिमा जो बन्छ आनन्दित
काव्यानन्द समान जीवनसुधा पाई बन्यो वन्दित !

राम्रो स्वच्छ हराभरा प्रकृतिको आत्मीयता पाउँदा
आत्मैदेखि रमाउँदो छ दुनियाँ आनन्द भेट्टाउँदा
यो आनन्द सदावहार फिँजियोस् प्राणी जगत्मा सदा
ऊर्जायुक्त सशक्त निर्भय बनोस् यो जिन्दगी सर्वदा ।

## शब्दभण्डार

१. तलका शब्द र अर्थ बुझेर पढ्नुहोस् :

अस्तित्व : सत्ता, आफ्नोपन

चेतनशील : चेतना भएको, क्रियाशील

जीवनमुखी : जीवनको अस्तित्वलाई प्राथमिकता दिने

परिदृश्य : चारैतिर देखिने दृश्य

आदर्श : उत्तमताको नमुना

उद्यमशीलता : मिहिनेतीपन, उद्योगमा लागिरहनु

माधुरी : मिठास

नभ : आकाश

चराचर : विश्व, चर र अचर वस्तु

निर्मलता : पवित्रता, स्वच्छता

आह्लाद : आनन्द, प्रसन्न

दोहन : दुहुने काम

काव्यानन्द : काव्यबाट पाइने आनन्द

जीवनसुधा : जीवनरूपी अमृत

२. दिइएका अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी लेख्नुहोस् :

(क) नमस्कार गरिएको

(ख) निडर, सुरक्षित

(ग) रस लिने काम, आत्मिक तृप्ति

(घ) सिर्जनालाई प्राथमिकता दिने

(ङ) कुनै उद्योग उत्पादनका निम्ति पहिले गरिएको खर्च

### ३. दिइएका रेखाङ्कित सिङ्गो शब्दका अर्थबारे शिक्षकसँग छलफल गर्नुहोस् :

नेपालको प्राकृतिक सुन्दरता अनुपम छ । मलाई सुन्दरता लिपिबद्ध गर्ने रहर छ । कविताका रूपमा सौन्दर्य प्रकट भएको हेर्ने रहर छ । त्यसका लागि म जनचेतना बढाउँछु । नेपालको अनुपम प्राकृतिक सम्पदा, अलौकिक सुन्दरता र असामान्य विशेषतालाई विश्वसामु पुऱ्याउँछु । म तटस्थ विचार सहस्राब्दीसम्म रहन्छ भन्ने मानिस हुँ ।

### ४. दिइएका शब्दको अर्थ शब्दकोश हेरेर लेख्नुहोस् :

अजर, गृहस्थ, मृदुभाषी, उपकारी, अमर, नास्तिक, नासो, कालजयी

### ५. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

चेतनशील, परिदृश्य, उद्यमशीलता, धारण, सदावहार, आत्मीयता, ऊर्जायुक्त, अस्तित्व, चराचर

## बोध र अभिव्यक्ति

### १. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

प्रातःकाल, सर्जनमुखी, दृष्टि, काव्यानन्द, ऊर्जायुक्त, निर्भय

### २. हरेक पङ्क्तिको १२ औँ अक्षरमा अर्धविश्राम र १९ औँ अक्षरमा पूर्णविश्राम लिँदै 'प्यारो प्रकृति' कविता हाउभाउसहित लय हालेर वाचन गर्नुहोस् ।

### ३. दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) यस श्लोकमा कतिओटा पङ्क्ति छन् ?

(ख) कविता वाचन गर्दा कतिऔँ अक्षरमा पूर्णविश्राम लिनुपर्छ ?

(ग) प्राणीले कसरी आनन्द लिन्छ ?

(घ) जिन्दगी कस्तो बन्नुपर्छ ?

(ङ) हामीले कस्ता साहित्यको सिर्जना गर्न सकौँ ?

(च) कुन कुरामा हाम्रो नयाँ दृष्टि चाहिन्छ ?

## ४. कसैबाट सुनेर तलको कवितांशमा छुटेका शब्द भरी पुनर्लेखन गर्नुहोस् :

पानी पार्छ .............. नभमा कालो घना बादल

पाई .............. चराचर जगत् बन्छन् निकै निर्मल

यस्तो निर्मल भाव ................ गरे धानिन्छ यो जीवन

न्यानो ................. र शीतलपना बर्सोस् न आजीवन !

## ५. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

राम्रो स्वच्छ हराभरा प्रकृतिको आत्मीयता पाउँदा

आत्मैदेखि रमाउँदो छ दुनियाँ आनन्द भेट्टाउँदा

यो आनन्द सदावहार फैँजियोस् प्राणी जगत्मा सदा

ऊर्जायुक्त सशक्त निर्भय बनोस् यो जिन्दगी सर्वदा ।

**प्रश्न**

(क) यस कवितांशमा मानिसले कसरी आनन्द पाउँछ भनिएको छ ?

(ख) कवितांशमा जिन्दगी कस्तो बनोस् भनिएको छ ?

## ६. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) साहित्यको सिर्जना कसरी गर्नुपर्छ ?

(ख) आदर्श जीवनी कसरी सिकाउन सकिन्छ ?

(ग) अस्तित्व कसरी चम्काउनुपर्छ ?

(घ) जीवनमा के बर्सनुपर्छ ?

(ङ) प्रकृतिबाट कसरी आनन्द लिनुपर्छ ?

(च) कसरी जीवनलाई ऊर्जायुक्त बनाउन सकिन्छ ?

७. 'प्यारो प्रकृति' कविताबाट पाँचओटा प्रश्न निर्माण गर्नुहोस् र तिनका उत्तर साथीलाई भन्न लगाउनुहोस् ।

८. दिइएको कविताांशलाई गद्य ढाँचामा लेख्नुहोस् :

प्रातःकाल हिमाल हाँस्छ जसरी अस्तित्व फैलाउँदै
सारा चेतनशील जीवन जगत् ब्यूँझन्छ जागा हुँदै
यो जागापनसाथ सिर्जनमुखी फैलाउँदै चेतना
हामी गर्न सकौँ न जीवनमुखी साहित्यको सिर्जना ।

९. भाव विस्तार गर्नुहोस् :

(क) जे जस्तो छ कला खुला प्रकृतिको आधार हो सृष्टिको
खाँचो पर्दछ किन्तु सन्तुलनमा हाम्रो नयाँ दृष्टिको ।

(ख) यो आनन्द सदावहार फिँजियोस् प्राणी जगत्मा सदा
ऊर्जायुक्त सशक्त निर्भय बनोस् यो जिन्दगी सर्वदा ।

१०. 'प्यारो प्रकृति' कविताको मूल भाव लेख्नुहोस् ।

११. कवितामा मानव र प्रकृतिकको सम्बन्धलाई कसरी वर्णन गरिएको छ ? लेख्नुहोस् ।

१२. दिइएका कविता कक्षामा सुनाउनुहोस् र लयगत अन्तरका बारेमा छलफल गर्नुहोस् :

(क) मेरो घर

*प्रभा भट्टराई*

यो मेरो घर छानामा खर ढुङ्गाको आँगन
मन छ ठुलो दिइएरै पुग्छ पर्दैन मागन

घामले दिन्छ मायालु न्यानो जूनले शीतल
मायाले भिजी रसिलो सधैँ यो मेरो भूतल ।

फरिया चोली लाएकी चेली छन् मेरा सहेली
धान र गहुँ जत्तिकै खेल्छन् खेतमा बहेली
मारुनी, घाटु, सोरठी, सेलो, सबाई दोहोरी
मान्दैन मन आनन्दसँग नखेली नहेरी

(ख) रुख

*कृसु क्षेत्री*

म
रुखमुनि ध्यानस्थ हुँदा
निराहार मौन रहेँ
रुख
एकोहोरो बोलिरह्यो
सङ्गीतको तालमा गुन्गुनाइरह्यो
मेरै शब्द भएर ।
म भोकले आकुल रहँदा
रुखले फल दियो
आफैँलाई रित्याएर
म प्रचण्ड घाममा रापिँदा
रुखले शीतलता दियो
आफैँलाई डढाएर ।

म मीनपचासमा कठ्याङ्ग्रिँदा

रुखले मलाई न्यानो दियो

आफैँलाई नङ्ग्याएर ।

मैले भगवान् लाई टाढासम्म पछ्याइरहेँ

तर अदृश्य भगवान्

मेरैसामु उभिएका थिए

रुख भएर ।

### १३. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

मनकला आफूभन्दा ठुलालाई भेट्दा सधैँ आदरसाथ प्रणाम गर्छिन् । सानालाई भेट्दा पनि पहिले उनी नै बोल्छिन् र नमस्कार भन्छिन् । उनी रिसाएको कसैलाई थाहा छैन । घर, पसल, विद्यालय जहाँ पनि उनी विनम्रता प्रदर्शन गर्छिन् । उनको व्यवहार देखेर सबैले उनको नाम नै विनयी राखिदिएका छन् ।

**तपाईँले पनि अरूसँग नम्र वा विनयशील भएर व्यवहार गर्नुभएको छ ? लेखेर सुनाउनुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

### १. दिइएको अनुच्छेदबाट करण र अकरण वाक्य पहिचान गरी लेख्नुहोस् :

उनी काममा लागिहन्छन् । अप्ठ्याराको समाधान गरिछाड्छन् । लक्ष्यसम्म पुग्नुपर्ने हिम्मतले उनलाई अगि बढ्ने प्रेरणा मिल्छ । उनले बाँच्ने तरिका सिकेका छन् । आँधीहुरी आए पनि हिमालले शिर निहुराउँदैन । नदीले बाटो बनाउन छोड्दैन । ढुङ्गाको कापमा बरपिपल उम्रिन्छ, रोप्नुपर्दैन । जरा हाल्न कसैले सिकाउँदैन । चरालाई उड्न र माछालाई पौडिन कसले सिकायो र । प्रकृतिका सबैले आफैँ बाँच्ने प्रयास गर्छन् । लनगशील व्यक्ति सफल हुने कुराबाट कहल्यै पछि हट्दैनन् ।

> हो वा हुन्छ भन्ने बुझाउने क्रियाको रूपलाई करण र होइन वा हुँदैन भन्ने बुझाउने क्रियाको रूपलाई अकरण भनिन्छ ।

## २. दिइएका वाक्यलाई निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :

(क) घरमा खानाको अभाव छैन। (करण)

(ख) उनले अचार बनाइछन्। (अकरण)

(ग) हाम्रो विद्यालयनजिकै वावाय चौकी छ। (अकरण)

(घ) यो काम ठेकेदारलाई गराउनुहोस्। (अकरण)

(ङ) कोही पनि यहाँ आएका थिएनन्। (करण)

## ३. दिइएका वाक्य पढ्नुहोस् र छलफल गर्नुहोस् :

| अप्रेरणार्थक वाक्य | प्रेरणार्थक वाक्य |
|---|---|
| (क) भाइले मिठाई खायो। | (क) दाजुले भाइलाई मिठाई खुवाउनुभयो । |
| (ख) तिमी आइरन लगाउन सिक्छौ। | (ख) काका तिमीलाई आइरन लगाउन न सिकाउनुहुन्छ। |
| (ग) भाउजू धारामा पानी भर्नुहुन्छ। | (ग) बुबा भाउजूलाई धारामा पानी भर्न लगाउनुहुन्छ। |
| (घ) बहिनीले चित्र बनाइन्। | (घ) शिक्षकले बहिनीलाई चित्र बनाउन लगाउनुभयो। |
| (ङ) आमाले साग रोप्नुभयो । | (ङ) बाले आमालाई साग रोप्न लगाउनुभयो । |

## ४. दिइएका वाक्यलाई निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :

(क) उसले फूल रोप्यो। (प्रेरणार्थक)

(ख) बालक राम्ररी हिँडेछ। (प्रेरणार्थक)

(ग) माइलाले काउली किन्यो। (प्रेरणार्थक)

(घ) दाजु उसलाई हिसाब सिकाउनुहुन्छ। (अप्रेरणार्थक)

(ङ) शिक्षक विद्यार्थीलाई गीत सुनाउनुहुन्छ। (अप्रेरणार्थक)

## ५. दिइएका अनुच्छेदबाट प्रत्यय लागेका शब्द पहिचान गर्नुहोस् र तिनको निर्माण प्रक्रिया लेख्नुहोस् :

जहाँ आवत र जावत सम्भव छ त्यहीँ घुमिन्छ र जति आफूसँग बचत छ त्यति नै खपत गरिन्छ। आफूलाई लेखक, पाठक, दर्शक जहाँ जे बन्नुपर्ने हुन्छ त्यही बन्न सक्ने क्षमता छ। घुमक्कडले घुमेर दिन बिताउछन् भने भुलक्कडले भुलेर धोखा खान्छन् । आफू त बुझक्कड परियो बुझेर मात्र काम गरिन्छ। मानिसमा दयालु, श्रद्धालु र कृपालु जस्तो स्वभाव हुनुपर्ने हो त्यस्तै बन्ने रहर छ। सकेसम्म बिखालुसर्प झैँ इखालु बन्नु नपरोस् यही चाहना छ। आफूलाई रसिलो, स्वादिलो र पोसिलो खानेकुरा खाएर शैक्षिक तथा बौद्धिक समुन्नतिका साथै सामाजिक, सांस्कृतिक तथा प्राकृतिक वस्तुप्रतिको संरक्षण गरिरहने हिम्मत छ। आफूलाई जतिसुकै काममा रोकावट र अरूतिर बोलावट होस् तर कसैको खेलौना बन्ने चाहना छैन अनि कसैको बिछ्यौनामा बसेर गफ हाँक्नुपर्ने सोच पनि छैन। आत्मीय जनप्रतिको अनुराग र स्वर्गीय व्यक्तिप्रतिको श्रद्धाभाव नै आफूभित्रको स्वभाव हो। जुनेली रातमा समेतआफू पुर्बेली गीत गाउँदै पोखरेली चामलको खिर खाएर आत्मीयता, मानवता, स्वतन्त्रताको भावना जगाइन्छ। कसैको हेपाहा, मिचाहा र रिसाहा बानी भए पनि आफूलाई कुनै मतलव छैन आनन्दले आफ्नो काम गरिन्छ।

## ६. तलका प्रत्यय लगाई दुई दुईओटा शब्द निर्माण गर्नुहोस् :

आवट, एली, ता, आहा अक्कड, अत, अक, आलु, ईय, इलो, इक, औना,

## ७. दिइएको अनुच्छेद पढी शिरबिन्दु लागेका शब्द टिपोट गर्नुहोस् :

अंशु, संज्ञा र संयोग वन्यजन्तुको संरक्षणमा संलग्न छन्। उनीहरू यही विषयमा संवाद गर्छन्। सांस्कृतिक गाउँ गएर जनचेतना दिन्छन्। हामीले कुनै पनि प्राणीको संहार गर्नुहुँदैन। मानिसमा संवेदना हुनुपर्छ भन्छन् । उनीहरूको भनाइमा कुनै संशय छैन । वास्तवमा यो संसार सारा प्राणीको साझा घर हो।

## ८. शिरबिन्दु लागेका १० ओटा शब्द खोजेर लेख्नुहोस्।

## सुनाइ बोलाइ

तलको पाठ सुनेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

### वसन्त

*सिद्धिचरण श्रेष्ठ*

समस्त माधुर्य लिएर साथमा
छरेर सौन्दर्य विशाल विश्वमा
वसन्त मेरो हितमा निमग्न भो
अहो ! छ कस्तो रस रागयुक्त यो !

नवीनता नाच्दछ पुष्प पुञ्जमा
कुहूकुहू कोकिल बोल्दछ कुञ्जमा
प्रमोदले हृद्तल पार्छ शीतल
वसन्त मेरै हितमा छ तत्पर ।

नचाइ चारैतिर पल्लवी द्रुम
बिछाइ नाना थरिका नयाँ तृण
वसन्त मेरो कति गर्छ स्वागत
अहो! अहो !! सुन्दर यो सजावट

**१. पाठ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) लेखकलाई कसले स्वागत गरेको छ ?
(ख) वसन्तको नवीनता कहाँ नाच्छ ?
(ग) वसन्तले केलाई बिछ्यौना बनाउँछ ?
(घ) वसन्तले विश्वमा सौन्दर्य कसरी छर्छ ?

२. वसन्त ऋतुको वर्णन कसरी गरिएको छ, सुनाइका आधारमा भन्नुहोस् ।

## सिर्जना तथा परियोजना कार्य

१. अनिता लामाको आमाबुबा शीर्षकको तलको कविता पढ्नुहोस् र दिदीबहिनी शीर्षकमा कविता लेख्नुहोस् :

घामको प्रचण्ड गर्मी ताप्दै
वर्षाको भेल र पहिरो थाम्दै
कहिले छेकिने कहिले ढेखिने
अजङ्गका पहाड मात्र होइनन् आमाबुबा
निजी मोह लुकाएर
आफ्ना सपनाको खिल बसाएर
सन्तानको सुखमा चुर्लुम्म डुबेका
एक जोडी प्राण हुन् आमाबुबा ।
सन्तानको हुर्काइसँगै
मूर्च्छित सपना ब्युँताउँछन्
घाम पानी र प्राण भरिदिन्छन्
पीडाको पर्दा लगाउँछन्
उत्साहको घुम्टो उठाउँछन्
पहाडको चुचुराले नभेटिने
युगल अग्ला आदर्श हुन् आमाबुबा ।

२. पुस्तकालयमा गई मन परेका कविता खोजेर ल्याउनुहोस् र सुनाउनुहोस् ।

# पाठ १२

## पूर्वपठन

तलका चित्र हेरेर उत्तर दिनुहोस् :







(क) चित्रमा के के देख्नुहुन्छ ?

(ख) हिमालको यातायातका मुख्य साधन के के हुन् ?

(ग) मानिस किन नौला ठाउँमा प्रदल यात्रा गर्छन् ?

मूल पाठ

# से गुम्बाको सुन्दरता

*युवराज नयाँघरे*



डोल्पाको जुफाल पुगेपछि म केही दिन त्यतै अल्मलिएँ ।

खासगरी उच्च हिमाली जिल्लामा पुगेको हुनाले हावापानीमा घुलमिल हुन केही समय जुफाल वरपर बसिबियाँलो गर्ने विचार गरेँ । त्यसो गर्दा शरीरमा त्यहाँको जीवनशैली, खानपान, रहनसहन, संस्कृतिको परिचय पाउनाका साथै ज्यान पनि तङ्ग्रिन्थ्यो । केही दिनपछि डोल्पाको सदरमुकाम दुनै बजारतिर लागेँ । साथमा केही अन्य विदेशी पनि थिए । उनीहरू चारपाँच घण्टाभन्दा बढी पैदल हिँड्न मन गर्दैनथे ।

पहिलो दिन हामी ठुलीभेरी किनारमा टेन्ट टाँगेर बस्यौँ । वरिपरि ढुङ्गेनी पहरा, पाटन र डरलाग्दा पत्रेढुङ्गाका ओडारले घेरिएको त्यो ठाउँलाई गाउँलेरू पगाड भन्थे ।

अर्को दिन सुलीगाड नाघेर छेप्कामा बास बस्यौँ । से फोक्सुन्डोको तालबाट खसेको पानी सङ्लो नदी भएर कञ्चन लहरसाथ बगेथ्यो । त्यै सफा, निलो र निर्मल पानीले भरिएको नदी किनारलाई दौँतरी बनाएर हामी हिँडिरह्यौँ... । भिरैभिर, ढुङ्गेनी खोँच अनि असाध्यै कष्टकर आपट्टे बाटामा धुकधुकी रोकिई रोकिई पाइला चाल्नुपर्थ्यो ।

बिस्तारै रुखपात होचा र पोथ्रा हुँदै गए । झार, लहरा, र बुट्यान निरन्तर भेटिन थाले । अग्ला रुखपात बिलाउँदै गए । बाटैभरि बोन धर्मका मन्त्र लेखिएका ढुङ्गा देखिन्थे । त्यस्तै पाँचरङ्गे पताकालाई डोरीमा टाँगिएका देखिन्थ्यो । त्यसलाई उनीहरू लुङतर भनेर श्रद्धा र आदर पोख्थे ।

छेप्कामा स्याउ राम्रो उत्पादन हुँदोरहेछ तर बजार पाउन नसकेर बारीभरि कुहिएर छरपस्ट भएको देख्दा मन कटक्क भयो । हामीले हिमाली फलफूलको बजार व्यवस्थापनतिर ध्यान दिन नसकेको अनुभव गरेँ ।

भोलिपल्ट दिनभरि हिँडाइ मच्चियो । से फोक्सुन्डो नदी किनारैकिनार लम्किरह्यौँ हामी । बाटो तेर्पे, हलुका उकालो भए पनि खोलाछेउको उखरमाउलो गर्मीले लुगा ल्याफल्याफी भिज्थे । बाहिर लेकाली हावाले लुगलुग चिसो पारे पनि भित्री लुगा निथ्रुक्कै भिजेका हुन्थे । सिताङ्गे चिसाले खोकी लाग्ला भनेर खुबै डराउँथेँ म । हाम्रा सामान बोक्ने जखखड र बलिया खच्चड थिए । विदेशी र नेपाली गरी झन्डै १५/१६ जनाको टोली थियो हाम्रो । साँझमा टेन्ट गाडिन्थे । बिहान ती पहेँला त्रिपालका अस्थायी घर भत्काएर खच्चडमा हाली गुडुडु कुदाइन्थ्यो । हामी बास बस्ने ठाउँसम्म पुग्दा फेरि ती घर ठडिइसकेका हुन्थे जिउँकातिउँ ।

हामी चौथो दिनमा बोरिङमा बास बस्यौँ नदीको गर्जन सुन्दै । भरियाले मलाई माथि माथिका डाँडा, यार्चागुम्बा टिप्न जाने ठाउँ, हिउँचितुवा लुक्ने ओडार पनि औँलाले देखाइरहेथे । जेठको आधाआधीदेखि यार्चागुम्बा टिप्न माथि माथि लेकतिर जाने चलन रहेछ । यार्चागुम्बालाई आधा किरा र आधा बिरुवाको रूपमा लिने गरिन्छ । एक खालको किराबाट ढुसी उम्रेर बिरुवा बन्ने हुनाले यसलाई निकै नामी ओखतीको रूपमा लिइने गरिन्छ । अन्तर्राष्ट्रिय बजारमा यसको औधी खोजी, चासो, खुल्दुली र माग भएको पाइन्छ ।

यार्चा टिप्न जानेमध्ये धेरै जना अक्सिजन नपुगेर, भोकले, जाडो र हिउँका कारणले निकै जोखिममा पर्दा रहेछन् । रुकुम, जाजरकोट, हुम्लादेखिका मान्छेको ओइरो लाग्छ रे त्यतिखेर । यार्चा पनि कसैले छोटो समयमा धेरै भेट्टाउँदा रहेछन् । कतिले चाहिँ झार त हो नि भनेर चिन्न नसक्दा धेरै त रित्तो हात फर्किनुपर्दो रहेछ ।

अर्को दिन बिहानै हिँडेका थियौँ । राति हिउँ परेछ फुसफुसे । बाटाभरि हिउँका सेता सेता रास

जताततै देखिन्थे । हामीसँग क्यामु, गोरी, डल्ली, चुइगम, पुन्टी, खैरी र काले नाउँका खच्चड थिए। नाउँ लिनासाथ ती टक्क अडिन्थे कान ठड्याएर। ती खच्चड निकै अनुशासित र फुर्तिला देखिन्थे ।

खच्चड धपाउनेहरू सुइँच्यँ सुइँच्यँ सिटी मारेर बाटाका यात्रुलाई सतर्क तुल्याउँथे । साँघुरो बाटो, अप्ठेरो, ओरालो र ढुङ्गेनी खोँचका बटुवालाई मर्का नपरोस् भनेर खच्चड खेदुवाहरूको यो प्रयास उपकारी थियो । त्यस्तो अनकन्टारमा यही नै सूचनाको बलियो आधार थियो । ठाडै उकाली र मनै चिउचिउ पार्ने भिर काटेर हामी माथि पाटन जस्तो ठाउँमा पुग्यौँ । यहाँबाट कान्जिरोवा, नोर्बुकाङ हिमाल र से फोक्सुन्डो छहरा देखिन्थ्यो । वरिपरि अरू पनि थुप्रै हिमाली चुचुराले मनै हर्षे विभोर तुल्याएर ।

रिग्मो गाउँ पुगेपछि हामी ताल नजिक नजिक पुगेछौँ । बोन धर्म मान्ने यो गाउँमा धेरै रहेछन् । यहाँ फापर, आलु निकै फल्दो रहेछ ।

राती से फोक्सुन्डो किनारमै बसाइ भयो । म त त्यो निलाम्मे ताल हेर्न प्रायः टेन्टबाहिरै मन्त्रमुग्धसँग बस्थेँ तर हिमाली सिरेटाले मुटु थरथर कमाइहाल्थ्यो । मन बाहिर, तन भित्र  राखेर म बसेँ ताल किनारको झिलझिलमा डुबेर ।

बिहानै चौँरीका बथान आएर से फोक्सुन्डोको पाखाभरि चर्ने गर्थे । दिउँसो हिउँ फुसफुस झर्थ्यो तर तिनको जिउमा हिउँ अडिन्न थियो । भुत्लैभुत्लाले जिउ छपक्कै छोपिएको चौँरीको भालेलाई याक र पोथीलाई नाक भनिन्छ । रिग्मो गाउँका हरेक परिवारले १०/१२ ओटा चौँरी पालेका कुरा मैले सुनेँ । भारी बोकाउन, हलो जोताउनका लागि याक र दुध खानका लागि नाक पाल्ने गरिँदो रहेछ ।

दुई दिन से फोक्सुन्डो वरिपरि बसेर हाम्रो टोली तेस्रो दिन लेखेढुङ्गातिर लाग्यो । तीनचार घण्टा तालको किनारैकिनार लम्केर हामी पश्चिमउत्तर भएर नदीको बगरमा ओर्ल्यौँ । सागर र पेरी काप्पो नदी खस्दा रहेछन् से फोक्सुन्डोमा । यही पश्चिमी नदीको बगर भएर हामी लुइँलुइँ बाटो लाग्यौँ । हावा लागेर टाउको चट्ट दुख्थ्यो । ओठ चरक्क फुटेका थिए । हावा, घाम र धुलो मिसिएर मेरो अनुहार कालै भइसकेको थियो । निधारको छाला, नाकेडाँडीको एकपत्रे छाला पुरै डढेको थियो । म नचिनिने र विरूप भइसकेको थिएँ ।

'तुमी पुरै डोल्पाली भया छौ बड्डा !'

खच्चड खेद्ने डम्मर, पिर्ती, कुमारहरू मलाई जिस्काउने र उल्ल्याउने गर्थे । मेरो रङरूप र

हबिगत झन्नै झन्नै त्यस्तै देखिँदो हो। त्यो दिनभरि भोजपत्रको घना जङ्गल छिचोलेर झमक्क साँझमा हामी लेखेढुङ्गामा बास बसेका थियौँ। हिमाली खोला गड्गडाएर प्रमत्त पारामा बगेथ्यो। उत्तरतिर अचम्मले जिब्रो टोकिने चुचुरा हेर्दा मन आत्तिन्थ्यो। हामीले दक्षिणतिर हिउँ नै हिउँ बोकेर जाडो ह्वारह्वारी फ्याँकिरहेको कान्जिरोवा हिमाल हेर्दै रात कटायौँ।

अर्को दिन बगरैबगर हिड्यौँ सिउसिउ गर्दै। सिरेटाले हात काट्ठिन्थे। दुवैतिर हिमाल, पाटन र अनौठा राता पहाडको तरेलीसँग नजिकिने र टाढिने क्रम भइरह्यो। थकाइ खुबै लाग्थ्यो। दुईचार पाइला हिँड्यो, सुस्तायो फेरि बाटो सम्झेर पैताला लम्कायो। यो क्रम दिनभरि जस्तो भइरह्यो।

"हिउँ नपरे हुन्थ्यो !"

म अरूले सुन्ने गरी भन्थेँ।

थोरै थोरै फुसफुसाएको हिउँले त निकै जाडो भएको थियो। बेसरी पऱ्यो भने बाटो पुरै थुनिन्थ्यो। भिरको बाटामा हिउँले छेकिदिनाले हामीलाई आपतै पर्थ्यो।

जब हामी ४,२०० मिटरको उचाइमा पुग्यौँ तब बाटाभरि घुँडा घुँडा छुने काँडेदार बुट्यान देखिन थाले। हामीले फेर्ने अक्सिजन यिनैबाट पाइन्थ्यो। त्यस्तै जब्बरे कडा डाँठ भएका अरू लहरा जतासुकै भेटिन्थे। दिनभरि उकालो, तेर्सो र सासै फुलाउने पखेरो खुबै हिँड्नुपऱ्यो। अरिमट्ठे ढुङ्गा, चुच्चा, तिखा र उबडखाबड चट्टानी बाटो छिचोल्न हामीलाई साह्रै गाह्रो भयो। वरिपरिका हिमाल, चुचुरा हुँदै एउटा फाँटिलो ठाउँमा हाम्रा त्रिपाल गाडिए। त्यो खर्क रहेछ। बटुवाले त्यहाँ आगो बालेको, घोडा बाँधेको दृश्य देखिन्थ्यो।

राती बेसरी हावा लाग्यो। हाम्रा त्रिपाल हावाले उडाउला जस्तै भए। बिहान त पातलो हिउँ परेछ सर्वत्र। बिहानै हामी बाटो लाग्यौँ। ५,३०० मिटरको सेला पास थियो बाटैमा। यो भन्ज्याङमा पुग्दा दिउँसो भइसकेको थियो। भोकले कटक्क पेट काट्यो। वरिपरि अनौठा अनौठा ढुङ्गेनी चुचुरा हिउँ लुकाएर ठडिएका थिए। तिखा सुइरा जस्ता ती थुम्का काला, खैरा र फुस्रा रङका देखिन्थे। पूर्वतिर धौलागिरि र पुथा हिउँचुलीको सुन्दरता अद्भुत र अगणित थियो। उत्तरतिर हिउँचुलीको झन् बढ्ता खात र आलोक थियो।

पश्चिमतिर अनौठा चुचुरा थिए। तिनलाई सेलरी सुम्दो भनिँदो रहेछ। त्यहाँका मानिसमा १३ पटक ती चुचुरा फन्को मारेपछि मानसरोवर कैलाश पुगेको विश्वास रहेछ। से गुम्बा, साल्दाङ, भिजेर, टाटा गाउँका गाउँले प्रायः त्यहाँ दर्शन गर्न जाँदा रहेछन्।

से गुम्बाको भन्ज्याङमा हामी धेरैबेर बस्न पाएनौँ। हावा पनि बेस्सरी चल्न थाल्यो हुहुर्रिएर।

फेरि धेरै समय अल्मलिँदा से गुम्बा पुग्न ढिलो हुने अर्को कारण त छँदै थियो । अझ अर्को मूल कारण थियो, लेक लाग्ने डर त्यसैले हामी फटाफट तल झऱ्यौँ । भिरको बाटो छोटो थियो तर हिउँले भरिभराउ थियो । घुमेर जाँदा समय निकै लाग्ने भएकाले हाम्रा सरदार छिरिङ जाङबु शेर्पाले छोटो बाटै हिँडाए । खच्चड त्यही बाटो केही अगि हिँडेकाले हामीलाई भिर नाघ्न निकै मुस्किल भयो । लड्दैपड्दै म तल फाँटमा पुगेँ । कति पटक पछारिएँ । त्यसको लेखाजोखा छैन । स्वात्त स्वात्त चिप्लेर तल पुगेर आफैँले हिँडेको बाटो हेर्दा पो छाती त्रासले भुलुकभुलुक भयो ।

त्यसपछि तेर्सो बाटो घन्टौँ हिँडेपछि हामी से गुम्बा पुगेथ्यौँ । डोल्पालीले गोन्पा भने पनि हामी गुम्बा भन्छौँ । दुई खोला मिसिएको से गुम्बामा पाँचछ परिवार थिए ।

से गुम्बा करिब १,३०० वर्ष पुरानो रहेको गाउँले बताउँथे । साँझ र बिहान गरी दुई पटक गुम्बामा पसेँ म । गुम्बाभरि पुराना र ऐतिहासिक बौद्धग्रन्थ थिए । ती छालाले मोरेर राखिएथे । ती अमूल्य ग्रन्थ देख्दा  मन ढक्क फुल्यो ।

गुम्बा निकै आकर्षक थियो । गुम्बाका मूल लामा थिए, निमा टासी लामा । उनले भने, "भदौमा जात्रा लाग्छ । वरपरका सबै गाउँले यहाँ आइपुग्छन् धुइरिएर ।"चौरी, च्याङ्ग्रा, भेडा पालेर, आलु रोपेर, यार्चागुम्बा टिपेर यहाँका बासिन्दाको आम्दानी हुँदो रहेछ ।

हरेक १२ वर्षमा ठुलो पूजा र मेला लाग्ने से गुम्बा रातो रङले रङ्गाइएको थियो । यसको वरिपरि लुङ्तर हल्लिएर गुम्बा अत्यन्तै झलझलाकार, भव्य र मनोरम देखिन्थ्यो । हरेक दुई दुई वर्षमा यहाँ लामा फेरिने नियम रहेछ । नेपालका नामी बौद्ध तीर्थस्थलका रूपमा से गुम्बा पनि रहेछ । मैले यहाँ पुग्दा दुःखपछि सुखको अपार र अद्भुत अनुभव गरेँ ।

## शब्दभण्डार

१. तलका शब्द र तिनका अर्थ बुझेर पढ्नुहोस् :

| | | |
|---|---|---|
| आपट्टे | : | कठिन |
| पताका | : | झन्डा |
| तेर्पे | : | अलि अलि भिरालो वा उकालो परेको |
| उखरमाउलो | : | घामको चर्को वा पोल्ने राप |
| जख्खड | : | निकै ठुलो |
| बोन धर्म | : | तन्त्रमन्त्रमा विश्वास गरिने एउटा पुरानो धर्म |
| हबिगत | : | बिग्रँदो अवस्था, नाजुक स्थिति |

२. दिइएका अर्थ र तीसँग मिल्ने शब्दका बिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| जिल्ला वा प्रदेशको मुख्य प्रशासनिक स्थल | पाटन |
| पहाडको बिचमा रहेको अर्धसम वा सम्म मैदान | मन्त्रमुग्ध |
| बराबर उमेर भएको साथी | खर्क |
| पहाडका दुई चुली माझको होचो ठाउँ | सदरमुकाम |
| रूप, गुण, स्वभाव, कला आदिले लट्ठ पारिएको | दौँतरी |
| गाईवस्तु चरन र गोठका लागि राखिएको बाँझो जग्गा | भन्ज्याङ |
| | पर्वतश्रेणी |

३. दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) दरो, मजबुत

(ख) अरट्ठ परेको, साह्रो

(ग) खाल्डाखुल्डी परेको

(घ) अनौठो, आश्चर्यजनक

(ङ) गन्न नसकिने, अत्यधिक

(च) मुटु छेड्ने खालको चिसो बतास

(ज) मोल गर्न नसकिने

(झ) कैलाश पर्वतमुनि रहेको ठुलो र पवित्र तिर्थस्थल मानिने एक प्रसिद्ध दह

(ञ) बौद्ध धर्मावलम्बी लामाहरूको देवालय

### ४. दिइएका पदावलीलाई वाक्यमा प्रयोग गर्नुहोस् :

बास बस्ने ठाउँ, निकै जोखिम, पाइला चाल्नु, भिर काट्नु, झमक्क साँझ, सिउसिउ गर्नु, नामी ओखती

### ५. दिइएका शब्द प्रयोग गरी अनुच्छेद तयार पार्नुहोस् :

उत्पादन, बेरोजगार, निर्यात, नगदेबाली, उर्वर, आत्मनिर्भर, प्रोत्साहन, आधुनिक

### ६. दिइएका शब्द कुन कुन मौलिक र कुन कुन आगन्तुक हुन्, शब्दकोश हेरी पहिचान गर्नुहोस् :

सुकुल, समूह, छ्यामा, पोसाक, छिमेकी, इन्टरनेट, अक्षर, ज्ञान, फोटो, रेडियो, डकर्मी, शरीर, चाउचाउ, दुनियाँ, शृङ्खला, परीक्षा, वकिल, बक्खु, ब्रह्माण्ड, वरिष्ठ, सुकुल, संस्कार, राडीपाखी, गरिब

> संस्कृतबाट जस्ताको तस्तै आएका, रूप परिवर्तन भएर आएका र नेपाली भाषाका आफ्नै शब्दलाई मौलिक शब्द भनिन्छ । यी बाहेक अन्य भाषाबाट आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ ।

७. **दिइएको अनुच्छेद पढी आगन्तुक शब्द पहिचान गर्नुहोस् र ती कुन कुन भाषाबाट आएका शब्द हुन्, शिक्षकसँग छलफल गरी लेख्नुहोस् :**

सहरमा जात्रा थियो । न्युरोडमा लाखे नाच हेर्ने मानिसको घुइँचो थियो । कोही कौसी र बार्दलीबाट दूरबिनले जात्रा हेरिरहेका थिए । कोही क्यामेराले फोटो खिचिरहेका थिए । मैले रेडियो र टेलिभिजनका पत्रकारले प्रत्यक्ष प्रसारण गरिरहेको पनि देखेँ । कोही फेसबुकमा आफ्ना फोटा राख्दै थिए । गाउँमा रोदी हुन्थ्यो । मेरो गाउँमा मानिस डम्फु र मादल बजाएर नाच्थे । आज सहरको रमाइलो पनि देखियो ।

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

पिर्ती, लेखेढुङ्गा, कान्जिरोवा, सर्वत्र, ग्रन्थ, च्याङ्ग्रा, तीर्थस्थल, अनकन्टार

२. **'से गुम्बाको सुन्दरता' नियात्रा सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) डोल्पामा के फल्दो रहेछ ?

(ख) चौँरी केका लागि पालिन्छ ?

(ग) कान्जिरोवा हिमाल कस्तो देखिन्थ्यो ?

(घ) बटुवाहरू के गर्थे ?

(ङ) यार्चागुम्बा कहिलेदेखि टिप्न सुरु गरिन्छ ?

(च) नियात्रामा से गुम्बाको चर्चा गरिएको प्रसङ्गभन्दा लगत्तैअगाडि कुन विषयको चर्चा गरिएको छ ?

४. **तलको अंश अनुलेखन गर्नुहोस् :**

से गुम्बाको भन्ज्याङमा हामी धेरैबेर बस्न पाएनौँ । हावा पनि बेस्सरी चल्न थाल्यो हुहुर्रिएर । फेरि धेरै समय अल्मलिँदा से गुम्बा पुग्न ढिलो हुने अर्को कारण त छँदै थियो । अझ अर्को मूल कारण थियो, लेक लाग्ने डर त्यसैले हामी फटाफट तल झऱ्यौँ ।

## ५. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) खच्चड धपाउने सूचनाको माध्यम के थियो ?

(ख) फोक्सुन्डोमा लेखकको स्वरूप कस्तो थियो ?

(ग) ४,२०० मिटरको उचाइमा के के देखिन्थ्यो ?

(घ) से गुम्बा कस्तो देखिन्थ्यो ?

## ६. व्याख्या गर्नुहोस् :

(क) त्यहाँका मानिसमा १३ पटक ती चुचुरा फन्को मारेपछि मानसरोवर कैलाश पुगेको विश्वास रहेछ ।

(ख) उत्तरतिर हिउँचुलीको झन् बढ्ता खात र आलोक थियो ।

## ७. 'से गुम्बाको सुन्दरता' नियात्रामा वर्णन गरिएका ठाउँको सूची बनाउनुहोस् ।

## ८. डोल्पाको उच्च हिमाली क्षेत्रको जीवन शैलीबारे वर्णन गर्नुहोस् ।

## ९. तलको दैनिकी पढ्नुहोस् र उत्तर दिनुहोस् :

*२०८० माघ १ गते*

चराहरूको सुमधुर चिरचिरसँगै आँखाका ढकनी खुलेपछि मोबाइलमा घडी हेर्दा बिहानको ५ बजिसकेको रहेछ । म उठेँ र नित्यकर्ममा लागेँ । नित्यकर्म गरिसकेपछि पढ्न थालेँ । आज मेरा लागि विशेष दिन थियो । हाम्रो विद्यालयमा हरेक महिनाको १ गते अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गर्छ ।

अतिरिक्त क्रियाकलापमा वक्तृत्वकला, वादविवाद, सिर्जनात्मक लेखन, हाजिरीजवाफ, चित्रकला जस्ता प्रतियोगिता हुने गर्छन् । आजको अतिरिक्त क्रियाकलापअन्तर्गत चित्रकला प्रतियोगिता र प्रदर्शनीको कार्यक्रम राखिएको थियो । मलाई चित्रकला खुब मन पर्छ । म आफ्नो पढाइ सक्नेबित्तिकै प्रत्येक दिन चित्र कोर्ने अभ्यास गर्छु । चित्र कोर्दा मन एकाग्र र शान्त हुन्छ । स्ट्रेस कम हुन्छ । मैले आज पनि गृहकार्य सक्नेबित्तिकै चित्र कोर्ने अभ्यास गरेँ । प्रतियोगिता

भनेपछि के हुने हो भन्ने आशङ्काले मन व्याकुल हुँदो रहेछ । मलाई लाग्छ, आफ्नो रुचिको विषयमा लगनशील भएर मिहिनेत गर्ने हो भन्ने पक्कै पनि सफल भइन्छ । यही कन्फिडेन्सका साथ मैले पनि केही समय एकाग्र भएर पाठ पढेँ । खाना खाएर म नौ बजे विद्यालय गएँ ।

सुरुका दुई घन्टीमा नेपाली र विज्ञान विषय पढाइ भयो । दिउँसो १२.१५ बजे अतिरिक्त क्रियाकलापका संयोजक सरको उद्घोषणसँगै कार्यक्रम सुरु भयो । छात्राछात्र गरी कार्यक्रममा २० जनाको सहभागिता थियो । चित्रकलाको मूल्याङ्कन गर्न चर्चित चित्रकार चेतन पनि कार्यक्रममा उपस्थित भइसक्नुभएको थियो । कार्यक्रम संयोजकले चित्रकला प्रतियोगिता सुरु हुनुपूर्व चित्रकलासम्बन्धी नियमका बारेमा जानकारी गराउनुभयो ।

आज नेपालको सांस्कृतिक विविधताभित्र एकता झल्किने चित्र कोर्नुपर्ने थियो । यस्तै चित्र कोरिसकेपछि सबैका चित्र एक घण्टाका लागि प्रदर्शनी कक्षमा राखिने रहेछ । प्रतियोगिताका सहभागी, निर्णायकलगायत सबैले चित्र अवलोकन गरिसकेपछि मात्र नतिजा सुनाउने कार्यसूची रहेको थियो । संयोजकले कार्यक्रमसम्बन्धी नियम प्रस्तुत गरेपछि चित्रकला प्रतियोगिता प्रारम्भ भयो । चित्र कोर्नका लागि एक घण्टाको समय दिइएको थियो । अतिथि चित्रकारले पनि चित्र कोर्नुभएछ । निर्धारित समयको समाप्तिसँगै कार्यक्रम संयोजकले सबैका चित्र जम्मा गर्नुभयो । सबै चित्र प्रदर्शनी कक्षमा टाँसिए । चित्रकलाका लागि निर्धारित विषयवस्तु एउटै भएकाले कलात्मक मूल्यका दृष्टिले चित्र भिन्न थिए होलान् तर स्वरूपका दृष्टिले भने लगभग सबै मिल्दाजुल्दा देखिन्थे । प्रदर्शनी कक्षमा राखिएका चित्रमध्ये एउटा चित्र चाहिँ बिल्कुल फरक प्रकृतिको थियो । त्यो अतिथि चित्रकारले बनाउनुभएको रहेछ । यसमा मोडर्न कन्सेप्ट थियो । यसका बारेमा साथी डोल्माले अतिथि चित्रकारलाई सोधिन्, "सर, यो चित्र कसको हो ? उसको मुख किन छोपिएको छ ? उसका खुट्टामा किन पखेटा छन् ?" डोल्माको प्रश्नबाट चित्रकारले खुसी हुँदै भन्नुभयो, "नानी, यस चित्रमा मानिसका अवसर देखाउन खोजिएको हो । अवसरलाई देख्नासाथ त्यो उडेर अन्यत्र जानुअघि नै त्यसको सदुपयोग गरिहाल्नुपर्छ । चित्रमा यो पनि देखाउन खोजिएको हो ।

चित्र अवलोकन गरेको करिब आधा घण्टापछि सूचना पाटीमा प्रतियोगिताको नतिजा टाँसियो । म प्रथम भएँ । उमा द्वितीय र आवाज तृतीय भए । सुमाले सान्त्वना स्थान प्राप्त गरिन् । चित्रकलामा प्रथम भएको मिठो अनुभव लिएर म र भाइ घर फर्क्यौँ । यो थाहा पाएर आमाबुबा पनि औधी खुसी हुनुभयो ।

केहीबेरको विश्रामपछि बेलुकाको खाना खायौँ र आआफ्नो कोठातर्फ लाग्यौँ ।

## प्रश्न

(क) यो दैनिकी के विषयमा लेखिएको छ ?

(ख) नित्यकर्म, प्रतियोगिता, आशङ्का, निर्णायक र प्रदर्शनी शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(ग) दैनिकी पढेर यसबाछ चारओटा प्रश्न बनाउनुहोस् ।

(घ) यो दैनिकीको सार लेख्नुहोस् ।

(ङ) दैनिकीबाट बाट पाँच पाँचओटा मौलिक र आगन्तुक शब्द टिपी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

**१०. तपाईँ घुमफिर गरेको कुनै एक स्थानको विषयवस्तु समेटेर एक दिनको दैनिकी लेख्नुहोस् ।**

**११. तलको अंश सुनेर लेख्नुहोस् :**

हाम्रो कक्षामा योग प्रशिक्षक आउनुभयो । उहाँले स्वस्थ जीवनका लागि बिहान सबेरै उठ्नुपर्ने र राती समयमै सुत्नुपर्ने कुरामा जोड दिनुभयो । समय व्यवस्थापन गरेर काम गर्नुपर्ने सल्लाह दिनुभयो । हाम्रा साथी पाल्तेनले प्रशिक्षकलाई उहाँको दैनिकी सुनाउन अनुरोध गरे । योग प्रशिक्षकले आफ्नो दैनिकी सुनाउँदै भन्नुभयो, "म बिहान साढे चार बजे उठ्छु । त्यसपछि मनतातो पानी पिउँछु । शौचालय जान्छु र व्यक्तिगत सरसफाइसमेत गर्छु । मेरो योगाभ्यास पाँच बजेबाट प्रारम्भ हुन्छ । म साढे छ बजे योगाभ्यास पूरा गरी आधा घण्टा हिँडडुल गर्छु ।

**१२. तलको अंश सुन्नुहोस् र उत्तर दिनुहोस् :**

हरेक मानिसलाई जन्मिनासाथ कुनै न कुनै प्रकारको खाद्यान्न चाहिन्छ । उसलाई बाँचुन्जेल खाद्यान्नकै आवश्यकता परिरहन्छ । त्यसरी सधैँ अनिवार्य रूपमा चाहिने खाद्यान्नको उत्पादन गर्ने निकाय वा क्षेत्र नै कृषि हो । कृषिकै माध्यमबाट शाकाहारी तथा मांसाहारी दुवै किसिमका मानिसका लागि खाद्यान्नको जोहो गरिन्छ । धान, गहुँ, मकै, कोदो, फापर आदि अन्न तथा दाल, सिमी, बोडी जस्ता गेडागुडीको उत्पादन हुने गर्छ । हरिया सागपात, च्याउ, तोरी, भटमास, आलस र सूर्यमुखीलगायतका खाद्यपदार्थको उत्पादनसमेत कृषिअन्तर्गत नै पर्छन् । त्यसै गरी दुध, दही, माछा, मासु र अन्डा आदिको व्यवस्थापनसमेत कृषिकै अधीनमा हुने गर्छन् अर्थात् मानिसलाई

आवश्यक पर्ने हरेक विषय कृषिसँगै सम्बन्धित हुन्छन् । कृषिबिना मानव जीवनको परिकल्पना नै गर्न सकिँदैन । मानव शरीरको वृद्धि र विकासदेखि मानवीय शक्ति एवम् सामर्थ्यलाई प्रभाव पार्नेलगायत सम्पूर्ण आवश्यक तत्त्वको स्रोत वा आधार नै कृषि हो । कृषि व्यवसायकै माध्यमबाट यस्ता हरेक वस्तुलाई व्यवस्थित रूपमा उत्पादन र वितरण गरिन्छ । यसका लागि आवश्यक पूर्वाधार र जनश्रमको खाँचो हुन्छ । जति व्यवस्थित रूपमा भौगोलिक तथा ऋतुजन्य परिवेशको प्रभाव रहन्छ त्यति नै कृषिजन्य उत्पादनमा वृद्धि र गुणस्तरीयता थपिँदै जान्छ । नेपालका सन्दर्भमा यहाँको भौगोलिक तथा मौसमजन्य विविधता नै कृषि उत्पादनका दृष्टिले अत्यन्त अनुकूल मानिन्छ । नेपाली धर्तीको ऊर्वरता र नेपाली जनशक्तिको लगनशीलताका कारण यहाँ कृषिजन्य वस्तुको उत्पादन तथा व्यवस्थापनलाई आसलाग्दो किसिमबाट हेर्ने गरिन्छ । होचो भूभागदेखि विश्वकै अग्लो भूखण्डबाट समेत कृषिजन्य वस्तु उत्पादन गराउन सक्नु नेपालका लागि गौरवको विषय हो । यहाँका हरेक भूभागमा कुन न कुनै प्रकारको खाद्यान्न तथा जडीबुटी वनस्पति उत्पादन हुन्छ नै । अतः कृषि व्यवसायका दृष्टिले नेपाल उपयुक्त मुलुक भएकाले नै यसलाई कृषि प्रधान मुलुकसमेत भनिन्छ ।

## प्रश्न

(क) मानिसलाई चाहिने खाद्यान्नको उत्पादन गर्ने क्षेत्र कुन हो ?

(ख) कृषिका लागि कुन कुन कुराको खाँचो पर्छ ?

(ग) नेपालमा कृषिजन्य वस्तुको उत्पादन तथा व्यवस्थापनलाई किन आसलाग्दो किसिमबाट हेर्ने गरिन्छ ?

(घ) नेपालका लागि कुन कुरा गौरवका विषय हुन् ?

## १३. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

मानिसका आँखाले रित्तो मात्र देख्छ । भरिएको देख्न आँखा चिम्लेर हेर्नुपर्छ । अँध्याराको विकल्प उज्यालो हो । आँखा चिम्लेर भित्र हेर्दा अँध्यारोभित्र उज्यालो देखिन्छ । मानिसको सृष्टि, बिरुवाको अङ्कुरण र शीतको जन्म अँध्यारामै हुन्छ । अँध्याराबाट आत्तिएर उज्यालाको खोजीमा दौडनेहरूको यात्रा अधुरो रहन्छ । अँध्यारामा उज्यालो खोज्न सके पानीमा आगो देखिन्छ, माटामा ममता भेटिन्छ । हामीसँग दिन, रात, हप्ता र वर्ष छन् । ऋतु, वनस्पति, जीव र जननी छन् । मन, मस्तिष्क, माटो र मानवीय गुण छन् । प्रतिभा र प्रगति छ । आधा खाली देख्ने सोचलाई आधा भरिएकामा परिणत गरी भर्न सिकाउने सोच र जोस भए हामीसँग सब थोक छ ।

माथिको अनुच्छेदमा जस्तै तपाईं पनि कुनै विषयको विस्तार गरी सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :

(क) मानसपटलमा यात्राको स्मरण र मनमा ऊर्जा भरेर म चाहिँ सुत्ने तरखरमा लागेँ ।

(ख) उनी वादविवाद प्रतियोगितामा सहभागी भए अनि प्रथम स्थान हासिल गरे ।

(ग) ओहो ! दश बज्न लागिसक्यो । अब तिमीहरू सबै जना सरासर कक्षातिर जाओ है।

(घ) पौरखी किसानले मिहिनेत गरेर अन्न फलाउँछन् । उनीहरूले मनग्गे आम्दानी गर्छन् ।

२. कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :

(क) गाउँलले बाटो सफा ..................... । (गर्: सामान्य वर्तमान)

(ख) पासाङले राम्रो चित्र ..................... । (बनाउ : अज्ञात भूत)

(ग) तपाईं कहाँ ........................ ? (बस् : अभ्यस्त भूत)

(घ) शम्भु भोलि बारा ....................... । (पुग्: अपूर्ण भविष्यत् )

(ङ) आमाले मलाई कथा ................. । (सुनाउ: पूर्ण वर्तमान)

३. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) तँ गीत गाउँछस् । (उच्च आदर)

(ख) उसले फूल रोप्यो । (स्त्रीलिङ्ग)

(ग) हामी वनभोज जाँदै छौँ । (एकवचन)

(घ) म फुटबल खेल्छु । (तृतीय पुरुष)

(ङ) भाइ सधैँ टेलिभिजनमा समाचार हेर्छ । (अकरण)

(च) उनीहरू विजयी भए । (प्रथम पुरुष)

## ४. दिइएको तालिका पढ्नुहोस् र बुझ्नुहोस् :

| वर्ग | वर्ण | उदाहरण |
|---|---|---|
| क | क, ख, ग, घ, ङ | कङ्गाल, चङ्ख, जङ्घा, शङ्ख 'क, ख, ग, घ' वर्णभन्दा अगाडि 'ङ्' वर्ण प्रयोग गरिन्छ । |
| च | च, छ, ज, झ, ञ | चञ्चल, निकुञ्ज, लाञ्छना, अञ्चल 'च, छ, ज, झ' वर्णभन्दा अगाडि 'ञ्' वर्ण प्रयोग गरिन्छ । |
| ट | ट, ठ, ड, ढ, ण | घण्ट, कुण्ठित, कण्ठ, चण्डी 'ट, ठ, ड, ढ' वर्णभन्दा अगाडि 'ण्' वर्ण प्रयोग गरिन्छ । |
| त | त, थ, द, ध, न | सन्तति, सन्ध्या, सन्देह, अनुसन्धान 'त, थ, द, ध' वर्णभन्दा अगाडि 'न् ' वर्ण प्रयोग गरिन्छ । |
| म | प, फ, ब, भ, म | 'प, फ, ब, भ' चम्पा, सम्बन्ध, डम्बर, सम्भव वर्णभन्दा अगाडि 'म्' वर्ण प्रयोग गरिन्छ । |

## ५. दिइएको अनुच्छेद पढी सरल, संयुक्त र मिश्र वाक्य टिपोट गरी कक्षामा छलफल गर्नुहोस् :

बुबा धान रोप्नुहुन्छ । उहाँ मकै रोप्नुहुन्छ । उहाँ फलफूल गोड्नुहुन्छ । बुबाले धान, मकै र फलफूल फिक्कल बजारमा बेच्नुहुन्छ । जब उहाँ पैसा लिएर आउनुहुन्छ तब हामीलाई वरिपरि राखेर केही पैसा दिनुहुन्छ । हिजो उहाँले बैङ्कले ब्याज बढाएको थाहा पाउनुभएछ थाहा पाउनुभएछ अनि हामीलाई पनि बैङ्कमा पैसा राखेर ब्याज बढाउने कुरा सुनाउनुभयो । उहाँको यो जानकारी भने नौलो थिएन । हामी उहाँको आनीबानी जान्दथ्यौँ तर यस कुराका बारेमा हामीलाई जानकारी थिएन ।

## ६. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) उनले लोकसेवाको परीक्षा दिइन् अनि सफल भइन् । (सरल वाक्य)

(ख) किसान अन्न फलाउँछन् । किसान पैसा कमाउँछन् । (मिश्र वाक्य)

(ग) हिउँ पर्छ । हिमाल सेताम्मे देखिन्छ । (संयुक्त वाक्य)

(घ) जब हाम्रो गाउँमा बाटो पुग्यो तब गाउँले खुसी भए । (सरल वाक्य)

(ङ) आमा बजार जानुभएछ । आमाले फलफूल ल्याउनुभएछ । (संयुक्त वाक्य)

(च) आकाशमा बादल मडारियो । असिनापानी पऱ्यो । (मिश्र वाक्य)

### ७. तालिकामा दिइएका वाक्य पढ्नुहोस् र छलफल गर्नुहोस् :

| विश्लेषित वाक्य | संश्लेषित वाक्य |
|---|---|
| सुवर्ण मिहिनेती किसान हुन् । उनले तरकारी बेचेर ५०० कमाए । उनले पैसा बैङ्कमा राखे । | मिहिनेती किसान सुवर्णले तरकारी बेचेर ५०० कमाई बैङ्कमा राखे । |

### ८. दिइएका वाक्यलाई संश्लेषण गर्नुहोस् :

देवकोटा महाकवि हुन् । उनले खण्डकाव्य रचना गरेका थिए । उनले महाकाव्य रचना गरेका थिए । उनी नेपाली साहित्यमा अमर छन् ।

### ९. दिइएको संश्लेषित वाक्यलाई विश्लेषण गर्नुहोस् :

जाडामा विद्यालयले बिदाको सूचना दिएपछि विद्यार्थी खुसी भएर आआफ्ना योजना बनाउँदै घर फर्किएका छन् ।

### १०. दिइएका वाक्यलाई पदयोग गरी पुनर्लेखन गर्नुहोस् :

(क) सबै साथीहरू आ आफ्नै काम मा व्यस्त छन् ।

(ख) आज मामा हरू हाम्रो घरमा आउनुहुन्छ ।

(ग) तपाईं सँग कति रुपियाँ छ ?

(घ) विद्यालयको नियम अनुसार काम गर्नु पर्छ ।

(ङ) बुबा बाहेक सबै जना आउनु भयो ।

### ११. दिइएको अनुच्छेद शुद्ध पारी पुनर्लेखन गर्नुहोस् :

शंकर चन्चल स्वभावका छन् । उनी प्रतिभा संपन्न विद्यार्थी हुन् । उनी मंचमा गएर विद्यालयमा हुने कार्यक्रम सन्चालन गर्छन् । उनी भित्ते पत्रिकाका स्तंभकार हुन् । उनका लेख रचना वान्छनीय हुन्छन् ।

## सुनाइ र बोलाइ

तलको पाठ सुनेर उत्तर दिनुहोस् :

### सिरुवा पर्व

पूर्वी नेपाल राजवंशी, धिमाल, सन्थाल, ताजपुरिया आदि जातिको प्राचीन थातथलो हो । उनीहरू विशेष गरी झापा, मोरङ र सुनसरी जिल्लामा परापूर्वकालदेखि बसोबास गर्दै आएका छन् । उनीहरूका मौलिक सभ्यता, भाषा तथा रीतिरिवाज छन् । पूर्वी नेपालका केही आदिवासीको प्रमुख पर्व सिरुवा हो । यी जातिले नववर्षको उपलक्ष्यमा सिरुवा पर्व मनाउँछन् । प्रकृति पुजकहरूले यस पर्वमा ग्रामस्थान, बोटबिरुवा र माटाको पूजाआजा गरी एकआपसमा प्रगति र समृद्धिको शुभकामना आदानप्रदान गर्छन् । उनीहरू खेतीपाती वृद्धिको कामना गर्छन् । सिरुवा पर्वमा टिस्टाबुढीको नाममा टिस्टा नदीको पनि पूजा गर्ने गरिन्छ । चैत मसान्तका दिन फरक फरक सात किसिमका तरकारी पकाएर नववर्षका दिन खाइने चलन छ । उनीहरूले नववर्षका दिन पवित्र वस्त्र लगाउँछन् । यो पर्व पानी, हिलो र रङ छ्यापेर हर्षोल्लासका साथ मनाउने गरिन्छ । पर्वको पहिलो दिन पानीसिरुवा, दोस्रो दिन कातसिरुवा र तेस्रो दिन रङसिरुवा मनाइन्छ । प्रत्येक वर्षको वैशाख एक गते मोरङको सुनबर्सीमा ठुलो मेला लाग्छ । यो पर्वमा मनोकाङ्क्षा पूरा होओस् भनी भाकल गर्नेहरूले भाकल बुझाउने चलन छ । सिरुवा पर्वमा हाट भर्ने र नाचगान गर्ने गरिन्छ । सिरुवा पर्वले मौलिक सांस्कृतिक पहिचानलाई निरन्तरता दिएको छ ।

१. पाठ सुन्नुहोस् र ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) राजवंशी, धिमाल, सन्थाल, ताजपुरिया आदि जातिको प्राचीन थातथलो मध्य नेपाल हो ।

(ख) सिरुवा पर्वमा खेतीपाती वृद्धिको कामना गरिन्छ ।

(ग) सिरुवा पर्वको दोस्रो दिन पानीसिरुवा पर्छ ।

(घ) सिरुवा पर्वको अवसरमा हाटमेला लाग्ने गर्छ ।

२. पाठका आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) सिरुवा पर्व कुन कुन जातिको प्रमुख पर्व हो ?

(ख) सिरुवा पर्वमा कसरी शुभकामना आदानप्रदान गरिन्छ ?

(ग) नववर्षका दिन कस्तो वस्त्र लगाइन्छ ?

(घ) सिरुवा पर्वका अवसरमा कहाँ ठुलो मेला लाग्छ ?

## सिर्जना तथा परियोजना कार्य

१. तपाईँले गरेको कुनै यात्राको वर्णन गर्नुहोस् ।

२. तपाईँले गरेको कुनै एक विशेष कामको उल्लेख हुने गरी एक दिनको दैनिकी लेख्नुहोस् ।

नेपाली तह ३ - ३ (कक्षा ६-८) भाग दुई


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर